शैक्षिक गुणस्तर परीक्षण केन्द्रको

# वार्षिक प्रतिवेदन

(२०७९ साउनदेखि २०८० असारसम्म)

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**

सानोठिमी, भक्तपुर

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको

# वार्षिक प्रतिवेदन

(२०७९ साउनदेखि २०८० असारसम्म)




नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**

सानोठिमी, भक्तपुर

**शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक प्रतिवेदन २०७९/८०**

**२०८०, आश्विन**

**प्रकाशक** : शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर

**©सर्वाधिकार** : शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर

**फोन नम्बर** : ०१-६६३६५५६, ०१-६६३६५५७

**वेबसाइट** : www.ero.gov.np

**इमेल** : eronasa@gmail.com

# प्राक्कथन

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले आर्थिक वर्ष २०७९/८० मा स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही सम्पन्न गरेका विद्यार्थीको उपलब्धि राष्ट्रिय परीक्षण, विद्यालय कार्यसम्पादन परीक्षण, बालबालिकाको सिकाइ र विकासस्तर परीक्षणलगायत अन्य विभिन्न परीक्षण एवम् लघु अनुसन्धानका प्राप्ति तथा सुझावहरूको सङ्क्षिप्त विवरणसहित माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यू समक्ष पेस गर्ने उद्देश्यले यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनको माध्यमबाट शिक्षाका सरोकारवालाहरूलाई केन्द्रले सम्पादन गरेका अध्ययन तथा परीक्षणहरूका बारेमा जानकारी प्राप्त हुने छ । यसबाट सरोकारवालाहरूलाई शिक्षाको गुणस्तर सुधारका उपाय पहिचान गर्न सहयोग पुग्नुका साथै केन्द्रले आगामी आर्थिक वर्षहरूमा सम्पादन गर्ने कार्यका लागि पृष्ठपोषणसमेत प्राप्त हुने छ भन्ने विश्वास गरिएको छ ।

केन्द्रले आर्थिक बर्ष २०७९/८० मा परीक्षण तथा अध्ययन–अनुसन्धानलगायतका कार्यहरू सम्पादन गर्ने क्रममा विभिन्न संस्था तथा व्यक्तिहरूबाट आवश्यक सहयोग र पृष्ठपोषण प्राप्त भएको छ । यो वार्षिक प्रतिवेदन तयार गर्ने क्रममा केन्द्रलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग तथा सहकार्य गर्ने र पृष्ठपोषण प्रदान गर्ने सबै संस्था तथा व्यक्तिहरूको योगदानका लागि हार्दिक आभार व्यक्त गर्छु । कार्यसम्पादनमा निरन्तर सहजीकरण गर्ने माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूहरू, श्रीमान् सचिवज्यूहरू, प्रदेशका सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यूहरू, सामाजिक विकास मन्त्रालयका सचिवज्यूहरू, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश शिक्षा विकास निर्देशनालय र शिक्षा विकास तथा समन्वय एकाइहरू लगायतको सहयोगका लागि आभार व्यक्त गर्छु । यसका साथै परीक्षण तथा अध्ययन ढाँचा विकास, सञ्चालन र नतिजा विश्लेषणका विभिन्न चरणमा योगदान गर्ने सम्बद्ध समितिहरूका अध्यक्ष तथा सदस्यहरू, विज्ञहरू तथा विषय शिक्षकहरूलाई हार्दिक धन्यवाद दिन्छु । परीक्षण तथा अध्ययनमा सहभागी हुने विद्यार्थीहरू, प्रधानाध्यापकहरू तथा शिक्षकहरू धन्यवादका पात्र हुनुहुन्छ । विभिन्न किसिमका परीक्षण तथा अध्ययन–अनुसन्धानमा विश्वविद्यालयका प्राध्यापक तथा स्वतन्त्र विज्ञहरूको संलग्नता रहेको थियो । यो संलग्नता र सहयोगका लागि सबै सम्बद्ध विज्ञहरूलाई हार्दिक धन्यवाद छ ।

विभिन्न किसिमका प्राविधिक सहयोग उपलब्ध गराउने र केन्द्रसँग सहकार्य गर्ने सबै विकास साझेदारहरूप्रति समेत हार्दिक आभार व्यक्त गर्छु ।

नतिजा प्रबोधीकरणमा सहभागी भई आफ्ना प्रकाशन तथा प्रसारणमार्फत् प्रचारप्रसार तथा विश्लेषण गर्ने पत्रकारहरू तथा यस विषयमा सहयोग गर्ने सबैप्रति आभार व्यक्त गर्दै आगामी दिनमा रचनात्मक सल्लाह, सुझाव तथा सहयोगको अपेक्षा गर्छु ।

आश्विन, २०८०

**चन्द्रकान्त भुसाल**
महानिर्देशक

# Abbreviations

| | | |
|---|---|---|
| EDCU | : | Education Development and Coordination Unit |
| CDC | : | Curriculum Development Center |
| CEHRD | : | Center for Education and Human Resource Development |
| ELDS | : | Early Learning and Development Standards |
| ERO | : | Education Review Office |
| MOEST | : | Ministry of Education, Science and Technology |
| NARN | : | National Assessment for Reading and Numeracy |
| NASA | : | National Assessment of Student Achievement |
| NEB | : | National Examinations Board |
| PA | : | Performance Audit |

# वार्षिक प्रतिवेदनको सारांश

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले कक्षा ५, ८ र १० को अङ्ग्रेजी, गणित, नेपाली र विज्ञान गरी चार विषयको विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA), कक्षा-३ का विद्यार्थीको पढाइ तथा गणितीय सीपको राष्ट्रिय परीक्षण (NARN), बालविकास केन्द्रका बालबालिकाको सिकाइ र विकासस्तर परीक्षण (ELDS based assessment), विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण र स्थानीय तहको शैक्षिक सेवा प्रवाहको सेवाग्राही सन्तुष्टि सर्वेक्षण एवम् कार्य सम्पादन परीक्षण र शैक्षिक मुद्दाहरूको लघु अध्ययन अनुसन्धान गर्दै आएको छ। यिनै सन्दर्भमा आर्थिक वर्ष २०७९/८०मा गरिएका मुख्य मुख्य कार्यहरू समेटी तयार गरिएको प्रस्तुत प्रतिवेदनको सारांश यस प्रकार छ:-

(क) आ.व.२०७९/८० मा कक्षा १० को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणअन्तर्गत परीक्षा सञ्चालन तथा विद्यार्थीको उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण गर्ने कार्य सम्पन्न गरिएको र तथ्याङ्क प्रविष्टि तथा विश्लेषण, प्रतिवेदन तयारी र प्रकाशन गर्ने कार्यक्रम रहेको छ । त्यसै गरी यस केन्द्रले पछिल्लो समय कक्षा ८ को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण गरी प्रतिवेदन सार्वजनिक गरेको छ जसका सुझावहरू यस प्रकार छन :

- विद्यार्थीहरूको ठुलो सङ्ख्या कक्षातहभन्दा तल छन् र अपेक्षित पाठ्यक्रम र प्राप्त पाठ्यक्रमबिचमा ठूलो खाडल देखिएको छ।
- प्रदेशहरूबिचको उपलब्धिमा फराकिलो खाडल छन्।
- विद्यालयको प्रकारअनुसार उपलब्धिमा ठुलो असमानता छ।
- मातृभाषाले पनि उपलब्धिमा उल्लेखनीय अन्तर देखाएको छ।
- छात्र र छात्राबिचको सिकाइ उपलब्धिमा देखिने खालको अन्तर छ।
- कक्षाका लागि उपयुक्त उमेरका विद्यार्थीले राम्रो उपलब्धि हासिल गरेका छन्।
- विद्यार्थीहरूको शैक्षिक उपलब्धि र सामाजिक-आर्थिक स्थितिबिचको सम्बन्ध महत्त्वपूर्ण छ तर यसको परिमाण विषयअनुसार भिन्न छ।
- अन्य जातजातिहरूभन्दा जनजाति र दलित विद्यार्थीहरूको उपलब्धि न्यून छ।
- शिक्षकको नियमितता र अध्ययन सामग्रीको उपलब्धताको सिकाइ उपलब्धिसँग सकारात्मक सम्बन्ध छ।
- विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणले उपलब्धिमा समान किसिमको घट्दो ढाँचा देखाउँछ।
- विद्यार्थीहरूको शैक्षिक उपलब्धि र फुर्सदको समय विद्यालयमा बिताउने कार्यबिच सकारात्मक सम्बन्ध रहेको छ।
- सामाजिक सञ्जालमा पहुँचले पनि विद्यार्थी उपलब्धिमा सकारात्मक प्रभाव पार्छ।
- शिक्षणको माध्यमले सामुदायिक विद्यालयको उपलब्धिमा प्रभाव पार्छ।
- विद्यालय सुशासनमा देखिने खालका अन्तर छन्।

(ख) राष्ट्रिय परीक्षा बोर्डले वि.स. २०७९ मा सञ्चालन गरेको कक्षा १२ को परीक्षाका चार मुख्य विषयहरू गणित, अङ्ग्रेजी, नेपाली र विज्ञानका प्रश्नमा विद्यार्थीहरूले ल्याएको नतिजालाई नमुनामा परेका प्रति विषय २५० जना विद्यार्थीका दरमा प्रत्येक विषयमा काठमाडौँ उपत्यकामा प्रयोग भएको प्रश्न र उपत्यका बाहिर प्रयोग भएको प्रश्नको सेटबिचको नतिजालाई तुलनात्मक अध्ययन गरी विद्यार्थीको नतिजा विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ।

(ग) माध्यमिक शिक्षा परीक्षामा वि.स. २०७५, वि.स. २०७८ र वि.स. २०७९ गरी तीन वर्षका सातओटै प्रदेशमा प्रयोग गरिएका नेपाली, अङ्ग्रेजी, विज्ञान र गणित विषयका २१/२१ सेटका दरले जम्मा ८४ सेट प्रश्नको विश्लेषण गरिएको थियो । पाठ्यक्रमअनुसार तहगत सक्षमतासँग प्रश्नहरूको तालमेल, प्रश्नपत्रमा रहेका त्रुटि, पुराना प्रश्नपत्रसँगको

दोहोरोपना र प्रश्नहरूको कठिनाइस्तर लगायतका विषयमा विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ।

(घ) सात ओटै प्रदेशका जिल्ला समेटिने गरी ३५ भन्दा बढी स्थानीय तहस्तरका कक्षा ५, ६, ८ र ९ को अन्तिम परीक्षामा प्रयोग भएका प्रश्नपत्र सङ्कलन गरी प्रश्नपत्रलाई कक्षागत र विषयगत रूपमा अध्ययन, तथ्याङ्क विकास तथा प्रविष्टि गरी तथ्याङ्कको गुणात्मक तथा परिमाणात्मक विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ।

(ङ) केन्द्रले विगतका वर्षहरूमा परीक्षणका क्षेत्रमा सम्पादन गरेका प्रयासको समीक्षा, अध्ययनका नतिजा (Results) एवम् प्राप्ति (Findings) हरूको संश्लेषण र तिनको कार्यान्वयन प्रणाली निर्माण गर्न आवश्यक पर्ने अवधारणागत तथा कार्यकलापगत ढाँचा लगायतका विषयवस्तु समेटी सुधार कार्ययोजना-२०७९ तयार पारेको छ। यसले कार्यान्वयनका लागि साङ्केतिक रूपमा निकायगत जिम्मेवारी र प्राथमिकीकरणका आग्रह पनि किटान गरेको छ।

(च) शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा सन् २०११ देखि कक्षा ३, ५ र ८ मा नेपाली विषयमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणका नतिजाको विश्लेषण गरी शिक्षण, मूल्याङ्कन तथा तालिम स्रोत सामग्री सहजीकरणका लागि क्याप्सुल विकास गरिएको छ।

(छ) केन्द्रद्वारा हालसम्म परीक्षण सम्पन्न सामुदायिक माध्यमिक विद्यालयहरूको नतिजालाई एकीकृत र व्यवस्थित गरी PA Statistical Report तयार पारिएको छ।

(ज) यस केन्द्रले कक्षा ५, ८ र १० का लागि विगतका सबै वर्षहरूमा सञ्चालित सबै NASA अध्ययनहरूका Raw Data विश्लेषणका आधारमा NASA Statistical Report तयार पारिएको छ।

(झ) पाठ्यक्रमका सिकाइ उपलब्धि तथा सक्षमता हासिलको अवस्था पहिचान गर्न विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) गर्ने कार्यका लागि परिवर्तित पाठ्यक्रमअनुसार कक्षा ८ को गणित, विज्ञान तथा प्रविधि, नेपाली र अङ्ग्रेजी गरी मुख्य चार विषयमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण गर्न परीक्षण कार्य ढाँचा विकास गरिएको छ। कक्षा तीन का बालबालिकाका पढाइ र गणितीय सिप परीक्षणका लागि NARN Framework पनि तयार पारिएको छ।

(ञ) आ.व. २०७८/७९ मा विद्यालय कार्यसम्पादन परीक्षण सम्पन्न भएका सिन्धुली र बागलुङ जिल्लाका २२९ विद्यालयको तथ्याङ्क व्यवस्थापनको कार्य सम्पन्न भई स्थानीय तहका आधारमा जिल्लागत एवम एकीकृत प्राविधिक प्रतिवेदन तयार गरिएको छ।

(ट) आर्थिक वर्ष २०७९/८० मा चार ओटा जिल्ला (सुनसरी, रौतहट, सिन्धुपाल्चोक र प्युठान) का कुल ३९५ सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण विज्ञव्यक्ति सेवा करार विधिबाट सम्पन्न गरिएको छ। त्यसै गरी सातै प्रदेशको प्रतिनिधित्व हुने गरी १० जिल्लाका पाँच/पाँच ओटा संस्थागत विद्यालय छनोट गरी जम्मा ५० ओटा विद्यालयको कार्यसम्पादन परीक्षण सम्पन्न भएको छ।

(ठ) आर्थिक वर्ष २०७९/०८० मा प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षण साधनलाई परिमार्जन गरी बढीभन्दा बढी वस्तुपरक बनाउने र साधनमा सूचकको सङ्ख्या पनि थप गर्ने प्रयास गरिएको छ। परिमार्जित साधनअनुसार सातै प्रदेशको प्रतिनिधित्व हुने गरी पहिलो चरणमा पाँच वर्षको कार्य अनुभव भएका ३५ ओटा नमुना माध्यमिक विद्यालयका प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षण गरिएको छ।

(ड) आर्थिक वर्ष २०७९/८० मा सातै प्रदेशका कैलाली, सुर्खेत, रुपन्देही, मकवानपुर, धादिङ, काभ्रे, लमजुङ, नवलपरासी (सुस्ता पूर्व), बारा, धनुषा, मोरङ र इलाम गरी १२ जिल्लाका ३५ स्थानीय तहहरूको शैक्षिक सेवा प्रवाहको कार्यसम्पादन परीक्षण गरिएको थियो।

(ढ) गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित शैक्षिक कार्यक्रमको प्रभावकारिता, कार्यक्रमको सबल पक्ष तथा कमजोरी एवम्

जवाफदेहीता र पारदर्शिता लगायतका विषयमा परीक्षण गरी प्रतिवेदन गर्न आर्थिक वर्ष २०७९/८० मा सेतो गुराँस राष्ट्रिय बालविकास सेवा, केयर नेपाल, समुन्नत नेपाल र ASMAN NEPAL को शैक्षिक कार्यक्रमको कार्यसम्पादन परीक्षण गरिएको छ ।

(ण) आर्थिक वर्ष २०७९/८० मा सामान्य व्यवस्थापकीय कार्यहरू, तालिम कार्यक्रमहरू र सेवाग्राही सन्तुष्टि लेखाजोखा गरी तीन ओटा भागमा विभाजन गरी नमूनाको रूपमा काभ्रे र बारा जिल्लाका शिक्षा तालिम केन्द्रको कार्यसम्पादन परीक्षण गरिएको छ ।

(त) आ.व.२०७८/७९ मा गरिएको ३४ जिल्लाका २७४ प्रारम्भिक बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाको सिकाइ र विकासस्तर परीक्षण कार्य सम्पन्न भई आ.व.२०७९/८० मा प्रतिवेदन प्रकाशन गरिएको थियो । यसै गरी आ.व. २०७९/०८० मा ३० जिल्लाका २७६ प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको सिकाइ र विकासस्तर परीक्षण गरिएको छ ।

(थ) शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सम्पादन गरेका विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA), माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण (Performance Audit) तथा विद्यालय स्तरीकरण, प्रारम्भिक बालविकास केन्द्र, स्थानीय तह एवम् शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण (PA), प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको सिकाइ र विकासस्तर परीक्षण (ELDS), कक्षा तीन का बालबालिकाको पढाइ तथा गणितीय सिप परीक्षण (NARN), स्थानीय तहमा शैक्षिक सेवा प्रवाहको सेवाग्राही सन्तुष्टि सर्वेक्षण (CSS), शिक्षा तालिम केन्द्र र गैरसरकारी संस्थाहरूको कार्यक्रमको प्रभावकारिता परीक्षणलगायतका कार्यहरूका प्रतिवेदनमा उल्लिखित प्राप्ति र सिफारिसका सम्बन्धमा सरोकारवालालाई जानकारी दिने उद्देश्यले आर्थिक वर्ष २०७९/८० मा कर्णाली प्रदेशको सुर्खेत, लुम्बिनी प्रदेशको बुटवल, बागमती प्रदेशको हेटौँडा र कोसी प्रदेशको विराटनगरमा प्रबोधीकरण गोष्ठी सम्पन्न गरिएका छन् ।

# Table of Contents


**परिच्छेद १ : शैक्षिक गुणस्तर परीक्षण केन्द्रको पृष्ठभूमि, काम, कर्तव्य र अधिकार............................. १**

१.१ पृष्ठभूमि ........................................................................................................ १

१.२ शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकार.............................................. २

१.३ प्रतिवेदन पेस गर्ने दायित्व........................................................................................ ४

**परिच्छेद २ : शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यसम्पादनसँग सम्बन्धित कानुन तथा नीतिगत आधारहरू.......................................................................................................... ५**

२.१ नेपालको संविधान ................................................................................................ ५

२.२ कानुनहरू.............................................................................................................. ५

२.२.१ शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०२८ ........................................................ ५

२.३ नीति तथा योजना ................................................................................................... ५

२.३.१ राष्ट्रिय शिक्षा नीति, २०७६ ............................................................................... ५

२.३.२ विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२)........................................................... ६

२.३.२ विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७९) ........................................................ ६

२.३.३ विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) .......................................................... ६

२.४ निर्देशिका, कार्यविधि तथा मुख्य मार्गदर्शनहरू............................................................... ६

२.४.१ शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ ........................................... ६

२.४.२ विद्यालय कार्यसम्पादन परीक्षण ढाँचा, २०७९ र विद्यालय कार्यसम्पादन परीक्षण साधन, २०७९ ७

२.४.३ NASA पोलिसी गाइडलाइन, २०२२ (NASA Policy Guidelines, 2022) ................... ७

२.४.४ स्थानीय तह (शिक्षा महाशाखा/शाखा) को कार्यसम्पादन परीक्षण साधन र मार्गदर्शन, २०८० ..... ७

२.५ सङ्गठनात्मक संरचना ............................................................................................. ७

२.६ शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विषय समिति .............................................................. ८

**परिच्छेद ३ : शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी सैद्धान्तिक पक्ष......................................................... ९**

३.१ बृहत स्तरमा गरिने परीक्षण ....................................................................................... ९

३.२ शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यसम्पादनका क्षेत्रहरू ............................................... १०

३.२.१ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) : ......................................................... १०

३.२.२ पढाई तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (NARN) ................................................. १०

३.२.३ प्रारम्भिक बालविकास केन्द्रका बालवालिकाहरूको सिकाइ र विकासस्तर परीक्षण (ELDS) : .. १०

३.२.४ कार्यसम्पादन परीक्षण (PA) : ............................................................................... ११

३.२.५ सेवाग्राही सन्तुष्टि सर्वेक्षण (CSS) :......................................................................... १६

३.२.६ कार्यक्रम परीक्षण (Program Audit) : ..................................................................... १६

३.२.७ अनुसन्धान तथा विकास (R&D) :............................................................................ १७

३.३ कार्यसम्पादनका सिद्धान्तहरू .................................................................................... १७

**परिच्छेद ४ : शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्य सम्पादन** ........ १८
४.१ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) ........ १८
४.२ कक्षा १२ को नतिजा विश्लेषण कार्यक्रम ........ ३१
४.३ माध्यमिक शिक्षा परीक्षाका प्रश्नपत्र विश्लेषण ........ ३२
४.४ नमुना प्रश्नपत्र सङ्कलन, विश्लेषण र प्रतिवेदन ........ ३६
४.५ सुधार कार्ययोजना परिमार्जन ........ ४०
४.६ नेपाली विषयको क्यापसुल प्रतिवेदन (Capsule Report) तयारी ........ ४१
४.७ कार्यसम्पादन परीक्षण तथ्याङ्कीय प्रतिवेदन (PA Statistical Report) तयारी ........ ४२
४.८ नासा तथ्याङ्कीय प्रतिवेदन (NASA Statistical Report) तयारी ........ ४३
४.९ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण कार्य ढाँचा (Framework of NASA) ........ ४४
४.१० विद्यालय कार्यसम्पादन परीक्षणको एकीकृत प्रतिवेदन ........ ४५
४.११ कार्यसम्पादन परीक्षण साधन परिमार्जन तथा नयाँ साधन विकास ........ ४५
४.१२ सामुदायिक तथा संस्थागत विद्यालयको कार्यसम्पादन परीक्षण ........ ४५
४.१३ प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षण र स्तरीकरण कार्य ........ ४६
४.१४ स्थानीय तहको शिक्षा सेवा प्रवाहको कार्य सम्पादन परीक्षण सञ्चालन ........ ४६
४.१५ सेवाग्राही सन्तुष्टि लेखाजोखा सञ्चालन र प्रतिवेदन तयारी ........ ४८
४.१६ गैससको शैक्षिक कार्यक्रमको कार्यसम्पादन परीक्षण ........ ५१
४.१७ काभ्रे र बारा जिल्लाका शिक्षक तालिम कार्यक्रमको कार्यसम्पादन परीक्षण ........ ५४
४.१८ प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित परीक्षण, २०८० ........ ५७
४.१९ अनुगमन तथा सहजीकरण ........ ६३
४.२० प्रबोधीकरण गोष्ठी सञ्चालन ........ ६३
४.२१ सञ्चार संस्थासँग सहकार्य ........ ६५
४.२२ जर्नल, ब्रुसियर र बुलेटिन प्रकाशन ........ ६७

**परिच्छेद ५ : वित्तीय अवस्था** ........ ६८
५.१ वार्षिक वजेट विनियोजनको अवस्था र प्रगति ........ ६८
५.२ लेखापरीक्षण तथा वेरूजुको अवस्था ........ ६९

**परिच्छेद ६ : समस्या, चुनौती र अवसर** ........ ७०
६.१ समस्या ........ ७०
६.२ चुनौती ........ ७१
६.३ अवसर ........ ७२

**परिच्छेद ७ : भावी कार्यदिशा** ........ ७४

**सन्दर्भ सामग्री** ........ ७७

**अनुसूचीहरू**

अनुसूची १ : शैक्षिक गुणस्तर परीक्षण केन्द्रको सङ्गठन संरचना ............ ७८
अनुसूची २ : शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विषयगत समितिहरूको विवरण ............ ७९
अनुसूची ३ : विद्यालय कार्यसम्पादन परीक्षण साधन, २०७९ ............ ८२
अनुसूची ४ : विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण कक्षा १० को पृष्ठभूमि प्रश्नवली ............ १२२
अनुसूची-५ : सुझाव कार्यान्वयन कार्य योजना............ १२७
अनुसूची ६ : बागलुङ् जिल्लाका कार्य सम्पादन परीक्षण भएका विद्यालयहरूको प्राप्ताङ्क............ १५५
अनुसूची-७ : सिन्धुली जिल्लाका कार्य सम्पादन परीक्षण भएका विद्यालयहरूको प्राप्ताङ्क ............ १६१
अनुसूची-८ : प्रारम्भिक सिकाइ तथा विकास स्तर परीक्षण साधन ............ १६७

परिच्छेद १

# शैक्षिक गुणस्तर परीक्षण केन्द्रको पृष्ठभूमि, काम, कर्तव्य र अधिकार

यस परिच्छेदमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको ऐतिहासिक पृष्ठभूमि, काम, कर्तव्य र आधिकारलगायतको व्यवस्था गरिएको छ ।

## १.१ पृष्ठभूमि

विश्वका विभिन्न देशहरूमा विद्यार्थीहरूको सिकाइ उपलब्धि परीक्षण तथा शैक्षिक संस्थाहरूको कार्यसम्पादन परीक्षण गर्ने अभ्यास रहेको छ । यस प्रकारको परीक्षण कतिपय देशमा कानुनद्वारा स्थापित स्वायत्त निकायबाट हुने गर्छ भने कतिपय देशमा सरकार मातहतका निकायबाट हुने गर्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा स्थापित मूल्य मन्यता एवम् सिद्धान्तका आधारमा विद्यार्थी सिकाइ उपलब्धि परीक्षण र शैक्षिक संस्था एवम् निकायको कार्यसम्पादन परीक्षण गरी प्राप्त नतिजालाई वस्तुगत ढङ्गले विश्लेषण गरी दिइने सुझावहरूले शैक्षिक क्षेत्रका सुधारका लागि मार्गदर्शन प्रदान गर्छ ।

नेपालको संविधानको धारा ३१ ले शिक्षालाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ । गुणस्तरीय शिक्षा प्राप्त गर्नु सबै नागरिकको नैसर्गिक अधिकारको विषय हो । त्यसै गरी नेपालको संविधानकै धारा ५१ को राज्यका नीतिहरूअन्तर्गत नागरिकको आधारभूत आवश्यकतासम्बन्धी नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने विषय उल्लेख छ । संवैधानिक व्यवस्थाअनुरूप नागरिकलाई गुणस्तरीय शिक्षा उपलव्ध गराउन शिक्षासम्बन्धी नीति तथा कार्यक्रममा निरन्तर सुधार गरी कार्यान्वयन गर्नु आवश्यक हुन्छ । यसका लागि विद्यार्थीको उपलब्धि परीक्षण, शैक्षिक कार्यक्रमहरूको परीक्षण तथा विद्यालय एवम् शैक्षिक निकायको कार्यसम्पादन परीक्षण गरी वस्तुगत ढङ्गले विश्लेषणमार्फत सुधारका क्षेत्र तथा विषय पहिचान गर्नुपर्ने देखिन्छ ।

उल्लिखित सन्दर्भमा नेपालमा पनि विद्यार्थीको सिकाइ उपलब्धिस्तरको परीक्षण तथा शैक्षिक निकाय एवम् शिक्षण संस्थाको कार्यसम्पादन परीक्षण गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले अलग्गै निकायको परिकल्पना गरेको थियो । यसै परिकल्पनाअनुसार शिक्षा, विज्ञान तथा प्रविधि वि.सं. २०६६ साल कात्तिकमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भएको थियो । स्थापनाको समयमा कार्यविधि तथा मार्गदर्शनमार्फत आफ्नो काम कारवाही अगाडि बढाएको यस केन्द्रलाई वि.स. २०७३ सालको शिक्षा ऐनको आठौँ संशोधनले कानुन आधार प्रदान गरेको थियो । शिक्षा ऐन २०२८ को दफा ७ (ख) मा विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने काम समेतका लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने भनी स्पष्ट व्यवस्था छ । नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०७४ भदौ २७ गते शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ जारी गरी यसै निर्देशिकाअनुसार केन्द्रले आफ्नो कामकारवाही सञ्चालन गर्दै आएको छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले कक्षा ५, ८ र १० को अङ्ग्रेजी, गणित, नेपाली र विज्ञान गरी चार विषयको विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA), कक्षा ३ का विद्यार्थीहरूको पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (NARN), बालविकास केन्द्रका बालबालिकाको सिकाइ र विकासस्तर परीक्षण (ELDS based assessment), विद्यालय तथा

शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण र स्थानीय तहको शैक्षिक सेवा प्रवाहको सेवाग्राही सन्तुष्टि सर्वेक्षण एवम् कार्य सम्पादन परीक्षण जस्ता कार्य गरिरहेको छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ को दफा ११ ले "केन्द्रले परीक्षणसम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रिय शिक्षा परिषद्मार्फत नेपाल सरकारसमक्ष पेस गर्ने व्यवस्था उल्लेख गरेको छ । यसै सन्दर्भमा पृष्ठभूमि, शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकार, कार्यसम्पादनको कानुन तथा नीतिगत आधार, कार्यसम्पादनको सैद्धान्तिक पक्ष, वि.स. २०७९ साल साउनदेखि वि.स. २०८० साल असारसम्म सम्पादन गरिएका कार्यको प्रतिवेदन, वित्तीय अवस्था, समस्या, चुनौती, अवसर र भावी कार्यदिशा समेटी आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

## १.२ शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकार

शिक्षा ऐन, २०२८ को आठौँ संशोधनले ऐनको दफा ७ (ख) मा विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने काम समेतको लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने व्यवस्था गरेको छ । त्यसै गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रमुखका रूपमा काम गर्न नेपाल सरकारले एक जना प्रमुख शिक्षा परीक्षक नियुक्ति गर्ने व्यवस्था छ । शिक्षाको गुणस्तर सुधार र समता कायम गर्ने, शिक्षा पद्धतिको उत्तरदायित्वमा सुधार एवम् सक्षमता र प्रभावकारिता वृद्धि गर्ने कार्यमा सहयोग पुऱ्याउनका लागि नेपाल सरकार तथा मातहतका शैक्षिक निकाय तथा विद्यालयहरूलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने उद्देश्यका साथ स्थापित शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रमुख कार्यहरू देहायका क्षेत्रहरूसँग सम्बन्धित रहेका छन् :

- विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण
- विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण
- शैक्षिक मुद्दाहरूमा अध्ययन/अनुसन्धान

उल्लिखित कार्यक्षेत्रहरूलाई आधार मानी शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका २०७४ ले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकारलाई देहायअनुसार उल्लेख गरेको छ :

(क) आवधिक रूपमा विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षण गरी गुणस्तर सुधार तथा समताको अभिवृद्धि गर्ने उद्देश्यले शैक्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा सम्बद्ध निकायलाई पृष्ठपोषण प्रदान गर्ने

(ख) विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादनस्तरको नियमित रूपमा परीक्षण गरी सेवा प्रवाह तथा विद्यालय शिक्षाको गुणस्तर सुधारका निम्ति सम्बद्ध निकायहरूलाई प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने

(ग) जवाफदेहीतामा वृद्धि गरी शैक्षिक सेवा प्रवाहमा सुधार गर्ने उद्देश्यले विद्यालय तथा शैक्षिक निकायहरूलाई आफ्नो कार्यसम्पादन स्तरको स्वमूल्याङ्कनका लागि सहजीकरण गर्ने

(घ) शैक्षिक आयोजना र परियोजनाको कार्यसम्पादन परीक्षण गर्ने

(ङ) शैक्षिक कार्यक्रम, आयोजना तथा परियोजनाहरूको मूल्याङ्कन गर्ने

(च) शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरूमा अध्ययन-अनुसन्धान गरी शिक्षामा समता र गुणस्तर अभिवृद्धिका लागि प्रमाणमा आधारित सूचना तथा सुझावहरू उपलब्ध गराउने

(छ) विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण र विद्यालय तथा निकायहरूको कार्यसम्पादन परीक्षणका लागि उपयुक्त विधि, प्रविधि तथा प्रक्रियाको खोजी तथा प्रयोग गर्ने गराउने

(ज) सिकाइ उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण तथा शैक्षिक अध्ययन, अनुसन्धानका लागि मानवीय तथा संस्थागत क्षमता विकास गर्ने गराउने

(झ) सिकाइ उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण तथा शैक्षिक अध्ययन-अनुसन्धानलाई प्रभावकारी बनाउन यस क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग समन्वय र सहकार्य गर्ने

यसका साथै निजामती सेवा अन्तर्गत नेपाल शिक्षा सेवाका राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीलाई नेपाल सरकारले केन्द्रको महानिर्देशक बनाउने प्रावधान रहेको छ। महानिर्देशकको काम कर्तव्य र अधिकारलाई शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ ले देहाय अनुसार उल्लेख गरेको छ :

१. केन्द्रको वार्षिक योजना, कार्यक्रम, बजेट तयार गर्ने गराउने
२. निकायगत, विद्यालयगत कार्यसम्पादन परीक्षण तथा विद्यार्थी सिकाइ उपलब्धिसस्तर परीक्षण तथा सम्बन्धित कार्य योजना तथा रणनीति निर्माण गर्ने गराउने
३. निकायगत, विद्यालयगत कार्यसम्पादन परीक्षण तथा विद्यार्थी सिकाइ उपलब्धिस्तर परीक्षण तथा विद्यार्थी सिकाइस्तर परीक्षणका लागि आवश्यक कार्यविधि तथा कार्य निर्देशिका विकास गर्ने गराउने
४. स्वीकृत योजना तथा कार्यविधिअनुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र अन्तर्गतका निकायहरू तथा विद्यालयको समग्र शैक्षिक पद्धति, संस्थागत क्षमता र पदाधिकारीको सक्षमता तथा कार्य प्रगतिहरूको लेखाजोखा गर्ने गराउने
५. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न निकायबाट विकास भएका मानक एवम् मापदण्डहरूको कार्यान्वयन अवस्थाको परीक्षण गर्ने गराउने
६. निकायगत तथा विद्यालयगत कार्यसम्पादन र विद्यार्थी सिकाइ उपलब्धि परीक्षणका लागि ढाँचा, साधन, सूचक तथा मापदण्ड विकास गर्ने गराउने
७. परीक्षण गरिएका निकाय र विद्यालयहरूको प्रतिवेदन तयार गर्ने गराउने
८. गुणात्मक सुधारका लागि विद्यार्थीहरूको सिकाइस्तरको आवधिक रूपमा परीक्षण गर्ने गराउने
९. मन्त्रालयअन्तर्गतका निकायहरू र विद्यालय तहसम्मका शैक्षिक साझेदारी संस्थाहरूबिच संस्थागत समन्वयको अवस्था विश्लेषण गरी सुधारका लागि सुझाव दिने
१०. समसामयिक शैक्षिक मुद्दाहरू पहिचान गरी सोको अध्ययन गराइ सुझावहरू कार्यान्वयन गर्न गराउन सम्बन्धित निकायमा प्रस्तुत गर्ने, गराउने
११. परीक्षण समितिको निर्णयअनुसार परीक्षणहरूका अन्तिम प्रतिवेदन तयार गर्ने गराउने, परीक्षण समितिमा छलफल गराउने र राष्ट्रिय शिक्षा परिषदमा पेस गरी सार्वजनिक गर्ने गराउने
१२. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणका नतिजालाई अन्तर्राष्ट्रिय अभ्यास तथा अवस्थासँग तुलना गर्ने गराउने र सरोकारवालाहरूलाई उपलब्धिको जानकारी गराउने
१३. केन्द्रको वार्षिक कार्यक्रम कार्यान्वयन सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेस गर्ने
१४. विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षण सम्बन्धी रणनीति र कार्यनीति, ढाँचा, कार्ययोजना निर्माण गर्ने गराउने

१५. उपलब्धि परीक्षण र कार्यसम्पादन परीक्षणको विकास र गुणस्तर विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थागत सम्बन्ध र सम्पर्क विस्तार गर्ने गराउने
१६. विद्यार्थी उपलब्धि तथा कार्यसम्पादन परीक्षण सम्बन्धी नीति तथा कार्यनीति तयार गर्ने र परीक्षण समितिका निर्णयहरू कार्यान्वयन गर्ने गराउने
१७. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यकारी प्रमुखका रूपमा केन्द्रको दैनिक प्रशासन, आर्थिक प्रशासन, खरिद र कर्मचारी प्रशासनसम्बन्धी सम्पूर्ण निर्णय गर्ने र कार्यान्वयन गर्ने गराउने

## १.३ प्रतिवेदन पेस गर्ने दायित्व

शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका २०७४ को दफा ११ ले "केन्द्रले परीक्षणसम्बन्धी वार्षिक प्रतिवेदन तयार गरी गराई राष्ट्रिय शिक्षा परिषद्मार्फत नेपाल सरकार समक्ष पेस गर्ने छ" भन्ने व्यवस्था गरेको छ। यसका साथै निर्देशिकाले प्रतिवेदनमा परीक्षणको विधि र प्रक्रिया, परीक्षण गरिएका विद्यालय, निकाय, विषय, विद्यार्थी आदिको सङ्ख्यासहितको विवरण, परीक्षणबाट पाइएको नतिजाका प्रमुख अंश, समस्या देखिएका भए सो र समाधानका उपायहरू साथै आवश्यकतानुसार शैक्षिक नीति तर्जुमा र सेवा प्रवाहमा सुधारका लागि मन्त्रालय तथा सम्बद्ध निकायहरूका लागि सुझाव एवम् पृष्ठपोषण उल्लेख गर्नुपर्ने व्यवस्था गरेको र त्यसै गरी केन्द्रको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा "ERO बाट वार्षिक रूपमा सञ्चालित NASA तथा PA अध्ययनका प्राप्ति एवम् सिफारिस सारांश र सिफारिस कार्यान्वयनका ठोस सुझाव समेत समेटिएको वार्षिक प्रतिवेदन तयारी तथा माननीय शिक्षा मन्त्रीसमक्ष प्रतिवेदन हस्तान्तरण समारोह व्यवस्थापन" भन्ने व्यवस्था अनुसार शैक्षिक गुणस्तर परीक्षण केन्द्रले नेपाल सरकारका माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूसमक्ष पेस गर्न आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन तयार पारेको छ।

परिच्छेद २

# शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यसम्पादनसँग सम्बन्धित कानुन तथा नीतिगत आधार

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकार नेपालको संवैधानिक र कानुनी आधारमा तय भएका शैक्षिक नीति, योजना तथा कार्यक्रमहरूका जगमा स्थापित भएका हुन् । यस परिच्छेदमा सोसम्बन्धी सङ्क्षिप्त व्याख्या निम्नानुसार गरिएको छ :

## २.१ नेपालको संविधान

नेपालको संविधानको धारा ३१ ले शिक्षालाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ । त्यसै गरी संविधानको धारा ५१ को राज्यका नीतिहरूअन्तर्गत नागरिकको आधारभूत आवश्यकतासम्बन्धी नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने विषय उल्लेख छ । संवैधानिक व्यवस्थाअनुरूप नागरिकलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन शिक्षा सम्बन्धी नीति तथा कार्यक्रममा निरन्तर सुधार गरी कार्यान्वयन गर्नु आवश्यक हुन्छ ।

## २.२ कानुन

### *२.२.१ शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९*

शिक्षा ऐन, २०२८ को आठौँ संशोधनले ऐनको दफा ७ (ख) मा विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने काम समेतको लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने, केन्द्रको प्रमुखका रूपमा काम गर्न नेपाल सरकारले एकजना प्रमुख शिक्षा परीक्षक नियुक्ति गर्ने तथा केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने भन्ने व्यवस्था गरिएको छ ।

## २.३ नीति तथा योजना

### *२.३.१ राष्ट्रिय शिक्षा नीति, २०७६*

प्रस्तुत नीतिमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु राष्ट्रिय शिक्षा नीतिको उद्देश्य रहेको छ । सो नीतिमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले आफ्नो क्षेत्राधिकारमा रही नियमित अनुगमन तथा मूल्याङ्कन कार्य गर्ने विषय समेत उल्लेख छ । त्यस्तै दक्ष, योग्य, सक्षम, गुणस्तरीय जनशक्तिको व्यवस्थापन गरी शिक्षण, प्रशिक्षण, अनुसन्धान, नवप्रवर्तन, शैक्षिक प्रशासन जस्ता पक्षमा उत्कृष्ट नतिजा हासिल गर्ने नीति एवम् परीक्षा र मूल्याङ्कनको लेखाजोखा गर्ने, नतिजा विश्लेषण गर्ने र नतिजाका आधारमा शिक्षण सिकाइ सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याउने जस्ता कार्यलाई व्यवस्थित गरिने छ भन्ने कार्यनीति रहेको छ ।

### *२.३.२ विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२)*

मानक र मापदण्डका आधारमा विभिन्न तहका निकायहरूको बाह्य मूल्याङ्कन गर्ने शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना हुने कुरा विद्यालय क्षेत्र सुधार योजनामा उल्लेख भएको थियो । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले वार्षिक प्रगति प्रतिवेदन शिक्षा नीति निर्धारण समितिमा प्रस्तुत गर्ने र त्यसलाई अन्त्यमा सार्वजनिकसमेत गरिने उल्लेख भएको थियो ।

### *२.३.२ विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७९)*

विद्यालय क्षेत्र विकास योजनाको अनुगमन तथा मूल्याङ्कन उपक्षेत्रको रणनीतिमा विद्यार्थी उपलब्धिको राष्ट्रिय मूल्याङ्कन तथा प्रारम्भिक कक्षा पढाइको मूल्याङ्कन नियमित सञ्चालन गर्नेलगायत शिक्षा प्रणालीको स्वतन्त्र समीक्षा तथा मूल्याङ्कन गर्ने शैक्षिक गुणस्तर परीक्षण केन्द्रको संस्थागत क्षमता सुदृढ गराउने तथा शैक्षिक व्यवस्थापन सूचना प्रणाली, वार्षिक रणनीतिक कार्यान्वयन योजना, वार्षिक कार्यक्रम तथा बजेटलगायत अन्य सूचना प्रणालीसँग विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा मूल्याङ्कन र अनुगमनका नतिजा र नीति निर्माण एवम् योजना तर्जुमा प्रक्रियालाई आबद्ध गराउने भन्ने रहेको थियो ।

त्यसै गरी यसै योजनाको परीक्षा तथा मूल्याङ्कन उपक्षेत्रको रणनीतिमा "प्रारम्भिक कक्षामा पढाइको मूल्याङ्कन (EGRA) र विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणलाई शिक्षा प्रणालीको अभिन्न अङ्ग बनाइने छ र यसलाई कक्षा १० सम्म विस्तार गरिने छ" भन्ने व्यवस्था उल्लेख गरिएको थियो । यस्ता परीक्षणका नतिजा निर्धारित समयको अन्तरालमा अपेक्षा गरिएका सिकाइ उपलब्धि बढे नबढेको पत्ता लगाउन र सबल तथा कमजोर पक्षको पहिचान गर्नमा उपयोग गरिने व्यस्था समेत उल्लेख भएको थियो । परीक्षणको नतिजा पाठ्यक्रम विकास तथा शिक्षकको पेसागत विकासका कोर्सको तर्जुमा गर्न संलग्न निकायहरूको उपयोगका लागि पनि पठाइने तथा त्यस्ता नतिजाहरूलाई शैक्षिक गुणस्तर परीक्षण केन्द्रअन्तर्गत संस्थागत गरिने व्यवस्था उक्त योजनाको दस्तावेजमा रहेको थियो ।

### *२.३.३ विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८)*

विद्यालय शिक्षा क्षेत्र योजनाले निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहीता सुनिश्चत गर्ने र सुधारका क्षेत्र पहिचान गर्ने रणनीति लिएको छ । यो योजनामा पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रदेश तथा स्थानीय तहसँग आवश्यक समन्वय गरी क्रमशः पाठ्यक्रम तथा परीक्षणसम्बन्धी निर्धारित कार्यक्रम सञ्चालन गर्ने तथा क्रियाकलापहरूको कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय तहलाई अधिकार क्षेत्रभित्र रही प्राविधिक सहयोग उपलब्ध गराउने भन्ने विषय उल्लेख गरिएको छ ।

## २.४ निर्देशिका, कार्यविधि तथा मुख्य मार्गदर्शन

### *२.४.१ शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४*

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम कारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि मिति २०७४ भाद्र २७ मा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ जारी भई कार्यान्वयनमा रहेको छ । यसले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको काम, कर्तव्य र अधिकार, केन्द्रका महानिर्देशकको (कार्यकारी निर्देशक) केन्द्रको काम, कर्तव्य र अधिकार, परीक्षण समिति र त्यसका कार्यहरू, विषय समिति, केन्द्रको संरचना र व्यवस्थापन एवम् परीक्षण सञ्चालन प्रक्रियालगायतका विषयलाई समेटेको छ ।

### २.४.२ *विद्यालय कार्यसम्पादन परीक्षण ढाँचा, २०७९ र विद्यालय कार्यसम्पादन परीक्षण साधन, २०७९*

विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्ने कार्यलाई व्यवस्थित रूपमा सञ्चालन र बाह्य परीक्षण तथा स्वःमूल्याङ्कन प्रयोजनमा मार्गदर्शन प्रदानका लागि विद्यालय कार्यसम्पादन परीक्षण ढाँचा, २०७९ र विद्यालय कार्यसम्पादन परीक्षण साधान, २०७९ विकास गरी कार्यान्वयनमा ल्याइएको छ। विद्यालय कार्यसम्पादन परीक्षण साधान, २०७९ ले विद्यालयहरूको कार्यसम्पादन परीक्षण तथा स्तरनिर्धारणका लागि ८९ ओटा सूचकहरू (लगानीको २७ ओटा, प्रक्रियाको ४६ ओटा र उपलब्धिका १५ ओटा) र सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्याका पाँच ओटा गरी जम्मा २६४ पूर्णाङ्क (लगानीको ८१, प्रक्रियाको १३८ र उपलब्धिको ४५) को व्यवस्था गरेको छ।

### २.४.३ *NASA पोलिसी गाइडलाइन, २०२२ (NASA Policy Guidelines, 2022)*

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण कार्यलाई बृहत्तर रूपमा नीतिगत मार्गदर्शन प्रदान गर्न NASA पोलिसी गाइडलाइन, २०२२ (Nasa Policy Guidelines, २०२२) तयार गरी कार्यान्वयनमा ल्याइएको छ। यस पोलिसी गाइडलाइनले विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणका लागि परीक्षण ढाँचा सम्बन्धी व्यवस्थालगायत परीक्षण सञ्चालन तथा प्रतिवेदन प्रकाशन र प्रबोधीकरणसम्बन्धी नीतिगत बुँदाहरू उल्लेख गरी NASA को Design, व्यवस्थापन र प्रतिवेदनसम्बन्धी नीतिगत व्यवस्था गरेको छ। यसका साथै गाइडलाइनले दिगो विकासको लक्ष्य (SDG) ४.१ को प्रगति Global Profeciency Framework (GPF) सँग तालमेल हुने गरी रिपोर्टिङ गर्ने व्यवस्था समेत उल्लेख गरेको छ। यसको अलवा गाइडलाइनले विद्यालय शिक्षा क्षेत्र योजना अवधि २०७८/७९ देखि २०८६/०८७ सम्मको NASA तथा NARN सञ्चालनसम्बन्धी वार्षिक समय तालिका उल्लेख गरेको छ।

### २.४.४ *स्थानीय तह (शिक्षा महाशाखा/शाखा) को कार्यसम्पादन परीक्षण साधन र मार्गदर्शन, २०८०*

प्रभावकारी शैक्षिक सेवा प्रवाहबारे स्थानीय तहलाई पृष्ठपोषण प्रदान गरी कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्दै स्थानीय तहको संस्थागत जवाफदेहीता अभिवृद्धि गर्ने अभिप्रायले स्थानीय तहको शैक्षिक सेवा प्रवाहसम्बन्धी कार्यसम्पादनको लेखाजोखाका लागि स्थानीय तह (शिक्षा महाशाखा/शाखा) को कार्यसम्पादन परीक्षण साधन मार्गदर्शन, २०८० विकास गरी कार्यान्वयनमा ल्याइएको छ।

## २.५ सङ्गठनात्मक संरचना

नेपालमा पनि विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षण तथा शैक्षिक निकाय एवम् शिक्षण संस्थाको कार्यसम्पादन परीक्षण गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले अलग्गै निकायको परिकल्पना गरेको थियो। यसै परिकल्पना अनुसार नेपाल सरकारबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको वि.सं. २०६६ साल कार्तिकमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भएको थियो। वि.स. २०७३ को शिक्षा ऐनको आठौँ संशोधनले ऐनको दफा ७ (ख) मा विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने काम समेतका लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने भनी स्पष्ट व्यवस्था गरेको छ। त्यसै गरी केन्द्रको प्रमुखका रूपमा काम गर्न नेपाल सरकारले एकजना प्रमुख शिक्षा परीक्षक नियुक्ति गर्ने ऐनमा व्यवस्था गरिएको छ।

केन्द्रको काम कारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि मिति २०७४ भाद्र २७ मा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ जारी भई कार्यान्वयनमा रहेको छ। यसले केन्द्रको काम, कर्तव्य र अधिकार, केन्द्रका महानिर्देशकको काम, कर्तव्य र अधिकार, परीक्षण समिति र त्यसका कार्यहरू, विषय समिति, केन्द्रको संरचना र व्यवस्थापन एवम् परीक्षण सञ्चालन प्रक्रिया लगायतका विषयहरूलाई समेटेको छ। केन्द्रको संगठन संरचनाको विवरण अनुसूची १ मा राखिएको छ।

### २.६ शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विषय समिति

परीक्षण विधि तथा प्रक्रिया निर्धारण गर्न पृष्ठपोषण प्रदान गर्ने, परीक्षणका लागि आवश्यक प्रश्नपत्र, प्रश्नावलीलगायतका परीक्षण साधनहरूलाई अन्तिम रूप प्रदान गर्ने, सम्बन्धित विषयमा परीक्षण तथा अध्ययन-अनुसन्धान सञ्चालनका लागि केन्द्रलाई आवश्यक प्राविधिक सहयोग गर्नेलगायतका कार्य लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ ले दिएको अधिकार प्रयोग गरी विषयगत रूपमा विभिन्न विषयगत समितिहरू गठन गरिएका छन्। यसको विस्तृत विवरण अनुसूची २ मा दिएको छ।

## परिच्छेद ३

# शैक्षिक गुणस्तर परीक्षण सम्बन्धी सैद्धान्तिक पक्ष

यस परिच्छेदमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्य सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नु पर्ने र गर्दै आएका केही सैद्धान्तिक पक्षहरूको बारेमा उल्लेख गरिएको छ ।

### ३.१ बृहत् स्तरमा गरिने परीक्षण

शिक्षा क्षेत्रमा विभिन्न निकाय, संस्था र व्यक्तिहरूको सहभागिता र लगानी रहेको हुन्छ । यी सहभागिता तथा लगानीको केन्द्रमा विद्यार्थी तथा विद्यार्थीको सिकाइ रहेको हुन्छ । विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन विविध उद्देश्यका लागि गरिने गरिन्छ । कक्षागत रूपमा सिकाइ अभिवृद्धिका लागि परीक्षण (Assessment for Learning), विद्यार्थीको सिकाइ उपलब्धि तय गर्न अथवा प्रमाणीकरण गर्न (Assessment of Learning) तथा विद्यार्थी आफैँले सिकाइको स्वः मूल्याङ्कनबाट सिकाइ अभिवृद्धि (Assessment in Learning) आदि प्रकारले परीक्षण गर्ने र यसका प्राप्तिलाई उपयोगमा ल्याउन गरिन्छ (Manitoba Education , Citizenship and Youth २००६) ।

विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तर निर्धारण गर्न गरिने परीक्षणमा विद्यालयमा गरिने परीक्षाअन्तर्गत अन्तिम वार्षिक परीक्षा, बाह्य परीक्षा जस्तै माध्यमिक शिक्षा परीक्षालगायत बृहत्स्तरमा गरिने परीक्षण (Large Scale Assessment) पर्छन् । विद्यालयमा लिइने अन्तिम परीक्षा, बाह्य परीक्षाको उद्देश्य विद्यार्थीको उपलब्धि स्तर पत्ता लगाउने र प्रमाणीकरण गर्ने हुन्छ । बृहत्स्तरमा गरिने परीक्षणमा परीक्षणका लागि नमुना लिएर सिकाइ उपलब्धि पत्ता लगाउने (Assessment of Learning) भएकाले यसमा विद्यार्थीको व्यक्तिगत रूपमा सिकाइ उपलब्धि निर्धारण गर्ने उद्देश्य हुँदैन ।

बृहत्स्तरमा गरिने परीक्षण अथवा नेपालको सन्दर्भमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Student Achievement) ले निश्चित पाठयक्रममा कुनै उमेर समूह वा कक्षाको उपलब्धिस्तर पत्ता लगाउँछ । यसका लागि राष्ट्रिय स्तरको बृहत् नमुनामा पाठ्यक्रममा आधारित परीक्षण तथा सान्दर्भिक विविध सूचनाहरू सङ्कलन गरिन्छ । तथ्याङ्क र सूचनाहरूको विश्लेषणका आधारमा विद्यार्थीहरूको उपलब्धिमा सुधार भए नभएको वा फरक परे नपरेको र विद्यार्थीको सिकाइमा असर पार्न सक्ने विभिन्न तत्वहरूले कसरी काम गरेका छन् र तिनको के कस्तो प्रभाव परेको छ पत्ता लगाउन विद्यार्थी उपलव्धिको राष्ट्रिय परीक्षणले मद्दत पुऱ्याउँछ । यसबाट मुख्यतया: योजना निर्माण, नीति निर्माण, कार्यान्वयन आदि विविध पक्षमा सुझाव दिने काम हुन्छ । यसका साथै राष्ट्रिय परीक्षणले पाठ्यक्रम, शिक्षक तालिम, शिक्षक, अभिभावक, विद्यालय, विद्यार्थी आदिका लागि विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्न विविध सुझावहरू सम्प्रेषण गर्ने काम पनि गर्छ (Clarke and Luna Zaldua, २०२१) । राष्ट्रिय परीक्षणबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनुका साथसाथै शिक्षाको गुणस्तरमा पनि सुधार ल्याउन सकिने कुरा विभिन्न अभ्यासहरूले देखाएका छन् (Ra, Kim, Rhee, २०१९) ।

राष्ट्रिय परीक्षणमा निम्नलिखित कुराहरू विद्यमान हुनुपर्छ (Tobin, Lietz, Nugroho, Vivekanandan and Nyamkhuu, २०१५)

१. परीक्षणलाई स्तरीकृत गरिएको हुन्छ जसले गर्दा विद्यार्थीहरू, विद्यालय, क्षेत्र आदिका आधारमा उपलब्धि तुलना गर्न सकिन्छ ।

२. परीक्षणले विद्यमान शिक्षा पद्धतिको प्रतिनिधित्व गर्न सक्नुपर्छ जुन क्षेत्र, प्रदेश वा राष्ट्रिय तहको हुन सक्छ ।
३. परीक्षण केन्द्रित वा विकेन्द्रित शिक्षा पद्धति जुनमा पनि लागु गर्न सकिन्छ ।
४. यसले राष्ट्रभित्र क्षेत्र / प्रदेश बिचमा दाँजेर हेर्ने गर्छ भने यसरी उपलब्धि तुलना गर्ने काम अन्तर्राष्ट्रियस्तरमा पनि हुन सक्छ ।
५. यस्तो परीक्षणको उद्देश्य विद्यार्थीको व्यक्तिगत रूपमा सिकाइ उपलब्धिको प्रमाणीकरण गर्ने हुँदैन ।

राष्ट्रिय परीक्षणले व्यक्तिगत रूपमा प्रमाणीकरण नगरे पनि यस परीक्षणको आधारमा राष्ट्रिय स्तरमा विद्यार्थीहरूको उपलब्धिस्तर के कस्तो छ र विद्यार्थीहरूको सिकाइ उपलब्धि सुधार गर्ने उपायहरू सुझाउने काम गर्छ ।

राष्ट्रिय परीक्षणमा विद्यार्थीको सिकाइ उपलब्धि पत्ता लगाउन उपलब्धि परीक्षणका साथसाथै अन्य साधनहरू प्रयोग गरी विद्यार्थीको पृष्ठभूमि, विद्यार्थीको घरायसी अवस्था, शिक्षकको पृष्ठभूमि, विद्यालयको अवस्था, विद्यार्थीको बानी व्यवहार लगायत विविध पक्षका बारेमा सूचना सङ्कलन गरिन्छ । यसका लागि विद्यालय सर्वेक्षण, घरधुरी सर्वेक्षण तथा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी प्रश्नावली अवलोकन, विद्यालय आँकडा सङ्कलन आदि साधन उपयोग गरिन्छ (Creswell, Schwanter and Waters, २०१५) । राष्ट्रिय परीक्षणका लागि परीक्षण प्रारूप तयार पार्ने , प्रश्न निर्माण गर्ने, प्रश्नपत्र निर्माण गर्ने, सूचना सङ्कलन साधनहरू तयार पार्ने, सूचना सङ्कलनका विधि र प्रक्रिय तय गर्ने, फिल्ड नमुना छनोट कार्यको तयारी, पूर्व परीक्षण, परीक्षण तथा अन्य साधनहरूलाई अन्तिम रूप दिने कार्य हुन्छ । उपलब्धि तथा विविध सूचनाहरूको विभिन्न तरिकाले विश्लेषण गरेर राष्ट्रिय परीक्षणको प्रतिवेदन तयार गर्ने काम हुन्छ । यस्तो प्रतिवेदनले विद्यार्थीको तत्कालीन उपलब्धि स्तरको अवस्था, विभिन्न तत्वले विद्यार्थीको उपलब्धिमा पारेको असर तथा विद्यार्थीको उपलब्धिमा सुधार ल्याउन र शिक्षाको गुणस्तर अभिवृद्धिका लागि गर्नुपर्ने उपायबारे सुझाव प्रदान गर्छ । यस परिपेक्ष्यमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यार्थी उपलब्धिको पूर्व परीक्षण तथा अन्तिम परीक्षण कार्यहरू सञ्चालन तथा व्यवस्थापन गर्छ ।

## ३.२ शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यसम्पादनका क्षेत्र

### *३.२.१ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA)*

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले निश्चित चक्रमा कक्षा ३, ५,८ र १० का विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण गर्ने कार्य गर्छ । पाठ्यक्रम विकास केन्द्रले विकास गरेको पाठ्यक्रमको आधारमा स्तरीकृत परीक्षाको माध्यमबाट कक्षा ५, ८ र १० का विद्यार्थीहरूको राष्ट्रिय नमुना लिई अङ्ग्रेजी, नेपाली, विज्ञान र गणित गरी चार विषयको उपलब्धि परीक्षण गरी प्रतिवेदन प्रकाशन गर्ने कार्य यस केन्द्रको कार्यक्षेत्रमा रहेको छ ।

### *३.३.२ पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (NARN)*

केन्द्रबाट साविकमा कक्षा ३ का विद्यार्थीको समेत विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण गर्ने गरिएकोमा सन् २०२० देखि यस कक्षाको हकमा पढाइ तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (NARN) सञ्चालन सुरु गरिएको छ ।

### *३.३.३ प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरूको सिकाइ र विकासस्तर परीक्षण (ELDS)*

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको सिकाइ र विकासस्तर तथा बालविकास केन्द्रको कार्यसम्पादन परीक्षण गर्दै आएको छ ।

### ३.२.४ *कार्यसम्पादन परीक्षण (PA)*

सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालय, प्रारम्भिक बालविकास केन्द्र, शैक्षिक निकायहरू र स्थानीय तहको शिक्षा सेवा प्रवाहको कार्यसम्पादन परीक्षण गर्ने र सोको नतिजा सार्वजनिक गर्ने कार्य यस केन्द्रको कार्यसम्पादनको क्षेत्र रहेको छ। यसका साथै केन्द्रले प्रधानाध्यापकको नेतृत्व कार्य सम्पादन परीक्षण समेत गर्दै आएको छ।

**विद्यालय कार्यसम्पादन परीक्षण प्रक्रियाको अवधारणा चित्र**




माथिको चित्रमा विद्यालय कार्यसम्पादन परीक्षण कार्यसम्बन्धी चरणगत रूपमा प्रस्तुत गरिएको छ। खासगरी विद्यालय कार्यसम्पादन परीक्षणलाई तीनओटा चरणमा बाँडेर हेर्न सकिन्छ। ती हुन्: परीक्षण पूर्वको चरण, परीक्षणको चरण र परीक्षण पश्चात्को चरण। परीक्षण पूर्वको चरणअन्तर्गत परीक्षण साधनको विकास, विज्ञ परीक्षकको छनोट र उनीहरूको क्षमता विकास जस्ता कार्यहरू पर्छन् भने परीक्षणको चरणअन्तर्गत विद्यालयमा अभिमुखीकरण सञ्चालन,तथ्याङ्क/ सूचनाहरू सङ्कलन, रुजु र विद्यालयलाई तत्काल पृष्ठपोषण प्रदान गर्ने कार्य पर्छन्। त्यसै गरी सङ्कलित तथ्याङ्कको विश्लेशण , सुझावसहितको प्रतिवेदन तयारी र आवश्यक सुधार लागि सङ्घीय, प्रादेशिक र स्थानीय सरकारलाई सुझाव दिने कार्य परीक्षणपश्चातको चरणअन्तर्गत पर्छ।

**कार्यसम्पादन परीक्षणको उद्देश्य**

विद्यालयले बालबालिकालाई तोकिएको ज्ञान, सिप र अभिवृद्धिको विकास गराई राष्ट्रनिर्माणका लागि आवश्यक मानव संसाधन विकास गर्न योगदान पुर्‍याउँछन्। पाठ्यक्रमले तोकेका विषयवस्तुलाई कक्षा शिक्षण र सिकाइका थप अवसर प्रदान गरेर विद्यार्थीको ज्ञान, सिप, व्यवहार र आचरणमा अपेक्षित रूपान्तरण गर्ने थलोको रूपमा विद्यालय रहेको हुन्छ। विद्यालय एक सामाजिक संस्था भएकाले समाजको अगुवाइ र लगानीमा नै यसको स्थापना भएको हुन्छ। यसले समाजमा रहेका

बालबालिकालाई विद्यालयसम्म ल्याई औपचारिक शिक्षा दिलाउने उत्तरदायित्व बोकेको हुन्छ। विद्यालयको कार्यसम्पादनमा एउटा मात्र पक्षको भूमिका रहँदैन। यसमा राज्य, समुदाय, अभिभावक, व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अन्य सरोकारवाला सबैको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। शैक्षिक संस्थाहरूले प्रदान गर्ने सेवासँग सम्बन्धित कार्यहरूको पनि स्वतन्त्र कार्यसम्पादन परीक्षण गरी कार्यक्रमको स्तर निर्धारण गरी सुधारका उपाय अवलम्बन गर्नुपर्ने हुन्छ। शैक्षिक संस्थाहरू मूलतः दुई किसिमका हुन्छन्। पहिलो किसिमको संस्थाअन्तर्गत नीति निर्माण गर्ने, कार्यक्रम कार्यान्वयन गराउन सहयोग गर्ने र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाइ जस्ता नियमन गर्ने निकायहरू पर्छन् भने दोस्रो प्रकारको संस्थामा शिक्षा प्रदान गर्ने निकाय जस्तै विद्यालय पर्छ। यी दुबै निकायहरूका आआफ्नै उद्देश्य र जिम्मेवारी तोकिएका हुन्छन्। पहिलो निकायको नीति निर्माण गर्ने, कार्यक्रम कार्यान्वयनमा मातहत निकायलाई सहयोग पुऱ्याउने, आवश्यक सुपरिवेक्षण र नियमन गर्ने जिम्मेवारी रहन्छ भने दोस्रो निकायले सबै बालबालिकालाई सर्वसुलभ र गुणस्तरीय शिक्षाको पहुँच पुऱ्याउने प्रमुख जिम्मेवारी लिएको हुन्छ।

कार्यसम्पादन परीक्षणको मुख्य उद्देश्य विद्यालयको सबल पक्ष र सुधार गर्नुपर्ने पक्षको लेखाजोखा गरी शिक्षण सिकाइ प्रणालीमा सुधार गर्न प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने रहेको छ। लगानी, प्रक्रिया र उपलब्धिका सूचकको आधारमा विद्यालयको कार्यसम्पादन परीक्षणको अवस्था पहिचान गरी मन्त्रालय पद्धतिलगायतका सरोकारवालालाई सुधारका लागि पृष्ठपोषण प्रदान गर्नेसमेत यसको यद्देश्य रहेको छ।

विद्यालयहरूले सम्पादन गरेका कार्यहरूको परीक्षण गरी राम्रा अभ्यासको पहिचान गर्ने, सेवा प्रवाहमा भएका कार्यको विश्लेषण गर्ने, सम्पादित कार्यबाट प्राप्त भएका सिकाइ उपलब्धिको अवस्थाको जानकारी हासिल गर्ने र कमजोर अवस्थाको पहिचान गरी सुधारका लागि सम्बन्धित निकायमा आवश्यक सुझावहरूको सिफारिस गर्नु विद्यालय कार्यसम्पादन परीक्षणको महत्त्वपूर्ण पक्ष हो। परीक्षणबाट प्राप्त भएका निष्कर्षको तुलना गरी सुधार गर्नुपर्ने पक्षको पहिचान आवश्यक हुन्छ। यस्ता पक्षहरूको पहिचानपश्चात् विद्यालयले सुधारका लागि ध्यान दिनपुर्ने पक्षको खोजी गर्न सहयोग गर्नु पनि कार्यसम्पादन परीक्षणको महत्त्वपूर्ण पाटो हो। परीक्षणपश्चात् नै लगानी, प्रक्रिया र उपलब्धि मध्ये कुन-कुन पक्षमा प्राथमिकता दिनपुर्ने हो ? भन्ने कुराको पत्ता लाग्छ। कार्यसम्पादन परीक्षणपछि नै सुधारका क्षेत्रहरूको पहिचान हुन सक्छ र सो अवस्थाका आधारमा पृष्ठपोषण दिन सकिन्छ। विद्यालयको कार्यसम्पादन परीक्षणका देहायअनुसारका उद्देश्य रहेका छन् :

- तोकिएका शैक्षिक संस्थाहरूले निर्दिष्ट नीति तथा कार्यक्रम, प्रचलित ऐन तथा नियमबमोजिम कार्यान्वयन गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने
- शिक्षाको पहुँच, समता र गुणस्तर अभिवृद्धिका लागि शैक्षिक संस्थाहरूको कार्य प्रणालीको परीक्षण गरी कार्यसम्पादन स्तर प्रस्तुत गर्ने
- कार्यसम्पादन सुधारको क्षेत्रहरू पहिचान गर्ने
- विद्यालय तथा निकायहरूको कार्यसम्पादन सुधारका निमित्त नीतिगत पृष्ठपोषणका लागि प्रमाणमा आधारित सूचना तथा तथ्यहरू उपलब्ध गराउने
- उत्कृष्ट सेवाका लागि संस्थागत जवाफदेहीता सुनिश्चित गर्न सहयोग गर्ने

उल्लिखित उद्देश्यहरूमा आधारित यस परीक्षणका यस प्रकारका विशिष्ट उद्देश्यहरू रहेका छन् :

- विद्यालयहरूको विकासका लागि गरिएको लगानीको अवस्थाको पहिचान गर्ने, विद्यालयको भौतिक अवस्था, उपयोगमा रहको मानव संसाधन र समुदाय एवम सरकारी लगानीका अवस्थाको लेखाजोखा गरी विद्यालयको स्तर निर्धारण गर्ने
- गुणस्तर अभिवृद्धि का लागि विद्यालयले सम्पादन गरेका कार्यहरूको प्रक्रिया, शिक्षण विधि तथा प्रक्रिया, उपलब्धि मापन गर्न उपयोग गरिने विद्यार्थीहरूको मूल्याङ्कन, शिक्षकहरूको अवस्था तथा पेसागत उन्नयनका अवसरहरू, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावका सङ्घ एवम् विद्यालयका शिक्षकहरूको नेतृत्व र सह तथा अतिरिक्त क्रियाकलापको अवस्थाको लेखाजोखा गर्ने
- विद्यालयमा भएको लगानी र शिक्षण सिकाइ प्रक्रियाका लागि अपनाइएका विधिका आधारमा भएको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने
- विद्यालयले प्रवाह गरेको सेवाबाट लाभग्राहीको सन्तुष्टिका आधारमा विद्यालयका कार्यक्रम तथा क्रियाकलापको मूल्याङ्कन गर्ने
- विद्यालयले सेवा प्रदान गरेका विद्यार्थी सङ्ख्याको आधारमा विद्यालयको कार्यसञ्चालन प्रक्रियामा अपनाइएका कार्य पद्धतिको प्रभावकारिताको लेखाजोखा गर्ने
- कार्यसम्पादन परीक्षणबाट प्राप्त भएका नतिजाहरूका आधारमा विद्यालयहरूले गर्नुपर्ने सुधारमा प्रत्यक्ष भूमिका निर्वाह गर्ने विद्यालय र यसको व्यवस्थापन समिति, कार्यक्रम र नीतिगत रूपमा गर्नु पर्ने सुधारका लागि गाउँपालिका वा नगरपालिकाहरू, प्रदेश र सङ्घीय सरकारका विभिन्न मन्त्रालय र तहलाई पृष्ठपोषण प्रदान गर्ने
- विद्यालय, स्थानीय तह र जिल्लाहरूको कार्यसम्पादनको नतिजाको तुलनात्मक अवस्था प्रस्तुत गरी सुधारका लागि प्रतिस्पर्धात्मक वातावरण तयार गर्ने

**कार्यसम्पादन परीक्षणको सैद्धान्तिक ढाँचा**

कार्यसम्पादन परीक्षणले निर्धारित नीति नियम तथा व्यवस्थाबमोजिम निर्धारित कार्यविवरणका आधारमा सार्वजनिक सेवा प्रदायक निकायको काम कारवाही प्रभावकारी, मितव्ययी र छरितो ढङ्गले सञ्चालन भए नभएको बारे लेखाजोखा गर्ने कार्यलाई बुझाउँछ । कार्यसम्पादन परीक्षणले कुनै पनि कार्यको लागत, प्रक्रिया र प्रतिफल तीनै पक्षको सूक्ष्म रूपले आन्तरिक तथा बाह्य रूपमा परीक्षण गरी नतिजामुखी परिणाम निकाल्दछ र परिणाम सार्वजनिक रूपमा सर्वस्वीकार्य हुनुपर्छ भन्ने मान्यता स्थापित गर्छ । कार्यसम्पादन परीक्षणका लागि निश्चित अवधारणात्मक ढाँचाको आवश्यकता पर्छ । यस्तो अवधारणात्मक ढाँचामा कार्यसम्पादन परीक्षणमा समावेश गरिने निश्चित सूचक र मापदण्ड तय गरिएको हुन्छ । कार्यसम्पादन परीक्षणमा समावेश गरिने प्राथमिकता, पक्ष र आधारलाई प्रस्ट्याउन यस प्रकारको ढाँचा निर्माण गरिन्छ । कार्यसम्पादन परीक्षण ढाँचा एउटा यस्तो नक्सा वा मार्गचित्र (Blue-Print) हो जसका आधारमा परीक्षण तथा मूल्याङ्कनका कामहरू अघि बढाइन्छ । यस्तो नक्सा वा मार्गचित्रले कार्यसम्पादन परीक्षणको साधन निर्माण गर्न, तथ्याङ्क सङ्कलन गर्न, विश्लेषण गर्न, निष्कर्ष निकाल्न र सोका आधारमा आवश्यक निर्णय लिन सहयोग पुऱ्याउँदछ । यसप्रकारको ढाँचाले कार्यसम्पादन परीक्षणमा संलग्न व्यक्तिहरूलाई आफ्नो काममा एकरूपता ल्याउन सहयोग गर्नुका साथै मूल्याङ्कनको विश्वसनीयता र वैधता सुनिश्चित गर्न समेत सहयोग पुऱ्याउँदछ । संस्थाको उद्देश्य र कार्यक्रम अनुसार कार्यसम्पादन परीक्षण ढाँचाको संरचना फरक फरक हुन सक्छ ।

विद्यालयको कार्यसम्पादनमा राज्य, समुदाय, अभिभावक, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अन्य सरोकारवाला सबैको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। विद्यालयमा तोकिएको जिम्मेवारी के कसरी निर्वाह भएको छ विद्यालयले बालबालिकालाई तोकिएको ज्ञान, सिप र अभिवृत्तिको विकास गराई राष्ट्र निर्माणको लागि आवश्यक मानव संसाधन विकास गर्न सकेको छ कि छैन भन्ने विषयमा विद्यालय कार्यसम्पादन परीक्षणले वास्तविकता नियाल्ने गर्छ।

विद्यालय कार्यसम्पादन परीक्षणको चर्चा गर्दा यसमा लगानी, प्रक्रिया र उपलब्धि क्षेत्रअन्तर्गत सम्पादित विभिन्न कार्यकलापको प्रभावकारीता र तिनको परिणामको मूल्याङ्कन गर्ने गरिन्छ। विस्तृत रूपमा भन्नुपर्दा लगानी क्षेत्रका उपक्षेत्रमा विद्यालयको भौतिक सुविधा, शिक्षण मानव संसाधन र स्थायित्व तथा समुदायको सहभागिता जस्ता कार्य सूचक पर्छन्। त्यस्तै प्रक्रियाका उपक्षेत्रमा कक्षा शिक्षण, विद्यार्थी मूल्याङ्कन, शिक्षकको पेसागत विकास, नेतृत्व र व्यवस्थापन, अतिरिक्त क्रियाकलाप जस्ता कार्य सूचक पर्छन्। उपलब्धि उपक्षेत्रमा विद्यार्थी नियमितता, कक्षा दोहोऱ्याउने र छोड्ने दर, सिकाइ उपलब्धि, सेवाग्राहीको सन्तुष्टि, शिक्षकको पेसागत सन्तुष्टि जस्ता कार्य सूचक पर्छन्। यी कार्य सूचकहरूमा उद्देश्यपरक, मितव्ययी, कार्यकुशल, प्रभावकारी, पारदर्शी, सहभागितामूलक, निष्पक्ष र सेवाग्राही सन्तुष्टि जस्ता सिद्धान्तलाई दृष्टिगत गरी विद्यालयको परीक्षण गरिन्छ।

विभिन्न देशका विद्यालयको कार्यसम्पादनको पुनरवलोकन गरी विद्यालय कार्यसम्पादन परीक्षणका पक्षहरू र नेपालका सामुदायिक विद्यालयहरूको यथार्थलाई मुख्य आधार बनाई कार्यसम्पादन परीक्षणका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षण ढाँचा तयार पारेको छ। उक्त ढाँचाअनुसार विद्यालय तथा अन्य शैक्षिक निकायहरूमा लगानी, प्रक्रिया र उपलब्धिसँग सम्बन्धित सूचना तथा प्रमाणहरूको आधारमा लेखाजोखा गरी कार्यसम्पादन परीक्षण सम्पन्न गरिन्छ। यस ढाँचाअनुसार संलग्न परीक्षणका क्षेत्र, उपक्षेत्र र सूचकहरूको विवरण निम्नलिखित तालिकामा उल्लेख गरिएको छ:

**कार्यसम्पादन परीक्षणको क्षेत्र तथा उपक्षेत्र**

| लगानी | प्रक्रिया | उपलब्धि |
|---|---|---|
| १. भौतिक संरचना | १. कक्षा शिक्षण | १. नियमितता, कक्षा दोहोऱ्याउने तथा छाडने दर |
| २. शिक्षण, मानव संशाधन र स्थायित्व | २. विद्यार्थी मूल्याङ्कन | २. सिकाइ उपलब्धि |
| ३. समुदायको सहभागिता र लगानी | ३. शिक्षकको पेसागत विकास | ३. सेवाग्राही सन्तुष्टि |
| | ४. नेतृत्व र व्यवस्थापन | ४. शिक्षकको पेसागत सन्तुष्टि |
| | ५. अतिरिक्त क्रियाकलाप | |

उल्लिखित क्षेत्र र उपक्षेत्रलाई लगानी, प्रक्रिया र उत्पादनको शीर्षकसँग सम्बन्धित गराएर शैक्षिक गुणस्तर परीक्षण केन्द्रले तयार गरेको ढाँचालाई यस परीक्षणमा उपयोग गरिएको छ। उक्त १२ उपक्षेत्रबाट विभिन्न सङ्ख्यामा पर्ने गरी कार्यसम्पादन परीक्षणका जम्मा ८९ ओटा सूचकहरू निर्धारण गरिएका छन्। जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ:

**विद्यालय कार्यसम्पादन सूचक :**

| उपक्षेत्र | सूचक सङ्ख्या | सूचक |
|---|---|---|
| भौतिक संरचना | १६ | विद्यालय हाताको क्षेत्रफल, खेलमैदान, कक्षाकोठाको उपलब्धता र प्रयोग, कक्षाकोठाको गुणस्तर/अवस्था, फर्निचर, बिजुली, कम्प्युटरको उपलब्धता, शिक्षण सिकाइमा कम्प्युटरको प्रयोग, चमेनागृहको उपलब्धता र सेवा प्रवाह, पानी र साबुनको उपलब्धता, खेलकुद सामग्री, शौचालय, पुस्तकालय, बुक कर्नरको उपलब्धता र प्रयोग, विज्ञान प्रयोगशालाको उपलब्धता र प्रयोग, घेराबार (कम्पाउन्डवाल), कक्षाकोठामा प्रयोग हुने पाटी |
| शिक्षण, मानव संसाधन र स्थायित्व | ७ | कक्षा र विषयको अनुपातमा तहगत रूपमा शिक्षक उपलब्धता, शिक्षकको योग्यता, लैङ्गिक अनुपात, नियुक्तिको प्रकार, शिक्षकमा सूचना प्रविधि (कम्प्युटर र इन्टरनेट/इमेल) सम्बन्धी क्षमता, शिक्षक उपस्थिति, प्रअद्वारा गरिएको शिक्षकको कार्यसम्पादन स्तरको मूल्याङ्कन |
| समुदायको सहभागिता र लगानी | ४ | जग्गा, भवन, आर्थिक सहयोग, समुदायको सहभागिता |
| कक्षा शिक्षण | १० | योजना निर्माण, शैक्षिक सामग्रीको प्रयोग, छलफल र अन्तरक्रियात्मक शिक्षण, शिक्षणमा प्रविधि (कम्प्युटर, प्रोजेक्टर, इन्टरनेट सामग्री, मोबाइल फोन) को प्रयोग, वैयक्तिक भिन्नतामा आधारित सहयोगात्मक शिक्षण,गृहकार्य, शिक्षणमा सकारात्मक पुनर्बल (प्रोत्साहन, हौसलासमेत), शिक्षण सुधार योजना, कार्यमूलक अनुसन्धान, कक्षाकोठा व्यवस्थापन |
| विद्यार्थी मूल्याङ्कन | ६ | निरन्तर विद्यार्थी मूल्याङ्कन, निर्माणात्मक मूल्याङ्कनको प्रयोग, प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन, परीक्षाफलको विश्लेषण र पृष्ठपोषण |
| शिक्षकको पेसागत विकास | ७ | पेसागत विकासका लागि अवलम्बन गरिएका उपाय, शिक्षकको पेसागत विकास तालिममा सहभागिता, विद्यालयको आयोजनामा क्षमता विकास तालिम/स्रोत कक्षा सञ्चालन, स्मारिका, बुलेटिन, पत्रिका वा भित्तेपत्रिका प्रकाशन, अवलोकन भ्रमण, नियमित अध्ययन सामग्रीको व्यवस्था, प्रोत्साहन र सुविधा |
| नेतृत्व र व्यवस्थापन | १७ | विव्यसको गठन, विव्यसको बैठक र निर्णय, विव्यस निर्णय कार्यान्वयन, शिक्षक अभिभावक सङ्घको गठन र क्रियाशीलता, शिक्षक अभिभावक सङ्घको बैठक, शिअसको निर्णय कार्यान्वयन, अभिभावक भेला र निर्णय, सामाजिक परीक्षण, शिक्षक स्टाफ बैठक र शैक्षिक निर्णय, महत्त्वपूर्ण विषयमा प्र.अ. को निर्णय, विव्यसको निर्णय प्रक्रिया, विद्यालय सुधार योजना, वार्षिक योजना र कार्यक्रम, तिनको कार्यान्वयन, स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोग, सुशासन र पारदर्शिता, अभिलेख व्यवस्थापन, आर्थिक व्यवस्थापन |

| उपक्षेत्र | सूचक सङ्ख्या | सूचक |
|---|---|---|
| सह/अतिरिक्त क्रियाकलाप | ६ | सह/अतिरिक्त क्रियाकलापको योजना, सह/अतिरिक्त क्रियाकलाप योजनाको कार्यान्वयन, सह/अतिरिक्त क्रियाकलाप सञ्चालन, प्रतियोगितामा विद्यालयको सहभागिता, सह/अतिरिक्त क्रियाकलापमा विद्यार्थी सहभागिता, बालक्लब, रेडक्रस, स्काउट, सदनको गठन |
| नियमितता, कक्षा दोहोऱ्याउने तथा छाड्नेदर | ६ | नियमितता कक्षा-५, नियमितता कक्षा-८, विद्यालय छाड्ने दर कक्षा-५, विद्यालय छाड्ने दर कक्षा-८, कक्षा दोहोऱ्याउने दर कक्षा-५, कक्षा दोहोऱ्याउने दर कक्षा-८ |
| सिकाइ उपलब्धि | ५ | गत वर्षको औसत सिकाइ उपलब्धि कक्षा-५ नेपाली, गत वर्षको औसत सिकाइ उपलब्धि कक्षा-५ गणित, गत वर्षको औसत सिकाइ उपलब्धि कक्षा-८ नेपाली, गत वर्षको औसत सिकाइ उपलब्धि कक्षा ८ गणित, S.E.E. औसत GPA |
| सेवाग्राही सन्तुष्टि | २ | अभिभावक, विद्यार्थी |
| शिक्षकको पेसागत सन्तुष्टि | २ | विद्यालय कार्यप्रगतिका सम्बन्धमा सन्तुष्टि, आफ्नो पेसा सम्बन्धमा सन्तुष्टि |
| **जम्मा** | ८८ | |

*स्रोतः शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०७३*

लगानी, प्रक्रिया र उपलब्धिका ३ क्षेत्रका १२ उपक्षेत्रमा पर्ने विभिन्न सूचकहरूमा प्रत्येक विद्यालयको वास्तविक अभिलेख र तथ्याङ्क अध्ययन गरेर, स्थलगत अवलोकन गरेर र सरोकारवालासँग अन्तरवार्ता लिएर निर्धारित मापदण्डको आधारमा ०-उपलब्ध नभएको, १-कमजोर, २-मध्यम र ३-उत्तममध्ये एकमा चिनो लगाई स्तर निर्धारण गरिएको हुन्छ । प्रत्येक विद्यालयले लगानी, प्रक्रिया र उपलब्धिका क्षेत्रमा प्राप्त गरेको कूल प्राप्ताङ्कका आधारमा लगानी, प्रक्रिया, उपलब्धि र सेवा प्रदान गरेको विद्यार्थी सङ्ख्यालाई क्रमशः २५%, ३०%, ४०% र ५% अङ्कभार छुट्याई विद्यालयको कार्यसम्पादनको अन्तिम मूल्याङ्कन गरिएको हुन्छ । कार्यसम्पादन परीक्षणका क्षेत्र, उपक्षेत्रअन्तर्गत रहेका विभिन्न सूचक र स्तरनिर्धारण मापदण्डसमेत उल्लेख भएका परीक्षण साधनलाई अनुसूची-३ मा समावेश गरिएको छ ।

### ३.२.५ *सेवाग्राही सन्तुष्टि सर्वेक्षण (CSS)*

स्थानीय तहहरूबाट प्रदान गरिएका शैक्षिक सेवाका सेवाग्राहीको सन्तुष्टिको लेखाजोखामार्फत स्थानीय तहलाई पृष्ठपोषण प्रदान गरी कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन स्थानीय तहमा शैक्षिक सेवा प्रवाहको सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्ने कार्य शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गर्दै आएको छ ।

### ३.२.६ *कार्यक्रम परीक्षण (Program Audit)*

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतका केन्द्रीय निकाय, प्रदेशका शिक्षा तालिम केन्द्र र गैरसरकारी संस्थाहरूबाट सञ्चालित विभिन्न कार्यक्रमहरूको कार्यक्रम परीक्षण गर्ने र कार्यक्रमको प्रभावकारिताका सम्बन्धमा लेखाजोखा गर्ने कार्य पनि केन्द्रले गर्दै आएको छ ।

### ३.२.७ *अनुसन्धान तथा विकास (R&D)*

शैक्षिक समसामयिक मुद्दा र विषयमा लघु अनुसन्धान गर्नु पनि शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यसम्पादनको क्षेत्रमा रहेको छ ।

## ३.३ कार्यसम्पादनका सिद्धान्त

कुनै पनि सङ्गठित संस्थाले निश्चित सिद्धान्तमा आधारित भई आफ्नो कार्य सम्पादन गर्ने प्रचलन अनुसार यस केन्द्रले पनि केही निश्चित सिद्धान्तलाई आफ्नो कार्य सञ्चालनको मार्गदर्शक सिद्धान्तका रूपमा अपनाएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यालय तथा शैक्षिक निकाय र कार्यक्रमहरूको कार्यसम्पादन परीक्षण गर्ने सिलसिलामा देहायका मार्गदर्शक सिद्धान्तहरू अवलम्बन गरेको छ :

(१) स्वतन्त्रता : विद्यार्थीको उपलब्धिको राष्ट्रिय परीक्षण, विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण, स्थानीय तहमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण एवम् विभिन्न प्रकारका लघु अनुसन्धानहरू गर्दा स्वतन्त्र संस्था वा व्यक्तिद्वारा गरिनुपर्छ ।

(२) वस्तुनिष्ठता : शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सम्पादन गर्ने विभिन्न प्रकारका परीक्षण निष्पक्ष र व्यक्तिगत राय वा पूर्व धारणाभन्दा तथ्य र प्रमाणमा आधारित भई गर्नुपर्छ ।

(३) पारदर्शिता : परीक्षणका प्रक्रिया र परिणामहरू पारदर्शी हुनुपर्छ । परीक्षण गरिएको विषयहरूको परिणाम यसका लाभग्राही, दाता, कार्यान्वयन गर्ने साझेदार संस्था, स्थानीय निकाय र व्यापक जनसाधारणलगायत सबै सरोकारवालालाई खुला रूपमा सञ्चार गरिनुपर्छ ।

(४) सहभागिता : परीक्षण प्रक्रियामा लाभग्राही, कार्यान्वयन गर्ने संस्था तथा साझेदारहरू र स्थानीय निकायहरू सहित सबै सम्बन्धित सरोकारवालाको सहभागिता समावेश हुनुपर्छ; साथै उनीहरूको दृष्टिकोणलाई ध्यान दिइनुपर्छ ।

(५) वैधता : निष्कर्षहरूको शुद्धता र विश्वसनीयता सुनिश्चित गर्न वैध विधिहरू (पद्धतिगत कठोरतासहित) र उपयुक्त उपकरणहरू प्रयोग गरी परीक्षण गर्ने कार्य गरिनुगर्छ ।

(६) गोपनीयताको सिद्धान्त (Principle of Confidentiality) : विभिन्न प्रकारका परीक्षण प्रणालीलाई पूर्णतः विश्वसनीय बनाउने प्रयोजनका लागि प्रश्नपत्र निर्माण र परीक्षण सम्बन्धी प्रक्रियाका विभिन्न चरणहरूमा केन्द्रले गोपनीयता कायम राख्दछ ।

(७) स्वच्छताको सिद्धान्त (Principle of Fairness) : शैक्षिक गुणस्तर परीक्षण केन्द्रका सम्पूर्ण काम कारवाहीमा इमानदारी, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गर्ने प्रयत्न गरिन्छ । केन्द्रले लिने निर्णयहरू र गरिने क्रियाकलापलाई पूर्व निर्धारित मापदण्ड र कार्यविधिका आधारमा स्वच्छ र वस्तुपरक बनाउन आवश्यक संस्थागत, संरचनागत एवम् कार्यविधिगत प्रबन्ध गरिएको छ ।

परिच्छेद ४

# शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्य सम्पादन

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले आर्थिक वर्ष २०७९/८० का लागि स्वीकृत वार्षिक कार्यक्रमअनुसार सम्पादित वार्षिक कार्यक्रमको विषयमा यस खण्डमा उल्लेख गरिएको छ।

## ४.१ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA)

नेपालमा विद्यार्थी उपलब्धि परीक्षणको इतिहास केलाउँदा सन् १९९७ सालदेखि प्रारम्भ भएको देखिन्छ। सन् २००८ सम्म १० वर्षको अवधिमा कक्षा ३,४,५,६ र ८ मा अध्ययनरत विद्यार्थीका लागि १० ओटा परीक्षण भएका पाइन्छन्। खास गरी Basic and Primary Education Program, Primary Education Development Project, Education for All जस्ता आवधिक शिक्षा आयोजनाहरूको प्रभावकारिता अध्ययन प्रयोजनका लागि यस्ता सिकाइ उपलब्धि परीक्षण गरिए। त्यस अवधिका परीक्षण कुनै आधिकारिक एवम् औपचारिक निकायबाट नभई तदर्थ हिसाबले परियोजनाका रूपमा खासखास परामर्श सस्थामार्फत परम्परागत विधिको अवलम्बन गरी अध्ययन गरिएका थिए।

विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१५) ले शिक्षा सुधारको महत्त्वपूर्ण अवयवका रूपमा प्रणालीगत उत्तरदायित्वलाई व्यवहारमा कार्यान्वयन गर्न विशेष प्रकारको सङ्गठनको आवश्यकता बोध गरी वि.स. २०६६ सालमा शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office) को स्थापना भयो। यस केन्द्रको स्थापनाकालदेखि नै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको संरचनागत प्रणालीमा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण कार्यको व्यवस्थित र संस्थागत अभ्यास प्रारम्भ भयो। हालसम्मको १४ वर्षको अवधिमा कक्षा ३, ५, ८ र १० मा गरी चारओटा कक्षाका १३ ओटा परीक्षण सम्पन्न गरियो। परीक्षण भएका वर्षहरूको विवरण यसप्रकार तालिकामा दिइएको छ :

| विद्यालय क्षेत्र सुधार कार्यक्रम | | | | विद्यालय क्षेत्र विकास कार्यक्रम | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सन् २०११ | सन् २०१२ | सन् २०१३ | सन् २०१५ | सन् २०१७ | सन् २०१८ | सन् २०१९ | सन् २०२० | सन् २०२१ | सन् २०२२ | सन् २०२३ |
| कक्षा ८ | कक्षा ३ र ५ | कक्षा ८ | कक्षा ३ र ५ | कक्षा ८ | कक्षा ३ र ५ | कक्षा १० | कक्षा ८ | * | कक्षा ५** | कक्षा १०*** |

**कोभिड १९ को कारणले परीक्षण हुन नसकेको*

***प्रतिवेदन लेखन कार्य भई रहेको*

****डाटा इन्ट्री भइरहेको*

NASA परीक्षण चक्र पूरा गर्न तीन वर्षको अवधि लाग्छ। पहिलो वर्ष परीक्षण ढाँचाको विकास गर्ने र विज्ञ शिक्षकबाट तयार भएका प्रश्नहरूलाई सम्बन्धित विषय समितिबाट अन्तिप रूप दिई पूर्व परीक्षण कार्य गरिन्छ। यसका साथै विद्यार्थीहरूको पारिवारिक, आर्थिक तथा सामाजिक पृष्ठभूमिसम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलनका रूपमा तयार गरिन्छ। नमुनाका लागि आ.व. २०७९/८० मा सञ्चालित कक्षा १० को NASA मा अङ्ग्रेजी विषयको परीक्षणमा सहभागी विद्यार्थीका लागि तयार गरिएको पृष्ठभूमि प्रश्नवली अनुसूची-४ मा दिइएको छ। दोस्रो वर्ष पूर्व परीक्षण गरिएका प्रश्नहरूको पद विश्लेषण गरी

प्रश्नहरू छनोट गरेर सोही आधारमा अन्तिम परीक्षणका लागि प्रश्नावली तयार गरी परीक्षण कार्य गरिन्छ । तेस्रो वर्ष नतिजा प्रकाशन र प्रबोधीकरणको कार्य गरिन्छ । NASA चक्र चित्रमा देखाइएको छ :

**NASA चक्र**




उल्लिखित चक्रअनुसार परीक्षणको योजना, डिजाइन, सञ्चालन र प्रतिवेदनका प्रमुख चरणहरू देखाइएको छ । विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणको प्रक्रिया चक्र आवश्यक बजेट र कार्यक्रमको स्वीकृतिबाट सुरु हुन्छ र परीक्षणका प्रक्रियाहरू अनेकौँ शृङ्खलामार्फत अगाडि बढ्छ । जस्तै परीक्षण कार्यढाँचा विकास, आधार तथा मापदण्डहरूको विकास, विषयगत प्रश्नहरू र पृष्ठभूमि प्रश्नावलीको विकास, पूर्वपरीक्षण, प्रश्न विश्लेषण र चयन, प्रश्नपत्र पुस्तिकाको डिजाइन, परीक्षण सञ्चालन, उत्तरपुस्तिका परीक्षण र तथ्याङ्क प्रविष्टि, तथ्याङ्क सफाइ, प्रश्नहरूको क्यालिब्रेसन र प्रश्न सेटहरूको साझा मापन स्केल निर्धारण, क्षमता स्तर विश्लेषण र निर्धारण र प्रतिवेदन तयारी तथा नतिजा प्रबोधीकरण ।

NASA परीक्षण गर्ने कार्यका उद्देश्यहरू यसप्रकार रहेका छन् :

(क) पाठ्यक्रममा आधारित भएर निश्चित कक्षामा अध्ययनरत विद्यार्थीको समग्र सिकाइ अवस्थाको पहिचान गर्न

(ख) निश्चित कक्षाका विद्यार्थीहरूको गणित, विज्ञान, नेपाली र अङ्ग्रेजी विषयमा औसत शैक्षिक उपलब्धिको लेखाजोखा गर्नु

(ग) लिङ्ग, जनजाति, बालिने भाषा, सामाजिक आर्थिक अवस्था, भौगोलिक अवस्थिति, विद्यालयका किसिमका आधारमा विद्यार्थीको सिकाइ उपलब्धिमा देखिएको अन्तरको अध्ययन गर्नु

(घ) विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्ने प्रमुख तत्त्वहरूको पहिचान गर्नु

(ङ) भविष्यमा विद्यार्थीको शैक्षिक उपलब्धिको तुलना गर्ने आधार र मानक तयार पार्नु

(च) विद्यालय शिक्षामा गुणस्तर र समताको अभिवृद्धि र सुनिश्चितताका लागि सम्बन्धित पक्षलाई आवश्यक सुझाव उपलब्ध गराउनु

यस केन्द्रको आ.व.२०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम मध्ये कक्षा १० का विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण गर्नु प्रमुख कार्य रहेको थियो। NASA परीक्षणलाई विश्वसनीय र वस्तुनिष्ठ बनाउन गत आ.व. मा सम्पन्न भएको पूर्व परीक्षणका प्रश्नहरूको पद विश्लेषण गरी सम्बन्धित विषय समितिबाट अन्तिमीकरण गरी स्वीकृत गरियो। परीक्षण कार्यलाई व्यवस्थित ढङ्गबाट देशभर एकरूपताकासाथ सञ्चालन गर्न परीक्षण सञ्चालन मार्गदर्शन पुस्तिका विकास गर्ने, प्रश्नपत्रको छपाइ तथा ढुवानी कार्य सम्पन्न गरी शिक्षा विकास तथा समन्वय एकाइ (EDCU) प्रमुखका लागि माघ ९ देखि १७ गतेसम्म नेपालगञ्ज, विराटनगर, भैरहवा र धुलिखेल गरी चार स्थानमा १ दिवसीय अभिमुखीकरण कार्यशाला सम्पन्न गरियो। नेपालगञ्जबाहेक ३ ओटै स्थानमा भएका अभिमुखीकरणमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्री रामकृष्ण सुवेदीज्यूले सम्बोधन गर्नुभएको थियो। सोही कार्यक्रममा ७५ जिल्लाका (मनाङ र मुस्ताङबाहेक) इकाइ प्रमुखहरूलाई आआफ्नो जिल्लामा NASA परीक्षणका लागि नमुना छनोटमा परेका विद्यालयको विवरण, परीक्षण सञ्चालन मार्गदर्शन पुस्तिका र प्रश्नावलीसमेत वितरण गरिएको थियो।

परीक्षण सञ्चालकको नियुक्ति, अभिमुखीकरण, परीक्षणको मिति निर्धारण तथा जिल्लास्तरबाट गरिने अनुगमनको जिम्मेवारी प्रत्येक जिल्लाका शिक्षा विकास तथा समन्वय एकाइमा रहेको थियो। केही जिल्लाहरूमा परीक्षण सञ्चालकको अभिमुखीकरण र परीक्षण कार्यको अनुगमन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र यस केन्द्रबाट पनि भएको थियो। NASA परीक्षणमा ७५ जिल्लाका १,८०० ओटा विद्यालयका करिब ४६,००० जना विद्यार्थी सहभागी भएका थिए। समग्रमा परीक्षण कार्य मर्यादित र व्यवस्थित रूपमा सम्पन्न भएको थियो। परीक्षण कार्य सम्पन्न भएपछि आफ्नो अनुकूलताअनुसार केही जिल्लाबाट उत्तरपुस्तिका सिधै केन्द्रमा र केही जिल्लाले अभिमुखीकरण केन्द्रमा बुझाएका थिए। यस केन्द्रमा सम्पूर्ण उत्तरपुस्तिका सङ्कलन भएपछि कोडिङ गरेर विज्ञ शिक्षकबाट परीक्षण गर्ने कार्य गरियो।

उत्तरपुस्तिका परीक्षण कार्यका लागि काठमाडौँ, ललितपुर र भक्तपुरका शिक्षा विकास तथा समन्वय इकाइमार्फत चारओटै विषयका विज्ञ शिक्षकहरूको नामावली माग गरियो। परीक्षण कार्यमा एकरूपता ल्याउन विज्ञ शिक्षकहरूमार्फत प्रत्येक विषयको रुब्रिक्स निर्माण भयो। विभिन्न चरणको छलफलपछि रूब्रिक्सको अन्तिमीकरण गरेर उत्तरपुस्तिका परीक्षकका लागि अभिमुखीकरण कार्यशाला आयोजना गरियो। उत्तरपुस्तिका परीक्षण गर्दा अपनाउनुपर्ने सजगताको सम्बन्धमा यस केन्द्रका महानिर्देशक, निर्देशक र विषयगत अधिकृतबाट सैद्धान्तिक तथा व्यावहारिक पक्षमा प्रस्ट्याउने कार्य सम्पन्न भयो।

उत्तरपुस्तिका परीक्षण कार्य समाप्त भएपछि विषयगत विज्ञबाट सम्परीक्षण गरी परीक्षणमा देखिएका त्रुटिहरूलाई सम्बन्धित परीक्षकलाई नै सच्याउन दिइयो। चालु आर्थिक वर्षमा २०८०/ ०८१ मा सन् २०२२ र २०२३ मा भएका क्रमशः कक्षा ५ र १० को NASA को तथ्याङ्क विश्लेषण, प्रतिवेदन तयारी र प्रकाशन गर्ने कार्यक्रम समेत रहेको छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट गत आर्थिक वर्षमा प्रकाशित कक्षा ८ को NASA प्रतिवेदन नै यस केन्द्रको पछिल्लो प्रतिवेदन हो। यस प्रतिवेदनका मुख्य प्राप्ति निष्कर्ष र सुझावहरू देहायबमोजिम रहेका छन् :

- विद्यार्थीहरू न्यूनतम सिकाइ हासिल गर्नका लागि पनि सङ्घर्षरत छन्
- बहुसङ्ख्यक विद्यार्थीहरू सबै विषयहरूमा पढाइएका कुरा सिक्न असक्षम भए
- वास्तवमा धेरै जसो विद्यार्थीहरूले सबै विषयमा ५० प्रतिशतभन्दा कम पाठ्यक्रम प्राप्त गरे वा सिके
- अधिकांश विद्यार्थीहरूले उच्च तहका सोचाइ सिपहरूसँग सम्बन्धित प्रश्नहरूको समाधान गर्न सकेनन्

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सन् २०२० का निष्कर्ष कक्षा ५ र १० मा विगतमा गरिएका विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणबाट प्राप्त निष्कर्ष जस्तै थिए। फलस्वरूप शिक्षण सिकाइका रणनीति, उपचारात्मक कार्य र प्रधानाध्यापकको भूमिकामा समस्या रहेको कुरा दाबी गर्न सकिन्छ। औसतमा संस्थागत विद्यालयका विद्यार्थीहरूले सामुदायिक विद्यालयका विद्यार्थीलाई उल्लेख्य मात्रामा पछि पारेका छन्। तथापि यहाँ ध्यान दिन लायक कुरा के छ भने केही सामुदायिक विद्यालयका विद्यार्थीको औसत अङ्क सबै विषयमा सबै विद्यालयभन्दा उच्च थियो। उनीहरूको सफलताको पछाडिका कारणको गहिरो विश्लेषण गरिनुपर्छ किनभने तिनीहरूले अन्य विद्यालयलाई र नीति निर्मातालाई समेत बहुमूल्य अनुभव एवम् सिकाइ उपलब्ध गराउन सक्छन्।

विभिन्न वर्ग र प्रभावकारी चरका आधारमा विभाजित प्राप्तिहरूको सारांश यसप्रकार प्रस्तुत गरिएको छ :

**प्रदेश**

गणित विषयको प्रदेशगत नतिजाको तुलनात्मक अध्ययनले विद्यार्थीको उपलब्धिस्तरमा विभिन्नता रहेको देखाउँछ। समग्रमा केवल ३२.१ प्रतिशत विद्यार्थीहरूले मात्र न्यूनतम स्तरभन्दा माथिल्लो उपलब्धि प्राप्त गरेका छन्। विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सन् २०१७ को राष्ट्रिय औसत ५०० थियो भने विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०२० को राष्ट्रिय औसत १७ स्केल स्कोर घटेर ४८३ रहेको छ। बागमती (५०९), गण्डकी (४९७) र लुम्बिनी (४८५) का विद्यार्थीहरूको उपलब्धि औसतमा अन्य प्रदेशको भन्दा राम्रो र राष्ट्रिय औसत (४८३) भन्दा माथि रह्यो। त्यसै गरी विज्ञानको राष्ट्रिय औसत ४७० थियो जुन विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सन् २०१७ को राष्ट्रिय औसतभन्दा ३० स्केल स्कोरले कम रहन गयो। बागमती (४९२), गण्डकी (४८५), लुम्बिनी (४७५) र कोसी (४७२) उच्च उपलब्धि हासिल गर्ने प्रदेश बने भने अन्य प्रदेशहरूले विज्ञानको राष्ट्रिय औसतभन्दा कम अङ्क पाए। कोसी (५०५), बागमती (५११), गण्डकी (५२१) र लुम्बिनी (४९८) प्रदेशका विद्यार्थीको नेपाली विषयको उपलब्धि राष्ट्रिय औसतभन्दा स्पष्टत: बढी थियो तथापि अङ्ग्रेजी विषयमा प्रदेशगत उपलब्धिको असमानता थप फराकिलो थियो। उक्त विषयको राष्ट्रिय औसत ५०० थियो र उक्त विषयमा बागमती (५२९), गण्डकी (५२२) र कोसी (५०१) का विद्यार्थीको उपलब्धि राष्ट्रिय औसतभन्दा माथि थियो। मधेश, कर्णाली र सुदूरपश्चिमका विद्यार्थीको सबै चारओटा विषयको उपलब्धि राष्ट्रिय औसतभन्दा कम थियो।

**उमेर**

उमेर समूह अनुसार पनि विद्यार्थीको उपलब्धिमा देखिने खालको भिन्नता पाइयो। परीक्षणमा सहभागी भएका अधिकांश विद्यार्थी १२ देखि १६ वर्षसम्मको उमेर समूहका थिए। तिनीहरूमध्ये १३ वर्ष उमेरका विद्यार्थीले सबै चारओटा विषयमा उच्च अङ्क पाए। औसतमा १५ वर्ष वा सोभन्दा बढी उमेर समूहका विद्यार्थीको उपलब्धि न्यून रह्यो। यो नतिजा सबै चार विषयमा समान थियो।

### घरमा प्रयोग गरिने भाषा

घरमा नेपाली भाषा प्रयोग गर्ने विद्यार्थीहरूको उपलब्धि घरमा अन्य भाषा प्रयोग गर्ने विद्यार्थीहरूको तुलनामा उल्लेख्य रूपमा फरक थियो। घरमा नेपाली भाषा प्रयोग गर्ने विद्यार्थी र घरमा अन्य भाषा प्रयोग गर्ने विद्यार्थीको उपलब्धिबिचको फरक नेपालीमा १५ र अङ्ग्रेजीमा १३ स्केल स्कोर थियो।

### विद्यालयको प्रकार

उपलब्धिको तुलनात्मक अध्ययनले सामुदायिक विद्यालयहरू र संस्थागत विद्यालयहरूबिच ठुलो खाडल रहेको देखायो। संस्थागत विद्यालयहरूले सामुदायिक विद्यालयहरूलाई सबै विषयका विद्यार्थी उपलब्धिमा उछिने। उदाहरणका लागि संस्थागत विद्यालयका विद्यार्थीहरूको विज्ञान विषयको उपलब्धि ५०० थियो भने सामुदायिक विद्यालयका विद्यार्थीहरूले उक्त विषयमा ४६३ प्राप्त गरे। उनीहरूबिच ३७ स्केल स्कोरको उल्लेख्य भिन्नता थियो। समग्रमा सामुदायिक विद्यालयहरूको उपलब्धि राष्ट्रिय औसतभन्दा कम थियो भने संस्थागत विद्यालयहरूको उपलब्धि राष्ट्रिय औसतभन्दा प्रस्ट रूपमा बढी थियो।

### विद्यार्थीहरूको वृत्तिसम्बन्धी आकाङ्क्षा

विद्यार्थीहरूको भावी लक्ष्यका आधारमा यो अध्ययनले के देखायो भने गहिरो सिकाइ आवश्यक पर्ने खालका सरकारी जागिर वा वैदेशिक रोजगारी जस्ता लक्ष्य राखेका विद्यार्थीले किसान, शिक्षक वा निजी क्षेत्रको रोजगारीमा जान चाहने विद्यार्थीहरूले भन्दा गणित र विज्ञानजस्ता विषयहरूमा उच्च उपलब्धि हासिल गरे।

### अभिभावक शिक्षा

परीक्षण गरिएका सबै विषयमा विद्यार्थीहरूको उपलब्धिसँग अभिभावकको शैक्षिकस्तरको प्रत्यक्ष सम्बन्ध रहेको छ। विद्यार्थीहरूको उपलब्धिको आधारमा ढुक्कसँग के भन्न सकिन्छ भने आमा वा बाबुको शैक्षिक योग्यता जति उच्च हुन्छ बालबालिकाको अङ्क पनि त्यति नै बढी हुन्छ। शिक्षित बाबु वा आमाहरूले उनीहरूको बालबालिकाको सिकाइ उपलब्धिमा उल्लेख्य योगदान पुऱ्याए भने बाबु वा आमा निरक्षर भएका बालबालिकाले कमजोर प्रदर्शन गरे। निरक्षर र साक्षर अभिभावकहरूका बालबालिकाको र न्यून शैक्षिक योग्यता भएका अभिभावकहरूका बालबालिकाको उपलब्धिमा उल्लेख्य भिन्नता छ। यो नतिजा Kainuwa & Yusuf (२०१३) ले गरेको अध्ययनसँग मिल्दोजुल्दो छ जसले विश्वविद्यालय डिग्री भएका बाबु वा आमाका छोराछोरीहरूले विशेष रूपले राम्रो प्रदर्शन गर्छन् र उच्च स्तरको शिक्षा प्राप्त गर्छन् भन्ने कुरा उल्लेख गरेका थिए।

### अभिभावकको पेसा

अभिभावकको पेसा र विद्यार्थीको सिकाइबिचको सम्बन्धको विश्लेषणले अभिभावकहरू शिक्षक रहेका विद्यार्थीहरूको प्रदर्शन सबैभन्दा उच्च रहेको देखायो। सरकारी जागिर र व्यवसायमा संलग्न अभिभावक भएका विद्यार्थीले पनि उच्च अङ्क पाए। कृषि र घरपरिवारमा संलग्न, अरूको घरमा काम गर्ने वा घरपरिवार मात्रै सम्हाल्ने बाबु र आमा भएका बालबालिकाले औसतमा कम अङ्क प्राप्त गरे।

**परिवारको आकार**

परिवारको आकार पनि विद्यार्थीहरूको सिकाइ उपलब्धिको अनुमान गर्नका लागि सहयोग पुऱ्याउने महत्त्वपूर्ण तत्त्वका रूपमा देखियो। परिवारको आकार चार वा पाँच सदस्य भएको परिवारमा बस्ने विद्यार्थीहरूले उच्च उपलब्धि अङ्क पाए। त्योभन्दा माथि परिवारका सदस्य थपिँदै जाँदा उपलब्धि घट्यो।

**शिक्षकको नियमितता**

कक्षाकोठामा शिक्षकको नियमित उपस्थितिले विद्यार्थीहरूको उज्ज्वल भविष्य निर्धारण गर्नका लागि गुणस्तरीय शिक्षा प्रदान गर्ने कुराको महत्त्वप्रति समर्पण र जागरूकता दुबैलाई सङ्केत गर्छ। कक्षाकोठामा भर पर्दो उपस्थितिको अर्थ शिक्षकहरूले सम्बन्धित विषयको गहिरो ज्ञान दिन सक्छन् र उनीहरूलाई समयमै पाठ्यक्रम पूरा गर्न सजिलो हुन्छ भन्ने हो। त्यसकारण यो विद्यार्थीहरूको उपलब्धिका सम्बन्धमा अनुमान गर्नका लागि सहयोग गर्ने एउटा महत्त्वपूर्ण तत्त्व हो। यसरी माथिका प्राप्तिहरूलाई विचार गर्दा कक्षाकोठामा आफ्नो पूरै समय समर्पण गर्ने शिक्षकहरू विद्यार्थीहरूको उपलब्धिमा सुधार गर्न सफल भए। ढिलो आएर चाँडै गएका वा कक्षामा आउँदै नआउने शिक्षकका विद्यार्थीको प्रदर्शन कमजोर रह्यो।

**परीक्षण गरिएका विषयहरूमा रुचि**

कुनै विषयमा बलियो रूचिको विकासले विद्यार्थीलाई त्यस विषयमा अझ कडा परिश्रम गर्न प्रोत्साहित गर्छ जसले उनीहरूको उपलब्धि बढाउन मद्दत गर्छ। यस अध्ययनमा परीक्षण गरिएका विषयहरू मन पराउने अधिकांश विद्यार्थीहरूले ती विषयहरूमा सिक्न र उत्कृष्ट बन्न चाहेको कुरा नतिजाहरूले देखाउँछन्।

**गृहकार्य र पृष्ठपोषण**

तथ्याङ्कको विश्लेषणका आधारमा के थाहा हुन्छ भने गृहकार्यपछि दिइएको कुनै पनि पृष्ठपोषणले विद्यार्थीहरूको उपलब्धि बढाएको छ। साथै नियमित रूपमा दिइने पृष्ठपोषण थप उपयोगी भएको पाइयो। आफ्नो गृहकार्यमा नियमित पृष्ठपोषण प्राप्त गर्ने विद्यार्थीहरूको उपलब्धि कहिल्यै पृष्ठपोषण नपाएका विद्यार्थीहरूको तुलनामा उच्च थियो। नियमित गृहकार्य र पृष्ठपोषण प्राप्त गर्ने विद्यार्थीहरू र गृहकार्य पनि नपाएका र नियमित पृष्ठपोषण पनि नपाएका विद्यार्थीहरूबिच उपलब्धिमा उल्लेख्य भिन्नता छ। यो भिन्नता विज्ञानमा १५ स्केल स्कोर र नेपालीमा ३४ स्केल स्कोर थियो। विज्ञान र नेपालीमा रहेको औसत अङ्कको भिन्नता तथ्याङ्कीय रूपमा महत्त्वपूर्ण थियो जसले नियमित रूपमा गृहकार्य र पृष्ठपोषण प्राप्त गर्नुको महत्त्वलाई सङ्केत गर्छ।

**गणित र विज्ञानका प्राप्ति**

औसतमा संस्थागत विद्यालयका विद्यार्थीहरूले गणितमा सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा धेरै राम्रो प्रदर्शन गरे। यो नतिजा दुईबिचको सम्बन्धको कारणले होइन। विद्यार्थीको सिकाइमा सुधारका लागि सामुदायिक विद्यालयहरूभन्दा संस्थागत विद्यालयहरू बढी प्रभावकारी छन् भन्ने विश्वास गर्नेहरू धेरै छन्। त्यसै गरी सामाजिक-आर्थिक स्थिति र गणितका अङ्कहरूबिचको सम्बन्ध सकारात्मक रूपमा सहसम्बन्धित छ।

औसतमा छात्रहरूको तुलनामा छात्राहरू गणितमा बढी कमजोर छन् र त्यस्तो भिन्नता परिमाणमा र तथ्याङ्कीय दुबै रूपमा उल्लेख्य छ। त्यसै गरी विद्यार्थीको उमेर र गणितको अङ्कबिच नकारात्मक सहसम्बन्ध छ। ब्राह्मण र क्षेत्री विद्यार्थीहरूको

तुलनामा दलित विद्यार्थीहरूले गणितमा निकै कमजोर नतिजा प्राप्त गरिरहेका छन् । बाबुको शिक्षाको स्तर र बालबालिकाको गणितमा उपलब्धिबिच अपेक्षित सकारात्मक सम्बन्ध छ ।

यहाँ केही विद्यालय-स्तर चरहरू पनि महत्त्वपूर्ण छन् । उदाहरणका लागि स्थायी प्रधानाध्यापक भएका विद्यालयका विद्यार्थीहरूको गणितको अङ्क औसतमा उच्च छ । त्यसै गरी गणित शिक्षक स्थायी भएका विद्यालयका विद्यार्थीले पनि गणित शिक्षक स्थायी नभएका विद्यार्थीले भन्दा औसतमा राम्रो गरिरहेका छन् । यसले के सङ्केत गर्छ भने शिक्षकहरू र प्रधानाध्यापकहरूले शिक्षण वा प्रशासनिक कर्तव्यमा बढी ध्यान केन्द्रित गर्न सक्छन् र पेसा वा जागिरको स्थायित्वसम्बन्धी चिन्ता गर्दैनन् ।

### नेपाली र अङ्ग्रेजीका प्राप्ति

सामुदायिक विद्यालयको हकमा अङ्ग्रेजी माध्यमका सामुदायिक विद्यालयले नेपाली माध्यमका सामुदायिक विद्यालयलेभन्दा राम्रो प्रदर्शन गरिरहेका छन् । अङ्ग्रेजी माध्यमको अर्थ गुणस्तरीय शिक्षा होइन तर पनि यसले थप अनुसन्धानका लागि स्पष्ट क्षेत्र खोलेको छ ।

माध्यमिक तहको शिक्षकका रूपमा नियुक्त शिक्षक प्रधानाध्यापक भएका विद्यालयका विद्यार्थीहरूले अरूभन्दा राम्रो प्रदर्शन गरिरहेका छन् र त्यस्तो भिन्नता तथ्याङ्कीय रूपमा उल्लेख्य छ । त्यसै गरी शिक्षकहरूलाई पुरस्कृत गर्ने पहलहरू सुरुवात गरेका विद्यालयका विद्यार्थीहरूले पनि नेपाली भाषामा राम्रो प्रदर्शन गरेका छन् ।

बालबालिकाको स्तरका विशेषताहरूको सन्दर्भमा नेपालीमा छात्रहरूभन्दा छात्राहरूले कम उपलब्धि प्रदर्शन गरिरहेका छन् तर भिन्नताको परिमाण गणितमा भन्दा निकै कम छ । त्यसै गरी विद्यार्थीको उमेर र नेपाली विषयको अङ्कबिच गणितसँग मेल खाने खालको नकारात्मक सहसम्बन्ध छ । घरमा शब्दकोश र अन्य शैक्षिक सन्दर्भ पुस्तकहरू हुनु र उपलब्धिबिच सकारात्मक सम्बन्ध छ ।

### निष्कर्ष

शिक्षा प्रणालीले शिक्षाको लागनी, प्रक्रिया र उपलब्धिलाई समेट्छ । शैक्षिक नीति निर्माण, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका लागि पाठ्यक्रम, शिक्षणशास्त्र, शिक्षण र सिकाइका अभ्यासहरू र मूल्याङ्कन केन्द्रबिन्दुमा छन् । विस्तृत अनुसन्धान र प्रमाणमा आधारित प्राप्तिहरू शिक्षाको समग्र प्रणालीको मूल्याङ्कनका स्तम्भहरू हुन् । नेपालमा स्थापना भएदेखि नै विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणले विद्यालयको शैक्षिक उपलब्धिको मूल्याङ्कनलाई आफ्नो मुख्य गतिविधिहरूमध्ये एक बनाउन प्रयास गरिरहेको छ ।

यो परीक्षणको मुख्य उद्देश्य विद्यालय क्षेत्र विकास योजना (SSDP) का लागि आधाररेखा तथ्याङ्क तयार गर्नुका साथै सन् २०२० को सिकाइ उपलब्धिलाई विद्यार्थी उपलब्धिको अघिल्लो चक्र (२०१७) सँग तुलना गर्नु र समयक्रममा विद्यालय प्रणालीमा गुणस्तरीय शिक्षाको विकासक्रमको विश्लेषण गर्नु रहेको थियो । यो अध्ययनले पहिलेको अध्ययनले जस्तै गणित, विज्ञान, नेपाली र अङ्ग्रेजीमा प्रदेशस्तरीय उपलब्धिमा विभिन्नता देखाएको छ । बागमती, गण्डकी र लुम्बिनी उच्च प्रदर्शन गर्ने प्रदेश हुन् भने कोसी, मधेस, कर्णाली र सुदूरपश्चिम न्यून प्रदर्शन गर्ने प्रदेश हुन् । छात्राहरूको तुलनामा छात्रहरूले उच्च प्रदर्शन गरेकाले लैङ्गिकताअनुसारको उपलब्धिमा बढी असमानता देखिन्छ ।

कक्षा ८ मा पढ्न तथा सिक्नका लागि सबैभन्दा उपयुक्त उमेर १२ वा १३ वर्ष (५ वा ६ वर्षको उमेरमा कक्षा १ सुरु हुने) देखिन्छ किनभने यस उमेर समूहका विद्यार्थीहरूले औसतमा अन्य उमेर समूहहरूभन्दा उच्च अङ्क हासिल गरेका छन् । १४ वर्षभन्दा माथिका विद्यार्थीहरूले कम अङ्क प्राप्त गर्छन् । सम्भवत यी विद्यार्थीहरूले कक्षा दोहोर्‍याइरहेका छन् वा यिनीहरूको घरमा सिकाइ वातावरण कम अनुकूल छ र यिनीहरूले ढिलो विद्यालय जान सुरु गरेका हुन् भन्ने अनुमान गर्न सकिन्छ ।

मातृभाषाको आधारमा उपलब्धिमा ठुलो भिन्नता देखिएको छ । मातृभाषा नेपाली भएका विद्यार्थीहरूले नेपालीबाहेकका अन्य मातृभाषा भएका विद्यार्थीहरूले भन्दा बढी अङ्क पाएका छन् ।

संस्थागत विद्यालयको उपलब्धि सामुदायिक विद्यालयको तुलनामा धेरै राम्रो छ । सरकारले ठुलो स्रोतको लगानी गरे पनि सामुदायिक विद्यालयका विद्यार्थीको उपलब्धि औसतभन्दा तल नै रह्यो । सामुदायिक विद्यालयको गुणस्तर बढाउनु सबैभन्दा ठुलो चुनौती भएको छ ।

बालबालिकाको भावी लक्ष्यका आधारमा उपलब्धिमा भिन्नता छ । डाक्टर, इन्जिनियर, निजामती कर्मचारी वा वैदेशिक रोजगारीमा जान चाहने विद्यार्थीको तुलनामा शिक्षक, किसान वा निजी व्यवसायमा काम गर्न चाहने विद्यार्थीको उपलब्धि कम छ । कसैले के तर्क गर्न सक्छ भने यो डाक्टर, इन्जिनियर र निजामती सेवा जस्ता पेसाहरूलाई समाजले अन्य पेसाहरूको मूल्यमा दिने महत्त्वको आंशिक प्रतिविम्बन हो । खेतीपाती, अध्यापन र निजी व्यवसाय जस्ता पेसालाई सम्मानित पेसागत क्षेत्र बनाउन आवश्यक छ ।

निरक्षर र साक्षर अभिभावकहरूका बालबालिकाको उपलब्धिबिच उल्लेखनीय भिन्नता छ । तथ्याङ्कले के देखाउँछ भने विद्यार्थी उपलब्धि र कम्तिमा कक्षा-८ स्तरको शिक्षा भएका अभिभावकहरूबिच सकारात्मक सम्बन्ध छ । त्यसै गरी अभिभावकको पेसाले पनि विद्यार्थीको उपलब्धिमा सकारात्मक प्रभाव पार्छ । कृषि, घरायसी काम र अन्य घरपरिवारका लागि काम गर्ने अभिभावकका विद्यार्थीहरूको अङ्क कम थियो ।

एकल परिवारका बालबालिकाले संयुक्त परिवारका बालबालिकाको तुलनामा औसतमा उच्च अङ्क हासिल गरेका छन् । तथ्याङ्कले के देखाउँछ भने परिवारका सदस्यहरूको सङ्ख्या जति बढी हुन्छ विद्यार्थीहरूको उपलब्धि उति नै कम हुन्छ । त्यसै गरी सकारात्मक अभिवृत्ति भएका विद्यार्थीहरूले विभिन्न विषयमा राम्रो अङ्क ल्याएर शैक्षिक रूपमा उत्कृष्टता हासिल गर्न सफल भएका छन् । त्यसै गरी कक्षाकोठामा पूरै समय समर्पण गर्ने शिक्षकहरू विद्यार्थीको उपलब्धि बढाउन सफल भए ।

त्यसैगरी गृहकार्यका बारेमा पृष्ठपोषण दिने कार्यले विद्यार्थीको उपलब्धिमा सुधार ल्याइरहेको छ । अध्ययनका लागि टेबुल, छुट्टै अध्ययन कक्ष, विद्यालयको काम लागि कम्प्युटर, इन्टरनेटमा पहुँच, बाल पत्रिकाहरू, कथा/कविता र चित्रहरू, शब्दकोश र सन्दर्भ पुस्तकहरूको घरमै उपलब्धताले विद्यार्थीहरूको सिकाइलाई बढावा दिन योगदान गर्छ । अन्त्यमा, स्थायी प्रधानाध्यापक र स्थायी शिक्षकहरू उच्च उपलब्धि अङ्कहरूसँग सम्बन्धित हुन्छन् । त्यसै गरी तथ्याङ्कले देखाएझैँ स्थायी विद्यालय भवन र पूर्वाधारले पनि सिकाइमा सकारात्मक प्रभाव पार्छ ।

**सुझाव**

**१. विद्यार्थीहरूको ठुलो सङ्ख्या कक्षातहभन्दा तल छन् र अपेक्षित पाठ्यक्रम र प्राप्त पाठ्यक्रमबिचमा ठूलो खाडल देखिएको छ।**

उपलब्धिमा विद्यार्थीहरूको क्षमतास्तरलाई विचार गर्दा नतिजाहरूले आधारभूत तहको क्षमतास्तर पार गरेका विद्यार्थीहरूमध्ये गणितमा ३२.१ प्रतिशत, विज्ञानमा ३७.७ प्रतिशत, नेपालीमा ५८.८ प्रतिशत र अङ्ग्रेजीमा ५१.५ प्रतिशतले न्यून उपलब्धि देखाएका छन् भने गणितमा ६७ प्रतिशत, विज्ञानमा ६२.३ प्रतिशत, नेपालीमा ४१.२ प्रतिशत र अङ्ग्रेजीमा ४८.५ प्रतिशतले आधारभूत क्षमतास्तरभन्दा तलको उपलब्धि हासिल गरेका छन्। यी उपलब्धिस्तरले विद्यार्थीहरूको कमजोर क्षमतास्तरलाई सङ्केत गर्छ र थोरै सङ्ख्याका विद्यार्थीहरू मात्र उच्च क्षमतास्तरका छन्। अधिकांश विद्यार्थीहरूले गणित र विज्ञानमा पाठ्यक्रमको ५० प्रतिशतभन्दा कम मात्र हासिल गरेका छन् वा सिकेका छन्। यो प्रमाणले अपेक्षित र प्राप्त पाठ्यक्रमबिचको ठूलो खाडललाई सङ्केत गर्छ।

**सुझाव :** अपेक्षित पाठ्यक्रम र प्राप्त पाठ्यक्रमबिचको समग्र खाडलले नीति, स्रोत व्यवस्थापन, पाठ्यक्रम डिजाइन र कार्यान्वयन प्रक्रिया र अनुगमन तथा मूल्याङ्कन रणनीतिहरूमा आमूल परिवर्तनको माग गर्छ। नीति परिमार्जन, आवश्यक बजेटको विनियोजन, क्रियाकलापमा आधारित पाठ्यक्रम, शैक्षणिक प्रवाहमा जोड र स्रोत व्यवस्थापन लक्षित र प्राप्त पाठ्यक्रमबिचको खाडल हटाउन सरकारले तत्काल कार्यान्वयन गर्नुपर्ने केही रणनीति हुन्। यसका अलावा कक्षा ५ सम्मको तहगत सिकाइभन्दा तल रहेको कुरा उल्लेख गरिएको सन्दर्भमा कक्षा ५ मा गरिएको अघिल्लो विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणले तल्ला कक्षाहरूमा उपचारात्मक शिक्षणका बारेमा गम्भीर रूपमा विचार गर्नुपर्छ भन्ने कुरा पर्याप्त रूपमा उजागर गरेको छ। यसका अलावा शिक्षक पेसागत विकासका तालिम पाठ्यक्रमहरू कुनै कक्षाका लागि आवश्यक पर्नेभन्दा तल्लो कक्षातहको ज्ञान लिएर प्रवेश गर्ने विद्यार्थीहरू (Schaffner, Glewwe and Sharma, २०२०) पहिचान गरी सोहीअनुकूल शिक्षण गर्न सक्ने गरी शिक्षकलाई थप सक्षम बनाउनेतिर निर्देशित हुनुपर्छ। अझ विशेषगरी विद्यालय तहमा **सिकाइको न्यूनतम स्तरभन्दा तल कुनै बालबालिका नछाड्ने** अभियानलाई उच्च रूपमा सिफारिस गरिन्छ। यो अभियानमा पाठ्यक्रम विकास केन्द्रलाई शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्राविधिक समन्वयमा सिकाइको न्यूनतम स्तर (सिकाइ मापदण्ड) परिभाषित गर्न, शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई यस अभियानअनुरूप शिक्षक तालिमका मार्गनिर्देशन तयार गर्न र राष्ट्रिय परीक्षा बोर्डलाई यस्तो सिकाइको मूल्याङ्कन गर्ने एक निर्देशिका तयार पार्न सुझाइन्छ।

**२. प्रदेशहरूबिचको उपलब्धिमा फराकिलो खाडलहरू**

यो अध्ययनले गणित, विज्ञान, नेपाली र अङ्ग्रेजीमा प्रदेशस्तरीय उपलब्धिमा विभिन्नता देखाएको छ। उपलब्धिमा उच्च र न्यून प्रदर्शन गर्ने प्रदेशबिच गणितमा ४९, विज्ञानमा ४८, नेपालीमा ५५ र अङ्ग्रेजीमा २८ अङ्क गरी ठुलो अन्तर रहेको छ। बागमती, गण्डकी र लुम्बिनी उच्च उपलब्धि हासिल गर्ने प्रदेश हुन् भने कोसी, मधेस, कर्णाली र सुदूरपश्चिम कम उपलब्धि हासिल गर्ने प्रदेश हुन्।

**सुझाव :** उच्च उपलब्धि हासिल गर्ने र कम उपलब्धि हासिल गर्ने प्रदेशहरूबिचको फराकिलो खाडललाई सम्बोधन गर्न स्रोतको न्यायोचित वितरण आवश्यक छ। कोसी, मधेस प्रदेश, कर्णाली र सुदूरपश्चिम प्रदेशमा नीति परिमार्जन, बजेट विनियोजनमा विशेष जोड, जनशक्ति विकास, पाठ्यक्रमको सान्दर्भिकीकरण र शैक्षिक कार्यक्रमहरूको निकट अनुगमन तथा मूल्याङ्कन सरकारले प्राथमिक हस्तक्षेप गर्नुपर्ने क्षेत्रहरू हुन्। न्यूनतम स्तरको पूर्वाधार, सिकाइ अवसर, स्रोत, प्रोत्साहन र

असल शिक्षकहरूलाई टिकाउने र सिकाइ कठिनाइहरूको पहिचान र उपचारात्मक शिक्षणहरू, सिकाइ अभिवृद्धि र विद्यार्थीहरूको उपलब्धि बढाउने सहायक गतिविधिहरू हुन् । दैनिक शिक्षण मार्गदर्शन र सम्बन्धित शैक्षणिक सामग्रीहरूमा समाहित गर्नसकिने खालका विशिष्ट पाठ्यक्रम र शिक्षण विधिहरू विकास गर्न सकिन्छ र विद्यार्थीहरूको सिकाइ सुधार गर्ने यी मार्गदर्शन र सामग्रीको वितरण र शिक्षक तालिमलाई एउटै प्याकेजमा समावेश गर्न सकिन्छ (Schaffner, Glewwe and Sharma, २०२०) । यसका अलावा कार्यक्रमहरूको उच्चस्तरको सफलताको सम्भावना सुनिश्चित गर्ने गरी कार्यान्वयन पक्षहरूको सुधारमा मद्दत गर्न सानास्तरका नीति प्रयोगहरू तयार र विश्लेषण गर्नुपर्छ ।

### ३. विद्यालयको प्रकारअनुसार उपलब्धिमा ठुलो असमानता

सामुदायिक र संस्थागत विद्यालयहरूबिच उपलब्धिमा रहेको ठुलो असमानता रहेको छ । यस्तो असमानताले भविश्यमा दुई तहको समाज निर्माण गर्न सक्छ । संस्थागत र सामुदायिक विद्यालयहरूबिचको उपलब्धिमा ठुलो अन्तर देखिन्छ । उदाहरणका रूपमा विज्ञानमा ३७ स्केल स्कोरको फरक देखिन्छ । भिन्नताहरूको दायरा अन्य विषयहरूमा पनि उस्तै छ ।

**सुझाव :** विद्यालय शिक्षामा रणनीतिक हस्तक्षेपमार्फत सामुदायिक विद्यालयहरूको स्तरोन्नति गरेर यो खाडल पूर्ति गर्नुपर्छ । सामुदायिक विद्यालय संयन्त्रको लगानी, प्रक्रिया र उपलब्धिमा भएका त्रुटिहरू पहिचान गर्न र विद्यमान अवस्थाहरूमा सुधार नीति आवश्यक छ । कमजोर प्रदर्शन गर्ने सामुदायिक विद्यालयहरूलाई कसरी सुधार गर्न सकिन्छ भनेर अन्वेषण गर्न राम्रो गर्ने संस्थागत र सामुदायिक विद्यालयहरूको विस्तृत विश्लेषण आवश्यक छ । सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्न स्थानीय सरकारहरूले खेल्ने भूमिका पनि महत्त्वपूर्ण हुन्छ ।

### ४. मातृभाषाले पनि उपलब्धिमा उल्लेखनीय अन्तर ल्याउँछ ।

घरमा प्रयोग गरिने भाषाअनुसार पनि उपलब्धिमा उल्लेखनीय अन्तर देखिएको छ । उच्च उपलब्धि हासिल गर्ने र कम उपलब्धि हासिल गर्नेहरूबिचको त्यस्तो अन्तर नेपालीमा १५ देखि अङ्ग्रेजीमा २२ अङ्कसम्मको छ ।

**सुझाव :** शिक्षकहरूले कक्षाकोठामा बालबालिकाको मातृभाषा तल्ला कक्षाहरूमा पनि प्रयोग गरेर यस्तो अन्तरलाई साँघुरो बनाउन सकिन्छ । शिक्षकहरूलाई उनीहरूको विद्यार्थी वा विद्यालय वरपरको समुदायको भाषा सिक्नका लागि कम्तीमा आधारभूतस्तरको भाषा सिक्ने प्याकेज चाहिन्छ । शिक्षकहरू समुदायको भाषामा सञ्चार गर्न सक्षम हुनुपर्छ र उनीहरूले अनुवाद गरेर, भाषा परिवर्तन गरेर, ट्रान्स-ल्याङ्ग्वेज रणनीतिहरू प्रयोग गरेर र घरमा नेपालीबाहेक अन्य भाषाहरू प्रयोग गर्ने बालबालिकालाई सशक्त बनाएर सिकाउनुपर्छ । शिक्षकहरूको पेसागत विकासका लागि एक विस्तृत भाषा सिकाइ प्याकेज शिक्षक पेसागत विकास तालिममा समावेश गर्नु उपयुक्त हुन्छ ।

### ५. छात्र र छात्राबिचको सिकाइ उपलब्धिमा देखिने खालको अन्तर छ ।

नतिजाहरूले छात्राको तुलनामा छात्रहरूले बढी अङ्क पाएको देखाएका छन् । यो अध्ययनले छात्र र छात्राबिचको उपलब्धिमा उल्लेखनीय असमानता देखाउँछ । यस्तो असमानता नेपाली विषयमा नभए तापनि गणितमा १२, विज्ञानमा ५ र अङ्ग्रेजीमा १० स्केल स्कोरसम्मको छ । यसले सिकाइ उपलब्धिमा लैङ्गिक समानता कायम गर्नका लागि काम गर्नुपर्ने आवश्यकतालाई सङ्केत गर्छ ।

**सुझाव :** सिकाइमा लैङ्गिक भिन्नताहरू कम गर्न प्रभावकारी हस्तक्षेपहरू निर्माण गर्न सकियोस् भन्नाका लागि छात्र र छात्राबिच सिकाइमा रहेको यस्तो असमानताका कारणहरू थप अन्वेषण गर्न लायक छन् । यहाँ सुझाइएका कुराहरूमा

शिक्षकहरूले विद्यार्थीमैत्री (छात्राहरूमा बढी केन्द्रित) व्यवहार र कक्षाकोठामा उपचारात्मक शिक्षणसहितको विद्यार्थीमैत्री शिक्षण तथा सिकाइ क्रियाकलापहरूमा ध्यान दिनुपर्ने कुरा समाध्यमिक विद्यालयष्ट छन् । छात्रवृत्ति र छात्राहरूलाई थप प्रोत्साहन जस्ता सकारात्मक कार्यले उपलब्धिमा लैङ्गिक असमानता कम गर्न सक्छ । महिला रोल मोडेलहरूसँग नियमित अन्तरक्रियाले पनि मद्दत गर्न सक्छ । यी बाहेक शिक्षकहरूले छात्राहरूको आवश्यकता, रूचि र भनाइका सन्दर्भमा संवेदनशील भएर र कक्षाकोठामा सहभागिताका लागि समान अवसर उपलब्ध गराएर उपयुक्त सिकाइ वातावरण सिर्जना गर्नुपर्छ । अभिभावकहरूलाई आफ्ना बालबालिकाको शिक्षामा समानताका लागि सहायता गर्ने उनीहरूको भूमिकाका लागि प्रोत्साहन गर्नुपर्छ ।

### ६. उपयुक्त उमेरका विद्यार्थीहरूले राम्रो उपलब्धि हासिल गरे ।

१२ र १३ वर्षको उमेरमा कक्षा ८ मा अध्ययन गर्ने विद्यार्थीहरूले समानस्तरमा अध्ययन गर्ने कम उमेर र बढी उमेरका विद्यार्थीहरूको तुलनामा उच्च अङ्क प्राप्त गरे । विद्यार्थीहरूबिचको उमेर समूहको समानताले उनीहरूलाई शिक्षासँग सम्बन्धित समस्याहरू आदानप्रदान गर्न र छलफल गर्न प्रोत्साहित गरेको हुनसक्छ जसले शैक्षिक रूपमा उत्कृष्ट बन्न सक्षम बनाउँछ । अन्य उमेर समूहको तुलनामा १२ वा १३ वर्षका विद्यार्थीको उपलब्धिमा गणितमा २५, विज्ञानमा १९ र नेपालीमा २४ अङ्कको अन्तर रहेको छ ।

**सुझाव :** यदि कक्षा ८ को विद्यार्थी १४ वर्ष मुनिको छ भने उक्त विद्यार्थी ४ वर्षको उमेरमा वा सोभन्दा अगि कक्षा १ मा थियो । त्यसै गरी कक्षा ८ को विद्यार्थी १५ वर्ष वा सोभन्दा माथिको छ भने सम्भवत उसले कक्षा दोहोऱ्याएको अथवा कक्षा १ मा कम अनुकूल वातावरण पाएको हुन सक्छ भन्ने कुरा बुझिन्छ । बालबालिकालाई समयमै भर्ना गर्न प्रोत्साहन गर्नुका अलावा प्रारम्भिक कक्षाहरूमा सुधारात्मक मूल्याङ्कन र उपचारात्मक शिक्षणका सम्बन्धमा शिक्षकहरूलाई तालिम दिनुपर्छ ताकि विद्यार्थीहरू पढाइमा पछाडि परेर कक्षा दोहोऱ्याउने अवस्था नआओस् ।

### ७. विद्यार्थीहरूको शैक्षिक उपलब्धि र सामाजिक-आर्थिक स्थितिबिचको सम्बन्ध महत्त्वपूर्ण छ तर यसको परिमाण विषयअनुसार भिन्न छ ।

विद्यार्थीको परिवारको सामाजिक-आर्थिक स्थितिले उनीहरूको उपलब्धिमा फरक फरक प्रभाव पार्छ । धेरै विद्यार्थीहरूले आफ्नो सामाजिक-आर्थिक स्थिति कमजोर भए पनि गणित र विज्ञानमा सन्तोषजनक उपलब्धि हासिल गर्दै नेपाली भाषामा राम्रो उपलब्धि हासिल गरेका छन् । यो अवस्था अङ्ग्रेजीमा भने विपरीत थियो । यसले के चित्रण गर्छ भने विद्यार्थीहरूको सामाजिक-आर्थिक पृष्ठभूमिले उनीहरूको शैक्षिक उपलब्धिको पूर्ण रूपमा निर्धारण गर्दैन ।

**सुझाव :** विद्यार्थीहरूको सामाजिक-आर्थिक स्थितिले उनीहरूको उपलब्धिमा फरक फरक प्रभाव पार्ने भए पनि यो मात्र प्रमुख निर्धारक तत्त्व होइन । विद्यार्थीहरूले आफूलाई उपलब्ध न्यूनतम स्रोतहरूको बाबजुद पनि आफ्नो अध्ययनमा बढी ध्यान दिएर र कडा अभ्यास गरेर उत्कृष्टता हासिल गर्न र राम्रो उपलब्धि हासिल गर्न सक्छन् । विद्यार्थीहरूको सामाजिक-आर्थिक स्थितिको विभिन्न स्तरहरूको बाबजुद यदि विद्यालयहरूले उदाहरणका लागि पर्याप्त सिकाइ सामग्री, पुस्तकालय सुविधा र विद्यार्थी क्लबहरू र अध्ययन कार्यक्रमहरूको व्यवस्थापन गरेमा विद्यार्थीहरूले उनीहरूको सामाजिक-आर्थिक स्थिति जस्तोसुकै भए पनि राम्रो उपलब्धि हासिल गर्न सक्छन् ।

**८. अन्य जातजातिहरूभन्दा जनजाति र दलित विद्यार्थीहरूको उपलब्धि न्यून छ।**

जातीयताले नेपाली, अङ्ग्रेजी र विज्ञानमा विद्यार्थीको उपलब्धिमा प्रभाव पारेको छ । सामान्यतया जनजाति र दलित विद्यार्थीहरूलेभन्दा ब्राह्मण/क्षेत्री समुदायका विद्यार्थीले बढी अङ्क पाएका छन् । ब्राह्मण/क्षेत्री समुदायका विद्यार्थीहरू औसतमा उच्च उपलब्धि हासिल गर्नेहरू हुन् भने दलित समुदायका विद्यार्थीहरूले न्यून उपलब्धि हासिल गरेका छन्। पहाडी ब्राह्मण र मधेसी दलितको उपलब्धिबिच विज्ञानमा २६, अङ्ग्रेजीमा २६ र नेपालीमा ३० अङ्कको फरकसहित उल्लेख्य भिन्नता छ।

**सुझाव :** ब्राह्मण र क्षेत्री समुदायका विद्यार्थीहरूको तुलनामा जनजाति र दलित समुदायका विद्यार्थीहरूको उपलब्धि राष्ट्रिय औसतभन्दा कम छ। शिक्षणको माध्यम भाषा, भाषिक पृष्ठभूमि, पाठ्यक्रम सम्बद्ध सामग्री, शिक्षक वा सांस्कृतिक पृष्ठभूमिको कारणबाट यी अन्तर आएका हुन सक्छन्। यी अन्तरहरूलाई कम गर्न समावेशी पाठ्यक्रम, उपचारात्मक शिक्षण, पाठ्यक्रममा स्थानीय विचारहरूको समावेश, शिक्षण पेसामा समावेशिता, दलितमा सिकाइ संस्कृतिको परिवर्तन र अझ महत्त्वपूर्ण कुरा मधेसी दलित विद्यार्थीहरूका सम्बन्धमा गम्भीरतापूर्वक विचार गर्न आवश्यक छ।

**९. शिक्षकको नियमितता र अध्ययन सामग्रीको उपलब्धताको सिकाइ उपलब्धिसँग सकारात्मक सम्बन्ध छ।**

कक्षाकोठामा आफ्नो सबै समय समर्पण गर्ने शिक्षकहरू विद्यार्थीहरूको उपलब्धि सुधार गर्न सफल भए। यसैबिच ढिलो कक्षामा पुग्ने र चाँडै छाड्ने वा कक्षामा नआउने शिक्षकका विद्यार्थीको नकारात्मक प्रदर्शन देखिएको छ । त्यसै गरी पाठ्यपुस्तक, प्रश्न बैङ्क, गाइड, सन्दर्भ सामग्री र अन्य सहयोग जस्ता अध्ययन स्रोतहरूको उपलब्धताले सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्छ।

**सुझाव :** शिक्षकहरूलाई नियमित रूपमा विद्यालयमा रहनका लागि विद्यालय प्रशासनले कडा आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्नुपर्छ र यसलाई उनीहरूको कार्यसम्पादन मूल्याङ्कनको एउटा मापदण्ड बनाउनुपर्छ। नियमित हुने शिक्षकलाई प्रोत्साहन गर्नुपर्छ। त्यसै गरी सरकारी वा गैरसरकारी निकायहरूले छात्रवृत्ति वा अन्य कुनै प्रोत्साहनमार्फत विद्यार्थीहरूलाई सहयोग गर्दै आधारभूत अध्ययन स्रोतहरूको उपलब्धतामा ध्यान दिनुपर्छ। अभिभावकहरूले पनि आफ्ना बालबालिकाको प्राथमिक आवश्यकताहरू पूरा गर्न यी आवश्यक स्रोतहरू उपलब्ध गराउने सम्बन्धमा ध्यान दिनुपर्छ।

**१०. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणले उपलब्धिमा समान किसिमको घट्दो ढाँचा देखाउँछ।**

गणित र विज्ञानमा एक तिहाइ विद्यार्थी र अङ्ग्रेजीमा झन्डै आधा विद्यार्थीले राष्ट्रिय औसतभन्दा कम अङ्क पाएका छन्। विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सन् २०१२, सन् २०१५, सन् २०१८, सन् २०१९ र सन् २०२० मा विद्यार्थीहरूको लगातार कमजोर प्रदर्शनले शिक्षामा सरकारले गरेको लगानीको प्रतिफल कम भएको देखाउँछ। न्यून उपलब्धिको पुनरावृत्तिको प्रवृत्तिले गुणस्तरीय शिक्षा अभिवृद्धि गर्न पर्याप्त सरकारी हस्तक्षेप सुनिश्चित गर्नुपर्ने आवश्यकतामा जोड दिन्छ।

**सुझाव :** शिक्षण सिकाइ प्रक्रियामा केन्द्रित भएर शैक्षिक प्रणालीमा रहेका चुनौतीहरू पहिचान गर्नका लागि एउटा निदानात्मक अध्ययन गर्ने समय आइसकेको छ । उपलब्धि र गुणस्तरीय शिक्षामा बाधा पुऱ्याउने महत्त्वपूर्ण कारकहरूको खोजी गरी शैक्षिक नोक्सानी आपूरणका लागि तत्काल कदम चाल्नुपर्छ। शिक्षण सिकाइ प्रणालीमा शैक्षणिक हस्तक्षेपको अन्वेषण गरिनुपर्छ र निकटको निगरानी तथा मूल्याङ्कनका साथ समस्या समाधान, समालोचनात्मक सोच र अन्य २१औँ शताब्दीका सिपका साथसाथै शिक्षकहरूबाट क्रियाकलापमा आधारित, विद्यार्थीकेन्द्रित र अनुसन्धानमा आधारित सिकाइ

दृष्टिकोणको अवलम्बन अबको आवश्यकता बनेको छ । आफ्ना विद्यार्थीहरूको न्यून उपलब्धिका लागि विद्यालयलाई जवाफदेही बनाउन अभिभावक र समुदायका सदस्यहरूको संलग्नता सुनिश्चित गरिनुपर्छ ।

**११. विद्यार्थीहरूको शैक्षिक उपलब्धि र फुर्सदको समय विद्यालयमा बिताउने कार्यबिच सकारात्मक सम्बन्ध रहेको छ ।**

आफ्नो फुर्सदको समयमा कक्षाकार्य वा गृहकार्यमा व्यस्त हुने विद्यार्थीहरूको उपलब्धि खेल खेल्ने वा घर फर्केर समय बिताउने विद्यार्थीहरूको तुलनामा उच्च थियो । त्यस्तो उपलब्धिमा गणितमा ३२, विज्ञानमा ४२ र नेपालीमा ५४ अङ्कका साथ उल्लेख्य भिन्नता थियो ।

**सुझाव :** विद्यालय प्रशासनले विद्यालयमा खाली हुन गएका पिरियडको उचित व्यवस्थापन गर्नुपर्छ । यसबिचमा कमजोर विद्यार्थीहरूको पहिचान र फुर्सदको समयमा उनीहरूका लागि उपचारात्मक कक्षाहरूको सञ्चालन विभिन्न कारणले उनीहरूले गुमाएको सिकाइ पुन: प्राप्तिका लागि कोसेढुङ्गा बन्छ । विद्यालय प्रशासनले फुर्सदको समय पाएका विद्यार्थीहरूलाई शिक्षकको निर्देशनमा कक्षाकार्य वा गृहकार्यमा संलग्न गराउने गरी व्यवस्थापन गर्नुपर्छ । शिक्षक तालिम वा अन्य कुनै कामको व्यवस्था गर्दा शिक्षण घण्टा नघट्ने गरी प्रधानाध्यापकले उचित ध्यान दिन आवश्यक छ । सम्बन्धित अख्तियारवाला शैक्षिक निकायले गुमेको सिकाइ पुन: प्राप्ति गर्न बजेटको साथ सिकाइ वातावरण र उपचारात्मक कक्षाहरूको पनि व्यवस्थापन गर्न सक्छ ।

**१२. सामाजिक सञ्जालमा पहुँचले पनि विद्यार्थी उपलब्धिमा सकारात्मक प्रभाव पार्छ ।**

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सन् २०२० ले सामाजिक सञ्जालमा पहुँचको महत्त्व देखायो । सामाजिक सञ्जालमा पहुँच भएका विद्यार्थीहरूको उपलब्धि त्यस्ता सञ्जालमा पहुँच नभएका विद्यार्थीहरूको तुलनामा उच्च थियो । मोबाइल फोन, इन्टरनेट र टिभी जस्ता सामाजिक सञ्जाल तथा अन्य सामाजिक सञ्जालमा पहुँच भएका विद्यार्थीको उपलब्धिमा गणितमा २१ र विज्ञानमा १० स्केल स्कोरका साथ उल्लेख्य भिन्नता रहेको छ ।

**सुझाव :** आफ्नो सिकाइमा सहयोग पुग्ने खालका जानकारी हासिल गर्नका लागि र सिकाइको अभिवृद्धिमा सहयोग गर्ने खालका जानकारीसँग अद्यावधिक हुनका लागि सामाजिक सञ्जाल र सञ्चार उपकरणहरूमा विद्यार्थीहरूको पहुँच आवश्यक छ । यद्यपि यी उपकरणहरू सिक्ने उद्देश्यका लागि हुनुपर्छ । अनधिकृत कार्यक्रमहरू र उमेरस्तरको लागि अनुपयुक्त सेन्सर नगरिएका कार्यक्रमहरूले उनीहरूलाई मनोवैज्ञानिक रूपमा बाधा पुऱ्याउन सक्छन् । विद्यार्थीहरूका लागि उपलब्ध गराइएका कुनै पनि सामाजिक सञ्जाल र उपकरणहरूलाई सेन्सर गरिएको हुनुपर्छ र त्यस्ता उपकरणहरूमा राम्रो उपलब्धिका लागि सिक्ने अवसर बढाउने शैक्षिक कार्यक्रमहरू राखिएको हुनुपर्छ ।

**१३. शिक्षणको माध्यमले सामुदायिक विद्यालयहरूको उपलब्धिमा प्रभाव पार्छ ।**

शिक्षा र शैक्षणिक प्रक्रियामा शिक्षणको माध्यमले महत्त्वपूर्ण भूमिका खेल्छ । सामान्यतया संस्थागत विद्यालयहरूले अङ्ग्रेजी माध्यमको शिक्षा लागु गर्छन् भने सामुदायिक विद्यालयहरूले नेपालीलाई शिक्षणको माध्यमको रूपमा प्रयोग गर्छन् । विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सन् २०२० मा अङ्ग्रेजी माध्यमका सामुदायिक विद्यालयका विद्यार्थीहरूको उपलब्धिस्तर नेपालीमा अध्ययन गर्ने विद्यार्थीहरूको तुलनामा उच्च थियो । अङ्ग्रेजी माध्यमबाट पठनपाठन गर्ने सामुदायिक विद्यालय र नेपाली माध्यम प्रयोग गर्ने सामुदायिक विद्यालयबिचको उपलब्धिमा ठुलो भिन्नता छ । उदाहरणका लागि अङ्ग्रेजी माध्यम

र नेपाली माध्यमका विद्यालयका विद्यार्थीहरूको विज्ञान विषयको उपलब्धिमा १७ स्केल स्कोरको फरक थियो।

**सुझाव :** सञ्चार र सामग्रीको बुझाइका साथै विद्यालयहरूमा हुने शैक्षणिक प्रक्रियाको लागि शिक्षणको माध्यम आधारभूत प्रक्रिया हो। विद्यार्थीलाई सजिलो लाग्ने भाषालाई शिक्षणको माध्यमका रूपमा प्रयोग गर्नुपर्छ। विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०२० ले भाषा र विद्यार्थीहरूको उपलब्धिबिच प्रत्यक्ष सम्बन्ध रहेको कुरा देखायो तर कक्षाकोठामा पढाइने सामग्रीको बुझाइ चाहिँ मुख्य तत्त्व हो। केवल शिक्षणको एक विशेष माध्यम निर्धारित गर्नुको सट्टा संसार झन् धेरै बहुभाषी बन्दै गएकाले र हाम्रा भाषाहरू ज्ञानको विशाल स्रोतहरू भएकाले यसमा थप अनुसन्धान गर्नुपर्छ।

**१४. विद्यालय सुशासनमा देखिने खालका अन्तर छन्।**

शिक्षकको अविश्वसनीयता, विद्यालयमा हुने बुलिङ, कक्षाकोठाको अभ्यासमा सुधारको अभाव, विद्यालयको सुविधा र उपयुक्त सिकाइ वातावरणको अनुपलब्धता, समयमै पाठ्यपुस्तकको अनुपलब्धता, विद्यालय/शिक्षकहरूप्रति विद्यार्थीको अभिवृत्ति, उपयुक्त सिकाइ अवसरहरूको अभावमा रहेका विद्यार्थीहरूको ठुलो सङ्ख्या, सिकाइको सुधारका लागि उपचारात्मक शिक्षणको अभाव जस्ता विद्यालय सुशासनसम्बन्धमा पहिचान गरिएका तत्त्वहरू विद्यार्थीहरूको उपलब्धिमा हानी पुऱ्याउने कारक तत्त्वहरू हुन्। सामुदायिक विद्यालयहरू र संस्थागत विद्यालयहरूबिचको उपलब्धिमा रहेको फरक पनि विद्यालय सुशासनमा भिन्नताको प्रमाणहरू मध्ये एक हो।

**सुझाव :** यी विषयहरू मूलतः विद्यालय सुशासनसम्बन्धी चिन्ताका विषयहरू हुन्। विद्यालय क्षेत्रको उपलब्धिमा सुधार गर्न यी समस्याहरू समाधान गर्न आवश्यक छ। विद्यालय सुशासनको अनुगमन तथा मूल्याङ्कन, प्रधानाध्यापकको सशक्तीकरण र पुरस्कार तथा दण्ड प्रणालीको कार्यान्वयन अवस्था सुधार गर्नका लागि आवश्यक कदमहरू हुन्। विद्यालयको सुशासन सुधारमा स्थानीय सरकारले महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ।

### ४.२ कक्षा १२ को नतिजा विश्लेषण कार्यक्रम

राष्ट्रिय परीक्षा बोर्डले वि.स. २०७९ मा सञ्चालन गरेका कक्षा १२ को परीक्षाका चार मुख्य विषयहरू गणित, अङ्ग्रेजी, नेपाली र रसायन विज्ञानका प्रश्नमा विद्यार्थीहरूले ल्याएको नतिजालाई नमुनामा परेका करिब २५० जना विद्यार्थीका दरमा प्रत्येक विषयमा काठमाडौँ उपत्यकामा प्रयोग भएको प्रश्न र उपत्यका बाहिर प्रयोग भएको प्रश्नको सेट बीचको नतिजालाई तुलनात्मक अध्ययन गरिएको थियो। करिव १००० विद्यार्थीको नतिजा विश्लेषणका आधारमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विज्ञ परामर्शदातामार्फत प्रतिवेदन तयार गरिएको थियो। प्रतिवेदनले देखाएका मुख्य नतिजा र सुझावहरू यसप्रकार प्रस्तुत गरिएको छ :

**उद्देश्य**

(१) कक्षा-१२ का प्रश्नहरूको कठिनाइस्तर, विभेदीकरण क्षमता र गुणस्तरको अध्ययन गर्नु
(२) कक्षा-१२ को नतिजालाई विभिन्न चर लिङ्ग, विद्यालयको प्रकार, प्रदेश र जिल्लाहरूबीच तुलना गर्नु
(३) नतिजाका आधारमा राष्ट्रिय परीक्षा बोर्ड र अन्य सरोकारवालाहरूलाई परीक्षाको सुधारका लागि सुझावहरू प्रदान गर्नु

**नतिजा र सुझाव**

- उत्तरपुस्तिका परीक्षण गर्दा शिक्षकहरूले उपप्रश्नहरूको समेत एकमुष्ठ अङ्क प्रदान गरेको पाइयो । यस्तो परीक्षण र अङ्कन गर्ने परिपाटीले विद्यार्थीहरूको प्राप्ताङ्कमा हेरफेर हुन सक्ने सम्भावना रहन्छ । त्यसैले प्रत्येक प्रश्नको प्राप्ताङ्क प्रत्येक उपप्रश्नमा दिनुपर्ने व्यवस्था गरी सोही अनुसार परीक्षकलाई तालिम र सचेत गराउनुपर्ने देखिन्छ । उपप्रश्नअनुसार अङ्कन गर्दा प्रत्येक प्रश्नको विश्लेषण गर्न समेत सहज हुन्छ ।
- परीक्षाका प्रश्नहरूको कठिनाइस्तर गणितमा बाहेक अन्य विषयहरूमा काठमाडौँ उपत्यका र उपत्यका बाहिर फरक फरक देखिएको छ । यस्तो फरक विद्यालयहरूको शिक्षण सिकाइको अवसरका कारणले भएको हो वा प्रश्नको कठिनाइस्तर नै फरक हो प्राप्त तथ्याङ्कबाट सूचना प्राप्त गर्न नसकिएकोले सो यकिन गर्न थप अनुसन्धान गर्नुपर्ने देखिएको छ ।
- परीक्षाका प्रश्नहरूको विश्वसनीयता ०.६ देखि ०.८ सम्म सन्तोषजनक र ०.८ देखि माथि राम्रो भन्ने आधारमा विश्लेषण गर्दा सबै विषयका प्रश्नहरूको विश्लेषण राम्रो रहेको पाइएको छ ।
- लैङ्गिकताका हिसावले प्रश्नहरू सन्तुलित रहेको पाइएको छ ।
- विद्यालयको प्रकार अनुसार कक्षा-११ र १२ मात्र सञ्चालन भएका क्याम्पस, निजी कलेज र सामुदायिक विद्यालयहरूबिच विद्यार्थीको नतिजामा भिन्नता रहेको छ । साथै काठमाडौँ उपत्यका र उपत्यका बाहिरका विद्यार्थीको नतिजामा पनि भिन्नता रहेको छ । साथै प्रदेशअनुसार पनि नतिजामा भिन्नता पाइएको छ । विभिन्न प्रकारका विद्यालयहरूमा पढेकै कारणले सिकाइमा कमजोर र राम्रो हुने अवस्थाले असमानता सिर्जना गर्ने हुनाले सबै प्रकारका विद्यालयहरूमा गुणस्तरका सूचकहरू बनाई गुणस्तर सुधारका कार्यक्रमहरू लागु गर्नुपर्ने देखिएको छ ।

## ४.३ माध्यमिक शिक्षा परीक्षाका प्रश्नपत्र विश्लेषण

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्वीकृत वार्षिक कार्यक्रम २०७९/८० अनुसार माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाका गणित, अङ्गेजी, नेपाली र विज्ञान गरी चार विषयका प्रश्नपत्रको विश्लेषण गरी सुधारका उपायहरूको खोजी गर्ने कार्यक्रम रहेको थियो । माध्यमिक शिक्षा परीक्षामा वि.स. २०७५, वि.स. २०७८ र वि.स. २०७९ गरी तीन वर्षका सातओटै प्रदेशमा प्रयोग गरिएका नेपाली, अङ्ग्रेजी, विज्ञान र गणित विषयका २१/२१ सेटका दरले जम्मा ८४ सेट प्रश्नहरूको विश्लेषण गरिएको थियो । यस कार्यलाई सम्पन्न गर्नका लागि राष्ट्रिय परीक्षा बोर्डका अध्यक्षको अध्यक्षतामा राष्ट्रिय परीक्षा बोर्डको सदस्य सचिव, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्रका महानिर्देशक, निर्देशक र प्राविधिक अधिकृतसमेतको सहभागितामा त्रिविका एक जना प्राध्यापकसमेतको निर्देशक समिति गठन गरी उक्त समितिको निर्देशन र अनुगमनमा विज्ञहरूको विषयगत टोलीबाट तयार गरिएको विश्लेषण ढाँचा र सो ढाँचाका आधारमा विज्ञटोलिबाट प्रश्नहरूको विश्लेषण गरी बाह्य विज्ञ परामर्शदाताबाट प्रतिवेदन लेखन गरिएको थियो । प्रश्नपत्र विश्लेषण कार्यक्रमका उद्देश्यहरू यसप्रकार रहेका थिएः

- पाठ्यक्रमअनुसार तहगत सक्षमतासँग प्रश्नहरूको तालमेल कत्तिको मिलेको छ ?
- प्रश्नहरूमा के कस्ता त्रुटि रहेका छन् र पुराना प्रश्नसँग के कति दोहोरिएका छन् ?
- प्रश्नहरूको कठिनाइस्तर, समय व्यवस्थापन कसरी व्यवस्थित गरिएको छ ?
- माध्यमिक शिक्षा परीक्षाको प्रश्न निर्माणमा कस्तो सुधार आवश्यक छ ?

**उपलब्धि र सुझाव**

**गणित**

राष्ट्रिय परीक्षा वोर्डले वि.स. २०७५ वि.स. २०७८ र वि.स. २०७९ को माध्यमिक शिक्षा परीक्षा (SEE) मा प्रयोग गरेका सातओटै प्रदेशका गणित विषयको प्रश्नहरूको विज्ञहरूको संलग्नता र निर्देशक समितिको निर्देशनमा विश्लेषण गरिएको थियो। यसको प्राप्त तथा सुझावहरू देहायअनुसार रहेको छ :

(क) गणितमा विश्लेषण गरिएका २१ सेट प्रश्नहरू मध्ये सबै प्रश्नहरू सिकाइ उपलब्धिमा आधारित रहेका छन्। विशिष्टीकरण तालिकालाई अनुसरण गरिएको पाइएको छ।

(ख) पाठ्यक्रम विकास केन्द्रबाट सक्षमतामा आधारित पाठ्यक्रम लागु भएसँगै सोहीअनुसार विशिष्टीकरण तालिका र नमुना प्रश्नहरू विकास गरी देशभर लागु गर्नु परीक्षामा भएको आमुल परिवर्तनका लागि गरिएको सुधारको रूपमा लिन सकिन्छ। प्रश्नहरू पाठ्यपुस्तकबाट नै सोध्नुपर्ने भनिएकामा बाहेक अन्य अवस्थामा पाठ्यक्रमबाट सोधिने गरी विशिष्टीकरण तालिका बनेको पाइयो। तर त्यसरी बनेको तालिका र नमुना प्रश्नहरूले सबै सक्षमताहरूलाई समेट्न नसकेको पाइयो। कुनै सक्षमतालाई अत्यधिक भार दिइएको पाइयो भने कुनै सक्षमताबाट एउटा पनि प्रश्न नसोधेको पाइयो। यस्तो हुनुमा विशिष्टीकरण तालिकाको संरचनामा र नमुना प्रश्नहरू मुख्य जिम्मेबार रहेको पाइयो। अबका दिनहरूमा प्रश्न निर्माण गर्दा पूर्णरूपमा सक्षमतामा र वास्तविक जीवनका समस्याहरूमा आधारित प्रश्नहरू निर्माण गर्ने परिपाटीको सुरुवात गर्नुपर्ने देखिन्छ। काल्पनिक तथ्याङ्क र काल्पनिक प्रश्नको सट्टा वास्तविक र यथार्थ तथ्याङ्कहरू तथा चित्रहरू स्केलमा राखी प्रयोग गर्नुपर्ने देखिन्छ।

(ग) संज्ञानात्मक क्षेत्र ज्ञान, बोध, प्रयोग र उच्च दक्षताको अनुपात विश्लेषण गर्दा ज्ञान तहका प्रश्नहरूको अनुपात ज्यादै न्यून रहेको पाइयो भने बोध तह भनिएका अधिकांश प्रश्नहरू प्रयोग तहका रहेको पाइयो। परीक्षामा अधिक सङ्ख्यामा विद्यार्थीहरू अनुत्तीर्ण हुनुको कारण यो पनि एक हुन सक्छ। यस विषयमा थप अनुसन्धान गरी प्रश्नपत्र पुनरसंरचना गर्नेतर्फ ध्यान दिनुपर्ने देखिएको छ।

(घ) तीन वर्षका प्रश्नहरूको तुलना गर्दा वि.स. २०७९ मा प्रश्नको कठिनाइस्तरको अनुपात अन्यको भन्दा बढी मिलेको पाइयो भने भाषिक शुद्धताका हिसाबले कम त्रुटि भएका प्रश्न वि.स. २०७५ को रहेको पाइयो। भाषिक शुद्धता, गणितीय धारणका हिसाबले र प्रयोग भएको तथ्याङ्क र सूचनाका हिसावले केही प्रश्नहरू कमजोर रहेको पाइयो भने केही प्रश्नमा भाषा अनुवादको र चित्रमा त्रुटि देखियो। राष्ट्रिय परीक्षा बोर्डले प्रश्नपत्र अन्तिमीकरण गर्ने समयमा विषयवस्तु, भाषा, चित्र र लेआउट डिजाइन गर्ने विशेषज्ञको संयुक्त टोली नै बनाई गोलमेचमा राखी प्रश्न अन्तिमीकरण गर्ने सम्बन्धमा छलफल र योजना गरी लागु गरी यो समस्यालाई सुधार गर्नुपर्ने देखियो। यस्तो प्राविधिक कामको टोली बनाई प्रश्न छपाइ गर्नुभन्दा पहिला रुजु गर्ने कार्यलाई हालको भन्दा बढी प्राथमिकतामा राख्नुपर्ने देखिन्छ। प्रश्न निर्मातालाई समेत विशेष सचेतीकरण र प्रश्न निर्माणको तालिम थप गर्नुपर्ने देखिन्छ।

(ङ) सातै प्रदेशको परीक्षाका प्रश्नहरू समानान्तर भए मात्र विद्यार्थीको सिकाइ उपलब्धिको सही ग्रेडिङ गरेको ठहर्छ। अतः माध्यमिक शिक्षा परीक्षालाई विशिष्टीकरण गर्दा सोधिने प्रश्नहरू समानान्तर भएको सुनिस्चित गर्ने तथा नतिजा प्रकाशन गर्नुपूर्व प्रदेशबिचको नतिजालाई तुलनासमेत गरी सुधार गर्दै लैजानुपर्ने देखिन्छ।

**नेपाली**

विद्यालय शिक्षाका विभिन्न कक्षाका विद्यार्थीहरूको निर्णयात्मक मूल्याङ्कन गर्न तयार पारिने प्रश्नपत्रहरूको वैधानिकता,उपयुक्तता तथा वास्तविकता पक्षको विश्लेषणात्मक अध्ययन गर्ने कार्य शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट हुँदै आएको छ । यसै सन्दर्भका यस केन्द्रबाट माध्यमिक शिक्षा परीक्षा (SEE) मा नेपाली विषयमा प्रयोग गरिएका प्रश्नको विश्लेषण गर्ने उद्देश्यले वि.स. २०७५, वि.स. २०७८ र वि.स. २०७९ सालमा राष्ट्रिय परीक्षा बोर्डले निर्माण गरी देशभरका सातै प्रदेशमा उपयोग गरिएका प्रत्येक सेट प्रश्नभित्रका सबै आइटम (प्रश्न) को विश्लेषण गरेको छ । निर्माण गरी उपयोगमा ल्याइएका प्रश्न पाठ्यक्रम, विशिष्टीकरण तालिका तथा समसामयिक सन्दर्भ एवम् सात ओटै प्रदेशका जम्मा २१ सेट प्रश्नपत्रभित्रका प्रत्येक प्रश्न र उपप्रश्न गरी जम्मा ४३२ ओटा प्रश्नमा रहेका विशेषतालाई विज्ञ दृष्टिले विश्लेषण गरिएको छ । प्रश्नका आन्तरिक र बाह्य विशेषताका आधारमा प्रश्नका श्रेणी मापन र विश्लेषणका लागि १३ ओटा सूचक निर्माण गरिएको थियो ।

**प्राप्ति तथा सुझाव**

(क) **सिकाइ उपलब्धिसँगको सम्बन्ध :** अध्ययनमा उपयोग भएका प्रश्नहरू सिकाइ उपलब्धिसँग पूर्णतः सम्बन्धित हुनुपर्नेमा केही प्रतिशत प्रश्नहरू निर्धारित सिकाइ उपलब्धिभन्दा निरपेक्ष रहेको पाइयो । यसो हुनुमा प्रश्न निर्माण गर्दा पाठ्यक्रमले निर्देश गरेका सिकाइ उपलब्धि के के हुन् भनी प्रस्ट हुनुपर्ने देखिन्छ भने अर्कातर्फ कुन उपलब्धिको परीक्षणका लागि विशिष्टीकरण तालिकाले कस्तो प्रकृतिको प्रश्न निर्माण गर्ने भनी उल्लेख गरेको छ, त्यसका बारेमा सचेततापूर्वक अध्ययन गरी परिपालन गर्नुपर्छ । प्रश्ननिर्माणमा पेसागत र विषयगत सचेतताको आवश्यकता बोध हुन्छ ।

(ख) **संज्ञानात्मक तह :** अध्ययनमा उपयोग भएका समग्र प्रश्नहरू अध्ययन गर्दा ज्ञान तहका प्रश्नहरूको अनुपात विशिष्टीकरण तालिकाले निर्देश गरेभन्दा कम रहेको र अन्य तहको अनुपात पनि निर्देशानुसार नपाइएकाले प्रश्न निर्माण गर्दा कुन प्रश्न कुन तहको कुन पाठबाट बनाउने भन्ने स्पष्ट सूचना विशिष्टीकरण तालिकामा गरिएकाले त्यसको समुचित उपयोग गर्नुपर्ने देखिन्छ ।

(ग) **कठिनाइस्तर :** कठिनाइस्तर पहिल्याउने मूल आधार प्रयोक्ताको निरपेक्षमा विज्ञदृष्टिबाट गरिएको प्रस्तुत अध्ययनमा उपयोग गरिएका समग्र प्रश्नलाई १०० प्रतिशतमा गणना गर्दा सरल कठिनाइस्तर भएका प्रश्न कम निर्माण भएको र विभिन्न प्रदेशमा उपयोग गरिने प्रश्न समाना कठिनाइस्तरका नभएको पाइएकाले प्रश्न निर्माण गर्दा दुई पक्षमा ध्यान दिनुपर्ने देखिन्छ । पहिलो पक्ष, प्रत्येक प्रश्नपत्रका समग्र प्रश्नमध्ये सामान्यतः ३० प्रतिशत सरल र ३० प्रतिशत कठिन बनाई ४० प्रतिशत मध्यम कठिनाइ स्तरका बनाउनपर्ने हुन्छ । दोस्रो पक्ष, सबै प्रदेशमा प्रयोग हुने प्रश्न समानान्तर कठिनाइस्तरका बनाउन निकै संवेदनशील बन्नुपर्ने हुन्छ । यसका लागि सबै प्राश्निक तथा परिमार्जनकर्ताले एउटा वर्षका लागि बनाउने व्यक्तिले सबै प्रश्नको समानान्तर कठिनाइस्तरका लागि साझा धारणा र मान्यता बनाई एउटा मापदण्ड तयार गरी प्रश्न अन्तिमीकरण गर्नुपर्ने हुन्छ ।

(घ) **पठनबोधका पाठको उपयुक्तता :** अध्ययनमा समावेश गरिएका प्रश्नपत्रमा रहेका पठनबोधसँग सम्बद्ध पाठ, बुँदा टिपोट एवम् सारांश लेखनका लागि राखिएका पाठमा केही सीमा पाइएकाले पाठ छनोटमा विशिष्टीकरण तालिका, पाठ्यपुस्तक तथा पाठ्यक्रमलाई सचेत रूपमा परिपालन गर्नुपर्ने देखिन्छ ।

(ङ) **विशिष्टीकरण तालिका अनुसरण :** अध्ययनमा प्रयोग भएका प्रश्नहरूमा विशिष्टीकरण तालिकाको अनुसरण कतिपय प्रश्न निर्माणमा आंशिक मात्र गरेको पाइएकाले विशिष्टीकरण तालिकालाई पूर्णतः परिपालन गर्नुपर्ने देखिन्छ ।

(च) **विशिष्टीकरण तालिका परिमार्जन :** प्रश्नपत्रमा समाध्यमिक विद्यालयष्ट प्रश्नहरूको अध्ययनका क्रममा अध्येताहरूबाट विशिष्टीकरण तालिकालाई अद्यावधिक गर्नुपर्ने दृष्टिकोण प्राप्त भएको छ । प्रश्नहरू मौलिक र रचनात्मक बनाई भाषिक सिकाइ उपलब्धि परीक्षण गर्नका लागि निर्देश गर्न, प्रश्नहरू तहगत रूपमा प्रयोग तह र उच्च दक्षतामूलक प्रश्न बनाउन निर्देश गर्न, भाषिक संरचना तथा शब्दभण्डारका प्रश्नहरूमा पनि भाषिक उत्पादनशीलता कायमका लागि निर्देश गर्न विशिष्टीकरण तालिकालाई अद्यावधिक गर्नुपर्ने मत प्राप्त भएकाले उक्त पक्षमा केन्द्रित रही सरोकारवालासँग अन्तरक्रिया गरी अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

### अङ्ग्रेजी

अन्य विषय जस्तै अङ्ग्रेजी विषयको पनि माध्यमिक शिक्षा परीक्षा वि.स. २०७५, वि.स. २०७८ र वि.स. २०७९ साल प्रयोग भएका २१ ओटा प्रश्नपत्रहरूको विश्लेषण गरिएको थियो । यस अध्ययनले अङ्ग्रेजी विषयमा विद्यार्थीहरूले कक्षा-१० को अन्त्यमा पढाइ तथा लेखाइ सिपअन्तर्गत पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि मापनका लागि राष्ट्रिय परीक्षा बोर्डले निर्माण गरेका प्रश्नपत्रहरूको अवस्था उपयुक्त रहे नरहेका सन्दर्भमा रचनात्मक सुझवहरू प्रस्तुत गर्ने मुख्य उद्देश्य राखेको थियो ।

### अध्ययनका प्राप्ति र सुझाव

(क) प्रश्नपत्रको विश्लेषण विज्ञ शिक्षकहरू परिचालन गरी परीक्षण साधन मार्फत मूल्याङ्कन गराइएकोमा अधिक्तम ४१ अङ्क मध्ये उच्चतम स्कोर ३४ अङ्क र न्यूनत्तम स्कोर २८ अङ्क प्राप्त गरेको पाइयो ।

(ख) प्रदेशगत विश्लेषणमा लुम्बिनी प्रदेशको प्रश्नपत्र बाँकी प्रदेशको तुलानामा राम्रो देखियो भने सबैभन्दा कमजोर कोसी प्रदेश रहेको पाइयो ।

(ग) वि.स. २०७५ र वि.स. २०७८ सालको प्रश्नपत्रहरू समग्रमा वि.स. २०७९ को भन्दा राम्रो रहेको पाइयो ।

(घ) प्रश्नपत्रका अक्षरको फन्ट साइज, विशिष्टीकरण तालिकासँगको आबद्धता, परीक्षाका लागि छुट्याइएको समय एवम् तहगत रूपमा उपयुक्त नै रहेको तर प्रश्नपत्रको ले आउट र ढाँचा, व्याकरणगत शुद्धता,विभिन्न तहको संज्ञानात्मक व्यवहारको अवस्था एवम् प्रश्नपत्र एरेन्जमेन्टमा अझै सुधार गर्नुपर्ने देखिन्छ ।

### विज्ञान

अन्य तीनओटा विषय जस्तै विज्ञान विषयका वि.स. २०७५, वि.स. २०७८ र वि.स. २०७९ सालका माध्यमिक शिक्षा परीक्षा (SEE) का सातओटै प्रदेशका २१ सेट प्रश्नहरूको विश्लेषणबाट गरिएको थियो ।

### प्राप्ति तथा सुझाव

(क) विज्ञान विषयका एसइका प्रश्नपत्रमा सिर्जनात्मक र वास्तविक जीवनसँग सम्बन्धित प्रश्नभन्दा बारम्बार दोहोरिने प्रश्नहरूको बाहुल्य रहेको तर पाठ्यक्रमले तोकेको सिकाइ सक्षमता र सिकाइ उपलब्धिको सीमाभित्रै नै रहेका छन् ।

(ख) विषयवस्तुका क्षेत्रगत विस्तारलगायतका हिसाबले प्रश्नपत्रको विशिष्टीकरण तालिकासँग सामन्जस्य मिलेको भए पनि संज्ञानात्मक तहअनुसारका प्रश्नहरूको अनुपात मिलेको छैन । विशेष गरी ज्ञान तहका प्रश्नहरूको बाहुल्य रहेको, बोध र प्रयोग तहका प्रश्नहरूका अनुपात सन्तोषजनक रहेको तर उच्च दक्षताका प्रश्नहरू अत्यन्तै न्यून रहेका छन् ।

(ग) प्रश्नपत्रमा भाषिक अशुद्धि, उत्तरको संकेत, एउटैप्रश्न पत्रमा प्रश्नको दोहोरोपना लगायतका पारामिटरका आधारमा प्रदेशगत र शैक्षिक सत्रगत रूपमा प्रश्नहरूमा विविधता पाइए पनि यी समस्याहरू उल्लेख्य मात्रामा रहेका छैनन् ।

(घ) वि.स. २०७९ सालको प्रश्नपत्र अन्य वर्षको तुलनामा बढी सन्दर्भमा आधारित बनाउन खोजिएको छ तर यस्ता सन्दर्भको उपयुक्तता र यसले बढाउने पढाइ भार (Reading Load) प्रति सजक हुनुपर्ने देखिन्छ ।

(ङ) भविष्यमा प्रश्नपत्रका कमजोरी घटाउन पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड र शैक्षिक गुणस्तर परीक्षण केन्द्रबिच समन्वय गरी विशिष्टीकरण तालिकालाई थप स्पष्ट पार्ने, प्रश्नपत्र निर्माताहरूको क्षमता विकास गर्ने, अनुसन्धानको प्रभावकारी प्रबोधीकरण गर्ने र सुझाव कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ ।

## ४.४ नमुना प्रश्नपत्र सङ्कलन, विश्लेषण र प्रतिवेदन

### कार्यक्रमको परिचयः

लिखित परीक्षामार्फत निर्णयात्मक मुल्याङ्कन गर्ने अभ्यास विश्वब्यापी रूपमा चलिरहेको छ । लिखित परीक्षाका लागि प्रश्नपत्र निर्माण गर्दा स्थापित सैद्धान्तिक आधार लिने गरिन्छ । विद्यमान विद्यालय शिक्षा पाठ्यक्रमले लिखित परीक्षालाई निर्णयात्मक मुल्याङ्कनको महत्त्वपूर्ण आधार मानेको छ । कक्षा १२ को परीक्षा राष्ट्रिय रूपमा, कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (SEE) प्रदेशस्तरीय रूपमा र कक्षा ८ को आधारभूत तह उत्तीर्ण परीक्षा (BLE) पालिकास्तरीय रूपमा सञ्चालन हुने कानुनी व्यवस्था रहेको छ भने यस बाहेकका कक्षाका परीक्षाहरू विद्यालय आफैले सञ्चालन गर्ने कानुनी व्यवस्था रहेको छ । यद्यपि अभ्यासमा भने ठाउँअनुसार फरक पनि रहेको हुन सक्छ । परीक्षाको प्रश्नपत्रको गुणस्तरले मुल्याङ्कनको समग्रस्तरलाई निर्धारण गर्छ । प्रश्नपत्र तयार गर्ने मुख्य आधार पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि तथा सक्षमता नै हुन् । प्रश्नपत्र जहाँबाट तयार भए पनि प्रश्न निर्माणका प्राविधिक पक्षहरू सम्बोधन हुने गरी पाठ्यक्रमको सिकाइ उपलब्धि र सक्षमताको उचित मुल्याङ्कन गर्न सक्ने भएमा त्यसलाई राम्रो प्रश्नपत्र मानिन्छ । विद्यालयमा प्रयोग भएका मुख्य चार विषयका नमुना प्रश्नपत्र सङ्कलन गरी ती प्रश्नपत्रहरू पाठ्यक्रमको व्यवस्था र परीक्षण साधन विकासका सिद्धान्तका आधारमा विश्लेषण गरी विद्यमान अवस्था पहिचान गर्न आ.व. २०७९/८० को वार्षिक कार्यक्रम तथा बजेटमा यो कार्यक्रम प्रस्ताव गरी सञ्चालन गरिएको हो ।

### कार्यक्रमको उद्देश्य

- विभिन्न निकायबाट तयार भएका प्रश्नपत्रको पाठ्यक्रमसँग तादाम्यता विश्लेषण गर्नु
- विभिन्न निकायबाट तयार भएका प्रश्नपत्रलाई स्तरीकृत परीक्षण साधान विकासका सिद्धान्तका आधारमा विश्लेषण गर्नु
- प्रश्नको बैधता र विश्वसनीयतामा केही गुणात्मक पक्षहरूको अध्ययन गर्नु
- विद्यमान प्रश्नपत्र विकास प्रणालीमा सुधारका लागि सम्बन्धित निकायहरूलाई सुझाव दिनु

### कार्यक्रम सञ्चालन विधि तथा उपलब्धि

यस प्रश्नपत्र विश्लेषण गर्ने क्रममा देहायका चरणहरू अवलम्बन गरिएका थिए ।

(क) सात ओटै प्रदेशका जिल्लाहरू समेटिने गरी ३५ भन्दाबढी शिक्षा विकास तथा समन्वय एकाइहरूलाई पत्राचार गरी पालिकास्तरमा कक्षा ५, ६, ८ र ९ को अन्तिम परीक्षामा प्रयोग भएका प्रश्नपत्रको हार्डकपी तथा सफ्टकपि सङ्कलन गरियो ।

(ख) प्रश्नपत्र विश्लेषण खाका तयार गरी सङ्कलित प्रश्नपत्रहरूलाई कक्षागत र विषयगत रूपमा अध्ययन गरियो र तथ्याङ्क सिर्जना गरियो ।

(ग) सिर्जना भएको तथ्याङ्कको गुणात्मक तथा परिमाणात्मक विश्लेषण गरी प्रतिवेदन तयार गरियो ।

सङ्कलित प्रश्नहरूको विश्लेषणात्मक प्रतिवेदनको महत्त्वपूर्ण प्राप्ति तथा सुझावहरू निम्नानुसार रहेका छन् :

**गणित**

१. अधिकांश प्रश्नहरूको समग्र गुणस्तर सन्तोषजनक छैन । प्रश्न निर्माताहरूलाई सिकाइ सक्षमता र सिकाइ उपलब्धिहरूको अभिमुखीकरण गरी प्रश्न निर्माणको क्षमता विकास गर्नुपर्ने हुन्छ ।

२. प्रश्नहरू निर्माण गर्दा विशिष्टीकरण तालिकाको प्रयोगमा एकरूपता नभएको र विशिष्टीकरण तालिका प्रयोगमा कमजोरी रहेको पाइयो । पाठ्यक्रम विकास केन्द्रले एउटा विषयको कम्तीमा पाँच सेट प्रश्नहरू नमुनाका रूपमा प्रकाशित गर्नुपर्ने देखिन्छ ।

३. प्रश्नको प्रकार र ढाँचाको प्रयोगमा समेत समस्या रहेको पाइएकाले प्रत्येक कक्षाका लागि ठिक बेठिक, वहुबैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्नका ढाँचा र गाइडलाइन उपलब्ध गराउनुपर्ने देखिएको छ ।

४. प्रश्नमा अक्षरहरूको आकार, प्रश्नको समूहीकरण, ग्राफ, चित्र, तालिका आदिको साइज र भाषिक रूपमा समेत शुद्धताका लागि राष्ट्रिय परीक्षा बोर्ड र पाठ्यक्रम विकास केन्द्रको सहकार्यमा स्पष्ट नीति र निर्देशन दिनुपर्ने देखिन्छ ।

५. वास्तविक जीवनसँग जोड्ने, प्रश्न दोहोरिने, अघिल्लो प्रश्नले पछिल्लो प्रश्नको उत्तरलाई सङ्केत गर्न नहुने र विभिन्न प्रकारका विभेद नहुने किसिमका प्रश्न निर्माणमा प्रश्ननिर्मातालाई सचेत बनाउनु पर्ने । साथै प्रश्नहरूमा कक्षाअनुसारको भाषा र निर्देशन प्रस्ट हुनुपर्ने ।

**(क) नेपाली विषय**

**अध्ययनको सार**

राष्ट्रिय परीक्षण प्रक्रिया तथा उपलब्धिको अध्ययन गर्ने निकाय शैक्षिक गुणस्तर परीक्षण केन्द्र सानो ठिमी भक्तपुरले यस वर्ष सातओटै प्रदेशका प्रतिनिधि जिल्लाका विभिन्न विद्यालयका कक्षा ५, ६, ८ र ९ कक्षामा प्रयोग गरिएका प्रश्नको विश्लेषण गरेको छ । प्रस्तुत अध्ययनको मूल उद्देश्य विद्यालय तह (कक्षा ५, ६, ८ र ९) मा प्रयोग भएका प्रश्नको विश्लेषण गर्नु हो । यस अध्ययनमा निर्दिष्ट कक्षामा भाषिक संरचना, शब्दभण्डार तथा पठनबोध परीक्षणका लागि निर्मित प्रश्नको प्रकृति निरूपण गर्नु, निर्दिष्ट कक्षामा पाठगत बोध तथा रचनात्मक क्षमता परीक्षणका लागि निर्मित प्रश्नको विश्लेषण गर्नु तथा उक्त प्रश्नका बाह्य पक्ष (छपाइ, शुद्धता, ढाँचा, अक्षराकार, निर्देशन) को प्रकृति विश्लेषण गर्नुलाई विशिष्ट उद्देश्य बनाइएको छ ।

प्रस्तुत अध्ययन मूलतः सैद्धान्तिक विश्लेषणमा केन्द्रित छ । अध्ययन विश्लेषणका लागि सङ्कलन गरिएका चारओटा कक्षाका प्रश्न पत्रको विश्लेषण गरी सबै सूचक या प्रतिमानको समष्टि हेर्दा कक्षा ५ का प्रश्न पत्रहरू सबैभन्दा कमजोर अवस्थामा रहेका पाइयो भने कक्षा ८ का प्रश्न पत्रहरू सबैभन्दा राम्रोस्तरमा रहेको पाइयो । एकाध सूचकबाहेक कक्षा ६ का प्रश्न पत्रहरू कक्षा ९ का भन्दा सकारात्मक देखिए पनि समग्रमा कमजोर अवस्थामै देखिए । तसर्थ सारतः माथिल्ला कक्षाका प्रश्न पत्रको तुलनामा तल्ला कक्षाका प्रश्नपत्रको स्तर कमजोर नै पाइए । माथिल्ला कक्षामा पनि कक्षा ९ का भन्दा सबै सूचकमा कक्षा ८ का प्रश्नपत्रहरू राम्रा पाइयो । अध्ययनमा उपयोग गरिएका सूचक वा आधारमा प्राप्त भएका तथ्यलाई अलग अलग बुँदामा निष्कर्ष देखाइएको छ । यहाँ अति राम्रो, राम्रो तथा मध्यम किसिमका प्रश्न पत्रलाई उपयुक्त र कमजोर वा अनुपयुक्त ढाँचामा रहेका प्रश्न पत्रलाई मात्र अनुपयुक्त स्तरका मानी निष्कर्ष प्रस्तुत गरिएको छ ।

**अध्ययनको उद्देश्य**

प्रस्तुत अध्ययनको मूल उद्देश्य विद्यालय तह (कक्षा ५, ६, ८ र ९) मा प्रयोग भएका प्रश्नको विश्लेषण गर्नु रहेको छ। यसका विशिष्ट उद्देश्य यसप्रकार रहेका छन् :

- निर्दिष्ट कक्षामा भाषिक संरचना, शब्दभण्डार तथा पठनबोध परीक्षणका लागि निर्मित प्रश्नको प्रकृति निरुपण गर्नु
- निर्दिष्ट कक्षामा पाठगत बोध तथा रचनात्मक क्षमता परीक्षणका लागि निर्मित प्रश्नको विश्लेषण गर्नु
- निर्दिष्ट प्रश्नका बाह्य पक्ष (छपाइ, शुद्धता, ढाँचा, अक्षराकार, निर्देशन) को प्रकृति विश्लेषण गर्नु
- विश्लेषणपश्चात् प्राप्त निष्कर्ष तथा सुझावलाई सम्बन्धित निकायमा प्रबोधीकरण गर्नु

**सुझाव**

१. प्रश्न पत्र निर्माणमा पाठ्यक्रम, विशिष्टीकरण तालिकाको पूर्ण परिपालनको आवश्यकता रहेको देखियो भने संरचना तथा ढाँचामा पनि सचेतता अपनाउनुपर्ने देखिन्छ।

२. विश्लेष्य प्रश्न पत्रमा समावेश गरिएका प्रश्नहरू शब्दभण्डार तथा व्याकरणिक पक्षको परीक्षणमा पनि उदासिन रहेको पाइएकाले उक्त पक्षमा पनि सचेत हुनु आवश्यक छ।

३. प्रश्नमा पठनबोध, पाठगत बोध पनि प्रश्न छनोट गर्दा पाठका स्रोत तथा प्रश्नको प्रकृति कमजोर पाइएकाले तिनमा पनि प्राश्निक सचेत हुनुपर्ने हुन्छ।

४. विश्लेषण गरिएका प्रश्नमध्ये कक्षा ८ का प्रश्न पालिका स्तरका भएकाले प्राश्निक पेसागत प्रतिष्ठाप्रति सचेत रहे पनि विद्यालयस्तरमा बनाइएका प्रश्न कमजोर रहेको र उपेक्षा या हेलचेक्र्याइँका कारणले नै प्रश्न कमजोर बनेको आकलन गर्न सकिने भएकाले सचेतताको खाँचो रहेको छ।

५. प्राश्निकले प्रश्न बनाइसकेपछि नेपाली भाषाको मानक स्वरूपलाई ध्यान दिई शुद्धतामा विशेष सचेत बन्नुपर्ने देखिन्छ।

६. प्रश्न बनाएपछि लक्षित कक्षाअनुकूल भए नभएको यकिन गरी परिष्कार गर्नुपर्ने आवश्यक छ।

७. सकेसम्म निर्मित प्रश्न सहकर्मीबाट पुनरवलोकन गराउनु उपयुक्त हुन्छ।

उपर्युक्त सुझावलाई मनन गरी परिपालन गर्न सकेमा विद्यालय तहका प्रश्नहरूको गुणस्तर वृद्धि हुने अपेक्षा गर्न सकिन्छ।

**विज्ञान**

- विद्यालयहरूले प्रयोग गरेका कक्षा ५, ६, ८ र ९ का प्रश्नपत्रहरू मध्ये कक्षा ८ को गुणस्तर तुलनात्मक रूपमा राम्रो रहेको छ।
- कक्षा ५, ६, ८ र ९ का प्रश्नपत्रहरूमा पाठ्यक्रमको सक्षमता र सिकाइ उपलब्धिसँगको तादाम्यता कमजोर रहेको छ। कक्षा ९ को प्रश्नपत्रका २६ प्रतिसत (सबैभन्दा कम) पश्नहरू मात्र सक्षमतासँग र ६ प्रतिशत प्रश्नहरूको मात्र सिकाइ उपलब्धिसँग तादाम्यता रहेको पाइयो। अन्य कक्षाको हकमा तादाम्यता केही राम्रो रहेको छ।
- विशिष्टीकरण तालिकासँग मिलेको प्रतिशत कक्षा ८ मा सबैभन्दा बढी ९७ प्रतिशत र कक्षा ५ को सबैभन्दा कम १५ प्रतिशत रहको छ।
- अधिकांश प्रश्नपत्रहरूमा तोकिएको संज्ञानात्मक तहका अनुपातमा प्रश्नहरू नरहेको पाइयो। झन्डै आधा प्रश्नपत्रहरूमा भाषागत वा तथ्यगत त्रुटि रहेको देखाउँछ।

- अनुसन्धानको नतिजाअनुसार प्रश्नपत्रलाई विश्वसनीय, वैध र स्तरीय बनाउन मूलत: शिक्षकमा संज्ञानात्मक क्षेत्रको सन्तुलनसहितको प्रश्न निर्माण सिप विकासमा विशेष जोड दिनुपर्ने देखिन्छ ।

**अङ्ग्रेजी**

प्राप्ति

- धेरै जसो प्रश्न पत्रहरूमा उपयुक्त फन्ट साइज रहेको पाइयो ।
- प्रत्येक प्रश्नलाई नम्बर दिँदा एकरूपता कायम गरिएको थिएन । औसतमा, ५०% प्रश्न पत्रहरूमा प्रश्नहरूको नम्बरिङ गर्दा एकरूपता कायम भएको पाइएन ।
- दृष्टांश पाठहरूलाई पाठ्यपुस्तकबाट प्रश्न पत्रमा उचित रूपमा सारिएको छैन ।
- कक्षा ८ र ९ को प्रश्न पत्रहरूमा उपयुक्त अदृष्टांश पाठहरू थिए भने कक्षा ५ का प्रश्न पत्रहरूमा लगभग ५०% अनुपयुक्त देखिने अदृष्टांश पाठहरू थिए ।
- कक्षा ६, ८ र ९ को समीक्षा गरिएका कुल प्रश्न सेटहरूमध्ये ९१% मा पहिले सजिलो र त्यसपछि कम सजिला प्रश्नहरू थिए जबकि कक्षा ५ मा समीक्षा गरिएका कुल प्रश्न सेटहरूको ७७% ले यस कुरा कायम राखेका थिए ।
- कक्षा पाँच (७१.४%) र आठ (७४.३%) प्रश्न पत्रहरूमा स्वतन्त्र प्रश्नहरू थिए भने यो सङ्ख्या कक्षा ६ र ९ का लागि क्रमशः ३१% र ४९% मा झरेको पाइयो ।
- कक्षा ५ र ९ का सबै प्रश्न सेटहरूमा उच्च क्षमताका प्रश्नहरू थिएनन् जबकि कक्षा ८ ३८% प्रश्न पत्रमा उच्च क्षमताका प्रश्नहरू थिए । तसर्थ, अधिकांश प्रश्न पत्रहरूमा कम क्षमताका प्रश्नहरू थिए ।
- कक्षा ६ को समीक्षा गरिएका सेटहरूको ८८% मा सबै प्रश्नहरू Literal comprehension किसिमका थिए । १२% प्रश्न पत्रहरूमा Literal comprehension र Reorganization किसिमका प्रश्नहरू थिए । Inference र evaluation तहका प्रश्नहरू कुनै पनि प्रश्न पत्रमा थिएनन् । यसको अर्थ उच्च क्षमताका प्रश्नहरू कुनै प्रश्न पत्रमा पनि थिएनन् ।
- समीक्षा गरिएका ७७% प्रश्न पत्रहरूमा १० भन्दा बढी व्याकरणिक र मेकानिकल त्रुटि थिए । त्यसै गरी कक्षा ६, ८ र ९ को परीक्षाका प्रश्नपत्र व्याकरणिक र यान्त्रिक त्रुटिमुक्त थिएनन् भने कक्षा ५ को समीक्षा गरिएका प्रश्नपत्रहरूको ११.५ प्रतिशत प्रश्नपत्रहरू त्रुटिरहित थिए ।
- कक्षा ५ को प्रश्न पत्रहरू मध्ये २०% प्रश्न पत्रहरूले विशिष्टीकरण तालिका अनुसार शब्द सीमा र पाठ्य सामग्रीका प्रकारहरू कायम राखेका थिए ।
- कक्षा ५ का ११.४% प्रश्न पत्रहरूमा विशिष्टीकरण तालिकाको प्रावधानअनुसार व्याकरण कार्य समावेश भएका थिए ।
- कक्षा ९ को समीक्षा गरिएका प्रश्नपत्रहरूको लगभग दुई तिहाइले विशिष्टीकरण तालिकामा उल्लेख गरिएअनुसार पठन सिप परीक्षणका लागि प्रयोग गरिने पाठ्य सामग्रीमा शब्द सीमा पालना गरेको पाइएन । समीक्षा गरिएको परीक्षा पत्रहरूको अर्को कमजोर पक्ष भनेको ३८% प्रश्न पत्रहरूले मात्र स्वतन्त्र लेखन कार्यलाई उचित रूपमा उल्लेख गरेका थिए ।
- कक्षा ५ मा समीक्षा गरिएका परीक्षाका प्रश्नपत्रहरूमध्ये झण्डै आधा प्रश्न पत्रहरू कमजोर थिए । न्यूनतम प्रतिशत (करिब ३%) कक्षा ८ का करिव ३ प्रतिशत प्रश्न पत्रहरू कमजोर थिए । कक्षा ९ का करिब ५६ प्रतिशत प्रश्नपत्र राम्रा थिए भने कक्षा ५ को ३४ प्रतिशत र कक्षा ६ को ४४ प्रतिशत प्रश्नपत्र राम्रा थिए । कक्षा ९ का ७५% प्रश्न पत्रहरू धेरै राम्रा थिए र १४% उत्कृष्ट थिए । कक्षा ५ र ६ मा कुनै पनि प्रश्न पत्र उत्कृष्ट थिएनन् ।

वि.स. २०७८ सालमा विभिन्न जिल्लामा सञ्चालित कक्षा ५, ६, ८ र ९ का अङ्ग्रेजी परीक्षाका प्रत्येक कक्षाका करिब ३५ प्रश्न पत्रको विश्लेषणले प्रश्न निर्माणमा सुधारका लागि धैरै क्षेत्रहरू फेला पारेको छ । यद्यपि प्रश्न पत्रहरूको विश्लेषणले अक्षरको फन्ट साइज, स्पेसिफिकेसन ग्रिडसँगको तालमेल, परीक्षार्थीहरूका लागि छुट्याइएको समय जस्ता प्यारामिटरहरूको सन्दर्भमा केही मनमोहक प्रभाव उत्सर्जन गर्छ । यस अनुसन्धानले प्रश्नपत्रमा धैरै समस्या देखाउँछ । प्रश्नपत्रका प्रमुख समस्याहरू व्याकरणीय र यान्त्रिक शुद्धता, विभिन्न स्तरका संज्ञानात्मक व्यवहारको प्रतिनिधित्व, परीक्षण सामग्रीको व्यवस्था, पाठ्यपुस्तकबाट प्रश्न पत्रमा देखिएका पठन सामग्रीहरूको स्थानान्तरण, अदृष्टांश पाठ्य सामग्रीको छनोट लगायतका समस्याहरू छन् ।

मुद्दाको गम्भीरता निस्सन्देह दूरगामी छ र थप अनुसन्धान आवश्यक छ । निष्कर्षमा, अनुसन्धानको नतिजाले सम्बन्धित सरोकारवालाहरूलाई प्रश्नपत्र निर्माणको प्रक्रिया र उत्पादन दुवैको गम्भीरतापूर्वक समीक्षा गर्न पर्याप्त ठाउँ रहेको स्पष्ट रूपमा संकेत गर्छ ।

**सिफारिस**

- प्रश्न निर्माण प्रक्रियाहरू आलोचनात्मक रूपमा समीक्षा गरिनुपर्छ ।
- प्रश्न पत्रहरूमा समस्याहरू छन्, प्रश्न निर्माताहरूले उनीहरूले निर्माण गर्ने प्रश्नहरूको गुणस्तरमा अझ बढी ध्यान दिन आवश्यक छ ।
- शिक्षक र विज्ञहरूको टोलीलाई प्रश्न निर्माण र सोसँग सम्बन्धित कार्यमा निरन्तर संलग्न गर्न सकिन्छ ।
- शैक्षिक गुणस्तर परीक्षण केन्द्र (ERO) ले आफ्नो फोकस अनुसन्धान र मूल्याङ्कन गतिविधिहरूमा बढी केन्द्रित गर्न सक्छ । तसर्थ, परीक्षण र मूल्याङ्कनसँग सम्बन्धित अनुसन्धान गतिविधिहरूमा ERO लाई मुख्य भूमिका दिन सिफारिस गरिन्छ ।
- स्पेसिफिकेशन ग्रिड, प्रश्न निर्माण, र सम्बन्धित अनुसन्धान गतिविधिसम्बन्धी कार्यहरू NEB, CDC र ERO बिचको व्यापक सहकार्यले प्रभावकारी हुने छ । यो सम्भाव्य र फलदायी पनि छ किनभने तीनओटै एउटै "मन्त्रालय" कै घटक हुन् ।
- प्रश्न पत्रहरूमा समस्याहरू देखिएकाले प्रश्न निर्माणकर्ताहरूले उनीहरूले निर्माण गर्ने प्रश्नहरूको गुणस्तरमा अझ बढी ध्यान दिन आवश्यक छ ।

## ४.५ सुधार कार्ययोजना परिमार्जन

केन्द्रले विगतका वर्षहरूमा परीक्षणका क्षेत्रमा सम्पादन गरेका प्रयासको समीक्षा, अध्ययनका नतिजा (Results) एवम् प्राप्ति (Findings) हरूको संश्लेषण र तिनको कार्यान्वयन प्रणाली निर्माण गर्न आवश्यक पर्ने अवधारणागत तथा कार्यकलापगत ढाँचा लगायतका विषयवस्तु समेटी सुधार कार्ययोजना-२०७९ तयार पारेको थियो । कार्यान्वयनका लागि साङ्केतिक रूपमा निकायगत जिम्मेवारी र प्राथमिकीकरणका आग्रह पनि किटान गरिएको थियो जसलाई अनुसुची-५ मा प्रस्तुत गरिएको छ । गत वर्ष निर्माण गरिएको सुधार कार्ययोजनामा चालु वर्षमा प्राप्त परीक्षणका नतिजाहरूलाई समेत अद्यावधिक गरी परिमार्जन गरिएको छ । कार्ययोजना परिमार्जनका लागि यस प्रकारका प्रक्रियाहरू अपनाइएका छन् :

- शैक्षिक गुणस्तर परीक्षण केन्द्रका सबै एकाइहरू तथा अन्य सरोकारवाला निकायहरूसँग छलफल तथा अन्तरक्रिया,

- गत वर्ष निर्माण गरिएको सुधार कार्ययोजनालाई यस आर्थिक वर्षमा निर्माण गरिएका प्रतिवेदनहरूका आधारमा अद्यावधिक,
- विभिन्न चरणको छलफल अन्तरक्रिया तथा कार्यशालाको माध्यमबाट परिमार्जित सुधार कार्ययोजना विकास।

### ४.६ नेपाली विषयको क्यापसुल प्रतिवेदन (Capsule Report) तयारी

शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा नेपाली विषयमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणका नतिजाको विश्लेषण गरी शिक्षण तथा मूल्याङ्कन सहजीकरणका लागि क्याप्सुल विकास गरिएको छ। आधारभूत तहका लागि शिक्षक तालिम पुस्तिकाका रूपमा नेपाली विषयको सन् २०११ र २०१२ मा कक्षा ३ र ५, सन् २०१३ मा कक्षा ८, सन् २०१५ मा कक्षा ३ र ५, सन् २०१७ मा कक्षा ८, सन् २०१८ मा कक्षा ५ र सन् २०२० मा कक्षा ८ को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) समेतका आधारमा Capsule Report तयार पारिएको थियो।

**उद्देश्य**

प्रतिवेदन विकासका मुख्य उद्देश्य निम्नअनुसार रहेका छन्ः

(क) नेपाली विषयसँग सम्बन्धित विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (कक्षा ३, ५ र ८) का प्रतिवेदन सन् २०११, २०१२, २०१३, २०१५, २०१७, २०१८ र २०२० को व्यवस्थित अध्ययन गर्ने

(ख) नेपाली विषयसँग सम्बन्धित कक्षा ३, ५ र ८ को उपलब्धि परीक्षणका सूचकहरूमा आधारित भई प्रतिवेदनबाट प्राप्त नतिजालाई एकीकृत तथा संश्लेषित रूपमा सूत्रबद्ध गरी प्रस्तुत गर्ने

(ग) आधारभूत तहको शिक्षकको तालिम तथा पेसागत विकासको नीति तथा योजना निर्माणको निम्ति तथ्यगत आधार प्रदान गर्ने

क्याप्सुल प्रतिवेदनको कार्यकारी सारांश निम्नानुसार रहेको छ :

- शिक्षा ऐन, २०२८ र राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय तहमा नेपाली भाषालाई पठनपाठनको माध्यम र अनिवार्य विषयका रूपमा अध्ययन अध्यापन गराउने व्यवस्था गरेको छ। भाषाको सिकाइमा विद्यार्थीको उपलब्धिले सङ्केत गर्ने शिक्षण सिकाइका तरिका र मूल्याङ्कनका प्रक्रियाको सार खिची तालिम तथा सिकाइ सामग्री विकास प्रक्रिया सुधारका लागि यो अध्ययन गरिएको छ। यसको तयारीमा सूचना तथा प्राप्तिको वैधता, विश्वसनीयता र निष्पक्षतालाई ख्याल गरिएको छ।
- नेपाली विषयसँग सम्बन्धित कक्षा ३, ५ र ८ को उपलब्धि परीक्षणका सूचकहरूमा आधारित भई सातओटै प्रदेशबाट प्राप्त नतिजालाई एकीकृत तथा संश्लेषित रूपमा सूत्रबद्ध गरी प्रस्तुत गरिएको छ। विश्लेषण गरिएको प्रतिवेदनअनुसार विद्यार्थीको औसत उपलब्धि हेर्दा अन्य विषयको तुलनामा नेपाली विषयमा औसत उपलब्धि उच्च रहेतापनि कक्षा ३ र ५ को भन्दा कक्षा ८ को औसत उपलब्धि कम देखिएको छ। नेपाली विषयमा राष्ट्रिय औसत उपलब्धि वृद्धि गर्न शिक्षण सिकाइ प्रक्रिया र पाठ्य तथा अन्य सामग्रीको विकासमा सुधार गर्नु आवश्यक छ। विद्यार्थीलाई अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम बनाउनका लागि पाठ्यक्रम, पाठ्यसामग्री, कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन पद्धति र साधनमा सुधार गर्नु आवश्यक देखिन्छ। यसले शिक्षण सिकाइमा भाषाका आधारभूत ज्ञान र सिप विकासमा जोड दिनुपर्ने देखाउँछ। विद्यार्थीबिचको उपलब्धिमा समानता ल्याउन कक्षाकोठा तथा सिकाइ

प्रक्रियामा विविधताको व्यवस्थापन, समावेशी कोठाको सिकाइ वातावरण र निरन्तर मूल्याङ्कन तथा उपचारात्मक क्रियाकलाप सञ्चालनमा जोड दिनु आवश्यक छ ।

- भौगोलिक क्षेत्र र प्रदेशगत उपलब्धिमा भिन्नताः बागमती र गण्डकी प्रदेशको उपलब्धि अन्य प्रदेशको तुलनामा राम्रो देखिए पनि राष्ट्रिय औसत उन्नत बनाउन विशेष योजना बनाएर सुधारका कार्यन्वयन गर्नु आवश्यक छ । यस्तै सिकाइका क्षेत्रबिच एकरूपता ल्याउन शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा सबै विषय क्षेत्रमा समान शिक्षण सिकाइ हुने गरी कक्षाकोठाको शिक्षणसिकाइमा सुधार गर्दै यस्ता क्षेत्रमा अध्ययन सामग्री विकास र विशेष तथा अतिरिक्त समयको व्यवस्था गर्नु पनि आवश्यक देखिन्छ ।
- कक्षा शिक्षणमा समस्या समाधान गर्ने, विश्लेषण गर्ने, तर्क गर्ने, सामान्यीकरण गर्ने, आफ्ना दृष्टिकोण वा तर्कलाई पुष्टि गर्ने, सिकाइको स्थानान्तरण गर्ने जस्ता कार्यकलाप पर्याप्त नभएको देखिन्छ । यसलाई सुधार गर्न घोकाउने र कण्ठ गराउने क्रियाकलापभन्दा अन्तरक्रियात्मक क्रियाकलापमा जोड दिन सिकाइ सहजीकरण क्रियाकलाप गराउन शिक्षकको दक्षता वृद्धि गर्नुपर्छ । दैनिक एकदेखि दुई घण्टासम्म घरायसी काममा संलग्न हुनेको सिकाइ उपलब्धिमा घरायसी काममा संलग्न नहुने विद्यार्थीको उपलब्धिभन्दा राम्रो देखिएकाले विद्यार्थीका लागि घरमा गरेर सिक्ने कार्यकलाप विकास गर्नु पनि आवश्यक देखिन्छ । यस्तै सिकाइ उपलब्धि सुधारका लागि समयमा पाठ्यपुस्तक पुऱ्याउने, पाठ्यपुस्तकको विद्युतीय कपीलाई मोबाइल एप्समा उपलब्ध गराउने, बहु पाठ्यपुस्तक प्रणालीको विकास गर्ने पक्षमा जोड दिनुपर्छ ।
- विद्यार्थीको मूल्याङ्कनका लागि विषयगतभन्दा वस्तुगत प्रश्न उपयोगी देखिएका छन् । विद्यार्थीलाई गृहकार्य दिने र परीक्षण गर्ने, विद्यालय व्यवस्थापन तथा अभिभावकले विद्यार्थीको सिकाइको अवलोकन गर्ने जस्ता पक्षमा जोड दिनु पनि आवश्यक छ । व्यापार, शिक्षण र सरकारी जागिरमा रहेका आमाबाबुका बालबालिकाको उच्च उपलब्धि देखिएको छ भने अन्य पेसामा आबद्ध हुने अभिभावकका छोराछोरीको उपलब्धिस्तर न्यून देखिन्छ । यसमा सुधारका लागि विद्यालयले अभिभावकहरूसँगको निरन्तर भेटघाट कार्यक्रममार्फत् उनीहरूका बालबालिकाको सिकाइस्तर सूचित गराउने, त्यसको सुधारका लागि आवश्यक उपायहरूप्रति समेत सचेत गराउने, सिकाइ सहजीकरणका क्रममा कमजोर विद्यार्थीलाई केन्द्रित गरेर क्रियाकलापहरू गराउनेतर्फ ध्यान केन्द्रित गरी सहयोगात्मक शिक्षण सञ्चालन गर्नु आवश्यक छ । यस्तै विद्यार्थीलाई सिकाइमा सहयोग गर्नु पनि आवश्यक देखिएको छ ।

### ४.७ कार्यसम्पादन परीक्षण तथ्याङ्कीय प्रतिवेदन (PA Statistical Report) तयारी

शैक्षिक गुणस्तर परीक्षण केन्द्रमार्फत् भएका कामहरूमध्ये कार्यसम्पादन परीक्षण अर्को महत्त्वपूर्ण काम हो । शिक्षा क्षेत्रका सार्वजनिक संस्थाले सेवाप्रवाहका सन्दर्भमा गरेका प्रक्रियागत पक्षहरू कस्ता छन्, तोकिएका कार्यविधि र प्रक्रियाको पालना भएको छ, छैन, सेवा-सञ्चालनका क्रममा मितव्ययिता र कार्यकुशलता, पारदर्शिता र प्रभावकारिता जस्ता उद्देश्य हासिल गर्ने क्रममा के कति उपलब्धि गरेका छन् भन्ने प्रश्नलाई केन्द्रमा राखेर कार्यसम्पादन परीक्षण गर्ने गरेको देखिन्छ । यसप्रकारको परीक्षण सङ्गठनभित्रबाट वा बाहिरी निकायबाट हुन सक्ने हुँदा केन्द्रले कार्य-सम्पादन परीक्षण प्रक्रियालाई आन्तरिक र बाह्य दुवै प्रकृतिको हुन सक्ने गरी निर्धारण गरेको देखिन्छ । आन्तरिक परीक्षणलाई स्व:मूल्याङ्कनका अर्थमा समेत बुझ्ने गरिन्छ । मूलतः आफ्ना सेवा प्रवाहका प्रक्रियामा देखिएका कुनै कमीकमजोरी भए तिनलाई बेलैमा पहिचान गरेर सुधार गर्ने उद्देश्यका साथ कहिलेकाहीँ बाह्य परीक्षणको आवश्यकतामा सहयोगी हुने गरी स्व-मूल्याङ्कन वा आन्तरिक परीक्षण सञ्चालन गर्ने गरेको पाइन्छ ।

केन्द्रको हालसम्मको परीक्षण अभ्यासका आधारमा भन्नुपर्दा स्वमूल्याङ्कन प्रयोजनका लागि समेत भनी परीक्षण साधन निर्माण गरिएको भए तापनि यसलाई बाह्य परीक्षण साधनकारूपमा मात्र उपयोग गरिएको छ। तसर्थ हालसम्मको अभ्यासलाई हेर्दा बाह्य कार्यसम्पादन परीक्षण मात्र भएको छ। बाह्य कार्यसम्पादन परीक्षण निर्णयात्मक हुन सक्ने र उत्तरदायित्व सिर्जना गर्ने प्रकृतिको हुन्छ। हुन त यस प्रकारको परीक्षण पनि सुधारका सन्दर्भमा उपयोगी हुन्छ तर पनि यसको मूल उद्देश्य भने उत्तरदायित्व सिर्जनामा गएर जोडिन्छ।

केन्द्रबाट हालसम्म ५,४९१ ओटा सामुदायिक विद्यालयहरूको परीक्षण भइसकेको छ। विद्यालयको कार्यसम्पादनलाई मूलतः लगानी, प्रक्रिया र उपलब्धि तथा सेवा प्रदान गरिएका विद्यार्थी गरी चारओटा क्षेत्रमा बाँडिएका छन्। ती चारओटा क्षेत्रअन्तर्गत जम्मा ८९ ओटा सूचक विकास गरी सूचकगतरूपमा जम्मा २६९ अङ्क वितरण गरिएको छ जसअनुसार लगानी (२५%), प्रक्रिया (३०%) र उपलब्धि (४०%) ले ९५% भार ओगटछन् भने बाँकी पाँच प्रतिशत सेवा प्रदान गरिएका विद्यार्थी सङ्ख्या शीर्षकमा छुट्याइएको छ।

यसप्रकार परीक्षण गरेर अङ्क प्रदान गरेपछि कूल प्राप्ताङ्कका आधारमा विद्यालयको समग्र स्तर निर्धारण गर्ने व्यवस्था छ। जसअनुसार, ४० प्रतिशतभन्दा कम प्राप्ताङ्क भए 'कमजोर, ४० वा सोदेखि माथि ७०% भन्दा कम भए "सामान्य", ७० वा सोदेखि माथि ९०%भन्दा कम भए "मध्यम" र ९०%वा सोभन्दा माथि अङ्क पाएकोका "उत्तम" भनेर स्तर तोक्ने व्यवस्था गरेको छ।

केन्द्रद्वारा हालसम्म परीक्षण सम्पन्न सामुदायिक माध्यमिक विद्यालयहरूको नतिजालाई एकीकृत र व्यवस्थित गरी PA Statistical Report तयार पारिएको छ। Report तयार पार्ने काम परामर्श सेवा मार्फत सम्पन्न गरी विज्ञसहितको कार्यशाला मार्फत प्रतिवेदनलाई अन्तिम रूप प्रदान गरिएको छ।

**उद्देश्य**

प्रतिवेदन विकासका मुख्य उद्देश्य यसप्रकार रहेका छन्

(क) हालसम्म कार्यसम्पादन परीक्षण सम्पन्न भएका सामुदायिक माध्यमिक विद्यालयहरूको विभिन्न सूचकगत तथ्याङ्कहरूलाई एकीकृत गरी व्यवस्थित गर्नु

(ख) सूचकगत नतिजालाई विभिन्न Statistical Formula प्रयोग गरी तालिका तथा चित्रहरूमा राखी विश्लेषण तथा अध्ययन गर्न सहज बनाउनु

### ४.८ नासा तथ्याङ्कीय प्रतिवेदन (NASA Statistical Report) तयारी

यस केन्द्रबाट विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Student Achievement-NASA) गर्ने कार्य निरन्तर रूपमा भइरहेको छ। हालसम्म कक्षा ३, ५, ८ र १० कक्षामा अङ्ग्रेजी, नेपाली, विज्ञान र गणित विषय गरी चारओटा विषयका १३ ओटा परीक्षण सम्पन्न भइसकेका छन्। यसै सन्दर्भमा कक्षा ५, ८ र १० का लागि विगतका सबै वर्षहरूमा सञ्चालित सबै NASA अध्ययनहरूका Raw Data विश्लेषणका आधारमा NASA Statistical Report तयार पारिएको छ। Report तयार पार्ने काम परामर्श सेवामार्फत सम्पन्न गरी विज्ञसहितको कार्यशालामार्फत प्रतिवेदनलाई अन्तिम रूप प्रदान गरिएको छ।

**उद्देश्य**

प्रतिवेदन विकासका मुख्य उद्देश्य निम्नानुसार रहेका छन् :

(क) कक्षा ५, ८ र १० का लागि विगतका सबै वर्षहरूमा सञ्चालित सबै NASA अध्ययनहरूका नतिजालाई एकीकृत तथा व्यवस्थित गर्नु

(ख) Raw Data लाई विभिन्न Statistical Formula प्रयोग गरी तालिका तथा चित्रहरूमा राखी विश्लेषण तथा अध्ययन गर्न सहज बनाउनु

## ४.९ विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण कार्य ढाँचा (Framework of NASA)

**कार्यक्रम परिच**

शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई पाठ्यक्रमका सिकाइ उपलब्धि तथा सक्षमताहरू हासिलको अवस्था पहिचान गर्न विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) गर्ने कार्यादेश रहेको छ । जसअनुसार विगत वर्षहरूमा विभिन्न परीक्षणहरू हुँदै आएको छ । यस सन्दर्भमा परिवर्तित पाठ्यक्रमअनुसार कक्षा ८ को गणित, विज्ञान तथा प्रविधि, नेपाली र अङ्ग्रेजी गरी मुख्य चार विषयमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण गर्न परीक्षण कार्य ढाँचा विकास गरिएको हो । त्यसै गरी कक्षा ३ मा विद्यार्थीको गणितीय र भाषिक सिप परीक्षण गर्न NARN (National Assessment for Reading and Numeracy) को सुरुवात गरिएको हो । यसको निरन्तरता स्वरूप नयाँ एकीकृत पाठ्यक्रममा आधारित भएर NARN सञ्चालन गर्न परीक्षण कार्य ढाँचा विकास गरिएको छ ।

**कार्यक्रमको उद्देश्य**

- आगामी वर्ष NASA र NARN सञ्चालन गर्न सैदान्तिक र कार्यप्रक्रियागत आधार तयार गर्नु,
- NASA र NARN परीक्षणका प्रश्नहरू निर्माण गर्ने विश्वसनीय आधार प्रदान गर्नु ।

**कार्यक्रम सञ्चालन विधि तथा उपलब्धि**

कक्षा ८ को NASA र कक्षा ३ को NARN दुवै परीक्षणका लागि परीक्षण ढाँचा विकास गर्ने क्रममा अपनाइएका चरण :

- विषयगत रूपमा सम्बन्धित कक्षाका राष्ट्रिय पाठ्यक्रमले निर्धारण गरेको सिकाइ उपलब्धि तथा सक्षमता अध्ययन तथा विश्लेषण
- सम्बन्धित कक्षा र विषयका पूरानो NASA फ्रेमवर्क, राष्ट्रिय अन्तर्राष्ट्रिय अभ्यास लगायतका सामग्रीहरू अध्ययन गरी नयाँ पाठ्यक्रम अनुसार NASA फ्रेमवर्क विकास गर्दा थप गर्नुपर्ने वा परिवर्तन गर्नु पर्ने विषयवस्तुहरू पहिचान
- अध्ययन तथा विश्लेषणका आधारमा छलफल तथा अन्तरक्रिया गरी NASA फ्रेमवर्कको मस्यौदा तयारी
- NASA फ्रेमवर्कको मस्यौदामा सरोकारवाला तथा विषयसमितिका पदाधिकारीको पृष्ठपोषण सङ्कलन गरी आवश्यक सुधार

## ४.१० विद्यालय कार्यसम्पादन परीक्षणको एकीकृत प्रतिवेदन

आ.व. २०७८/७९ मा विद्यालय कार्यसम्पादन परीक्षण सम्पन्न भएका सिन्धुली र बागलुङ जिल्लाका २२९ विद्यालयको तथ्याङ्क व्यवस्थापनको कार्य सम्पन्न भई स्थानीय पालिकाका आधारमा जिल्लागत एवम एकीकृत प्राविधिक प्रतिवेदन तयार गरिएको छ । सिन्धुली जिल्लाका १२० विद्यालय मध्ये १८ विद्यालयले ७० देखि ९० को विचमा अङ्क प्राप्त गरी

मध्यमस्तरको विद्यालयको रूपमा, १०१ विद्यालयल ४० देखि ७० को विचमा अङ्क प्राप्त गरी सामान्य विद्यालयको रूपमा र एउटा विद्यालय मात्र कमजोर अर्थात् ४० भन्दा कम अङ्क प्राप्त गरी कमजोर विद्यालयको रूपमा रहेको अवस्था छ ।

वाग्लुङ जिल्लाका १०९ विद्यालयको कार्यसम्पादन परीक्षणको अवस्था विश्लेषण गर्दा ३३ विद्यालयले ७० देखि ९० को विचमा अङ्क प्राप्त गरी मध्यम स्तरको विद्यालयको रूपमा ७६ विद्यालय सामान्य विद्यालयको रूपमा रहेका छन । दुईओटा जिल्लाको कार्यसम्पादन परीक्षणको अवस्थालाई विश्लेषण गर्दा सिन्धुलीको एउटा विद्यालय कमजोर रहेको र मध्यम विद्यालय पनि सिन्धुली भन्दा बागुलुङमा बढी देखिन्छ । जिल्लाको औसत प्राप्ताङ्क सिन्धुलीकोभन्दा बाग्लुङ बढी भएकाले सिन्धुलीको तुलनामा वाग्लुङको विद्यालय कार्यसम्पादन परीक्षण राम्रो रहेको देखिन्छ । यी दुई जिल्लाका कार्य सम्पादन परीक्षण भएका विद्यालयहरूको प्राप्ताङ्क अनुसूची ६ र ७ मा क्रमशः राखिएको छ ।

## ४.११ कार्यसम्पादन परीक्षण साधन परिमार्जन तथा नयाँ साधन विकास

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले आफ्नो स्थापनाकालदेखि नै विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण गर्दै आइरहेको छ । आर्थिक वर्ष २०७३/०७४ भन्दा अगाडि निश्चित विद्यालय छनोट गरी नमुनका रूपमा विद्यालयको कार्यसम्पादन परीक्षण गरी परीक्षण साधनलाई परिमार्जन गरेर परीक्षणमा उपयोग गर्दै आएको अवस्था थियो । आ.व. २०७३/०७४ देखि निश्चित जिल्ला छनोट गरी त्यस जिल्लाका अघिल्लो शैक्षिक वर्षम मा SEE परीक्षामा सहभागी भएका सामुदायिक माध्यमिक विद्यालयहरू सबैको कार्यसम्पादन परीक्षण गर्दै आइरहेको अवस्था छ । यस्तो परीक्षणको कार्य आजसम्म आइपुग्दा ६८ जिल्लाको सम्पन्न भएको छ । प्रयोगमा ल्याइएको परीक्षण साधनलाई एक चक्र पूरा नगरेसम्म सामान्य तथ्य तथ्याङ्क बाहेक केही परिमार्जन गर्न नहुने भनी परीक्षण विषय समितिले मार्गनिर्देश गरेकाले सामान्य तथ्य तथ्याङ्कमा वाहेक सूचकमा कुनै किसिमको थप घट गरिएको छैन केवल अद्यावधिक मात्र गरिएको छ ।

आ.व. २०७९/०८० देखि संस्थागत विद्यालयको पनि कार्यसम्पादन परीक्षण गर्ने कार्यक्रम रहेबमोजिम संस्थागत विद्यालयको कार्यसम्पादन परीक्षण गर्नका लागि विज्ञहरूको सहभागितामा ९५ सूचकको संस्थागत विद्यालय कार्यसम्पादन परीक्षण साधन विकास गरी उक्त परीक्षण साधनलाई परीक्षण विषयगत समितिको वैठकबाट स्वीकृत गराइ सबै प्रदेशका पर्नेगरी संस्थागत विद्यालयको कार्यसम्पादन परीक्षण गरिएको छ ।

## ४.१२ सामुदायिक तथा संस्थागत विद्यालयको कार्यसम्पादन परीक्षण

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको नियमित कार्यमध्ये सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन एक प्रमुख कार्यक्रम हो । यस आर्थिक वर्षमा चारओटा जिल्ला (सुनसरी, रौतहट, सिन्धुपाल्चोक र प्यूठान) का कुल ३९५ सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण विज्ञव्यक्ति सेवा करार विधिबाट सम्पन्न गरिएको छ । उक्त जिल्लाका विद्यालयको कार्यसम्पादन परीक्षण गरी एक एक प्रति प्रतिवेदन सम्बन्धित विद्यालय र पालिकामा दिई विद्यालयले प्राप्त गरेको प्राप्ताङ्क विज्ञ परीक्षकले सम्बन्धित विद्यालयमा सरोकारवाला निकायलाई सहभागी गराई नतिजा सार्वजनिक गरी विद्यालयको सवल एवम कमजोर पक्षका सम्बन्धमा सरोकारवालाई सुसूचित गराएको अवस्था छ भने प्रत्येक विद्यालयको एक प्रति प्रतिवेदन यस केन्द्रमा प्राप्त भएको छ । प्राप्त प्रतिवेदनका आधारमा चारओटै जिल्लाको पालिकाका आधारमा जिल्लागत प्रतिवेदन तथा एकीकृत प्रतिवेदन आर्थिक वर्ष २०८०/०८१ मा बनाउने कार्यक्रम रहेको छ ।

आर्थिक वर्ष २०७९/०८० बाट संस्थागत विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने कार्यको थालनी भएको छ । यस आर्थिक वर्षमा सातै प्रदेशको प्रतिनिधित्व हुने गरी १० जिल्लाका ५/५ ओटा विद्यालय छनोट गरी जम्मा ५० ओटा विद्यालयको कार्यसम्पादन परीक्षण सम्पन्न भएको छ भने तथ्याङ्क व्यवस्थापन र प्रतिवेदनको तयारी आउने आर्थिक वर्षमा गर्ने कार्ययोजना रहेको छ ।

### ४.१३ प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षण र स्तरीकरण कार्य

राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि हरेक विद्यालयका प्रधानाध्यापकको नेतृत्व परीक्षण गरी त्यसैका आधारमा विद्यालय व्यस्थापनको जिम्मेवारी प्रदान गर्ने नीति लिएको छ । सोही नीतिबमोजिम गत आर्थिक वर्ष देखि प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षणका लागि साधनको विकास गरिएको थियो । विकसित साधनबमोजिम सबै प्रदेशको प्रतिनिधित्व हुने गरी आर्थिक वर्ष २०७८/०७९ मा १४ विद्यालयका प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षण गरिएको थियो । आर्थिक वर्ष २०७९/०८० मा प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षणका लागि साधानलाई पुन: परिमार्जन गरी बढीभन्दा बढी वस्तुपरक बनाउने र साधनमा सूचकको सङ्ख्या पनि थप गर्ने प्रयास गरिएको छ । परिमार्जित साधन अनुसार सातै प्रदेशको प्रतिनिधित्व हुने गरी पहिलो चरणमा ५ वर्षको कार्य अनुभव भएका ३५ ओटा नमुना माध्यमिक विद्यालयका प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षण गरिएको छ । उक्त परीक्षणको कार्य विज्ञ व्यक्ति सेवा करार विधिबाट गरी परीक्षण प्रतिवेदन एक प्रति सम्बन्धित विद्यालयमा, एक प्रति सम्बन्धित पालिकामा र एक प्रति यस केन्द्रमा रहेको छ । परीक्षण गरिएका ३५ ओटा विद्यालयका प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादनको अवस्था कस्तो छ र कुन कुन पक्षमा सुधार गर्नुपर्छ भनी विज्ञ परीक्षकले सम्बन्धित विद्यालयलाई नतिजाको प्रबोधीकरण गरेको भएता पनि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सबै विद्यालयको तथ्याङ्क व्यवस्थापन गरी एकीकृत प्रतिवेदन तयार गरी प्रधानाध्यापकको स्तरीकरण गर्ने कार्य आर्थिक वर्ष २०८०/०८१ मा गर्ने कार्यक्रम रहेको छ ।

### ४.१४ स्थानीय तहको शिक्षा सेवा प्रवाहको कार्य सम्पादन परीक्षण सञ्चालन

संवैधानिक व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेबमोजिम स्थानीय तहबाट विद्यालय शिक्षासम्बन्धी सार्वजनिक सेवा प्रवाह हुँदै आएको छ । केन्द्र र प्रदेश सरकारबाट जारी गरिएको कानुन, नीति, नियम, कार्यक्रम र बजेटका अतिरिक्त स्रोत साधनको उपलब्धता, स्थानीय प्राथमिकता र आवश्यकताका आधारमा स्थानीय तहहरूले थप सेवाका क्षेत्रहरूसमेत सिर्जना गरी शैक्षिक सेवा प्रवाह गरिरहेका छन् । शैक्षिक नीति तथा कार्यक्रम र बजेट जुन तहको सरकारबाट निर्धारित गरिए पनि प्रमुख उद्देश्य विद्यालयको शैक्षिकस्तर सुधार गर्नु नै हुन आउँछ । यसरी हालको सङ्घीय शैक्षिक संरचनामा स्थानीय तहको सरकार एकीकृत शैक्षिक सेवा प्रवाह गर्ने प्रमुख सेवाकेन्द्र (Hub) का रूपमा रहेको छ ।

सेवाग्राहीहरूको पहिचान गर्ने र प्रदान गरिएको सेवाप्रति कार्यसम्पादनको स्तर बारे नियमित जानकारी पाउन सकिएको खण्डमा नागरिकप्रति सरकारको जवाफदेहीतामा अभिवृद्धि भई सार्वनजिक शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहज हुन सक्ने छ । यस सन्दर्भमा स्थानीय तहको संस्थागत जवाफदेहीता अभिवृद्धि गर्ने अभिप्रायले स्थानीय तहको शैक्षिक सेवा प्रवाहसम्बन्धी कार्यसम्पादन परीक्षण गर्ने प्रयास गरिएको छ ।

उपर्युक्त पृष्ठभूमिमा प्रभावकारी शैक्षिक सेवा प्रवाहबारे स्थानीय तहलाई पृष्ठपोषण प्रदान गरी कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नु कार्यसम्पादन परीक्षण कार्यको प्रमुख उद्देश्य रहेको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रकाशित 'स्थानीय तह संस्थागत क्षमता स्व:मूल्याकन कार्यविधि, २०७७ (पहिलो संशोधन २०७८) मा स्थानीय तहको स्व:मूल्याङ्कनका दश विषयक्षेत्र रहेका छन् । यस कार्यविधिमा मूल्याङ्कनका सूचकहरूलाई तीन तहहरू (समग्र स्थिति, प्रक्रियागत स्थिति र परिमाणात्मक स्थिति) मा राखी नतिजा विश्लेषण तथा अङ्कभार निर्धारणका आधार तयार गरिएको छ । यसै गरी प्रत्येक सूचकलाई विभिन्न चार अवस्थाहरूमा विस्तृतीकरण गरी सोको प्रमाणीकरणका आधारसमेत उल्लेख गरिएको छ ।

बाह्य परीक्षण तथा स्व:मूल्याङ्कन प्रयोजनार्थ शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विकास गरिएको 'विद्यालय कार्यसम्पादन परीक्षण साधन, २०७९ मा विद्यालयबाट सम्पादन गरिने कार्यहरूलाई लगानी, प्रक्रिया र उपलब्धि अन्तर्गत राखी विभिन्न विषयक्षेत्र र सूचकमा प्रस्तुत गरी परीक्षण गरिएको छ । स्तर निर्धारणका आधारअनुसार विद्यालयको समग्र स्तरलाई कमजोर, सामान्य, मध्यम र उत्तम गरी चार तहमा प्रस्तुत गरिएको छ ।

**परीक्षण साधन विकास**

प्रचलित ऐन र कानुनद्वारा निर्धारत स्थानीय तहबाट प्रदान गरिने शैक्षिक सेवालाई निम्नलिखित विषयक्षेत्रमा समूहीकृत गर्दै देहायको तालिकामा दिइएको सेवा तथा कार्य विवरणका क्षेत्रका आधारमा साधन तयारी गरी कार्य सम्पादन परीक्षण गरिएको थियो :

**तालिका १: सेवाको विषयक्षेत्र, सूचक र पूर्णाङ्क विवरण**

| मुख्य सेवा क्षेत्र | सेवा तथा कार्य विवरणको क्षेत्र | सूचक सङ्ख्या | सूचकगत पूर्णाङ्क |
|---|---|---|---|
| लगानी | १. कार्यालयको भौतिक संरचना | १० | २३ |
| | २. मानव स्रोत व्यवस्थापन र क्षमता विकास | ५ | ९ |
| | ३. स्थानीय सहभागिता र स्रोत परिचालन | ५ | २२ |
| | ४. नीति, योजना तथा कार्यक्रम | ४ | ११ |
| | ५. कानुनी तथा शासकीय क्षमता | २ | १५ |
| | **जम्मा** | **२६** | **८०** |
| प्रक्रिया | ६. कार्ययोजना र कार्यान्वयन | ६ | १३ |
| | ७. बजेट निकासा तथा लेखा व्यवस्थापन | ६ | ११ |
| | ८. शिक्षक तथा कर्मचारी व्यवस्थापन | ३ | ९ |
| | ९. शिक्षण सिकाइ तथा परीक्षा व्यवस्थापन | ४ | १९ |
| | १०. अनुगमन, निरीक्षण तथा पेसागत सहयोग | १२ | ४४ |
| | ११. युवा परिचालन, खेलकुद तथा अतिरिक्त क्रियाकलाप | ७ | १५ |
| | १२. सञ्चार, समन्वय, सहकार्य र समता/समावेशीकरण | ९ | ३४ |
| | १३. निरन्तर एवम् वैकल्पिक शिक्षा व्यवस्थापन | ८ | ३७ |
| | १४. वातावरण संरक्षण एवम् विपत् व्यवस्थापन | ४ | १५ |
| | १५. सुशासन र जवाफदेहीता | ९ | २५ |
| | **जम्मा** | **६८** | **२२२** |

| मुख्य सेवा क्षेत्र | सेवा तथा कार्य विवरणको क्षेत्र | सूचक सङ्ख्या | सूचकगत पूर्णाङ्क |
|---|---|---|---|
| नतिजा | १६. सेवाग्राही सन्तुष्टिस्तर | - | - |
| | १७. सिकाइ उपलब्धिस्तर | ६ | २१ |
| | १८. सिकाइ पूर्वाधार विकास | ९ | २४ |
| | **जम्मा** | **१५** | **४५** |
| | कुल जम्मा | १०९ | ३४७ |

गत आर्थिक वर्ष २०७९/८० मा सातै प्रदेशका कैलाली, सुर्खेत, रुपन्देही, मकवानपुर, धादिङ, काभ्रे, लमजुङ, नवलपरासी (सुस्ता पूर्व), बारा, धनुषा, मोरङ र इलाम गरी १२ जिल्लाका ३५ स्थानीय तहहरूको शैक्षिक सेवा प्रवाहको कार्यसम्पादन परीक्षण गरिएको थियो। यसको प्रतिवेदन आ.व. २०८०/८१ मा प्रकाशन गरिने छ।

परीक्षण साधन कार्यान्वयन प्रक्रिया

स्थानीय तहबाट कार्यान्वयन गरिने शैक्षिक कार्यक्रमको सेवा प्रवाहको कार्य सम्पादन परीक्षण गर्न बृहत् छलफलबाट विकास गरिएको साधन प्रयोग गरिएको थियो। स्थानीय तहबाट प्रदान गरिने शैक्षिक सेवालाई कार्यसम्पादन सूचकमा विस्तृतीकरण गरी परीक्षण साधन तयार गरिएको थियो। स्थानीय तहबाट प्राप्त तथ्याङ्क तथा जानकारीको स्रोतबाट मूल परीक्षण फाराम भरीसकेपछि सेवाग्राही सन्तुष्टिबाट २० प्रतिशत अङ्क कार्यसम्पादन परीक्षणमा समावेश गरियो।

कार्यसम्पादन सूचकको प्रकृतिअनुसार दुई किसिमले मापन गरिएको थियो :

१. चेक लिस्टको रूपमा अङ्क प्रदान गर्न तयार गरिएका एक भन्दा बढी आधार छनोट गर्ने
२. श्रेणी मापन स्केलको रूपमा अङ्क प्रदान गर्न तयार गरिएका आधारमध्ये उपयुक्त कुनै एक आधार मात्र छनोट गर्ने

### ४.१५ सेवाग्राही सन्तुष्टि लेखाजोखा सञ्चालन र प्रतिवेदन तयारी

सेवाग्राहीको पहिचान गर्ने र प्रदान गरिएको सेवाप्रति उनीहरूको सन्तुष्टिकोस्तर सम्बन्धमा नियमित जानकारी पाउन सकिएको खण्डमा नागरिकप्रति सरकारको जवाफदेहीतामा अभिवृद्धि भई सार्वनजिक शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहज हुन सक्ने छ। यस सन्दर्भमा स्थानीय तहको संस्थागत जवाफदेहीता अभिवृद्धि गर्ने अभिप्रायले सेवाग्राही सन्तुष्टि लेखाजोखा गर्ने प्रयास गरिएको छ।

उद्देश्य र अपेक्षित नतिजा

उपर्युक्त पृष्ठभूमिमा प्रभावकारी शैक्षिक सेवा प्रवाह सम्बन्धमा स्थानीय तहलाई पृष्ठपोषण प्रदान गरी कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नु सेवाग्राही सन्तुष्टि लेखाजोखा कार्यको प्रमुख उद्देश्य रहेको छ।

यस लेखाजोखाको कार्यान्वयनपश्चात् स्थानीय तहको सार्वजनिक शैक्षिक सेवा प्रवाहमा देहायको सुधारात्मक नतिजा प्राप्त हुने अपेक्षा गरिएको छ :

- स्थानीय तहमा एकीकृत शैक्षिक सेवाका सेवाग्राहीको पहिचान हुने
- बदलिँदो परिवेशमा स्थानीय तहबाट प्रदान गरिने शैक्षिक सेवाका क्षेत्रहरू पहिचान हुने

- सेवाको गुणस्तर र सन्तुष्टिको स्तर पहिचान हुने
- सङ्घ, प्रदेश र स्थानीय तहबिच शैक्षिक कार्यक्रमको नीति निर्धारण, स्रोत परिचालन, योजना निर्माण र कार्यान्वयनमा उचित समन्वय र सन्तुलन कायम हुने
- स्थानीय तहहरू आफ्नो कार्यप्रति (स्व:) जवाफदेही हुने संयन्त्रको विकास हुने

**सेवाग्राही सन्तुष्टिसम्बन्धी प्रचलित अभ्यास**

सेवाग्राही सन्तुष्टि लेखाजोखासम्बन्धी केही प्रचलित अभ्यासहरूको पुनरवलोकन गर्ने प्रयास गरिएको छ । स्टानफोर्ड विश्वविद्यालयले सन् २०१७ मा गरेको 'क्लाइन्ट स्याटिस्फ्याक्सन सर्भे प्रतिवेदन अनुसार सेवाग्राहीको सन्तुष्टि वा असन्तुष्टिको क्षेत्र र सोको कारण पहिचान गर्न, सेवाप्रवाहमा सुधारका निरन्तर प्रयास गर्न, सेवा प्राप्त गर्नको लागि सेवाग्राहीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सेवाग्राही सन्तुष्टि लेखाजोखा गरिन्छ । सेवाग्राहीको सन्तुष्टि मापन गर्नको लागि छ अङ्कीय सन्तुष्टि मापन स्केल (६-point satisfaction scale) प्रयोग गरिएको छ । जस्तैः अति असन्तुष्ट (very dissastified-१), असन्तुष्ट (dissatisfied-२), केही असन्तुष्ट (somewhat dissatisfied-३), केही सन्तुष्ट (somewhat satisfied-४), सन्तुष्ट (satisfied-५) र अति सन्तुष्ट (very satisfied-६) । यसको अतिरिक्त प्रश्नको उत्तर दिन मननलागेको खण्डमा मलाई थाहा छैन (N/A or I don't know) समेत प्रयोग गर्न सकिन्छ ।

Hayes, B.E. (सन् २००८) प्रतिवेदनका अनुसार सेवाग्राही सन्तुष्टि लेखाजोखाको नतिजाका आधारमा संस्थालाई पुरस्कृत गर्ने कार्य गरिएको पाइन्छ । सेवा प्रदान गर्ने निकायले सेवा पाउने सेवाग्राही कुन हो भन्ने थाहा पाउनुपर्छ । सेवाग्राही केन्द्रित सेवा प्रवाहको लागि उनीहरूको आवश्यकता र अपेक्षा बुझ्ने र गुनासा सुन्ने गर्नुपर्छ । यसमा सेवाग्राही सन्तुष्टि सर्भेक्षणमा तीन चरण अपाइएको छः

(क) सेवाग्राहीको आवश्यकता निर्धारण गर्ने (determining customer requirements)
(ख) प्रश्नावली तयार गर्ने (developing and evaluating questionnaire)
(ग) प्रश्नावलीको प्रयोग गर्ने (using questionnaire)

सेवाग्राही सन्तुष्टि लेखाजोखा कार्यमा सेवाग्राहीले प्रत्यक्ष अनुभूति गरेको उल्लेखनीय (मन परेको वा नपरेको) घटना (Critical incidents) समेत सेवाग्राहीसँगको व्यक्तिगत र सामूहिक अन्तर्वार्ताबाट तयार गरिन्छ ।

Hayes,B.E. (सन् २००८) को प्रतिवेदनमा पाँच स्केलको Likert-type फर्मेट प्रयोग गरिएको थियो । सेवाग्राहीले प्राप्त गर्ने सेवाको अनुभूतिलाई अवलोकन गर्न सकिने गरी सूचकहरूमा राखी विभिन्न स्केलमा लेखाजोखा गरिएको थियो । जसमा strongly disagree (१), disagree (२), neither agree nor disagree (३), agree (४), strongly agree (५). Very satisfied (१), dissatisfied (२), neither satisfied nor dissatisfied (३), satisfied (४), very satisfied (५). Very poor अर्थात (१), poor (२), neither poor nor good (३), good (४) very good (५) जस्ता स्केलहरू प्रयोग गर्न सकिने उल्लेख छ ।

Minnesota Board of Social Work (सन् २०२१) ले तयार गरेको Customer satisfaction survey results २०२०: Protecting the public प्रतिवेदन अनुसार सेवाको समग्र सन्तुष्टि चार स्केलमा जाँच गर्न सकिन्छः जस्तै

extremely satisfied, somewhat satisfied, somewhat dissatisfied, extremely dissatisfied. प्राप्त तथ्याङ्क र विवरणलाई सङ्ख्यात्मक र गुणात्मक विधि अपनाएर विश्लेषण र प्रस्तुत गर्न सकिन्छ । साथै open ended question समेत सोधिएको छ । यसै गरी Sigma Software (२०२१) को Customer satisfaction survey report २०२१ प्रतिवेदनका अनुसार सेवा क्षेत्रको विषयअनुसार सन्तुष्टि जाँच गर्न सकिन्छ । जस्तैः सञ्चार, गुणस्तर, प्राविधिक सिप, सक्षमता, लेखा व्यवस्थापन इत्यादि ।

शैक्षिक जनशक्ति विकास केन्द्रबाट सन् २०१० (वि.स. २०६७) सालमा सञ्चालित 'क्लाइन्ट स्याटिस्फ्याक्सन सर्भेमा समूह छलफल र खुला अन्तरवार्तामार्फत प्राथमिक स्रोतबाट सेवाग्राहीहरूको मत, विचार र अनुभव सङ्कलन गरिएको थियो भने सान्दर्भिक साहित्य अध्ययनमार्फत् द्वितीय स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको थियो । बारम्वारता र साधरण प्रतिशतको आधारमा तथ्याङ्क विश्लेषण गरिएको थियो । यसै गरी गुणस्तर, परिमाण, समयपालना र सान्दार्भिकताको दृष्टिकोणबाट सेवाग्राहीको सन्तुष्टि मापन गरिएको थियो ।

यस लेखाजोखामा मुख्यत: यी चार प्रश्नहरूको उत्तर खोजिएको छः

(क) हामीहरू अहिले कहाँ छौँ ? (Where are we now? (Service or client profiling; baseline).

(ख) हाम्रा सेवाग्राहीले हामीलाई कुन अवस्थामा भएको देख्न चाहन्छन् ? (Where do our clients want us to be? (Desired future state, priorities for future improvement, set standards and targets).

(ग) हामी त्यो ठाउँमा कसरी पुग्न सक्छौँ ? (How will we get there? (Design improvement plan). र

(घ) हामी यसलाई कसरी कार्यरूपमा उतार्न सक्छौँ ? (How do we make it happen? (Implementation, monitoring and reporting).

यसै गरी सूचनाको प्रकृतिको आधारमा Normal, Moderate, Excellent; High, Moderate, Average, Low; र Excellent, Good, Average, Poor (rude) स्केल प्रयोग गरी सन्तुष्टिको मापन गरिएको छ ।

माथि पुनरवलोकन गरिएको सेवाग्राही सन्तुष्टिसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरूमा धैरै हदसम्म एकरूपताका बुँदाहरू भेट्न सकिन्छ । यसको आधारमा प्रस्तुत साधन निर्माण गर्दा मुख्यतया देहायका पक्षमा ध्यान दिइएको थियो :

(क) संस्थाबाट प्रदान गरिने सेवालाई कार्यसम्पादनको आधारमा लेखाजोखा गरी सन्तुष्टि मापन गर्ने

(ख) कार्यसम्पादनलाई विषयक्षेत्रहरूमा समूहीकृत गरी मापनीय सूचकहरूमा प्रस्तुत गर्ने

(ग) कार्यसम्पादन सूचकहरूलाई तीन बुँदा (three-point) लिकर्ट स्केलमा राखी सन्तुष्टि मापन गर्ने

(घ) अन्तरवार्ता र समूह छलफलका आधारमा सेवाको कार्यसम्पादन सम्बन्धमा क्रिटिकल इन्सिडेन्टहरू तयार गर्ने

सूचना सङ्कलन गर्नका लागि सर्भे प्रश्नावली, अन्तर्वार्ता, Focused Group Disscussion र श्रेणीमापन स्केल प्रयोग गर्न सकिन्छ । प्राप्त तथ्याङ्क र विवरणलाई तथ्याङ्क विश्लेषणका सान्दर्भिक परिमाणात्मक र गुणात्मक विधि प्रयोग गरी प्राप्त सूचना र तथ्याङ्क बीच त्रिकोणात्मक सम्बन्ध स्थापित गरी विश्लेषण र व्याख्या गर्न सकिन्छ ।

**लेखाजोखा साधन कार्यान्वयन प्रक्रिया**

सेवाग्रही सन्तुष्टि लेखाजोखा साधन स्थानीय तहबाट कार्यान्वयन गरिने शैक्षिक कार्यक्रमको सेवा प्रवाहका सम्बन्धमा सेवाग्राहीको सन्तुष्टि लेखाजोखा गर्न प्रयोग गरिएको थियो । स्थानीय तहले प्रवाह गर्ने शैक्षिक सेवालाई कार्यसम्पादन सूचकमा परिणत गरी लेखाजोखा साधन तयार गरिएको थियो । सेवाग्राहीले प्राप्त गर्ने सेवाको आधारमा फरक समूहका सेवाग्राहीका लागि फरक किसिमको सूचकहरू प्रयोग गरिएको थियो । साधनको प्रयोग गर्दा निम्नलिखित प्रक्रिया अपनाइएको थियो :

(क) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र अभिभावक गरी पाँच प्रकारका सेवाग्राहीको प्रत्येक समूहबाट दश प्रतिशतमा तोकिएको सेवाग्राहीहरूको सङ्ख्या छनोट गर्ने

(ख) विवरण सङ्कलन गर्दा दुई पक्षलाई समेट्नेः
- सम्पादित कार्यमा सेवाग्राहीको अनुभूति तथा सन्तुष्टि
- सेवा प्रवाह सम्बन्धमा सेवाग्राहीले अनुभूत र अवलोकन गरेका घतलाग्दा/उल्लेखनीय घटनाहरू

(३) प्राप्त विवरणलाई अनुसन्धानका उपयुक्त परिमाणात्मक तथा गुणात्मक विधि र साधन अपनाई प्राप्ताङ्कको प्रस्तुतीकरण, व्याख्या र विश्लेषण गरी तोकिएको ढाँचाबमोजिम प्रतिवेदन तयार गर्ने

(४) तयारी प्रतिवेदन शैक्षिक गुणस्तर परीक्षण केन्द्र र स्थानीय तहको शिक्षा समितिमा प्रस्तुतीकरण र छलफल गरी तालिका ३ बमोजिमको सुधारको योजना बनाई कार्यान्वयन गर्न प्रोसाहित गर्ने

(५) Critical Incident बाट प्राप्त विवरणलाई सूचकको आधारमा प्राप्त प्राप्ताङ्कको नतिजासँग त्रिकोणात्मक सम्बन्ध (Triangulation) स्थापित गर्न र नतिजालाई व्याख्या गर्नका लागि प्रयोग गर्ने

आर्थिक वर्ष २०७८/७९ मा कैलाली, सुर्खेत, रूपन्देही, मकवानपुर, धादिङ, काभ्रे, लमजुङ, नवलपरासी (सुस्तापूर्व), बारा, धनुषा, मोरङ र इलाम जिल्ला गरी १२ जिल्लाका ३५ ओटा स्थानीय तहहरूमा सेवाग्राही सन्तुष्टि लेखाजोखा गरिएको थियो । प्रत्येक पालिकाबाट दुई जना प्रधानाध्यापक, दुई जना व्यवस्थापन समितिका अध्यक्ष वा सदस्य गरी ७० जना, २१० जना अभिभावक, २१० जना शिक्षक र ४९० जना विद्यार्थी गरी कुल १०५० जना सेवाग्राहीहरूको सन्तुष्टिको लेखाजोखा गरिएको थियो । यसको प्रतिवेदन आ.व. २०८०/८१ मा तयार गरी प्रकाशन गरिने छ ।

## ४.१६ गैससको शैक्षिक कार्यक्रमको कार्यसम्पादन परीक्षण

शैक्षिक गुणस्तर परीक्षण केन्द्र नेपालको शैक्षिक संस्था र कार्यक्रमहरूको कार्य सम्पादन परीक्षण गर्ने स्वतन्त्र निकाय हो । यसबाट पनि गैरसरकारी संस्थाका कार्यक्रमहरूको कार्यसम्पादन परीक्षण गर्नु सान्दर्भिक देखिन्छ । केन्दद्वारा गरिने कार्य सम्पादन परीक्षणले कार्यक्रमहरूको पारदर्शिता र जवाफदेहीता पनि बढाउन मद्दत गरेको छ ।

सामाजिक सङ्घ संस्थाहरूले सामान्यतया दिगो विकासका लक्ष्यको कार्यान्वयनमा र सार्वजानिक जवाफदेहीताका लागि निगरानीकर्ताका रूपमा काम गरिरहेका हुन्छन् । सहभागितामूलक विकासको दृष्टिकोण अपनाउँदै, गैरसरकारी संस्थाहरू सरकारी कार्यलाई सघाउन प्रयत्नशील देखिन्छन् । यसर्थ गैरसरकारी संस्थाहरू आफ्नो दाता, सरोकारवाला र उनीहरूले सेवा गर्ने समुदायप्रति आफूले प्रयोग गर्ने स्रोत र हासिल गर्ने नतिजाका लागि जवाफदेही हुन्छन् । गैरसरकारी संस्थाहरूको कार्यसम्पादन परीक्षण गर्नाले ती संस्थाहरूलाई आफ्ना सरोकारवाला समूहप्रति उत्तरदायित्व र पारदर्शिता प्रदर्शन गर्न थप सहयोग गर्छ । कार्यसम्पादन परीक्षणले गैरसरकारी संस्थालाई आफ्ना शैक्षिक कार्यक्रमहरूमा राम्रोसँग काम गरिरहेको र

सुधार आवश्यक पर्ने क्षेत्रहरू पहिचान गर्न मद्दत गरेको छ । यसबाट समुदायमा आफ्ना शैक्षिक कार्यक्रमहरूको प्रभावका सम्बन्धमा पनि जानकारी प्रदान गर्ने कार्य हुन्छ । जुन भविष्यको कार्यक्रम निर्माण र कार्यान्वयनलाई सूचित गर्न र समान क्षेत्रमा काम गर्ने अन्य संस्थाहरूसँग सिकेका पाठहरू आदानप्रदान गर्नका लागि प्रयोग गर्न सकिन्छ । समग्रमा कार्यसम्पादन परीक्षणले गैरसरकारी संस्थाको जवाफदेहीता सुनिश्चित गर्न, कार्यक्रमको प्रभावकारितामा सुधार गर्न, अनुभवबाट सिक्न र कार्यक्रमको विश्वसनीयता कायम गर्न मद्दत गरेको हुन्छ ।

**उद्देश्य**

विभिन्न गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित शैक्षिक कार्यक्रमको कार्यसम्पादन परीक्षणका मुख्य उद्देश्य यसप्रकार तय गरिएको थियो :

(क) कार्यक्रमको प्रभावकारिता निर्धारण गर्ने : शैक्षिक कार्यक्रमले आफ्ना लक्ष्य र उद्देश्यहरूमा प्रगति गरेको छ कि छैन र अपेक्षित लाभाग्राहीका लागि सकारात्मक परिवर्तन गरेको छ कि छैन भनेर मूल्याङ्कन गर्ने

(ख) कार्यक्रमको सबल पक्ष तथा कमजोरी पहिचान गर्ने : शैक्षिक कार्यक्रम वा परियोजना निर्माण, कार्यान्वयन, र स्रोत विनियोजन आदिका सवल पक्षहरू र सुधार आवश्यक पर्ने क्षेत्रहरू पहिचान गर्ने

(ग) कार्यक्रमको जवाफदेहीता र पारदर्शिता कायम गर्ने : गैरसरकारी संस्था तथा तिनीहरूका कार्यक्रमको सरोकारवाला समूहप्रतिको उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गर्ने

(घ) निर्णय प्रक्रियालाई सूचित गर्ने : कार्यसम्पादन परीक्षणमार्फत प्राप्त जानकारीबाट कार्यक्रम वा परियोजना निर्माण, कार्यान्वयन र स्रोत विनियोजन सम्बन्धमा सूचित हुन र निर्णय गर्न प्रयोग गर्ने

**परीक्षणका सेवाक्षेत्र तथा सूचक**

ओइसिडी ड्याकका विकास परियोजनाको मूल्याङ्कन गर्ने छओटा मापदण्डहरू (सान्दर्भिकता, सुसङ्गतता, प्रभावकारिता, दक्षता, प्रभाव र दिगोपन) लाई ध्यान दिँदै विभिन्न गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित शैक्षिक कार्यक्रमहरूको कार्यसम्पादन परीक्षण गर्न निम्नलिखित छओटा क्षेत्रहरू निर्धारण गरिएका छन् :

- परियोजना डिजाइन
- सान्दर्भिकता
- प्रभावकारिता तथा कार्यकुशलता
- व्यवस्थापन
- समन्वय
- दिगोपना

यी छ ओटा कार्यसम्पादन परीक्षणका क्षेत्रहरूको मूल्याङ्कनका लागि प्रश्नका रूपमा २२ ओटा सूचकहरू निर्माण गरी साधनको निर्माण गरिएको थियो ।

**कार्यसम्पादनको स्तर वर्गीकरण तालिका (स्व:मूल्याङ्कन प्रयोजनका लागि)**

विभिन्न गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित कार्यक्रमहरूको कार्यसम्पादन परीक्षणका लागि बनाइएका साधनको प्रयोग गरी प्राप्त नतिजालाई विभिन्न श्रेणीहरूमा वर्गीकरण गरिएको छ जसअनुसार ९०% भन्दा बढी प्राप्ताङ्क प्रतिशत ल्याउने कार्यक्रमहरू विशिष्ट (outstanding), ८० भन्दा बढी र ९० भन्दा कम प्रतिशत ल्याउने कार्यक्रम उत्कृष्ट (excellent), ७० भन्दा बढी र ८० भन्दा कम प्रतिशत ल्याउने कार्यक्रम धेरै राम्रो (very good), ६० भन्दा बढी र ७० भन्दा कम प्रतिशत ल्याउने कार्यक्रमहरू राम्रो (Good), ५० भन्दा बढी र ६० भन्दा कम प्रतिशत ल्याउने कार्यक्रम सामान्य (Fair), र ५० प्रतिशत भन्दा कम प्रतिशत ल्याउने कार्यक्रम कमजोर (Poor/Below Average) वर्गमा पर्नेगरी स्तर निर्धारण गरिएको थियो।

**कार्यक्रम कार्यसम्पादन परीक्षणको वर्गीकरण तालिका**

| अङ्क | श्रेणी/वर्ग | रङ कोड | व्याख्या |
|---|---|---|---|
| ९०% भन्दा बढी | विशिष्ट (Outstanding) | | कार्यक्रम या परियोजनाको कार्यसम्पादनको स्तर जुन असाधारण रूपमा राम्रो, सर्वोत्कृष्ट वा उच्च गुणस्तरको छ। यसले उपलब्धि वा कार्यसम्पादनको उच्चतमस्तरको प्रतिनिधित्व गर्छ। |
| ८०%–९०% भन्दा कम | उत्कृष्ट (Excellent) | | यसले कार्यक्रमको उपलब्धि वा कार्यसम्पादनको यस्तो स्तर प्रतिनिधित्व गर्छ जुन एकदमै राम्रो (उत्कृष्ट) छ तर असाधारण या विशिष्ट हुनभने सकेको छैन। |
| ७०% – ८०% भन्दा कम | धेरै राम्रो (Very Good) | | यसले उपलब्धि वा कार्यसम्पादनको यस्तो स्तरलाई प्रतिनिधित्व गर्छ जुन सामान्यत स्वीकार्य गुणस्तरभन्दा माथि छ तर उत्कृष्ट ठहरिन केही मेहनत गर्नुपर्ने छ। |
| ६०% –७०% भन्दा कम | राम्रो (Good) | | यसले सामान्यत स्वीकार्य गुणस्तर वा न्यूनतम अपेक्षाहरू सन्तोषजनकरूपमा पूरा गर्ने कार्यसम्पादनको स्तरलाई प्रतिनिधित्व गर्छ। |
| ५०% –६०% भन्दा कम | सामान्य (Fair/ Average) | | यसले उपलब्धि वा कार्यसम्पादनको यस्तो स्तरलाई प्रतिनिधित्व गर्छ जुन न्यूनतम अपेक्षा जसोतसो पूरा गर्न पर्याप्त छ तर खासै सन्तोषजनक भने छैन। |
| ५०% भन्दा कम | कमजोर (Poor/ Below Average) | | यसले उपलब्धि वा कार्यसम्पादनको यस्तो स्तरको प्रतिनिधित्व गर्छ जुन न्यूनतम अपेक्षा पूरा गर्न सफल छैन। |

**कार्यान्वयनको तरिका**

गैरसरकारी संस्थाहरूद्वारा सञ्चालित कार्यक्रमहरूको कार्यसम्पादन परीक्षण विज्ञ परीक्षकहरूद्वारा गराइएको थियो। यस कार्यको लागि छानिएका विज्ञ परीक्षकहरूका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा अभिमुखीकरण तालिम सञ्चालन गरिएको थियो। उक्त तालिमपश्चात् विज्ञ परीक्षकहरूलाई तोकिएको कार्यक्रमको कार्यसम्पादन परीक्षणका लागि सम्बन्धित

गैरसरकारी संस्था तथा कार्यक्रम कार्यान्वयन भएको क्षेत्रमा क्षेत्रगत अध्ययनका लागि परिचालन गरिएको थियो। परिचालित विज्ञहरूद्वारा सङ्कलन गरी ल्याइएका परीक्षण फारामहरूको रुजु गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा निर्माण गरिएको डेटावेसमा तथ्याङ्क प्रविष्ट गरी तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन लेखन कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिने छ। कार्यक्रमगत साथै समष्टिगत प्रतिवेदन तयार गरी शिक्षा क्षेत्रका सरोकारवालामाझ सार्वजनिक गरिने छ।

आ.व. २०७९/८० मा तालिकामा उल्लिखित गैरसरकारी संस्थाहरूको कार्यसम्पादन परीक्षण गरिएको थियो।

| गैरसरकारी संस्थाको नाम | परीक्षण गरिएको शैक्षिक कार्यक्रम | कार्यक्रम सञ्चालन भएको जिल्ला |
|---|---|---|
| सेतो गुराँस राष्ट्रिय बालविकास सेवा | ECED | चितवन |
| केयर नेपाल | उडान | सिराहा |
| समुन्नत नेपाल | Promotion of Child Centered Learnig through Subjects | मकवानपुर |
| ASMAN NEPAL | NIK SHIKSHYA | धनुषा |

### ४.१७ काभ्रे र बारा जिल्लाका शिक्षक तालिम कार्यक्रमको कार्यसम्पादन परीक्षण

सङ्घीय शासकीय संरचनाअनुसार प्रदेश सरकार अन्तर्गत रही शिक्षा तालिम केन्द्रमार्फत् शिक्षासम्बन्धी विविध तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। शिक्षा तालिम केन्द्रमा सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त कार्यक्रमको अतिरिक्त तालिम केन्द्रको आफ्नै सक्रियता र पहलमा अन्य विषयगत संस्थाहरूसँग समन्वय र सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको पनि पाइन्छ।

सार्वजनिक निकायबाट प्रदान गरिने सेवाको सेवाग्राहीको पहिचान गर्ने र प्रदान गरिएको सेवाप्रति कार्यसम्पादनको स्तर सम्बन्धमा नियमित जानकारी पाउन सकिएको खण्डमा नागरिकप्रति सरकारको जवाफदेहीतामा अभिवृद्धि भई सार्वनजिक शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहज हुन सक्ने छ। यस सन्दर्भमा शिक्षा तालिम केन्द्रको संस्थागत जवाफदेहीता अभिवृद्धि गर्ने अभिप्रायले नमुनाको रूपमा शिक्षा तालिम केन्द्रको शैक्षिक तालिम कार्यक्रमको कार्यसम्पादन परीक्षण गरिएको थियो।

**उद्देश्य र अपेक्षित नतिजा**

उपर्युक्त पृष्ठभूमिमा प्रभावकारी शैक्षिक सेवा प्रवाहबारे शिक्षा तालिम केन्द्रलाई पृष्ठपोषण प्रदान गरी कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नु कार्यसम्पादन परीक्षण कार्यको प्रमुख उद्देश्य रहेको थियो।

यसको कार्यान्वयनपश्चात् शिक्षा तालिम केन्द्रको शैक्षिक तालिम सेवा प्रवाहमा देहायको सुधारात्मक नतिजा प्राप्त हुने अपेक्षा गरिएको छ :

- शिक्षा तालिम केन्द्रका एकीकृत शैक्षिक सेवाका सेवाग्राहीको पहिचान हुने
- बदलिँदो परिवेशमा शिक्षा तालिम केन्द्रबाट प्रदान गरिने शैक्षिक सेवाका क्षेत्रहरू पहिचान हुने

- सेवाको गुणस्तर र सन्तुष्टिस्तर पहिचान हुने
- सङ्घ, प्रदेश र स्थानीय तहबिच शैक्षिक कार्यक्रमको नीति निर्धारण, स्रोत परिचालन, योजना निर्माण र कार्यान्वयनमा उचित समन्वय र सन्तुलन कायम हुने
- सेवाप्रवाहमा देखिएका आन्तरिक तथा बाह्य समस्याहरूको पहिचान हुने
- शिक्षा तालिम केन्द्रहरू आफ्नो कार्यप्रति (स्व) जवाफदेही हुने संयन्त्रको विकास हुने

**परीक्षण साधन र कार्यान्वयन प्रक्रिया**

शिक्षा तालिम केन्द्रबाट कार्यान्वयन गरिने विविध पेसागत विकास कार्यक्रमको सेवा प्रवाहको कार्यसम्पादन परीक्षण गर्न साधनको प्रयोग गरिएको थियो । शिक्षा तालिम केन्द्रबाट प्रदान गरिने सेवालाई कार्यसम्पादन सूचकमा विस्तृतीकरण गरी परीक्षण साधन तयार गरिएको थियो । कार्यको प्रकृति अनुसार परीक्षण साधनलाई परिचयात्मक खण्ड र परीक्षण खण्डमा विभाजन गरिएको थियो । परीक्षण खण्डलाई मुख्य तीन भागमा विभाजन गरिएको थियो : (१) सामान्य व्यवस्थापकीय कार्य (२) तालिम कार्यक्रम र (३) सेवाग्राही सन्तुष्टि लेखाजोखा । मुख्य भागअन्तर्गतका क्रियाकलापलाई कार्यसम्पादन सूचकमा विस्तारित गरी अङ्क प्रदान गर्ने आधारको रूपमा विकास गरिएको थियो । प्राप्ताङ्कलाई कार्यक्रमगत र समूहगत रूपमा विश्लेषण गरी कार्यसम्पादनको स्तर निकालिएको छ ।

सेवा क्षेत्रगतरूपमा अङ्कभार विवरण कार्य सम्पादनको समग्र स्तर निकाल्ने आधार तपसील बमोजिम रहेको छः

अङ्क भार विवरण

| मुख्य सेवा क्षेत्र | पूर्णाङ्क | भार | भारित अङ्क निकाल्ने सूत्र |
|---|---|---|---|
| सामान्य व्यवस्थापकीय अवस्था | १५९ | ४०% | $क = \frac{\text{क को प्राप्ताङ्क}}{१५९} \times ४०$ |
| कार्यक्रमगत अवस्था | १०२ | ४०% | $ख = \frac{\text{ख को प्राप्ताङ्क}}{१०२} \times ४०$ |
| सेवाग्राही सन्तुष्टि सर्वेक्षण | १७६ | २०% | $ग = \frac{\text{ग को प्राप्ताङ्क}}{१७६} \times २०$ |

**समग्र कार्य सम्पादन स्तर मापनको आधार**

$$\text{सेवाको समग्र स्तर} = \frac{\text{जम्मा भारित प्राप्ताङ्क}}{१००} \times ३$$

समग्र कार्य सम्पादन परीक्षणलाई लेखाजोखा गर्न निम्न स्केल निर्धारण गरियो :

| सेवा प्रवाहको स्तर | स्तर निर्धारणको आधार | स्तर निर्धारणको व्याख्या |
|---|---|---|
| उत्कृष्ट तथा उदाहरणीय (Excellent and Exemplary) | ३.० | तोकिएका सेवा प्रवाहका सबै मापदण्डहरू उच्चतम अवस्थामा पूरा भएको र कार्यसम्पादनमा सिर्जनशीलता समेत देखिएको (meeting all service standards and expectations with creativity and innovation) |
| सन्तोषजनक (Satisfactory) | २.० देखि २.९ | तोकिएका सेवा प्रवाहका मापदण्डहरू धेरै जसो पूरा हुने गरेको तर कुनै बेला नहुने गरी एकरूपता नभएको (inconsistency in meeting service standards and expectations) |
| असन्तोषजनक (Unsatisfactory) | २ भन्दा कम | तोकिएका सेवा प्रवाहका मापदण्डहरू बिरलै मात्र पूरा हुने गरेको तर कुनै बेला नहुने गरी एकरूपता नभएको (seldom meeting service standards and expectations) |

**परीक्षण साधन विकास**

प्रचलित ऐन र कानुनद्वारा निर्धारित शिक्षा तालिम केन्द्रबाट प्रदान गरिने सेवालाई निम्नलिखित विषयक्षेत्रमा समूहीकृत गर्दै साधन निर्माण गरी नमुनाको रूपमा दुईओटा शिक्षा तालिम केन्द्र, बारा र काभ्रेपलाञ्चोकको कार्य सम्पादन परीक्षण गरिएको थियो ।

| सेवा क्षेत्र | क्रियाकलाप तथा सूचक सङ्ख्या | सूचकगत पूर्णाङ्क |
|---|---|---|
| **भाग १: सामान्य व्यवस्थापकीय अवस्था** | | |
| १. भौतिक व्यवस्थापन | १३ | ४४ |
| २. कार्यक्रम व्यवस्थापन तथा तयारी | ११ | २७ |
| ३. कार्यक्रम सञ्चालन प्रक्रिया | ४ | १३ |
| ४. अनुगमन, निरीक्षण र सहयोग | ६ | १८ |
| ५. अभिलेख व्यवस्थापन तथा डकुमेन्टेसन र रिपोर्टिङ | ६ | १७ |
| ६. जनशक्ति व्यवस्थापन | २ | ४ |
| ७. समन्वय र सहकार्य | ३ | ४ |
| ८. नेतृत्व र सुशासन | ७ | २१ |
| ९. अनुसन्धान र विकास | ३ | ११ |
| **जम्मा** | **५५** | **१५९** |
| **भाग २: तालिम कार्यक्रमगत अवस्था** | **कार्यक्रम सङ्ख्या** | **पूर्णाङ्क** |
| १०. शिक्षक तालिम कार्यक्रम (सङ्घीय सरकारबाट प्राप्त) | ५ | १५ |

| सेवा क्षेत्र | क्रियाकलाप तथा सूचक सङ्ख्या | सूचकगत पूर्णाङ्क |
|---|---|---|
| ११. शिक्षक तालिम कार्यक्रम (प्रदेश सरकारबाट प्राप्त) | १३ | ३९ |
| १२. व्यवस्थापन तालिम कार्यक्रम | ५ | १५ |
| १३. प्रशिक्षक प्रशिक्षण कार्यक्रम | ३ | ९ |
| १४. विविध व्यवस्थापकीय कार्य | ८ | २४ |
| **जम्मा** | **३४** | **१०२** |
| **भाग ३: सेवाग्राही सन्तुष्टि लेखाजोखा** | **सूचक सङ्ख्या** | **पूर्णाङ्क** |
| शिक्षक | ४४ | ८८ |
| प्रशिक्षक | ४४ | ८८ |
| **जम्मा** | **८८** | **१७६** |

नमुनाका रूपमा गरिएको कार्यसम्पादन परीक्षणका आधारमा साधन परिमार्जन गरी आ.व.२०८०/०८१ मा सातै प्रदेशका शिक्षा तालिम केन्द्रको कार्यसम्पादन परीक्षण गर्ने कार्यक्रम रहेको छ।

### ४.१८ प्रारम्भिक सिकाइ तथा विकास मापदण्डमा आधारित परीक्षण, २०८०

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यार्थी सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षण (कक्षा ५, कक्षा ८ र कक्षा १०), प्रारम्भिक बालविकास केन्द्रका बालवालिकाको सिकाइ र विकासस्तर परीक्षण तथा विद्यालयहरूको कार्यसम्पादन परीक्षण र विभिन्न निकायबाट सञ्चालित शैक्षिक कार्यक्रमको कार्यान्वयन प्रभावकारीता परीक्षण गर्दै आएको छ। त्यसै गरी यस केन्द्रबाट सबैका लागि शिक्षा शिशु विकास कार्यक्रमअन्तर्गत युनिसेफको आर्थिक सहयोगमा प्रारम्भिक बालविकास केन्द्रका बालवालिकाहरूको सिकाइ र विकासस्तर तथा बालविकास केन्द्रको कार्यसम्पादन परीक्षण हुँदै आएको छ।

देशभरमा रहेका करिब ३००३९ ओटा बालविकास केन्द्रमा स्थलगत रूपमा उपस्थित भई परीक्षण गर्न चालु आर्थिक वर्ष २०७९/८० का लागि स्वीकृत कार्यक्रम तथा बजेटबाट सम्भव नभएकाले Random Sampling विधिबाट २८० ओटा बालविकास केन्द्र/विद्यालयहरू परीक्षणका लागि छनोट गरिएका थिए। छनोटमा परेका बालविकास केन्द्रहरू इलाम, खोटाङ, मोरङ, सुनसरी, पर्सा, रौतहट, सर्लाही, चितवन, काठमाडौँ, ललितपुर, मकवानपुर, सिन्धुपाल्चोक, बागलुङ, गोरखा, कास्की, म्याग्दी, नवलपरासी पूर्व, बाँके, दाङ, पाल्पा, रूपन्देही, दैलेख, जाजरकोट, जुम्ला, रूकुम पश्चिम, सुर्खेत, अछाम, बैतडी, डोटी र कैलाली गरी ३० जिल्लामा पर्ने र उक्त बालविकास केन्द्रहरूमा परीक्षक (Assessor/Enumerator) प्रत्यक्ष रूपमा उपस्थित भइ छनोटमा परेका १५ वालवालिकाको विवरण अलग अलग सङ्कलन गर्नुपर्ने थियो। यस कार्यका लागि यस केन्द्रको जनशक्तिले नपुग्ने हुदाँ बाह्य परामर्श दाता संस्थामार्फत विज्ञसेवा लिई विवरण सङ्कलन कार्य गर्नुपर्ने भएकाले परामर्शदाता संस्था वा वाह्य विज्ञहरूले गर्नुपर्ने कार्यविवरण भएको कार्य क्षेत्रगत सर्त (TOR) तयार गरिएको थियो साथै विज्ञ संस्थाबाट समयमै कार्य सम्पन्न गरिएको थियो।

**उद्देश्य**

बालविकास केन्द्रहरूको विवरण सङ्कलन गर्नुको मुख्य उद्देश्य यसप्रकार रहेका छन् :

- Online Application सहितको साधन प्रयोग गरी प्रारम्भिक बालविकास केन्द्र/विद्यालयको कार्यसम्पादन परीक्षण गर्नु
- Online Application सहितको साधन प्रयोग गरी प्रारम्भिक बालविकास केन्द्र/विद्यालयका बालवालिकाहरूको सिकाइ अवस्था र विकासस्तर परीक्षण गर्नु

**कार्यसम्पादन प्रक्रिया**

(क) शैक्षिक गुणस्तर परीक्षण केन्द्र, परमार्शदाता र सम्बन्धित सरोकारवालाबिचमा नियमित छलफल, बैठक र परामर्श गरियो ।

(ख) शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षकहरूलाई परीक्षण साधन Tablet मा आधारित हुने गरी तालिम प्रदान गर्ने र केन्द्रमा रहेका Tablet परीक्षकलाई उपलब्ध गराई बालविकास केन्द्रमा Tablet सहित पठाउने व्यवस्था गरियो ।

(ग) परामर्शदाताले कार्यक्रम सञ्चालनका लागि कार्यक्रम संयोजक र प्रशासनिक कर्मचारी व्यवस्थापन गरी परीक्षक (Assessor/Enumerator), जिल्ला, विद्यालयका प्र.अ. र सम्बन्धित प्रारम्भिक बालविकास केन्द्र तथा सहजकर्तासँग नियमित समन्वय र सहजीकरण गरी आवश्यक सहयोग गरेको पाइयो ।

(घ) परामर्शदाता संस्थाले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको मापदण्डको आधारमा परीक्षक (Assessor/Enumerator) को छनोट र नियुक्ति गरी कार्यक्रम र कार्यप्रक्रियाका विषयमा अभिमुखीकरण कार्य सञ्चालन गरेको थियो ।

(ङ) शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षक (Assessor/Enumerator) लाई तालिम सञ्चालन गरेको थियो । परीक्षण कार्य सञ्चालन गर्दा शैक्षिक सत्र २०८० मा कक्षा १ मा भर्ना भएका बालबालिकाको परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको थियो ।

**उपलब्धि**

प्रस्तावित कार्य सम्पन्न भएपछि ३० जिल्लाका २८० प्रारम्भिक बालविकास केन्द्र र उक्त केन्द्रका बालवालिकाको सिकाइ अवस्था तथा विकासस्तर पहिचानका लागि तथ्याङ्क सङ्कलन भएको थियो ।

सङ्कलित तथ्याङ्कको विश्लेषण गरी आर्थिक वर्ष २०८०/८१ मा प्रतिवेदन प्रकाशन गरिने छ । यसै गरी गत आ.व. २०७८/७९ मा गरिएको ३४ जिल्लाका २७४ प्रारम्भिक बालविकास केन्द्र र उक्त केन्द्रमा अध्ययनरत बालबालिकाको सिकाइ र विकासस्तर परीक्षण प्रतिवेदनलाई पनि यस आ.व.मा अन्तिमीकरण गरी प्रकाशन गरियो । यस प्रतिवेदनमा मुख्य गरी बालबालिकाको सिकाइ र विकासको अवस्थालाई निम्नलिखित तीन तहमा राखेर विश्लेषण गरिएको थियो जुन कुरा तलको स्तम्भ चित्रहरूबाट पनि देखाउन खोजिएको छ :

**Fig. ३.२ ELDS score distribution by Domain**




उल्लिखित तालिकाले बालविकास तथा सिकाइका क्षेत्रमध्ये सामाजिक,भावानात्मक क्षेत्रमा विद्यार्थीहरूको सिकाइ तथा विकास अन्य क्षेत्रको तुलनामा कमजोर देखिन्छ। सिकाइ र विकासस्तरमा सबैभन्दा राम्रो क्षेत्र भने भाषिक सक्षमता देखिएको छ।

**Fig. ३.३ ELDS score distribution by gender**



यस चित्रमा छात्राको तुलनामा छात्रहरूको विकासात्मक तथा सिकाइको अवस्था राम्रो रहेको देखिन्छ। यसो भने तापनि छात्र र छात्राको तुलना गरी हेर्दा दुबैबिच खासै फरक भने देखिँदैन।

यसरी बालबालिकाको सिकाइ र विकासको अवस्थालाई On Track, Progressing र Struggling कुन लेवलमा छ हेरी त्यसको आधारमा थप सुधार मुलक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ कि छैन भनेर यस परीक्षणले ऐना देखाउनका साथै विभिन्न तहका सरकारलाई नीति तथा रणनीति बनाउन समेत पृष्ठपोषण दिने कार्य गरेको पाइएको छ।

प्रतिवेदनको सारांश निम्नानुसार रहेको छ :

परिचय र सन्दर्भ

नेपालमा सरकारले सन् २०१६ मा आधारभूत शिक्षा प्रणालीमा एक वर्षे ECED कार्यक्रमलाई मूलप्रवाहमा ल्यायो र ECED केन्द्रहरूको स्थापना र व्यवस्थापन, ECED केन्द्रहरूको न्यूनतम मापदण्ड, ECED पाठ्यक्रम र प्रारम्भिक सिकाइ विकास मापदण्ड (ELDS) को विकास जस्ता कार्यहरूको थालनीबाट सरकारले महत्त्वपूर्ण कार्यको सुरुवात गरेको देखिन्छ।

त्यस्ता प्रयासहरूको परिणाम स्वरुप प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकाहरूको पहुँच बढेको छ। यसको कारण समेतले शैक्षिक सत्र २०१८/१९ मा ३ र ४ वर्ष उमेर समूहका बालबालिकाको कुल भर्ना दर ८५% पुगेको देखिन्छ। प्रारम्भिक बालविकास केन्द्रमा बालबालिकाहरूको पहुँच बढेसँगै बढ्दो चेतनाका कारण गुणस्तरीय शिक्षाको माग बढेकाले राज्यले प्रारम्भिक बालबिकासका कार्यक्रमहरूलाई गुणस्तरीय बनाउनुपर्ने देखिन्छ। यो प्रतिवेदन नेपालमा ECED प्रणालीको गुणस्तर र नतिजाहरूमा केन्द्रित भएर प्रकाशन गरिने वार्षिक प्रतिवेदनको चौथो शृङ्खला हो।

प्रारम्भिक बालविकास तथा सिकाइ परीक्षण प्रतिवेदनका उद्देश्यहरू निम्नलिखित छन्:

(क) ELDS मा आधारित भएर बालबालिकाको विकास र सिकाइ स्तर राम्रोसँग बुझ्ने र विकासका दृष्टिले जोखिममा परेका बालबालिकाको अनुपात र विशेषताहरू पहिचान गर्ने

(ख) सिकाइ र विकास मापदण्ड अनुसार ECED कार्यक्रमहरूको गुणस्तर र विशेषताहरू पहिचान गर्ने

(ग) कार्यक्रम सुधारका लागि प्रमाणहरू सिर्जना गर्न ECED कार्यक्रमहरूको विशेषता र बालबालिकाको विकास र सिकाइ स्तर बिचको सम्बन्धहरू जाँच्ने

## विधि र नमुना

परीक्षण साधन

यस प्रतिवेदनका लागि दुई ओटा परीक्षण साधनहरू प्रयोग गरिएका थिए: ELDS परीक्षण साधन (२०२१) र ECED पृष्ठभूमि सर्वेक्षण साधन शैक्षिक गुणस्तर परीक्षण केन्द्रले ELDS मा आधारित भएर विकास गरेको ELDS परीक्षण साधन खेलमा आधारित परीक्षण साधन हो। यस साधनले बालबालिकाका शारीरिक, भाषा, संज्ञानात्मक र सामाजिक भावनात्मक/सांस्कृतिक क्षेत्रहरू समेटी ३६ उप-कार्यहरूसहित २१ प्रश्न समावेश गरेको थियो। यो साधन अनुसूची ८ मा राखिएको छ। परीक्षणको नतिजाको आधारमा, बालबालिकालाई तीन तहमा वर्गीकृत गरिएको थियो : On Track (विकासका हिसावले कक्षा १ अध्ययन गर्नका लागि तयार), Progressing (थोरै पछि परेका तर सहयोग पाएमा प्रगति गर्न सक्ने), र Struggling (ELDS धेरै तल्लो स्तरमा रहेका र यथेस्ट सहायताको आवश्यकता चाहिने)।

यसका अतिरिक्त, ECED पृष्ठभूमि सर्वेक्षण साधनलाई केन्द्रका शिक्षकहरूको शैक्षिक योग्यता, तालिम र कक्षाहरूका विभिन्न पक्षहरूमा तथ्याङ्कहरू सङ्कलन गर्न प्रयोग गरिएको थियो । नेपालमा प्रारम्भिक शिक्षा तथा विकास मापदण्डको आधारमा पृष्ठभूमि सर्वेक्षण साधनमा विभिन्न पक्षहरू जस्तै प्रशासनिक प्रक्रिया, विद्यार्थी भर्ना, शिक्षक तालिम, सामुदायको संलग्नता, शिक्षणका लागि प्रयोग गरिने भाषा, पाठ्यक्रम र पाठ्यपुस्तकको प्रयोग, सिकाइलाई सहयोग गर्न कक्षा कोठामा ठाउँको व्यवस्था, साथै सुरक्षा र स्वच्छता जस्ता पूर्वाधार समावेश गरिएका थिए ।

नमुना छनोट

अध्ययनका लागि नमुना छनोट रणनीतिले मुख्य नमुना एकाइ विद्यालय हुने गरी दुई चरणको Cluster Random नमुना छनोटलाई अबलम्बन गरेको थियो । प्रत्येक विद्यालयमा नमुना लिने बालबालिकाको सङ्ख्या १५ तय गरिएको थियो । क्लस्टरका लागि आवश्यक नमुना आकार ४० विद्यालयहरू थिए, ९% Margin of Error मा रहेर नमुनाको गणना गरिएको थियो । नमुना आकार निर्धारण गरेपछि, प्रत्येक प्रदेशबाट ४० विद्यालयहरू चयन गर्न PPS (Population Propotional Sample) नमुना छनोट विधि प्रयोग गरिएको थियो । नमुनाले जनसङ्ख्याको महत्त्वपूर्ण विशेषताहरू यथासम्भव प्रतिनिधित्व गरेको थियो । IEMIS मा उपलब्ध तथ्याङ्कबाट, निम्नलिखित तीन चरणहरूलाई स्तरको रूपमा चयन गरिएको थियो:

१. विद्यालय प्रकार (सामुदायिक र संस्थागत)
२. सुगमता (सहरी र ग्रामीण)
३. भौगोलिक क्षेत्र (हिमाल, पहाड, तराई)

दोस्रो चरणमा, प्रत्येक विद्यालयभित्रका विद्यार्थीहरूको छनोट सरल Random Sampling द्वारा गरिएको थियो । परीक्षकबाट कोबो सफ्टवेयरमार्फत विद्यार्थीहरू छनोट गरिएको थियो । धेरै विद्यार्थी भएका कक्षाबाट १५ बालबालिका छनोट गरिएको थियो । विद्यालयमा १५ भन्दा कम विद्यार्थी भएमा, सबै विद्यार्थी स्वत: रूपमा नमुनाका लागि छनोट भएका थिए । नमुना छनोटमा परेका २८० विद्यालयमध्येबाट परीक्षकले २७२ विद्यालयमा पुगेर जम्मा ३ हजार ७७५ विद्यार्थीको परीक्षण गरेका थिए । यी ३७७५ बालबालिका मध्ये, १४१३ विद्यार्थीहरू (नमुना गरिएका विद्यार्थीहरूको ३७.४%) ले परीक्षणमा सहभागी भएनन । यसमा मुख्य कारण नमुना छनोटमा परेका विद्यार्थीहरू परीक्षणका दिन विद्यालयमा अनुपस्थित हुनु थियो ।

**परीक्षणका नतिजा**

समग्रमा, बहुसङ्ख्यक (७७%) बालबालिका ELDS का हिसाबले विकासात्मक रूपमा On track मा रहेको पाइन्छ । तीन-चौथाइभन्दा बढी बालबालिका शारीरिक र भाषा क्षेत्रमा On track रहेका छन् तर सामाजिक र भावानात्मक क्षेत्रमा On track मा रहेका बालबालिकाको अनुपात तुलनात्मक रूपमा कम (लगभग ६१.२%) थियो । अन्य प्रमुख प्राप्ति निम्नानुसार छन् :

- मातृभाषाको रूपमा नेपाली बोल्ने बालबालिका अन्य भाषा बोल्नेहरू भन्दा बढी On track मा रहेको देखियो ।
- संस्थागत विद्यालयहरूमा लगभग सबै विद्यार्थीहरू (९५%) विकासको हिसाबले On track मा रहेको पाइयो । यसको विपरीत, सामुदायिक विद्यालयका ६५.६% विद्यार्थी On track मा देखिए । उमेर, मातृभाषा र ECED कक्षाकोठाका अन्य विशेषताहरूको लेखाजोखा गरिसकेपछि, संस्थागत विद्यालयहरू र त्यहाँका बालबालिकाको सिकाइ र विकासस्तरहरू बिच अझै बलियो सकारात्मक र सांख्यिकीय रूपमा महत्त्वपूर्ण सम्बन्ध रहेको पाइयो ।

- शहरी क्षेत्रका विद्यार्थीहरूको विशेष गरी संज्ञानात्मक र भाषा क्षेत्रहरूमा सिकाइ र विकासस्तर सकारात्मक रहेको पाइयो ।

यसबाहेक ECED कक्षाको संरचना र समग्र व्यवस्थापनको सन्दर्भमा निम्नलिखित प्रमुख निष्कर्षहरू देखियो:

- सामुदायिक ECED केन्द्रहरूमध्ये २५.६% ले एक वर्षे अनिवार्य पूर्व-प्राथमिक कक्षासँग संयोजन हुने गरी विविध कक्षाहरू (जस्तै: नर्सरी, एलकेजी, वा युकेजी) सञ्चालन गरेको पाइयो
- ९३% संस्थागत विद्यालयका ECED केन्द्रहरू प्रति दिन आवश्यक घण्टा (४.५ वा माथि) सञ्चालनमा आएका थिए, जबकि ८०.५% सामुदायिक ECED केन्द्रहरू पनि सोही घण्टामा सञ्चालनमा आएका थिए
- १७% विद्यालयहरूको ECED केन्द्रमा शौचालय नभएको र १६% ले सुरक्षित पिउने पानी नभएको उल्लेख गरे; यो अनुपात संस्थागतभन्दा सामुदायिक ECED को उच्च थियो

ECED कक्षाकोठाका विशेषताहरूको सन्दर्भमा, निम्नलिखित प्रमुख निष्कर्षहरू देखा परेका थिए :

- सर्वेक्षण गरिएका ECED केन्द्रहरूको आधाभन्दा बढी (५७%) ले निर्धारित पाठ्यक्रम प्रयोग गर्छन्; ती मध्ये, बहुसङ्ख्यक (लगभग ९६%) ले राष्ट्रिय पाठ्यक्रम प्रयोग गरेका थिए
- ३५% ECED शिक्षकहरूले कक्षाकोठामा पाठ्यपुस्तक वा कार्यपुस्तिका सामग्रीहरू प्रयोग नगरेको पाइयो (यो सङ्ख्या संस्थागतको तुलनामा सामुदायिक ECED केन्द्रहरूमा बढी थियो) । कक्षाकोठामा पाठ्यपुस्तक प्रयोग नगरेको अवस्थाको सम्बन्ध बालबालिकाको समग्र विकाससँग सकारात्मक थियो
- सिकाइ क्षेत्रहरू (शिक्षण सामग्रीसहितको विषय-विशिष्ट क्षेत्रहरू) को ECED केन्द्रमा उपलब्धताको सम्बन्ध बालबालिकाको विशेषगरी शारीरिक क्षेत्रको विकाससँग सकारात्मक रहेको पाइयो

अन्तमा, ECED शिक्षकहरूको सन्दर्भमा निम्न प्रमुख निष्कर्ष पाइयो :

- नमुनामा रहेका सबै शिक्षकहरूको न्यूनत्तम योग्यता (कक्षा १०) पूरा गरेको पाइयो । उच्च योग्यता भएका शिक्षकहरू (कक्षा १२, स्नातक, स्नातकोत्तर तह) को सम्बन्ध बालबालिकाको सबै क्षेत्रहरूमा सकारात्मक भएको पाइयो
- ७१.४% ECED शिक्षकहरूले कुनै पनि किसिमको पूर्व-सेवा तालिम नलिएको पाइयो
- संस्थागत ECED शिक्षकहरूको ४२% र सामुदायिक ECED शिक्षकहरूको २५% ले कुनै पनि सेवा कालीन तालिम प्राप्त नगरेको पाइयो
- दुबै प्रकारका शिक्षकहरूको पूर्व-सेवा र सेवाकालीन तालिमहरूको सम्बन्ध बालबालिकाको विकाससँग थोरै रूपमा मात्र सकारात्मक रहेको पाइयो

**निष्कर्ष**

निम्नलिखित बुँदाहरूले मुख्य प्राप्तिहरूको केही महत्त्वपूर्ण कार्यान्वयनलाई सङ्क्षेपमा प्रस्तुत गरेका छन्:

- धेरै जसो बालबालिका Ontrack मा रहेको पाइन्छ, तर विशेष गरी सामुदायिक विद्यालय र ग्रामीण क्षेत्रका बालबालिकाका साथै घरमा नेपालीबाहेक अन्य भाषा बोल्ने Progressing र Struggling स्तरमा रहेका बालबालिकालाई महत्त्वपूर्ण सहायताको जरुरी देखिन्छ
- नमुना छनोटमा परेका धेरै जसो ECED केन्द्रहरूमा पर्याप्त ठाउँ, शौचालय, प्राथमिक उपचार र पिउने पानीको व्यवस्था भएता पनि अझै पनि यी महत्त्वपूर्ण पक्षहरूमा सुधार हुन आवश्यक देखिन्छ । ECED केन्द्रहरूबाट न्यूनतम

आवश्यकताहरू प्रवर्द्धन गर्न निरन्तर प्रयासहरू गर्न आवश्यक देखिन्छ

- वर्तमान प्रणालीमा ECED शिक्षकहरूको तालिमलाई महत्त्वपूर्ण पेसागत विकास संयन्त्र मानिन्छ तर बालबालिकाको विकाससँग यसको नगण्य सम्बन्ध देखिन्छ। यसबाहेक, तालिमको सङ्ख्या र गुणस्तर विद्यालयका प्रकार र भौगोलिक क्षेत्रअनुसार फरक-फरक हुन्छ। विषयवस्तु, कार्यान्वयन र निरन्तर पेसागत सहयोगका साथ साथै सबै शिक्षकहरूका लागि गुणस्तरीय तालिमहरूमा समान पहुँच सुनिश्चित गर्ने प्रयासका हिसावले प्रभावकारी तालिम कार्यक्रम विकास गर्न थप अनुसन्धान आवश्यक देखिन्छ

### ४.१९ अनुगमन तथा सहजीकरण

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA), विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण (Performance Audit), प्रारम्भिक बालविकास केन्द्रका बालवालिकाहरूको सिकाइ र विकासस्तर परीक्षण (ELDS), सेवाग्राही सन्तुष्टि सर्वेक्षण (CSS) तथा अनुसन्धान तथा विकास (R&D) जस्ता शैक्षिक गुणस्तर परीक्षण केन्द्रका सम्पादित मुख्य कार्यहरूलाई व्यवस्थित, प्रभावकारी र नियमित रूपमा सम्पादन तथा व्यवस्थापनका लागि यस केन्द्रले तहगत सरकार तथा यसका निकाय र विद्यालय तथा शैक्षिक निकायको कार्यसम्पादनमा सहजीकरण गर्नुका साथै कार्यक्रम कार्यान्वयनको प्रभावकारिता एवम् पृष्ठपोषण प्राप्तिका लागि अनुगमनसमेत गर्दै आएको छ। आर्थिक वर्ष २०७९/८० मा केन्द्रका महानिर्देशक, निर्देशक, शाखा अधिकृत लगायत सञ्चारकर्मीहरूबाट समेत मन्त्रालय तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गरी अनुगमन तथा सहजीकरण कार्य भएका छन्।

### ४.२० प्रबोधीकरण गोष्ठी सञ्चालन

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सम्पादन गरेका विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA), माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण (Performance Audit) तथा विद्यालय स्तरीकरण, प्रारम्भिक बालविकास केन्द्र, स्थानीय तह एवम् शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण (PA), प्रारम्भिक बालविकास केन्द्रका बालवालिकाको सिकाइ र विकासस्तर परीक्षण (ELDS), कक्षा ३ का बालबालिकाको पढाइ तथा गणितीय सिप परीक्षण (NARN), स्थानीय तहमा शैक्षिक सेवा प्रवाहको सेवाग्राही सन्तुष्टि सर्वेक्षण (CSS), शिक्षा तालिम केन्द्र र गैरसरकारी संस्थाहरूको कार्यक्रमको प्रभावकारिता परीक्षण लगायतका कार्यहरूका प्रतिवेदनमा उल्लिखित प्राप्ति र सिफारिसका सम्बन्धमा सरोकारवालालाई जानकारी दिने उद्देश्यले प्रदेशस्तरमा प्रबोधीकरण गोष्ठी सञ्चालन गर्दै आएको छ। आर्थिक वर्ष २०७९/८० मा कर्णाली प्रदेशको सुर्खेत, लुम्बिनी प्रदेशको बुटवल, वागमती प्रदेशको हेटौँडा र कोसी प्रदेशको विराटनगरमा एक दिवसीय प्रबोधीकरण गोष्ठी सम्पन्न गरिएका छन्। प्रबोधीकरण गोष्ठीमा प्रदेश सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री, सचिव, निर्देशक तथा अन्य कर्मचारी; जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख र अन्य कर्मचारी, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव र सहसचिव; शैक्षिक गुणस्तर परीक्षण केन्द्रका महानिर्देशक, निर्देशक तथा अन्य कर्मचारी, नगरपालिकाका प्रमुख तथा उपप्रमुख, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखा प्रमुख; विद्यालयका व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, स्थानीय सञ्चारकर्मी तथा पत्राकार लगायत महानुभावहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा शैक्षिक गुणस्तर परीक्षण केन्द्रका तर्फबाट हालसम्मको परीक्षणका प्राप्ति एवम् सिफारिसलाई समेटी प्रस्तुतीकरण गरिएको थियो भने सहभागीहरूले छलफलमा भाग लिई विभिन्न प्रतिक्रिया व्यक्त गरेका थिए।

**प्रदेशस्तरीय प्रबोधीकरण गोष्ठीको उपलब्धि**

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सञ्चालन गरेको प्रबोधीकरण गोष्ठीबाट देहायको उपलब्धि हासिल भएका छन् :

- शैक्षिक गुणस्तर परीक्षण केन्द्र र यसले सम्पादन गर्ने कार्यहरूका सम्बन्धमा प्रदेशस्तरमा सुसूचित हुनु
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सम्पन्न भएका विभिन्न परीक्षणका प्रतिवेदन तथा नतिजा र सिफारिसका सम्बन्धमा सम्बन्धित प्रदेशभित्रका प्रदेश सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र, जिल्ला समन्वय समिति, शिक्षा विकास तथा समन्वय एकाइ, स्थानीय तह, विद्यालय लगायत सरोकारवाला निकायहरूलाई अवगत भई शैक्षिक गुणस्तर सुधारका लागि सञ्चालन गर्नुपर्ने कार्यहरू गर्नका लागि सकरात्मक दवाव सिर्जना हुनु
- परीक्षणका प्रतिवेदन, नतिजा र सिफारिसका विषयमा प्रचारप्रसार भई कार्यान्वयनका लागि सम्बन्धित निकाय तथा तहलाई दवाव सिर्जना हुनु
- केन्द्रले आफ्नो कार्यसम्पादनमा आगामी दिनमा गर्नुपर्ने सुधारका विषयमा सरोकारवालाबाट पृष्ठपोषण प्राप्त हुनु
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, प्रदेश सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र, जिल्ला समन्वय समिति, शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह, विद्यालय र स्थानीय सञ्चारकर्मीहरू बिचमा समन्वय र सहकार्यमा अभिवृद्धि भई विश्वासको वातावारण सिर्जना हुनु

प्रदेशस्तरीय प्रबोधीकरण गोष्ठीमा व्यक्त धारणा एवम् प्रतिक्रिया

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रदेश तहमा सञ्चालन गरेको प्रबोधीकरण गोष्ठीमा यस अगाडि उल्लेख गरिएका सहभागीहरूले व्यक्त गर्नुभएका धारणाहरू यसप्रकार रहेका छन :

- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गरेका परीक्षणहरूको प्रतिवेदनका नतिजा तथा सिफारिसहरूले हाम्रो शैक्षिक अवस्थाको ऐना देखाएको र खस्किएको शैक्षिक गुणस्तरलाई उकास्नका लागि रणनीति तयार गरी अगाडि बढ्नुपर्ने
- प्रदेश सामाजिक विकास मन्त्रालयले शिक्षा क्षेत्रको भौतिक तथा शैक्षिक विकासका लागि कार्यक्रम तथा बजेट बिनयोजन गर्दै आएको र आगामी दिनमा शिक्षा क्षेत्रको विकासका लागि थप कार्यक्रम तथा बजेट व्यवस्था गर्दै जाने
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले स्थानीय तह तथा विद्यालयहरूलाई प्राविधिक सहायता उपलव्ध गराउनुपर्ने
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गरेका परीक्षण तथा सोको प्रतिवेदन विद्यालय तहसम्म प्रबोधीकरण गरी कार्यान्वयनमा सहजीकरण गर्नुपर्ने
- विद्यालयको शैक्षिक अवस्था सुधारका लागि तहगत सरकार तथा शासकीय साझेदारहरू एकीकृत र ऐक्यबद्ध भएर अगाडि बढ्नुपर्ने
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले तुलनात्मक अध्ययन गर्नुपर्ने
- परीक्षणको क्रममा गरिने पृष्ठभूमि अध्ययनलाई समसामयिक बनाइनुपर्ने



मिति २०८० असार १९ गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा भएको प्रबोधीकरण गोष्ठी



मिति २०८० जेष्ठ २७ गते मकवानपुरको हेटौँडामा भएको प्रबोधीकरण गोष्ठी



मिति २०८० बैशाख २२ गते बुटवलमा भएको प्रबोधीकरण गोष्ठीलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवज्यबाट सम्बोधन हुँदै



मिति २०८० वैशाख ३० गते सुर्खेतमा भएको प्रबोधीकरण गोष्ठीको उदघाट्न

## ४.२१ सञ्चार संस्थासँग सहकार्य

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (NASA) र कार्यसम्पादन परीक्षण (PA) का प्रतिवेदनहरू एवम् सान्दर्भिक सिफारिसको प्रचार प्रसार एवम् सचेतना प्रयोजनका लागि भिन्न भिन्न सञ्चार संस्थासँग आबद्ध सञ्चारकर्मीसँग सहकार्य तथा अन्तरक्रिया कार्यक्रम गरिएको थियो । नमुनाका रूपमा सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, नवलपरासी, रूपन्देही र कपिलवस्तु जिल्लाका शिक्षा विकास तथा समन्वय एकाइ, स्थानीय तह र विद्यालयहरूमा तेस्रो पक्षका रूपमा स्वतन्त्र तवरले सम्बन्धित स्थानमा गई शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सम्पादन गरेका कार्यहरूको विषय तथा केन्द्रका प्रतिवेदन तथा सिफारिसका विषयमा स्थलगत अध्ययन गरी प्रतिवेदन गर्नका लागि छ जना सञ्चारकर्मीसँग सम्झौता गरिएको थियो । सम्झौता अनुसार तोकिएको जिल्लाका निकायहरूमा गई स्थलगत रूपमा अनुगमन गरी सोको प्रतिवेदन शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा पेस गरिएको थियो । साथै शैक्षिक गुणस्तर परीक्षण केन्द्रले २०८० असार १९ गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव श्रीमान् रामकृष्ण सुवेदीसहित शैक्षिक नीति निर्माण तहका उच्च पदस्थ कर्मचारीका लागि आयोजना गरिएको परीक्षणको नतिजा तथा सिफारिस प्रबोधीकरण गोष्ठीमा सञ्चारकर्मी स्थलगत अध्ययनबाट प्राप्त प्रतिवेदनलाई समेत

प्रस्तुत गरेका थिए । सञ्चारकर्मीहरूको स्थालगत अनुगमन तथा सहजीकरणबाट प्राप्त प्रतिवेदनका सङ्क्षिप्त समस्याहरू यसप्रकार रहेका छन :

- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षण गरी प्रकासित प्रतिवदेन तथा नतिजा र सिफारिसका विषय स्थानीय तह, विद्यालय र शिक्षकलाई आवश्यक मात्रामा जानकारी गराउन नसक्नु
- माध्यमिक विद्यालयहरूको मात्र कार्यसम्पादन परीक्षण गर्दा तल्ला तहका विद्यालयहरूको अवस्था लेखाजोखा नहुँदा शैक्षिक सुधारमा प्रभावकारिता नआउनु
- विज्ञका रूपमा खटिएका कर्मचारीहरूले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको मापदण्डअनुरूप प्रभावकारी रूपमा कार्यसम्पादनमा ध्यान नदिनु
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परीक्षणमा विद्यालयको मात्र सहभागिताले स्थानीय तह, शिक्षा विकास तथा समन्वय एकाइलगायतको धारणा प्राप्त हुन नसक्नु
- कार्यसम्पादन परीक्षण कुन बेला गर्ने भन्ने बारेमा हेक्का राख्नुपर्ने आवश्यकता छ । कतिपय अवस्थामा औपचारिकता मात्रै पूरा गरेको महसुस हुन्छ । त्यसबाट प्राप्त हुने नतिजाका सम्बन्धमा गम्भीर रूपमा सोच्नुपर्ने देखिएको छ
- कार्यसम्पादन परीक्षणको सूचक प्रति अधिकांश विद्यालयको चित्त बुझाइ छैन । कक्षाकोठाको अभाव, खेलमैदानको अभाव, समुदायको योगदान लगायतका सम्बन्धमा धेरै विद्यालय चुकेका पाइन्छ । अधिकांश विद्यालयमा समुदायको योगदान शून्य प्राय: छ । यस्तो अवस्थामा त्यस्ता विद्यालयको पठनपाठन राम्रो वा स्तरीय भए पनि कार्यसम्पादन परीक्षणको फेहरिस्तमा निकै तल सूचीकृत हुनुपर्ने अवस्था छ । धेरै विद्यालयको भौतिक पूर्वाधार राम्रो भए पनि लालपूर्जा नहुँदा कम अङ्क ल्याउनुपर्ने अवस्था छ । तसर्थ विद्यालय कार्यसम्पादन परीक्षणको साधनलाई सोही बमोजिम आद्यावधिक र परिमार्जन गर्नुपर्ने देखिन्छ
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले तयार पारेका सिफारिस वा प्रतिवेदनको छपाइप्रति सम्बन्धित विद्यालयमा पुग्ने गरेका छैनन् । अझै पनि छपाइ प्रति नै अध्ययन गर्ने बानी धेरैको भएकाले प्रतिवेदनहरूको Hardcopy नै सम्बन्धित सरोकारवालालाई वितरण गर्नुपर्ने हुन्छ
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रका बारेमा Grassroot Level का सरोकारवालालाई विभिन्न माध्यमबाट जानकारी गराउनुपर्ने आवश्यकता छ

**सञ्चारसंस्थाबाट प्राप्त सुझाव**

- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षण गरी प्रकासित प्रतिवदेनमा उल्लिखित नतिजा र सिफारिसका विषय स्थानीय तह, विद्यालय र शिक्षक एवम् सरोकारवालसम्म पुऱ्याउने प्रबन्ध गर्नुपर्ने र यसका विषयमा व्यापक सचेतना फैलाउनु पर्ने
- माध्यमिकलगायत सबै तहका विद्यालयहरूको कार्यसम्पादन परीक्षण गर्नुपर्ने
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट परीक्षणमा खटाउने विज्ञहरूको हालको व्यवस्था संशोधन गरी स्थानीयस्तर कै विज्ञ तथा शिक्षाविद् खटाउने व्यवस्था गरिनुपर्ने
- परीक्षणमा विद्यालयको मात्र नभई स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको समेत सहभागिता रहनुपर्ने
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रतिवेदन र सिफारिसपछि नतिजाका सम्बन्धमा सम्बन्धित जिल्लामा गई जिल्ला वा स्थानीय तहस्तरमा प्रबोधीकरण वा अभिमुखीकरण वा सार्वजनीकरण गर्नुपर्ने

- शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रकाशन गरेका प्रतिवेदनमा भएका प्राप्ति, सुझाव र सिफारिसलाई विद्यालय सुधारसँग सम्बन्धित गराउनुपर्ने
- खटिएका विज्ञलाई उत्तरदायी र जिम्मेवार बनाउनेतर्फ सचेत हुनुपर्छ । स्थानीय सरकारमार्फत नतिजा प्रवाहित गर्दा स्थानीय सरकार जिम्मेवार बन्ने अवसर मिल्ने विषय पनि सोचनीय हुनुपर्ने
- शैक्षिक गुणस्तर परीक्षण केन्द्रका कार्यहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न हरेक जिल्लामा एक जना अधिकृतलाई सम्पर्क अधिकृतको जिम्मेवारी दिनुपर्ने । यसबाट परीक्षण सहज रूपमा सञ्चालन हुने र स्थानीय तहसँग समन्वय गर्न सजिलो हुने
- पालिका र प्रदेशहरूले विद्यालयको कार्यसम्पादन परीक्षण र विद्यार्थीको उपलब्धि परीक्षणको नतिजाका आधारमा विद्यालय सुधारका कार्यक्रम विकास गर्नुपर्ने
- विद्यालयको कार्य सम्पादनसँग स्थानीय तहको शिक्षाका कामको कार्यसम्पादन जोड्नुपर्ने

### ४.२२ जर्नल, ब्रुसियर र बुलेटिन प्रकाशन

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परिचय, उद्देश्य एवम् कार्यजिम्मेवारी र मुख्य गतिविधिहरूलाई समेटी सरोकारवालालाई सङ्क्षिप्त रूपमा जानकारी गराउने उद्देश्यले ब्रुसियर तयार गरिएको छ । त्यसै गरी केन्द्रले आर्थिक वर्ष २०७९/८० मा सम्पादिन कार्यको सङ्क्षिप्तमा समेट्ने गरी वार्षिक बुलेटिन तयार गरी प्रकाशनमा ल्याइएको छ । शैक्षिक गुणस्तर परीक्षणसँग सम्बन्धित अनुसन्धानमा आधारित खोजमूलक लेख-रचना मार्फत विज्ञ लेखकहरूको प्रतिभा, अनुभव एवम् विचारलाई समेटेर विभिन्न लेखकका लेखचरना भएको जर्नल प्रकाशन गरिएको छ ।

परिच्छेद ५

# वित्तीय अवस्था

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले नेपाल सरकारको मात्र स्रोत रहेको साधारण बजेट, विद्यालय शिक्षा क्षेत्र योजनाको बजेट र युनिसेफको अनुदान सहयोगमा सञ्चालित सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम कार्यान्वयन गर्दै आएको छ। यस केन्द्रलाई बजेट उपशीर्षक नम्बर ३५००३०११ बाट साधारण खर्चको कार्यक्रम तथा बजेट, बजेट उपशीर्षक नम्बर ३५००११०१ बाट विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यक्रम तथा बजेट तथा बजेट उपशीर्षक नम्बर ३५०००१०२ बाट सबैका लागि शिक्षा शिशु विकास कार्यक्रमको कार्यक्रम तथा बजेट विनियोजन हुँदै आएको छ।

## ५.१ वार्षिक वजेट विनियोजनको अवस्था र प्रगति

आर्थिक वर्ष २०७९/८० मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रका लागि स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको अवस्था र सोको कार्यान्वयन प्रगति अवस्था यसप्रकार प्रस्तुत गरिएको छ:

**शैक्षिक गुणस्तर परीक्षण केन्द्रको आ.व. २०७९/८० को कार्यक्रम तथा बजेट र खर्चको अवस्था**

**(रू. हजारमा)**

| क्र.स. | आयोजना/कार्यक्रमको नाम | बजेट उपशीर्षक | बजेटको प्रकार | वार्षिक बजेट | वार्षिक खर्च | भौतिक प्रगति (प्रतिशत) | वार्षिक वित्तीय प्रगति प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र- (साधारण) | ३५००३०११ | चालु | २४३२९ | २३०३४.२० | ९५ | ९४.६८ | नेपाल सरकार |
| २ | विद्यालय शिक्षा क्षेत्र योजना | ३५००११०१ | चालु | ४८९५० | ३७७७१ | १०० | ७७.१६ | |
| | | | पुँजीगत | ३७४६ | १८३३ | ७५ | ४८.९३ | |
| | | जम्मा | | ५२६९६ | ३९६०४ | | ७५.१६ | |
| ३ | सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम | ३५०००१०२ | चालु | ५००० | ४२२७.१६ | १०० | ८४.५४ | UNICEF |

आर्थिक वर्ष २०७९/८० मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रका लागि ब.उ.शी.न. ३५००३०११ मा नेपाल सरकारको स्रोतबाट विनियोजित रकम रु. २ करोड ४३ लाख २९ हजार मध्ये रकम रु. २ करोड ३० लाख ३४ हजार २ सय खर्च भई भौतिक प्रगति ९५ प्रतिशत र वित्तीय प्रगति पनि ९५ प्रतिशत नै भएको थियो। त्यसै गरी विद्यालय शिक्षा क्षेत्र योजनाको ब.उ.शी.न.३५००११०१ मा चालु तर्फ रकम रु. ४ करोड ८९ लाख ५० हजार र पुँजीगत तर्फ रकम रु. ३७ लाख ४६ हजार विनियोजन भएकोमा चालु तर्फ रकम रु. ३ करोड ७७ लाख ७१ हजार र पुँजीगत तर्फ रकम रु. १८ लाख ३३ हजार खर्च भई

चालु तर्फको भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति ७७ प्रतिशत रहेको छ भने पुँजीगत तर्फको भौतिक प्रगति ७५ प्रतिशत र वित्तीय प्रगति ४९ प्रतिशत रहेको छ। आर्थिक वर्षको बिचमा विद्यालय शिक्षा क्षेत्र योजना कार्यक्रमको बजेट रोक्का भई आर्थिक वर्षको अन्तिमतिर फुकुवा भएकाले समयमै कार्यप्रारम्भ गर्न नसेको कारणले प्रगति न्यून हुन गएको छ। UNICEF को अनुदान सहयोगमा सञ्चालित सबैका लागि शिक्षा शिशु विकास कार्यक्रमका लागि ब.उ.शी.न. ३५०००१०२ मा रकम रु. ५० लाख विनियोजन भएको र उक्त रकम मध्ये रकम रु. ४२ लाख २७ हजार १ सय ६० रूपैयाँ खर्च भई भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति ८५ प्रतिशत भएको छ।

### ५.२ लेखापरीक्षण तथा बेरूजुको अवस्था

**बेरुजु विवरण**

| क्र.स. | आर्थिक वर्ष | नियमित तथा प्रमाण पेस गर्नुपर्ने | असुल गर्नुपर्ने | पेस्की | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७८/७९ | १,८४,०३८/- | ०.० | ०.० | १,८४,०३८/- | |
| जम्मा | | १,८४,०३८/- | ०.० | ०.० | १,८४,०३८/- | |

आर्थिक वर्ष २०७८/७९ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले कार्यसम्पादनको क्रममा महालेखा परीक्षकको कार्यालयले असुलउपर गर्नुपर्ने र पेस्की बेरुजु शून्य रहेको एवम् नियमित तथा प्रमाण पेस गर्नुपर्ने बेरुजु रकम रु. १ लाख ८४ हजार ३८ रुपियाँ औंल्याएको थियो। नियमित तथा प्रमाण पेस गर्नुपर्ने बेरुजु फछर्योटका लागि आवश्यक प्रमाण तथा तथ्यसहित फाइल पेस गर्ने कार्य प्रक्रियामा रहेको छ। त्यसै गरी आर्थिक वर्ष २०७९/८० को लेखा परीक्षण कार्य भइसकेको छैन।

परिच्छेद ६

# समस्या, चुनौती र अवसर

## ६.१ समस्या

(क) कानुनी समस्या

शिक्षा ऐन, २०२८ को आठौँ संशोधनले ऐनको दफा ७ (ख) मा विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने काम समेतको लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने व्यवस्था गरेको छ। त्यसै गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रमुखका रूपमा काम गर्न नेपाल सरकारले एक जना प्रमुख शिक्षा परीक्षक नियुक्ति गर्ने व्यवस्था छ। ऐनको प्रावधान अनुसार हालसम्म पनि प्रमुख शिक्षा परीक्षक नियुक्ति हुन नसकेको विषय एकातिर छ भने अर्कोतिर प्रमुख शिक्षा परीक्षकको योग्यता नेपाल शिक्षा सेवाको कम्तिमा राजपत्राङ्कित प्रथम श्रेणीको पदमा काम गरेको हुनुपर्ने व्यवस्था छ र शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ एवम् केन्द्रको स्वीकृत सङ्गठन संरचनाअनुसार निजामती सेवाअन्तर्गत नेपाल शिक्षा सेवाका राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीलाई नेपाल सरकारले केन्द्रको कार्यकारी निर्देशक (महानिर्देशक) रहने प्रावधान रहेको छ। यसले केन्द्रको महानिर्देशक र प्रमुख परीक्षकबिचको योग्यता एउटै हुँदा कार्यसम्पादनमा बाधा आउन सक्ने देखिन्छ। त्यसै गरी ऐनको दफा ७ (ख) को उपदफा (६) मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने भन्ने व्यवस्था भए पनि हालसम्म शिक्षा नियमावलीमा सो विषय समावेश भएको छैन।

(ख) संरचनागत समस्या

शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा नेपाल सरकारले नेपाल शिक्षा सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीमा काम गरेका व्यक्तिलाई प्रमुख शिक्षा परीक्षक नियुक्ति गर्ने, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीलाई महानिर्देशकका रूपमा खटाउने व्यवस्था रहेको छ। अन्य कर्मचारीमा शिक्षा सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका चार जना निर्देशक, गणित, विज्ञान,नेपाली र अङ्ग्रेजीका एक एक जना गरी चार जना प्राविधिक अधिकृत, आठ जना निरीक्षण समूहका शाखा अधिकृत, तथ्याङ्क अधिकृत एक जना, लेखा अधिकृत एक जना र नेपाल शिक्षा, नेपाल प्रशासन सेवाका राजपत्र अनङ्कित प्रथम श्रेणीका कर्मचारीहरू रहेन सङ्गठन संरचना रहेको छ। आर्थिक प्रशासनलाई नियमित र व्यवस्थित एवम् प्रभावकारी बनाउनका लागि लेखा अधिकृतको सहयोगीका रूपमा काम गर्नका लागि लेखापालको दरवन्दी अभाव देखिन्छ। प्रमुख शिक्षा परीक्षक, रा.प. प्रथम श्रेणीको कार्यालय प्रमुख हुने विभागीय कार्यालयमा खरिद तथा जिन्सी व्यवस्थापन कर्मचारी प्रशासनलगायतका लागि नेपाल प्रशासन सेवाका शाखा अधिकृतको दरवन्दी अभाव देखिन्छ।

त्यसैगरी विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण, बालविकास केन्द्रका बालवालिकाको सिकाइ र विकासस्तर परीक्षण, शैक्षिक कार्यक्रमको प्रभावकारिता परीक्षण, शैक्षिक मुद्दाहरूको अनुसन्धान र विकास गर्ने जस्ता कार्यहरू गरिनुपर्ने यस केन्द्रमा विज्ञान,गणित, नेपाली र अङ्ग्रेजी विषयको एक एक जना प्राविधिक अधिकृत रहे पनि यो पर्याप्त देखिँदैन। परीक्षण र मूल्याङ्कनसँग सम्बन्धित विज्ञ, बालविकाससँग सम्बन्धित विज्ञ, डाटा वेस र अनुसन्धानसँग सम्बन्धित विज्ञ जस्ता यस केन्द्रका लागि आवश्यक पूर्णकालीन विज्ञ रहने व्यवस्था छैन। उपलब्ध जनशक्तिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा नियमित रूपमा क्षमता विकास गर्ने अवसर छैन। परीक्षण तथा

मूल्याङ्कन, अनुसन्धान तथा विकास र प्रतिवेदन लेखनका लागि सक्षम जनशक्ति तयार गर्ने योजनाको अभाव रहेको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले छिटो छिटो सरूवा तथा पदस्थापन गर्ने, शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परामर्श बेगर असम्बन्धित व्यक्तिहरूलाई पदस्थापन गरिदिने जस्ता कार्यले जनशक्ति व्यवस्थापमा स्थायित्व हुन सकेको छैन। यसले गर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यसम्पादनमा गुणस्तरीयता, नियमितता, प्रभावकारिता र संस्थागत गर्ने विषयमा समस्या देखिएको छ।

(ग) समन्वय र सहकार्य

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; शिक्षा तथा मानव स्रोत विकास केन्द्र; पठ्यक्रम विकास केन्द्र; राष्ट्रिय परीक्षा बोर्ड, प्रदेश सरकारअन्तर्गतको सामाजिक विकास मन्त्रालय, स्थानीय तह, विद्यालय, शिक्षाका विभिन्न सङ्घ संस्थासँग समन्वय र सहकार्य गरी आफ्नो कार्यसम्पादन गर्नुपर्ने अवस्था छ। विभिन्न परीक्षणको आधारमा प्राप्त नतिजाको विश्लेषण गरी सिफारिस गरिएका विषयहरू शैक्षिक गुणस्तर अभिवृद्धिका लागि केन्द्र आफूले कार्यान्वयन गर्नेभन्दा पनि विषय उजागर गरी सम्बन्धित तहका सरकार तथा निकायहरूले गर्नुपर्ने हुन्छ। यसका लागि तहगत सरकार एवम् सरकारका निकायहरूसँग लम्बीय तथा क्षितिजीय (Horizontal & Vertical) समन्वय कायम गरी प्रतिवेदनका सिफारिसका विषयहरू नीति तथा कार्यक्रममा समावेश गर्ने सम्बन्धमा समस्या देखिएको छ।

## ६.२ चुनौती

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, विद्यालय र शैक्षिक निकायको कार्यसम्पादन परीक्षण, स्थानीय तहमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण, प्रारम्भिक बालविकास केन्द्रका बालवालिकाको सिकाइ र विकासस्तर परीक्षण गरी शैक्षिक अवस्थाको लेखाजोखा गर्ने गर्छ। परीक्षणबाट प्राप्त नतिजाको वस्तुगत रूपमा विश्लेषण गरी गुणस्तरीय शिक्षाका लागि शिक्षा क्षेत्रमा गर्नुपर्ने सुधारका क्षेत्र पहिचान गरी सिफारिस गर्ने गर्छ। सिफारिस कार्यान्वयन गर्न सम्बन्धित निकायलाई कानुन रूपमा बाध्यकारी व्यवस्था नभएकाले हालसम्मको अवस्था हेर्दा केन्द्रले परीक्षण गरी सुधारको सिफारिस गर्ने र अन्य निकायले सिफारिस कार्यान्वयन नगर्ने अवस्था देखिएको छ। यस सम्बन्धमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक सुधारका लागि दिएका सिफारिसहरू कार्यान्वयन गर्ने विषय चुनौतीपूर्ण रहेको छ। मुख्य चुनौतीलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क. आर्थिक प्रशासनको नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता, औचित्य र सान्तर्भिकता जस्ता विषयको परीक्षण गरी प्रतिवेदन पेस गर्न महालेखा परीक्षकको कार्यालय स्वतन्त्र र स्वायत्त भएजस्तै गरी शिक्षा प्रशासनको गुणस्तरीयता, सान्दर्भिकता, विश्वसनीयता, वैधता, पारदर्शिता, प्रभावकारिता जस्ता विषयको परीक्षण गरी प्रतिवेदन पेस गर्न शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई स्वतन्त्र र स्वायत्त बनाउने कार्य चुनौतीपूर्ण देखिएको छ। त्यसै गरी महालेखा परीक्षकको प्रतिवेदन संसदमा पेस भई सम्बन्धित विषयगत समितिमा छलफल हुने र उक्त समितिले प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक दवाव दिने गर्छ। तर शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षण गरी सार्वजनिक गरेको प्रतिवेदन संसदमा पेस गर्ने र विषयगत समितिमा छलफल हुने कुनै कानुन प्रावधान नभएकाले संसदमा छलफल गरी कार्यान्वयनका लागि निर्देशन दिने बलियो आधार बनाउने विषय चुनौतीपूर्ण रहेको छ।

ख. शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षणको क्षेत्रमा विभिन्न अन्तर्राष्ट्रिय परीक्षणहरूले प्रयोग गर्दै आइरहेको विधि र प्रविधिहरूको प्रयोग गर्ने गरेको छ। यो विधि र प्रविधिमा अभ्यस्त जनशक्तिको देशभित्र अत्यन्तै अभाव छ। त्यसैले

शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा यो कार्यमा संलग्न प्राविधिकहरूको साथसाथै विश्वविद्यालय तथा अनुसन्धान केन्द्रका जनशक्तिको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरी यसका कार्यहरूलाई दिगोपन दिने र थप परिष्कृत बनाउनु एउटा जल्दोबल्दो चुनौती हो।

ग. शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा र देशभित्र बजारमा रहेका जनशक्तिको क्षमता अभावका कारण शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सङ्कलन गरेका तथ्याङ्क तथा सूचनाहरूबाट आम सरोकारवालाले प्रयोग गर्न मिल्ने दस्ताबेजहरू शैक्षिक प्रतिवेदन, जर्नलहरू आदि पर्याप्त मात्रामा प्रकाशन र निर्माण गर्न सकिएको छैन। त्यसैले तथ्याङ्क र सूचनाहरू अझै प्रयोगयोग्य बनाउनु अर्को चुनौती हो।

घ. त्यस्तै शिक्षा क्षेत्रका अभ्यासकर्ताहरूको सहभागितामा केन्द्रका नतिजाहरूको विश्लेषण गर्दै यसले देखाउन खोजेका मुख्य मुख्य कुराहरू के के हुन् ? यसको सुधारका लागि के के गर्न सकिन्छ ? सुधारका लागि कसले के के गर्ने ? भन्ने सन्दर्भमा Post NASA Intervention Plan विकास गरी कार्यान्वयनमा ल्याउन चुनौतीपूर्ण देखिएको छ।

## ६.३ अवसर

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, विद्यालय र शैक्षिक निकाय तथा कार्यक्रमको कार्यसम्पादन परीक्षण र लघु अनुसन्धान र विकासका कार्यहरू सम्पादन गर्दै आएको छ। यस केन्द्रको कार्यसम्पादनका लागि देखिएका अवसरहरूलाई देहायअनुसार प्रस्तुत गरिएको छ :

क. नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा राखेको छ । त्यसै गरी संविधानको धारा ५१ को राज्यका नीतिहरू अन्तर्गत नागरिकको आधारभूत आवश्यकतासम्बन्धी नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने विषय उल्लेख छ। सैवैधानिक व्यवस्थाअनुरूप नागरिकलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन शिक्षासम्बन्धी नीति तथा कार्यक्रममा निरन्तर सुधारका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्नु आवश्यक हुन्छ जसले गर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको आफ्नो कार्यसम्पादनलाई थप सशक्त वनाउन बल पुगेको छ।

ख. शिक्षा ऐन, २०२८ को आठौँ संशोधनले ऐनको दफा ७ (ख) मा विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने कार्यसमेतका लागि एक शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने व्यवस्था गरेको छ। त्यसै गरी ऐनको दफा ७ (ख) को उपदफा (६) मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने भन्ने व्यवस्था रहेको छ। यसले शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई कानुनी आधार दिएको छ।

ग. शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ मन्त्रालयबाट जारी भई कार्यान्वयनमा रहेको छ जसले गर्दा केन्द्रका कामकारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउने आधार दिएको छ।

घ. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, प्रधानाध्यापकको नेतृत्व परीक्षण, प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको सिकाइ र विकासस्तर परीक्षण, विद्यालय र शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण लगायतका कार्य गर्नका लागि अलग अलग मार्गदर्शन (Guideline) र साधनहरू विकास भइ कार्यान्वयनमा रहेको छ। यसले कार्यसम्पादनलाई व्यवस्थित, प्रभावकारी र नियमित बनाउन मद्दत गरेको छ।

ङ. विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२), विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७९) र विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) ले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना र यसको कार्य जिम्मेवारीका विषयमा स्पष्ट

रूपमा व्याख्या गरेको छ । तसर्थ शिक्षासम्बन्धी हरेक योजनाले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यजिम्मेवारीलाई समेट्दा यसको महत्त्व बढ्न गई कार्यसम्पादनमा सहजता आएको छ ।

च. शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सम्पादन हुने विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, विद्यालय तथा शैक्षिक निकायको कार्यसम्पादन परीक्षण, प्रारम्भिक बालविकास केन्द्रका बालवालिकाको सिकाइ र विकासस्तर परीक्षण जस्ता मुख्य जिम्मेवारी सम्पादन गर्नका लागि आवश्यक सामग्री तथा साधन विकास र प्राविधिक सहायताका लागि विश्वबैङ्क, युएसएआईडी, युनिसेफ, युनेस्को, वर्ल्ड एजुकेसन, ब्रिटिस काउन्सिल जस्ता विभिन्न विकास साझेदार संस्थाहरूबाट सहयोग प्राप्त हुदै आएको छ । यसबाट शैक्षिक गुणस्तर परीक्षण केन्द्रको थप गुणस्तरीय कार्यसम्पादनमा बल पुगेको छ ।

छ. सङ्घ, प्रदेश र स्थानीय सरकार गुणस्तरीय शिक्षा प्रदान गर्न कटिबद्ध रहेका छन् । नागरिक समाज, विकास साझेदार राजनीतिक दल लगायत सबै सरोकारवालामा गुणस्तरीय शिक्षाका लागि सचेतना बढेको छ । यसले गर्दा विद्यार्थीको सिकाइ उपलब्धि र शैक्षिक संस्थाको परीक्षण गरी सुधारका क्षेत्र पहिचान गर्न माग बढेको अवस्था छ । यो शैक्षिक गुणस्तर परीक्षण केन्द्रका लागि अवसरको विषय हो ।

ज. शैक्षिक गुणस्तर परीक्षण केन्द्रका कामकारवाहीका सम्बन्धमा विस्तारै स्थानीय तहसम्म प्रचारप्रसार तथा सचेतना हुँदै गई परीक्षणको आवश्यकता र औचित्य क्रमश: स्थापित हुँदै गएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यसम्पादनमा सरोकारवालाको चासो र चिन्ता बढ्दै गएको छ । विभिन्न स्थानीय तहबाट विद्यार्थी उपलब्धिको परीक्षण गरिदिन र प्राविधिक सहायता अपलब्ध गराइदिन अनुरोध हुँदै आएको अवस्था छ ।

झ. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेका स्थानीय तहका शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकारअन्तर्गत विद्यार्थी उपलब्धिको परीक्षण गर्ने विपषय समेटिएकाले स्थानीय सरकारलाई सो सम्बन्धमा चासो बढ्नु पनि शैक्षिक गुणस्तर परीक्षण केन्द्रका लागि अवसर हो ।

## परिच्छेद ७
# भावी कार्यदिशा

### (क) ऐन,कानुन, नियमावली तथा निर्देशिकामा समयानुकूल सुधार गर्ने

सङ्घीय शिक्षा ऐनमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रमुख शिक्षा परीक्षकको योग्यता कम्तीमा पनि शिक्षा सेवाको विशिष्ट श्रेणीको पदमा काम गरेको व्यक्ति हुनुपर्ने व्यवस्था व्यवस्था गरिनुपर्छ । प्रमुख शिक्षा परीक्षक नियुक्तिलाई अनिवार्य गरिनुपर्छ । शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परीक्षणबाट प्राप्त तथ्याङ्कको वस्तुगत विश्लेषण गरी सोको आधारमा सिफारिससहितको प्रतिवेदन नेपाल सरकारमार्फत संसदमा पेस भई छलफल हुने र सम्बन्धित निकायले कार्यान्वयन गर्ने स्पष्ट कानुन व्यवस्था गरिनुपर्छ । त्यसै गरी शिक्षा नियमावलीमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गर्ने काम, कर्तव्य र अधिकार; महानिर्देशकको काम, कर्तव्य र अधिकार एवम् विषयगत समितिमा रहने पदाधिकारीको योग्याता र सो समितिको काम, कर्तव्य र अधिकार स्पष्ट रूपमा उल्लेख गरिनुपर्छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ मा समसामयिक संशोधन गरी स्तरीकृत परीक्षण मूल्य, सिद्धान्त, परीक्षण प्रक्रिया, परीक्षण पश्चातको तथ्याङ्क विश्लेषण एवम् नतिजा प्रकाशन समयसीमा, परीक्षणमा संलग्न विज्ञ, कर्मचारी र विषयगत समितिको आचार संहिता, खर्च गर्ने आधार तथा मापदण्डलगायतका विषयमा स्पष्ट व्यवस्था गर्नु जरुरी देखिन्छ ।

### (ख) परीक्षणका मार्गदर्शन र साधन समयानुकूल बनाउने

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, विद्यालयहरूको कार्यसम्पादन परीक्षण, प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाको सिकाइ र विकासस्तर परीक्षण, शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता परीक्षण, शैक्षिक सेवा प्रवाहको सेवाग्राही सन्तुष्टि लेखाजोखा, प्रधानाध्यापकको नेतृत्व परीक्षण लगायतका परीक्षणका लागि विकास गरिएका मार्गदर्शन र साधनलाई समयसापेक्ष र अध्यावधिक गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रले आफ्नो कार्यसम्पादनलाई वस्तुगत, वैज्ञानिक, आधुनिक र वैध बनाउनु आवश्यक हुन्छ ।

### (ग) संरचनाको पुनसंरचना गर्ने

शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यसम्पादनका विषयलाई गुणस्तरीयता नियमितता, प्रभावकारिता र संस्थागत गर्न आवश्यकताअनुसार परीक्षण तथा मूल्याङ्कनसँग सम्बन्धित विज्ञ, बालविकाससँग सम्बन्धित विज्ञ, अनुसन्धान र प्रतिवेदनसँग सम्बन्धित विज्ञ, डाटाबेस व्यस्थापनसँग सम्बन्धित विज्ञसहित कम्तीमा पनि एक विषयमा दुई जना सम्म विषयगत विज्ञहरूको दरवन्दी सिर्जना गरिनुपर्छ । उपलव्ध जनशक्तिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको नियमित क्षमता विकासका अवसरहरूको व्यवस्था गरिनुपर्छ । मुख्य विषयका विषयगत पाठ्यक्रम, परीक्षण तथा मूल्याङ्कन, अनुसन्धान तथा विकास र प्रतिवेदन लेखनसँग सम्बन्धित विज्ञ जनशक्ति समूह तयारीको योजना निर्माण गरी सोअनुरूप कार्यान्वयन गरिनुपर्छ ।

त्यसैगरी दैनिक प्रशासनिक कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि लेखापाल, नेपाल प्रशासन सेवाका शाखा अधिकृतलगायतका विभागीय कार्यालयका लागि पदसोपानअनुरूपका दरवन्दी संरचनामा पुनरवलोकन गरिनुपर्छ । प्रभावकारी कार्यसम्पादनका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वयमा जनशक्ति व्यवस्थापनलाई स्थायित्व र प्रभावकारी बनाउनु आवश्यक छ ।

**(घ) समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने**

शैक्षिक कार्यक्रम, विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण र शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण एवम् लेखाजोखा गरी शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सुधार गर्नुपर्ने क्षेत्रमा गरिएका सिफारिसहरूको प्रभावकारी कार्यान्वयनका लागि तहगत सरकार एवम् सरकारका निकायहरूसँग Horizontal र Vertical समन्वय कायम गर्नु आवश्यक छ । यसका लागि तहगत सरकार एवम् सरकारका निकायहरूसँग निरन्तर सम्पर्क गर्ने र सञ्चार मध्यम एवम् सञ्चारकर्मी समेतबाट सचेतना अभियान सञ्चालन गर्नु जरुरी देखिन्छ ।

**(ङ) अन्य**

- सम्बन्धित सरोकारवालासँगको समन्वय तथा सहकार्यमा NASA चक्रको प्रभावकारी कार्यान्वयनको वातावरण सिर्जना गर्ने
- उपयुक्त भौतिक तथा मानवसंसाधन क्षमता विकासको योजना तर्जुमा गरी केन्द्रको विद्यमान अवस्थामा यथोचित पुनर्संरचना गर्ने
- परीक्षण एवम् मूल्याङ्कनका क्षेत्रमा समय समयको तालिम प्राप्त सम्बन्धित कक्षामा अध्यापन गर्ने विषय शिक्षक तथा उच्च तहको विज्ञता भएका परिमार्जनकर्ता (Moderator) सहितको रोष्टर तयार पारी परीक्षण साधन विकास गर्ने गराउने
- विद्यालय शिक्षा क्षेत्र योजनासँग तालमेल मिलाउने गरी परीक्षण तालिका विकास गरी कार्यान्वयनमा ल्याउने
- उत्तरपुस्तिकाको परीक्षणका लागि वस्तुगत मार्गदर्शन तथा उत्तरकुञ्जिका विकास गर्नुका साथै तथ्याङ्क प्रविष्टि, सफाइ एवम् विश्लेषणका लागि केन्द्रमा एउटा प्रभावकारी एकाइको प्रबन्ध गर्ने
- आवश्यकताअनुसार परीक्षण तथ्याङ्क विश्लेषणमा प्रश्न विश्लेषण विधि (Item Response Theory/IRT) र परम्परागत परीक्षण विधि (Classical Test Theory/CTT) दुवैको प्रयोग गरी परीक्षण सञ्चालन भएको ६ महिना भन्दा ढिला नहुने गरी प्रतिवेदनहरू सार्वजनिक गर्ने
- प्रतिवेदनको प्रयोगलाई वढावा दिन बहुप्रतिवेदन प्रणाली प्रयोग गर्नु उचित हुन्छ । विषयगत प्रतिवेदन (Thematic Report) केन्द्रका तर्फबाट तयार पार्ने एवम् यदि कुनै संस्थाले केन्द्रको तथ्याङ्कबाट विषयगत प्रतिवेदन (Thematic Report) तयार पार्न चाहेमा केही कानुनी प्रावधानसहित उपलब्ध गराउने
- प्रदेश तहलाई नासा कार्यान्वयनको अभियानमा सहभागी गराउन केन्द्रका तर्फबाट कोरा तथ्याङ्क (Raw Data) शुद्धिकरण गरी प्रदेशको सम्बन्धित मन्त्रालयलाई हस्तान्तरण गर्ने । त्यसका आधारमा प्रदेशले वार्षिक रूपमा प्रदेशस्तरीय विस्तृत प्रतिवेदन तयार पारी तदनुरुप सुधार कार्यक्रम कार्यान्वयनको प्रबन्ध गर्ने

- नासाका नतिजाहरूलाई विश्वव्यापी सक्षमता (Global Proficiency) सँग जोड्नु तथा अन्य अन्तर्राष्ट्रिय बृहत दायराका परीक्षण (Large scale assessments) सँग तुलना गर्नुका साथै दिगो विकास लक्ष्य (SDG-४) सूचकमा आधारित विश्वव्यापी प्रतिवेदन प्रणालीलाई कडाइका साथ प्रयोग गर्ने
- केन्द्रलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प्रत्यक्ष प्रभाव र नियमनबाट स्वतन्त्र राखी स्वायत्त तथा स्वतन्त्र निकायका रूपमा विकास एवम् सबलीकरण गर्ने
- केन्द्रलाई अत्यधुनिक पूर्वाधार र सुचना प्रविधिसहित सुसज्जित (Equipped) गर्ने
- केन्द्रसँग परीक्षण र मूल्याङ्कनका सम्बन्धमा यथोचित योग्यता र तालिम भएका पदाधिकारीहरू नियुक्त गर्न मिल्ने गरी स्थायी दरबन्दी सिर्जना गर्ने
- केन्द्रका सम्बन्धित प्रतिनिधिहरूलाई मूल्याङ्कन सम्बन्धी अन्तर्राष्ट्रिय सस्थाबाट आह्वान गरिने क्षमता विकाससम्बन्धी विभिन्न कार्यक्रमहरूमा सहभागिताको अवसर प्रदान गर्ने
- सामयिक रूपमा गरिने राष्ट्रिय परीक्षणका नतिजाहरू विद्यालय तहसम्म प्रवोधिकरण गरी विद्यालयहरूलाई सिकाइ सुधार योजना बनाउन र विद्यार्थी सिकाइ उपलब्धि बढाउने क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहन गर्ने
- राष्ट्रिय परीक्षण प्रणालिलाई सुदृढीकरण गर्नका लागि अन्तर्राष्ट्रिय परीक्षण साधनका कतिपय साधनहरूलाई Calibrating गर्ने एवम् IRT Modelling प्रयोग गरी तुलना गर्ने

## सन्दर्भ सामग्री


1) Manitoba Education, citizenship and youth २००६. Rethinking classroom assessment with purpose in mend: assessment of learning MOE: Manitoba
2) Clarke and Luna -Baldur, 2021 Primer on large scale assessments of educational achievement Washington world bank Group
3) Ra, S, Kim, S and Rhee, KJ. (2019) Developing national student assessment systems for quality education lesson from the republic of Korea Asian development bank manila.
4) Tobin, M Leitch, P Nugroho, D Vivekananda, R and Nyamkhuu, T (2015) Using large scale Assessments of Students Learning to Inform Education Policy Insights from the Asia Pacific Region Australian Council for educational Research and UNESCO Bangkok.
5) Creswell, J, Schwan ton, U and wraths, C (2015). A Review of international large scale Assessment in Education: Assessing components skills and collecting context and Data, PISA. The World Bank, Washington DC. OECD publishing pans
6) शै. गु. प. के. (वि.सं २०७७). शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट भएका उपलब्धि परीक्षण, कार्यसम्पादन परीक्षण र अध्ययन अनुसन्धानका प्रतिवेदनहरूको एकीकृत सारांश प्रतिवेदन, २०७७. काठमान्डौः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शैक्षिक गुणस्तर परीक्षण केन्द्र।
7) शै. गु. प. के. (वि.सं २०७७-२). शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक प्रतिवेदन २०७६/२०७७. काठमान्डौः शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शैक्षिक गुणस्तर परीक्षण केन्द्र।
8) Nuno Crato (ed.). (२०२१). Improving a Country's Education: PISA २०१८ Results in १० Countries. Springer.
9) Robert J. Marzano. (२००३). What Works in Schools: Translating Research into Action. ASCD
10) Steve Martin (२०१०). Knowledge from Inspection: External oversight and information to improve performance. In Kieran Walshe and Gill Harvey and Pauline Jas. (२०१०). Connecting Knowledge and Performance in Public Services: from Knowing to Doing (pp १६-३२). Cambridge: Cambridge University Press.
11) Steven Van De Walle and Wouter Van Dooren. (२०१०). How is information used to improve performance in the public sector? Exploring the Dynamics of Performance Information. In Kieran Walshe and Gill Harvey and Pauline Jas. (२०१०). Connecting Knowledge and Performance in Public Services: from Knowing to Doing (pp ३३-५४). Cambridge: Cambridge University Press.
12) Huw Davies, Sandra Nutley and Isabel Walter (२०१०). Using Evidence: How Social Research could be Better Used to Improve Public Service Performance. In Kieran Walshe and Gill Harvey and Pauline Jas. (२०१०). Connecting Knowledge and Performance in Public Services: from Knowing to Doing (pp १९९-२३२). Cambridge: Cambridge University Press.
13) (https://www.intosai.org/fileadmin/downloads/documents/open_access/ISSAI_१००_to_४००/issai_३००/ISSAI_३००_en_२०१९.pdf)

## अनुसूची १

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शैक्षिक गुणस्तर परीक्षण केन्द्रको सङ्गठन संरचना**

**महानिर्देशक**
**रा.प.प्रथम (शि./शि.प्र.) -१**

**विषय समितिहरू**

**परीक्षण समितिहरू**

**योजना, अनुगमन तथा प्रशासन एकाइ**
- निर्देशक रा.प.द्वि. (शि./शि.प्र.) -१
- शाखा अधिकृत रा.प.तृ. (शि./शि.प्र./नि.) -२
- लेखा अधिकृत रा.प.तृ. (प्र./लेखा) -१
- ना.सु.रा.प.अनं.प्र. (प्र.सा.प्र.) -२
- प्रा.स. रा.प.अनं. प्र. (शि./शि.प्र./नि.) -२
- क.अपरेटर रा.प.अनं. (वि.) -२
- हलुका सवारी चालक श्रेणीविहीन -२
- कास श्रेणीविहिन -४

**विषय समितिहरू**
- *निर्देशक रा.प.द्वि. (शि.प्र. तथा मू./शै.प. तथा मू.) -१
- प्राविधिक अधिकृत (शि.प्र.), नेपाली -१
- प्राविधिक अधिकृत (शि.प्र.), गणित -१
- प्राविधिक अधिकृत (शि.प्र.), विज्ञान -१
- प्राविधिक अधिकृत (शि.प्र.), अग्रेजी -१
- शाखा अधिकृत रा.प.तृ. (शि./शि.प्र./नि.) -२
- तथ्याङ्क अधिकृत (आ.यो. तथा त./त.) -१

**कार्यसम्पादन परीक्षण एकाइ**
- निर्देशक रा.प.द्वि. (शि./शि.प्र.) -१
- शाखा अधिकृत (शि./शि.प्र./नि.) -२

**अनुसन्धान तथा विकास एकाइ**
- निर्देशक रा.प.द्वि. (शि./शि.प्र.) -१
- शाखा अधिकृत (शि./शि.प्र./नि.) -२

* द्रष्टव्य : सो समूह र उपसमूहको पद कुनै पनि किसिमबाट रिक्त भएमा शिक्षा प्रशासन समूहमा परिणत हुनेछ।

## अनुसूची २

# शैक्षिक गुणस्तर परीक्षण केन्द्रका विषयगत समितिहरूको विवरण

**नेपाली विषय समिति**

| क्र.स. | पद | नाम थर | कार्यरत पद | ठेगाना |
|---|---|---|---|---|
| १. | अध्यक्ष | प्रा.डा. पारसमणि भण्डारी | प्राध्यापक | शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर, काठमाडौँ |
| २. | सदस्य | श्री चन्द्रकान्त भुसाल | महानिर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |
| ३. | सदस्य | श्री नारायण प्रसाद झा | निर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |
| ४. | सदस्य | डा. राजेन्द्र खनाल | उपप्राध्यापक | शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर, काठमाडौँ |
| ५. | सदस्य | श्री लक्ष्मण प्रधान | माध्यमिक शिक्षक | इपिएस माध्यमिक विद्यालय, वानेश्वर, काठमाडौं |
| ६. | सदस्य | श्री विष्णु घिमिरे रिमाल | माध्यमिक शिक्षक | ज्ञानोदय माध्यमिक विद्यालय काठमाडौं |
| ७. | सदस्य | श्री केदार दहाल | माध्यमिक शिक्षक | विश्व निकेतन माध्यमिक विद्यालय, त्रिपुरेश्वर, काठमाडौं |
| ८. | सदस्य | श्री रजनी धिमाल | प्राविधिक अधिकृत | शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर |
| ९. | सदस्य | श्री इन्दु खनाल | प्राविधिक अधिकृत | पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर |
| १०. | सदस्य सचिव | श्री कुमार घिमिरे | प्राविधिक अधिकृत, नेपाली | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |

**गणित विषय समिति**

| क्र.स. | पद | नाम थर | कार्यरत पद | ठेगाना |
|---|---|---|---|---|
| १. | अध्यक्ष | हरिप्रसाद उपाध्याय | प्राध्यापक | शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर, काठमाडौँ |
| २. | सदस्य | श्री चन्द्रकान्त भुसाल | महानिर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |
| ३. | सदस्य | श्री नारायणप्रसाद झा | निर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |
| ४. | सदस्य | श्री विनोद प्रसाद पन्त | उपप्राध्यापक | काठमाडौँ विश्वविद्यालय |
| ५. | सदस्य | श्री रमेशप्रसाद अवस्थी | माध्यमिक शिक्षक | हिमालय ह्वाइट हाउस कलेज, काठमाडौँ |
| ६. | सदस्य | श्री राजकुमार माथेमा | माध्यमिक शिक्षक | सैनिक आवासीय महाविद्यालय, भक्तपुर |

| क्र.स. | पद | नाम थर | कार्यरत पद | ठेगाना |
|---|---|---|---|---|
| ७. | सदस्य | श्री शोभा अधिकारी | माध्यमिक शिक्षक | चाँगुनारायण माध्यमिक विद्यालय, भक्तपुर |
| ८. | सदस्य | श्री हरिनारायण उपाध्याय | प्र.अ./माध्यमिक शिक्षक | स्कोलर्स होम एकेडेमी, काठमाडौँ |
| ९. | सदस्य सचिव | श्री श्यामप्रसाद आचार्य | प्राविधिक अधिकृत, गणित | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |

**अङ्ग्रेजी विषय समिति**

| क्र.स. | पद | नाम थर | कार्यरत पद | ठेगाना |
|---|---|---|---|---|
| १. | अध्यक्ष | प्रा.डा. विनोद लुइँटेल | प्राध्यापक | शिक्षा विकास तथा अनुसन्धान केन्द्र, त्रिवि, कीर्तिपुर, काठमाडौँ |
| २. | सदस्य | श्री चन्द्रकान्त भुसाल | महानिर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |
| ३. | सदस्य | श्री नारायणप्रसाद झा | निर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |
| ४. | सदस्य | डा. कमलराज देवकोटा | उपप्राध्यापक | शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर, काठमाडौँ |
| ५. | सदस्य | श्री विश्वनाथ कर्माचार्य | अध्यक्ष | बङ्गलामुखी क्याम्पस, ललितपुर |
| ६. | सदस्य | श्री लालमणि जोशी | माध्यमिक शिक्षक | शान्ति विद्याश्रम, ललितपुर |
| ७. | सदस्य | श्री आनन्द ढुङ्गाना | | आदर्शकन्या निकेतन माध्यमिक विद्यालय, मङ्गलबजार, ललिपुर |
| ८. | सदस्य | श्री दिनेश थापा | माध्यमिक शिक्षक | किटनी माध्यमिक विद्यालय, ललितपुर |
| ९. | सदस्य | श्री नवीन खड्का | पाठ्यक्रम अधिकृत, अङ्ग्रेजी | पाठ्यक्रम विकास केन्द्र सानोठिमी, सानोठिमी |
| १०. | सदस्य सचिव | श्री खगेन्द्र श्रेष्ठ | शाखा अधिकृत | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |

**विज्ञान विषय समिति**

| क्र.स. | पद | नाम थर | कार्यरत पद | ठेगाना |
|---|---|---|---|---|
| १. | अध्यक्ष | प्रा.डा. रजनी राजभण्डारी | प्राध्यापक | शिक्षाशास्त्र सङ्काय, सानोठिमी क्याम्पस, सानोठिमी, भक्तपुर |
| २. | सदस्य | श्री चन्द्रकान्त भुसाल | महानिर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |
| ३. | सदस्य | श्री नारायणप्रसाद झा | निर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |
| ४. | सदस्य | श्री भानुभक्त सापकोटा | सहप्राध्यापक | महेन्द्ररत्न क्याम्पस ताहाचला, काठमाडौँ |
| ५. | सदस्य | पुष्पराज भट्ट | उपप्राध्यापक | शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर, काठमाडौँ |

| क्र.स. | पद | नाम थर | कार्यरत पद | ठेगाना |
|---|---|---|---|---|
| ६. | सदस्य | श्री जयप्रकाश लाल | श्रीवास्तव पूर्व शिक्षक- | प्रभात माध्यमिक विद्यालय, ललितपुर |
| ७. | सदस्य | श्री ईश्वरकुमार घिमिरे | माध्यमिक शिक्षक | श्री पद्म माध्यमिक विद्यालय, दरवारस्वायर, भक्तपुर |
| ८. | सदस्य | श्री रविना महर्जन | प्रधानाध्यापक | सरस्वती निकेतन माध्यमिक विद्यालय, काठमाडौं |
| ९. | सदस्य | श्री युवराज अधिकारी | पाठ्यक्रम अधिकृत | विज्ञान, पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुर |
| १०. | सदस्य सचिव | श्री खिलनारायण श्रेष्ठ | प्राविधिक अधिकृत- विज्ञान | विज्ञान, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |

**कार्यसम्पादन परीक्षण विषय समिति**

| क्र.स. | पद | नाम थर | कार्यरत पद | ठेगाना |
|---|---|---|---|---|
| १. | अध्यक्ष | प्रा.डा. बालमुकुन्द भण्डारी | प्राध्यपक, | त्रि.विद्यालय, कीर्तिपुर, काठमाडौँ |
| २. | सदस्य | श्री चन्द्रकान्त भुसाल | महानिर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |
| ३. | सदस्य | प्रा.डा. बासुप्रसाद सुवेदी | प्राध्यापक | काठमाडौ विश्वविद्यालय |
| ४. | सदस्य | श्री सरला पौडेल | निर्देशक | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |
| ५. | सदस्य | डा. कुलप्रसाद खनाल | उपप्राध्यापक, | काठमाडौँ वि.विद्यालय, |
| ६. | सदस्य | प्रा.डा. रेवतकुमार ढकाल | उपप्राध्यापक, | काठमाडौ विश्वविद्यालय |
| ७. | सदस्य | डा. जानुका नेपाल | प्रधानाध्यापक | निलवाराही माध्यमिक विद्यालय, कालिमाटी, काठमाडौँ |
| ८. | सदस्य | रञ्जना बजगाईँ | प्रिन्सिपल | एसओएस स्कुल, सानोठिमी, भक्तपुर |
| ९. | सदस्य | मुकुन्द शर्मा | प्रधानाध्यापक | लिटिल एन्जेल्स विद्यालय, हात्तिवन, ललितपुर |
| १०. | सदस्य सचिव | | शाखा अधिकृत कार्यसम्पादन परीक्षण एकाइ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुर |

द्रष्टव्य : अनुसन्धान तथा विकास एकाइसँग सम्बन्धित अनुसन्धान सर्वेक्षण तथा कार्यसम्पादन परीक्षण कार्य भएमा कार्यसम्पादन परीक्षण एकाइका निर्देशक सदस्य र शाखा अधिकृत सदस्य सचिवको सट्टा समितिमा अनुसन्धान तथा विकास एकाइबाट सदस्य र सदस्य सचिव रहने व्यवस्था गरिएको छ ।

अनुसूची ३

# विद्यालय कार्यसम्पादन परीक्षण साधन, २०७९

(वाह्य परीक्षण तथा स्व: मूल्याङ्कन प्रयोजनार्थ)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**
सानोठिमी, भक्तपुर
फोन : ०१-६६३६५५६, ६६३६५५७
वेबसाइट: www.ero.gov.np, इमेल: eronasa@gmail.com

**(क) विद्यालयको आधारभूत विवरण : विद्यालयको विवरण भर्नुहोस् । (विवरण भर्दा नेपाली अङ्कमा लेख्नुहोस् ।)**

| विद्यालयको नाम : | |
|---|---|
| प्रदेश : | जिल्ला : |
| गाउँपालिका वा नगरपालिका : | |
| वडा नं. : | गाउँ / टोल : |
| सञ्चालित कक्षा : | देखि ....................सम्म |
| सञ्चालित कार्यक्रम : | प्राविधिक धार : छ /छैन |
| नमुना विद्यालय विकासका लागि | छनोट भएको : छ /छैन |
| विद्यालयको फोन नं. | |
| विद्यालयको इमेल : | |
| प्रधानाध्यापकको फोन नं. | |
| प्रधानाध्यापकको इमेल : | |
| विद्यालय (SEE) कोड नं : | |
| परीक्षण मिति : | |
| परीक्षकको नाम : | |
| परीक्षकको फोन नं.: | |
| परीक्षकको इमेल : | |

| कक्षा | ३ वर्षको विद्यार्थी सङ्ख्या | | |
|---|---|---|---|
| | २०७७ को | २०७८ को | २०७९ को |
| एक | | | |
| दुई | | | |
| तीन | | | |
| चार | | | |
| पाँच | | | |
| छ | | | |
| सात | | | |
| आठ | | | |
| नौ | | | |
| दश | | | |
| एघार | | | |
| बाह्र | | | |
| जम्मा | | | |
| प्रारम्भिक बाविके/ पूर्व प्राथमिक | | | |
| कुल जम्मा | | | |

## (ख) कार्यसम्पादन परीक्षण

### *(I) लगानी क्षेत्र:*

विद्यालयको अभिलेख र तथ्याङ्क अध्ययन गरेर, स्थलगत अवलोकन गरेर र सरोकारवालासँग अन्तर्वार्ता लिएर यथार्थ विवरण लिनुहोस् र स्तर निर्धारणका निर्धारित मापदण्डको आधारमा (उपलब्ध नभएको वा नगन्य), १ (कमजोर), २ (मध्यम) र ३ (उत्तम) मध्ये एक कोठामा उपयुक्त स्तरमा अङ्क लेख्नुहोस् ।

**१. विद्यालयको भौतिक संरचना**

| क्र.स. | सूचक | यथार्थ विवरण (बाकस दिइएकोमा उपयुक्त बाकसमा अङ्क लेख्नुहोस् र अन्यमा मागिएको विवरण उल्लेख गर्नुहोस् ।) | स्तर | | | | स्तर निर्धारणका आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| १.१ | विद्यालय हाताको क्षेत्रफल (विद्यार्थीले उपयोग गर्न पाउने) | • ........ वर्गमिटर/रोपनी/विघा | | | | | ०. भवन मात्र भएको तर हाता नभएको<br>१. भवन र साँघुरो आँगन<br>२. ठिकै (वरिपरि छाडेर बनाइएको भवन र सबै विद्यार्थीलाई कक्षागत लाइनमा राख्न सक्ने आँगन)<br>३. पर्याप्त (खेल मैदानसहित यथेष्ट क्षेत्र) |
| १.२ | खेलमैदान (भवन अगाडिको आँगनबाहेक) | • भएको<br>........ वर्गमिटर/रोपनी/बिघा<br>• नभएको | | | | | ०. खेल मैदान नभएको<br>१. सीमित खेल खेलाउन पुग्ने (सानो) ; जस्तै तातो आलु, रुमाल लुकाइ<br>२. धेरै किसिमका खेल खेलाउन पुग्ने (मझौला) ; जस्तै भलिबल, दौड<br>३. सबै किसिमका खेल खेलाउन पुग्ने; जस्तै फुटबल, क्रिकेट |
| १.३ | कक्षाकोठाको उपलब्धता र प्रयोग | • पठनपाठन गर्नुपर्ने कक्षा सङ्ख्या : ....<br>• उपलब्ध कक्षाकोठा सङ्ख्या : ....<br>• प्रयोग भएका कक्षाकोठा सङ्ख्या : .... | | | | | ०. दुई ओटाभन्दा बढी कक्षालाई एउटा कोठामा राखेको<br>१. दुई ओटा कक्षालाई एउटा कोठामा राखेको<br>२. कक्षाअनुसार अलग अलग कोठामा पठनपाठन भएको<br>३. पठनपाठनका लागि कक्षा सङ्ख्याभन्दा बढी कक्षाकोठा उपलब्ध भएको |

| क्र.स. | सूचक | यथार्थ विवरण (बाकस दिइएकोमा उपयुक्त बाकसमा अङ्क लेख्नुहोस् र अन्यमा मागिएको विवरण उल्लेख गर्नुहोस् ।) | स्तर | | | | स्तर निर्धारणका आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| १.४ | कक्षाकोठाको गुणास्तर/ अवस्था | • झ्याल ढोका नभएका कक्षाकोठा सङ्ख्या : ....<br>• कच्ची कक्षाकोठा सङ्ख्या : ....<br>• पक्की कक्षाकोठा सङ्ख्या : ....<br>• र्याम्प भएका कक्षाकोठा सङ्ख्या : .... | | | | | ०. आधाभन्दा बढी कक्षाकोठामा झ्याल ढोका नभएका वा टहरा मात्र भएको<br>१. सबै कक्षाकोठा कच्ची<br>२. कच्ची र पक्की दुवै खालका मिश्रित<br>३. सबै पक्की भई कम्तीमा २५ प्रतिशत कक्षाकोठामा र्याम्प भएको |
| १.५ | फर्निचर | • कक्षामा फर्निचर (डेस्क बेन्च, कुर्सी, गलैँचा, कार्पेट, कुसन, पार्केटिङ आदि) भएको ...<br>• कक्षामा फर्निचर नभएको .... | | | | | ०. अधिकांश विद्यार्थी खाली भुइँ, बोरा, गुन्द्री आदिमा बस्नुपर्ने<br>१. केही विद्यार्थीलाई फर्निचरको अभाव<br>२. सम्पूर्ण विद्यार्थीलाई पर्याप्त फर्निचर<br>३. प्रत्येक विद्यार्थीलाई साइजअनुसार अलग अलग वा पुस्तक राख्ने र्याकसहित फर्निचर |
| १.६ | बिजुली (सौर्य उर्जा र अन्य स्रोतबाट उपलब्ध हुनेसमेत) | • भएको भए विवरण खुलाउनेः<br>• नभएको | | | | | ०. बिजुली जडान नभएको<br>१. कार्यालयमा मात्र जडान गरिएको<br>२. प्रयोगशाला वा केही कोठामा मात्र जडान गरिएको<br>३. सबैतिर जडान भई आवश्यकताअनुसार प्रयोग भएको |
| १.७ | कम्प्युटरको उपलब्धता | • भएको भए जम्मा कम्प्युटरको सङ्ख्याः ...<br>• प्रयोगमा रहेका चालु हालतमा रहेका कम्प्युटरको सङ्ख्याः .......<br>• नभएको.... | | | | | ०. कम्प्युटर नभएको<br>१. २० जना वा सोभन्दा बढी विद्यार्थीका लागि १ कम्प्युटर पुग्ने भए<br>२. १० देखि १९ जनासम्म विद्यार्थीका लागि १ कम्प्युटर पुग्ने भए<br>३. १ देखि ९ जनासम्म विद्यार्थीका लागि १ कम्प्युटर पुग्ने भए |
| १.८ | शिक्षण सिकाइमा कम्प्युटर र अन्य आधुनिक शैक्षिक सामग्रीको प्रयोग | • कम्प्युटर विषयबाहेक कम्प्युटर र अन्य आधुनिक उपकरणको (मल्टिमेडिया, ल्यापटप, स्मार्ट बोर्ड, टिभि, प्रोजेक्टर......) प्रयोग गरी पढाइने गरेका कक्षा र प्रति हप्ता औसत दिनः.... | | | | | ०. कम्प्युटर भएको तर प्रयोग नहुने<br>१. एक हप्तामा एक पटक कम्तीमा आधा कक्षामा प्रयोग हुने भएमा<br>२. एक हप्तामा दुई वा सोभन्दा बढी पटक सबै कक्षामा प्रयोगमा आउने<br>३. नं. २ को आधारसहित इन्टरनेट र मल्टिमेडियासमेतको प्रयोग भएको |

| क्र.स. | सूचक | यथार्थ विवरण (बाकस दिइएकोमा उपयुक्त बाकसमा अङ्क लेख्नुहोस् र अन्यमा मागिएको विवरण उल्लेख गर्नुहोस् ।) | स्तर | | | | स्तर निर्धारणका आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| १.९ | चमेनागृहको उपलब्धता र सेवा प्रवाह | • विद्यालय हातामा भएको .......<br>• नभएको .... | | | | | ०. नभएको<br>१. नियमित नखुल्ने<br>२. नियमित खुल्ने तर सरसफाइ राम्रो नभएको<br>३. नियमित खुल्ने र सरसफाइ राम्रो भएको, स्वस्थ्यकर खानाको उपलब्धता भएको |
| १.१० | विद्यालय हातामा खानेपानीसहित साबुनको उपलब्धता | • उपलब्ध भएको<br>• नभएको.... | | | | | ०. कुनै व्यवस्था नभएको<br>१. पानी मात्र उपलब्ध भएको<br>२. पानी र साबुन उपलब्ध तर कहिलेकाहीँ र अपर्याप्त<br>३. विद्यार्थीले प्रयोग गर्न पाउने गरी सफा पिउने पानी र साबुन नियमित एवम पर्याप्त |
| १.११ | खेलकुद सामग्रीको उपलब्धता र प्रयोग | • उपलब्ध सामग्रीका नाम....................<br>• नभएको.... | | | | | ०. नभएको वा ५% भन्दा कम विद्यार्थीले मात्र प्रयोग गर्न पुग्ने सामग्री उपलब्ध भएको<br>१. कम्तीमा २५% सम्म विद्यार्थीले प्रयोग गर्न पुग्ने सामग्री उपलब्ध भएको<br>२. कम्तीमा ५०% सम्म विद्यार्थीले प्रयोग गर्न पुग्ने सामग्री उपलब्ध भएको<br>३. १००% विद्यार्थीले प्रयोग गर्न पुग्ने सामग्री उपलब्ध भएको |
| १.१२ | पानीको सुबिधासहितको शौचालय | • उपलब्ध शौचालय विवरणः ....<br>• नभएको.... | | | | | ०. शौचालय नभएको वा छात्रछात्राका लागि अलगअलग शौचालय नभएको<br>१. छात्र छात्राका लागि अलग अलग शौचालय उपलब्ध भई सफासमेत भएको<br>२. नं. १ को आधार पूरा भई स्यानिटरी प्याड व्यवस्थापनका लागि स्थान र सामग्रीसमेत भएको<br>३. माथिका आधार पूरा भई फरक क्षमता भएकाको लागि पहुँच भएको |

| क्र.स. | सूचक | यथार्थ विवरण (बाकस दिइएकोमा उपयुक्त बाकसमा अङ्क लेख्नुहोस् र अन्यमा मागिएको विवरण उल्लेख गर्नुहोस् ।) | स्तर | | | | स्तर निर्धारणका आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| १.१३ | पुस्तकालय/बुक कर्नरको उपलब्धता र प्रयोग | • पुस्तकालय वा बुक कर्नर उपलब्ध भएको र प्रयोगको अवस्थाः....<br>• नभएको.... | | | | | ०. नभएको<br>१. कक्षा १-५ का लागि बुक कर्नर एक भएको<br>२. बुक कर्नर र पुस्तकालय दुवै भई विद्यार्थीले अध्ययन सामग्री घर लान पाउने भएको<br>३. नं. २ को आधार पूरा भई नियमित खुल्ने र इ–पुस्तकालयसमेतको व्यवस्था भएको |
| १.१४ | विद्यालयमा प्रयोगशालाको उपलब्धता र प्रयोग (माध्यमिक तहका लागि मात्र) | • भएको (प्रयोग हुने गरेको कक्षा) : ............<br>• नभएको.... | | | | | ०. नभएको<br>१. एउटा विषयका लागि मात्र सामग्री भएको र नियमित प्रयोग भएको<br>२. कम्तीमा दुई विषयको लागि सामग्री भएको र नियमित प्रयोग भएको<br>३. कम्तीमा तीन विषयको लागि सामग्री भएको र नियमित प्रयोग भएको |
| १.१५ | घेराबार (कम्पाउण्डवाल) | • भएको (घेराबारको विवरण) : ..............<br>• नभएको .... | | | | | ०. घेराबार नभएको<br>१. आंशिक घेराबार भएको<br>२. सामान्य घेराबार (काठ, बाँस, जाली, तार वा मिश्रित)<br>३. ईँटा वा ढुङ्गा वा ब्लकको पर्खाल |
| १.१६ | कक्षाकोठामा प्रयोग हुने पाटी | • भएको सङ्ख्या: .....<br>• नभएको .... | | | | | ०. व्यवस्था नभएको<br>१. अधिकांश कक्षाकोठमा कालोपाटीमा चक खरी प्रयोग भएको<br>२. कम्तीमा २०% कक्षाकोठामा सेतोपाटीको प्रयोग भएको<br>३. कम्तीमा ५% कक्षाकोठामा स्मार्ट बोर्डको प्रयोग भएको |
| | | **जम्मा – ४८** | | | | | |

## २. शिक्षण मानव संशाधन र स्थायित्व

| क्र.सं. | सूचक | यथार्थ विवरण (बाकस दिइएकोमा उपयुक्त बाकसमा अङ्क लेख्नुहोस् र अन्यमा मागिएको विवरण उल्लेख गर्नुहोस् ।) | स्तर | | | | स्तर निर्धारणका आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| २.१ | कक्षा र विषयको अनुपातमा तहगत रूपमा शिक्षक उपलब्धता | • जम्मा शिक्षक सङ्ख्या : ........<br>• जम्मा कक्षा सङ्ख्या (वर्ग समेत) : ....... | | | | | ०. कक्षा सङ्ख्याभन्दा कम शिक्षक<br>१. कम्तीमा कक्षा सङ्ख्या बराबर शिक्षक<br>२. कक्षा सङ्ख्याभन्दा बढी शिक्षक<br>३. नं. २ को आधार पूरा भई विषयगत शिक्षकको समेत उपलब्धता |
| २.२ | शिक्षकको योग्यता | • जम्मा शिक्षक सङ्ख्या : ......<br>• न्यूनतम योग्यता मात्र भएका शिक्षकको सङ्ख्या : ...<br>• माथिल्लो योग्यता भएका शिक्षक सङ्ख्या : | | | | | ०. न्यूनतम योग्यता पनि नभएका शिक्षकसमेत भएमा<br>१. सबै शिक्षक न्यूनतम योग्यता पुगेका भएमा<br>२. माथिल्लो योग्यता भएका शिक्षक कम्तीमा २५% भएमा<br>३. माथिल्लो योग्यता भएका शिक्षक कम्तीमा ५०% भएमा |
| २.३ | लैङ्गिक अनुपात | • महिला शिक्षकको सङ्ख्या : ......<br>• पुरुष शिक्षकको सङ्ख्या : .......<br>• (ECD सहयोगी कार्यकर्तासमेत)<br>(महिला शिक्षक सङ्ख्या /पुरुष शिक्षक सङ्ख्या) = | | | | | ०. महिला शिक्षक नै नभएमा<br>१. महिला र पुरुष शिक्षकको अनुपात ०.२० भन्दा कम<br>२. महिला र पुरुष शिक्षकको अनुपात ०.२० - ०.५० भन्दा कम<br>३. महिला र पुरुष शिक्षकको अनुपात ०.५० वा सोभन्दा बढी |
| २.४ | नियुक्तिको प्रकार | • स्थायी शिक्षक सङ्ख्या : ......<br>• अस्थायी/करारमा नियुक्ति पाएका शिक्षक सङ्ख्या : .....<br>• निजी स्रोत वा स्थानीय तहबाट नियुक्ति पाएका शिक्षक सङ्ख्या : ...... | | | | | ०. सबै शिक्षक अस्थायी/करार वा निजी स्रोत वा स्थानीय तहका<br>१. ५०% भन्दा कम शिक्षक स्थायी<br>२. ५०% वा सोभन्दा बढी शिक्षक स्थायी<br>३. सबै शिक्षक स्थायी |
| २.५ | शिक्षकमा सूचना प्रविधि (कम्प्युटर/इन्टरनेट/इमेल) सम्बन्धी क्षमता | • सूचना प्रविधिसम्बन्धी क्षमता भएका जम्मा शिक्षक सङ्ख्या : ...<br>• (कम्प्युटर चलाउन सक्ने शिक्षक सङ्ख्या : ...<br>• कम्प्युटर तालिम लिएका शिक्षक सङ्ख्या : ....<br>• इमेल / इन्टरनेट चलाउन सक्ने शिक्षक सङ्ख्या : .......) | | | | | ०. कुनै पनि शिक्षकमा नभएमा<br>१. २५% भन्दा कम शिक्षकमा भएमा<br>२. २५% - ५०% शिक्षकमा भएमा<br>३. ५०% वा सोभन्दा बढी शिक्षकमा भएमा |

| क्र.सं. | सूचक | यथार्थ विवरण (बाकस दिइएकोमा उपयुक्त बाकसमा अङ्क लेख्नुहोस् र अन्यमा मागिएको विवरण उल्लेख गर्नुहोस् ।) | स्तर | | | | स्तर निर्धारणका आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| २.६ | शिक्षक उपस्थिति | • शैक्षिक सत्र २०७८ मा विद्यालय खुलेको जम्मा दिन : .....<br>• शैक्षिक सत्र २०७८ को औसत शिक्षक उपस्थिति : ..... | | | | | ०. विद्यालय खुलेको दिनको ७०% भन्दा कम औसत उपस्थिति<br>१. विद्यालय खुलेको दिनको ७०%-८०% औसत उपस्थिति<br>२. विद्यालय खुलेको दिनको ८०%-९०% औसत उपस्थिति<br>३. विद्यालय खुलेको दिनको ९०% वा सोभन्दा बढी औसत उपस्थिति |
| २.७ | प्र.अ.को मूल्याङ्कनमा शिक्षकको कार्यसम्पादन स्तर | • प्र.अ. बाहेक जम्मा शिक्षक सङ्ख्या: ...<br>• नियमितता, शिक्षण प्रभावकारिता र विद्यार्थी उपलब्धिका आधारमा प्र.अ.को मूल्याङ्कनमा कार्यसम्पादन स्तर सन्तोषजनक भएका शिक्षक सङ्ख्या ...... (यो शिक्षकको बढुवाका लागि भरिने कासमूसँग सम्बन्धित होइन ।) | | | | | ०. कुनै शिक्षकको पनि कार्यसम्पादन सन्तोषजनक नभएमा<br>१. ५०% भन्दा कम शिक्षकको कार्यसम्पादन सन्तोषजनक भएमा<br>२. ५०% –८०% शिक्षकको कार्यसम्पादन सन्तोषजनक भएमा<br>३. ८०% वा सोभन्दा बढी शिक्षकको कार्यसम्पादन सन्तोषजनक भएमा |
| | | **जम्मा – २१** | | | | | |

## ३. समुदायको सहभागिता र लगानी

समुदायको सहभागिता र लगानीका सन्दर्भमा जग्गा र भवनको हकमा स्थानीय निकाय र गैरसरकारी संस्थाको सहयोग तथा भवनको हकमा अभिभावक वा समुदायको श्रमदानसमेतलाई समावेश गर्नुपर्ने छ।

| क्र.सं. | सूचक | यथार्थ विवरण (बाकस दिइएकामा उपयुक्त बाकसमा अङ्क लेख्नुहोस् र अन्यमा मागिएको विवरण उल्लेख गर्नुहोस्।) | स्तर | | | | स्तर निर्धारणका आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| ३.१ | जग्गा | • अभिभावक वा समुदायको पूर्ण लगानीमा किनिएको वा प्राप्त भएको जग्गा जमिनको क्षेत्रफल : ........<br>• अभिभावक वा समुदायको आंशिक लगानीमा किनिएको वा प्राप्त भएको जग्गा जमिनको क्षेत्रफल : .....<br>• सार्वजनिक क्षेत्र वा निकायबाट प्राप्त जग्गा जमिनको क्षेत्रफल : .....<br>• विद्यालयको जम्मा जग्गा जमिनको क्षेत्रफलः .. | | | | | ०. विद्यालयको जग्गामा अभिभावक वा समुदायको कुनै पनि योगदान नरहेको<br>१. विद्यालयको जग्गामा अभिभावक वा समुदायको लगानी वा दानदातव्यको अनुपात २५% भन्दा कम<br>२. विद्यालयको जग्गामा अभिभावक वा समुदायको लगानी वा दानदातव्यको अनुपात २५% - ५०%<br>३. विद्यालयको जग्गामा अभिभावक वा समुदायको लगानी वा दानदातव्यको अनुपात ५०% वा सोभन्दा बढी |
| ३.२ | भवन | • कम्तीमा ५०% सरकारी लगानीमा बनेका भवन सङ्ख्या :<br>• अभिभावक वा समुदायको पूर्ण लगानीमा बनेको भवन सङ्ख्या : .....<br>• अभिभावक वा समुदायको कम्तीमा ५०% लगानीमा बनेको भवन सङ्ख्या: ... | | | | | ०. भवन निर्माणमा स्थानीय लगानी नभएको<br>१. भवन निर्माणमा २५% भन्दा कम स्थानीय लगानी<br>२. भवन निर्माणमा २५% –५०% स्थानीय लगानी<br>३. भवन निर्माणमा ५०% वा सोभन्दा बढी स्थानीय लगानी |
| ३.३ | आर्थिक सहयोग | • गत आर्थिक वर्षको जम्मा आम्दानी (सरकारी + स्थानीय) : ......<br>• गत आ.व.मा स्थानीय स्रोतबाट प्राप्त रकम : .........<br>• गत आ.व.मा स्थानीय स्रोतको योगदान प्रतिशत: ........ | | | | | ०. विद्यालय आम्दानीमा समुदायको हिस्सा नभएको<br>१. जम्मा आम्दानीको १०% भन्दा कम स्थानीय योगदान<br>२. जम्मा आम्दानीको १०% –२५% स्थानीय योगदान<br>३. जम्मा आम्दानीको २५% वा सोभन्दा बढी स्थानीय योगदान |

| क्र.सं. | सूचक | यथार्थ विवरण<br>(बाकस दिइएकामा उपयुक्त बाकसमा अङ्क लेख्नुहोस् र अन्यमा मागिएको विवरण उल्लेख गर्नुहोस् ।) | स्तर | | | | स्तर निर्धारणका आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| ३.४ | अभिभावकको सहभागिता | • विद्यालयले बोलाएको बेला अथवा आफ्नै रुचिले उपस्थित भई छलफल, राय/सुझाव, अनुगमन, जनश्रमदान इत्यादिमा संलग्न हुने अभिभावकको सङ्ख्या: ...<br>• जम्मा अभिभावक सङ्ख्या : ... | | | | | ०. कुनै पनि कार्यमा अभिभावकको उपस्थिति नभएमा वा २५ % भन्दा कम अभिभावक उपस्थित भएको भएमा<br>१. २५ % भन्दा बढी अभिभावक आफ्ना बालबालिकाको शैक्षिक स्तरका बारेमा चासो राखी अन्तरक्रियामा सहभागी भएको भएमा<br>२. २५ % भन्दा बढी अभिभावक विद्यालय सुधार योजना निर्माण तथा अभिभावक शिक्षाको कार्यक्रममा उपस्थित भएको भएमा<br>३. २५ % भन्दा बढी अभिभावक विद्यालयका आर्थिक, प्रशासनिक तथा प्राविधिक गतिविधि, विद्यालयका भावी कार्यक्रम, आफ्ना अपेक्षालगायतका विषयमा एवम् संवाद तथा अन्तरक्रियामा उपस्थित भएको भएमा |
| | | **जम्मा - १२** | | | | | |

## (II) प्रक्रिया क्षेत्र

### ४. कक्षा शिक्षण

कार्य सम्पादन परीक्षणको क्रममा आधारभूत र माध्यमिक तह गरी कम्तीमा तीन जना शिक्षकको कक्षा अवलोकन गर्ने र उनीहरूलगायत प्र.अ., विद्यार्थी तथा अभिभावकसँग कुराकानी गर्ने। कक्षा अवलोकन, अन्तर्वार्ता र शिक्षकद्वारा तयार गरिएका सामग्रीको पुनरवलोकनसमेतका आधारमा यथार्थ विवरण भर्नुपर्ने। (कक्षा अवलोकनका लागि नमुना ढाँचा सूचकहरू पछाडि संलग्न गरिएको छ।)

| क्र.सं. | सूचक | यथार्थ विवरण (बाकस दिइएकोमा उपयुक्त बाकसमा अङ्क लेख्नुहोस् र अन्यमा मागिएको विवरण उल्लेख गर्नुहोस्।) | स्तर | | | | स्तर निर्धारणका आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| ४.१ | योजना निर्माण | • वार्षिक शैक्षणिक योजना र दैनिक पाठयोजना वा टिपोट बनाई शिक्षण गर्ने शिक्षक सङ्ख्या: ...... | | | | | ०. कुनै शिक्षकले कुनै पनि योजना निर्माण नगरेमा<br>१. ५०% भन्दा कम शिक्षकले वार्षिक शैक्षणिक योजना वा दैनिक पाठयोजना योजना बनाई शिक्षण गरेमा<br>२. ५०% भन्दा बढी शिक्षकले नियमित रूपमा कुनै एक प्रकारको योजना बनाई शिक्षण गरेमा<br>३. ५०% भन्दा बढी शिक्षकले नियमित रूपमा दुवै प्रकारका योजना बनाई शिक्षण गरेमा |
| ४.२ | शैक्षिक सामग्रीको प्रयोग | • नियमित शैक्षिक सामग्री (दैनिक प्रयोग सामग्रीबाहेक) प्रयोग गर्ने शिक्षक सङ्ख्या: ............ | | | | | ०. २५% भन्दा कम शिक्षकले नियमित प्रयोग गरेमा<br>१. २५% - ५०% शिक्षकले नियमित प्रयोग गरेमा<br>२. ५०% - ७५% शिक्षकले नियमित प्रयोग गरेमा<br>३. ७५% वा सोभन्दा बढी शिक्षकले नियमित प्रयोग गरेमा |
| ४.३ | छलफल र अन्तरक्रियात्मक शिक्षण | • नियमित विद्यार्थी केन्द्रित छलफल र अन्तरक्रियात्मक शिक्षण गर्ने शिक्षक सङ्ख्या: ............ | | | | | ०. २५% भन्दा कम शिक्षकले नियमित प्रयोग गरेमा<br>१. २५ % - ५०% शिक्षकले नियमित प्रयोग गरेमा<br>२. ५०% - ७५% शिक्षकले नियमित प्रयोग गरेमा<br>३. ७५% वा सोभन्दा बढी शिक्षकले नियमित प्रयोग गरेमा |
| ४.४ | शिक्षणमा प्रविधि (कम्प्युटर, प्रोजेक्टर, इन्टरनेट सामग्री, स्मार्ट बोर्ड, मोबाइल) को प्रयोग | • नियमित रूपमा शिक्षणमा प्रविधिको प्रयोग गर्ने जम्मा शिक्षकको सङ्ख्या: ............<br>• (कम्प्युटरको प्रयोग गर्ने शिक्षक सङ्ख्या: ........<br>• स्मार्ट बोर्डको प्रयोग गर्ने शिक्षकको सङ्ख्या: .........) | | | | | ०. २५% भन्दा कम शिक्षकले नियमित प्रयोग गरेमा<br>१. २५% - ५०% शिक्षकले नियमित प्रयोग गरेमा<br>२. ५० % - ७५% शिक्षकले नियमित प्रयोग गरेमा<br>३. ७५% वा सोभन्दा बढी शिक्षकले नियमित प्रयोग गरेमा |

| क्र.सं. | सूचक | यथार्थ विवरण (बाकस दिइएकोमा उपयुक्त बाकसमा अङ्क लेख्नुहोस् र अन्यमा मागिएको विवरण उल्लेख गर्नुहोस् ।) | स्तर | | | | स्तर निर्धारणका आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| ४.५ | वैयक्तिक भिन्नतामा आधारित सहयोगात्मक शिक्षण | • कमजोर र विशेष आवश्यकता भएका विद्यार्थीलाई सहयोगात्मक शिक्षण गर्ने शिक्षक सङ्ख्या: ........... | | | | | ०. कुनै पनि शिक्षकले यसरी शिक्षण नगरेमा<br>१. २५% भन्दा कम शिक्षकले गरेमा<br>२. २५% -५०% सम्म शिक्षकले गरेमा<br>३. ५०% वा सोभन्दा बढी शिक्षकले गरेमा |
| ४.६ | गृहकार्य तथा परियोजना कार्य | • नियमित गृहकार्य दिने, जाँच्ने र पृष्ठपोषण दिने शिक्षकको सङ्ख्या: ...<br>• विषयवस्तुअनुसार समय समयमा विद्यार्थीलाई परियोजना कार्य दिने तथा सो कार्य जाँच्ने र पृष्ठपोषण दिने शिक्षकको सङ्ख्या: ... | | | | | ०. २५% भन्दा कम शिक्षकले नियमित रूपमा गृहकार्य दिने गरेमा<br>१. २५ % भन्दा बढी शिक्षकले नियमित रूपमा गृहकार्य दिने गरेमा<br>२. २५ % भन्दा बढी शिक्षकले नियमित रूपमा विद्यार्थीलाई व्यक्तिगत परियोजना कार्य दिने गरेमा<br>३. २५ % भन्दा बढी शिक्षकले नियमित रूपमा विद्यार्थीलाई व्यक्तिगत तथा समूहगत रूपमा परियोजना कार्य दिने गरेमा |
| ४.७ | शिक्षणमा सकारात्मक पुनर्बल (प्रोत्साहन, हौसलासमेत) | • शिक्षण गर्दा विद्यार्थीलाई नियमित पुनर्बल प्रदान गर्ने शिक्षक सङ्ख्या: ........ | | | | | ०. कुनै शिक्षकले पनि प्रयोग नगरेमा<br>१. २५% भन्दा कम शिक्षकले गरेमा<br>२. २५% - ५०% शिक्षकले गरेमा<br>३. ५०% वा सोभन्दा बढी शिक्षकले गरेमा |
| ४.८ | शिक्षण सुधारका योजना र कार्य | • पाठ्यक्रमको अध्ययन गरी विषयवस्तु, पाठ्यभारका आधारमा शिक्षण सुधार योजना अद्यावधिक गरी कार्यान्वयन गर्ने शिक्षकको सङ्ख्या: ...........<br>• (तालिम प्रयोजनबाहेक)<br>• सुधारात्मक, निदानात्मक तथा उपचारात्मक कक्षा सञ्चालन गरी अध्यापन गर्ने शिक्षकको सङ्ख्या: ......... | | | | | ०. कुनै शिक्षकले पनि प्रयोग नगरेको<br>१. २५% भन्दा कम शिक्षकले शिक्षाण सुधार योजना निर्माण गरी सुधारात्मक तथा उपचारात्मक कक्षा सञ्चालन गरेको<br>२. २५% - ५०% शिक्षकले सुधार योजना निर्माण गरी सुधारात्मक तथा उपचारात्मक कक्षा सञ्चालन गरेको<br>३. ५०% वा सोभन्दा बढी शिक्षकले सुधार योजना निर्माण गरी सुधारात्मक तथा उपचारात्मक कक्षा सञ्चालन गरेको |

| क्र.सं. | सूचक | यथार्थ विवरण (बाकस दिइएकोमा उपयुक्त बाकसमा अङ्क लेख्नुहोस् र अन्यमा मागिएको विवरण उल्लेख गर्नुहोस् ।) | स्तर | | | | स्तर निर्धारणका आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| ४.९ | कार्यमूलक अनुसन्धान | • विगत एक वर्षमा कार्यमूलक अनुसन्धान गर्ने शिक्षक सङ्ख्या र विषयः<br>• (तालिम प्रयोजनबाहेक) | | | | | ०. कुनै शिक्षकले पनि नगरेको<br>१. औसतमा प्रतिशिक्षक एक कार्यमूलक अनुसन्धान गरेको<br>२. औसतमा प्रतिशिक्षक दुई कार्यमूलक अनुसन्धान गरेको<br>३. औसतमा प्रतिशिक्षक दुई भन्दा बढी कार्यमूलक अनुसन्धान गरेको |
| ४.१० | कक्षाकोठा व्यवस्थापन | • सक्षम/कमजोर, छात्रा/छात्रलाई सिकाइको समान अवसर दिने गरी बसाइ र सामग्री व्यवस्थापन गर्ने शिक्षक सङ्ख्या: .......... | | | | | ०. कुनै पनि शिक्षकले उल्लिखित कक्षा व्यवस्थापन नगरेमा<br>१. २५% भन्दा कम शिक्षकले उल्लिखित कक्षा व्यवस्थापन गरेमा<br>२. २५% - ५०% शिक्षकले उल्लिखित कक्षा व्यवस्थापन गरेमा<br>३. ५०% र सोभन्दा बढी उल्लिखित कक्षा व्यवस्थापन गरेमा |
| जम्मा - ३० | | | | | | | |

## ५. विद्यार्थी मूल्याङ्कन

कार्य सम्पादन परीक्षणको क्रममा तल दिएका सूचक र यथार्थ विवरणअनुसार विद्यार्थीको सिकाइ उपलब्धि र सोसँग सम्बन्धित विवरणको अभिलेखसमेत अध्ययन गरी भर्नुपर्ने

| क्र.सं. | सूचक | यथार्थ विवरण (बाकस दिइएकामा उपयुक्त बाकसमा अङ्क लेख्नुहोस् र अन्यमा मागिएको विवरण उल्लेख गर्नुहोस् ।) | स्तर | | | | स्तर निर्धारणका आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| ५.१ | निरन्तर विद्यार्थी मूल्याङ्कन | • निरन्तर मूल्याङ्कनका अभिलेख र साधन अद्यावधिक राखिएको<br>• निरन्तर मूल्याङ्कनका अभिलेख र साधन अद्यावधिक नराखिएको | | | | | ०. आवधिक परीक्षा मात्र सञ्चालन गरिएको भएमा<br>१. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोग भए पनि अभिलेख अद्यावधिक नभएको भएमा<br>२. अभिलेख अद्यावधिक भए तापनि शिक्षण सिकाइ सुधारमा प्रयोग नगरिएको भएमा<br>३. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोग भएको, अभिलेख अद्यावधिक भएको र शिक्षण सिकाइ सुधारमा प्रयोग भएको भएमा |
| ५.२ | निर्माणात्मक मूल्याङ्कनको प्रयोग | • समय समयमा विद्यार्थीको आन्तरिक परीक्षा लिई त्यसको नतिजाको जानकारीसहित सुधारका लागि विद्यार्थीलाई पृष्ठपोषण दिने शिक्षकको सङ्ख्या: .........<br>• प्रयोग गरिएका मूल्याङ्कन साधन (एकाइ, साप्ताहिक, मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक परीक्षा) को विवरणः.........<br>• प्रयोग गरेको मितिः.........<br>• प्रयोग गरेको समयावधिः......... | | | | | ०. कुनै पनि शिक्षकले निर्माणात्मक मूल्याङ्कनको साधन प्रयोग नगरेको भए<br>१. २५% भन्दा कम शिक्षकले विद्यार्थीको समय समयमा आन्तरिक परीक्षा लिई त्यसको नतिजा जानकारीसहित सुधारका लागि विद्यार्थीलाई पृष्ठपोषण दिने गरेको भएमा<br>२. २५% - ५०% सम्म शिक्षकले विद्यार्थीको समय समयमा आन्तरिक परीक्षा लिई त्यसको नतिजा जानकारीसहित सुधारका लागि विद्यार्थीलाई पृष्ठपोषण दिने गरेको भएमा<br>३. ५०% वा सोभन्दा बढी शिक्षकले विद्यार्थीको समय समयमा आन्तरिक परीक्षा लिई त्यसको नतिजा जानकारीसहित सुधारको लागि विद्यार्थीलाई पृष्ठपोषण दिने गरेको भएमा |

| क्र.सं. | सूचक | यथार्थ विवरण (बाकस दिइएकामा उपयुक्त बाकसमा अङ्क लेख्नुहोस् र अन्यमा मागिएको विवरण उल्लेख गर्नुहोस् ।) | स्तर | | | | स्तर निर्धारणका आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| ५.३ | प्रश्नपत्र निर्माण | • प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिका प्रयोग गर्ने शिक्षकको सङ्ख्या: .........<br>• कुन कक्षाः .............<br>• कुन विषयः ..........................................<br>• कुन परीक्षामा प्रयोग गरेकोः ..................... | | | | | ०. विशिष्टीकरण तालिकाविना नै प्रश्न निर्माण गर्ने गरेको भएमा<br>१. २५% भन्दा कम शिक्षकले प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिका प्रयोग गरेको भएमा<br>२. २५% -५०% शिक्षकले प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिका प्रयोग गरेको भएमा<br>३. ५०% वा सोभन्दा बढी शिक्षकले प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिका प्रयोग गरेको भएमा |
d. कक्षा १२ ☐ e. स्नातक (वि.ए) ☐ f. स्नातकोत्तर (एम.ए) वा सोभन्दा बढी ☐

१७. तपाईँका बुबा के काम गर्नुहुन्छ ?

a. खेती र घरको काम ☐ b. घरको काम मात्र ☐ c. अर्काको घरमा काम☐
d. ज्यालाको काम ☐ e. विदेशमा काम गर्ने ☐ f. पढाउने ☐
g. व्यापार ☐ h. सरकारी जागिर ☐ i. अन्य ...........

१८. तपाईँको परिवारमा कति जना सदस्य हुनुहुन्छ ? ........................................ जना

१९. तपाईँको परिवार कस्तो परिवार हो ?

a. एकल परिवार ☐ b. संयुक्त परिवार ☐

२०. तपाईँको घरमा तलकामध्ये कुन कुन सुविधा छन् ?

a. पढ्नका लागि एउटा टेबुल ☐ b. तपाईँका लागि छुट्टै कोठा ☐
c. पढ्नका लागि शान्त ठाउँ ☐ d. विद्यालयको कार्य गर्न कम्प्युटर ☐
e. बालपत्रिका बालकथारकविता र चित्र किताब ☐ f. विद्यालयको काममा सहयोग पुग्ने किताब ☐
g. शब्दकोश ☐ h. इन्टरनेट सुविधा ☐

२१. तपाईँको घरमा तल दिइएका सामग्री कतिओटा छन् ?

| | | छैन | एउटा | दुईओटा | तीन वा तीनभन्दा बढी |
|---|---|---|---|---|---|
| a. | मोबाइल फोन | ☐ | ☐ | ☐ | ☐ |
| b. | टेलिभिजन | ☐ | ☐ | ☐ | ☐ |
| c. | कम्प्युटर | ☐ | ☐ | ☐ | ☐ |
| d. | मोटरसाइकल | ☐ | ☐ | ☐ | ☐ |
| e. | कार | ☐ | ☐ | ☐ | ☐ |
| f. | पक्की घर | ☐ | ☐ | ☐ | ☐ |

२२. तपाईँको विद्यालयका बारेमा तलका भनाइसँग कत्तिको सहमत हुनुहुन्छ ?

| | | पूर्ण सहमत | केही सहमत | केही असहमत | पूर्ण असहमत |
|---|---|---|---|---|---|
| a. | शिक्षकहरूले हामीलाई माया गरेर पढाउनुहुन्छ । | ☐ | ☐ | ☐ | ☐ |
| b. | शिक्षकहरूले विद्यार्थीलाई गाली गर्नुहुन्न । | ☐ | ☐ | ☐ | ☐ |
| c. | शिक्षकहरू विद्यार्थीलाई शारीरिक सजाय दिनुहुन्न । | ☐ | ☐ | ☐ | ☐ |
| d. | शिक्षकहरूले हामी सबैलाई बराबर रेखदेख गर्नुहुन्छ । | ☐ | ☐ | ☐ | ☐ |
| e. | नजानेको कुरा सोध्दा शिक्षकहरूले बताइदिनुहुन्छ । | ☐ | ☐ | ☐ | ☐ |
| f. | सबै शिक्षकहरू पुरा समय (पिरियड) शिक्षण गर्नुहुन्छ । | ☐ | ☐ | ☐ | ☐ |
| g. | सबै शिक्षकहरूले गृहकार्य दिनुहुन्छ । | ☐ | ☐ | ☐ | ☐ |
| h. | सबै शिक्षकहरूले गृहकार्य जाँच्नुहुन्छ र सुझाव दिनुहुन्छ । | ☐ | ☐ | ☐ | ☐ |

२३. तलका कथनसँग तपाईँ कत्तिको सहमत हुनुहुन्छ ?

| | | पूर्ण सहमत | केही सहमत | केही असहमत | पूर्ण असहमत |
|---|---|---|---|---|---|
| a. | मलाई विद्यालय रमाइलो लाग्छ । | ☐ | ☐ | ☐ | ☐ |
| b. | विद्यालयमा मलाई साथीहरूले सहयोग गर्छन् । | ☐ | ☐ | ☐ | ☐ |
| c. | विद्यालयमा खेल्ने, पिउने पानी, शौचालयको सुविधा छ । | ☐ | ☐ | ☐ | ☐ |
| d. | म विद्यालयमा बालक्लवका क्रियाकलापमा सहभागी हुन्छु । | ☐ | ☐ | ☐ | ☐ |

२४. विद्यालयमा तपाईँसँग सम्बन्धीत रहेर तलकामध्ये कुनै घटनाहरू भएका थिए ?

| | | भएको | नभएको |
|---|---|---|---|
| a. | मेरो सामान (कापी, कलम, किताब, खाजा/पानी लैजाने भाँडो) चोरी भएको थियो । | ☐ | ☐ |
| b. | मलाई अन्य विद्यार्थीले पिटका वा चोट पुऱ्याएका थिए (जस्तै : धकेल्ने, पिट्ने, लात्ती हान्ने) | ☐ | ☐ |

| | | भएको | नभएको |
|---|---|---|---|
| c. | मलाई अरू विद्यार्थीले मन नपर्ने कार्य गर्न लगाएका थिए। | ☐ | ☐ |
| d. | मलाई अरू विद्यार्थीले गिज्याउने, खिसी गर्ने गरेका थिए। | ☐ | ☐ |
| e. | मलाई अरू विद्यार्थीहरूले क्रियाकलापमा सहभागी नगराई बाहिरै पारेका थिए। | ☐ | ☐ |
| f. | मन नपर्ने नाम राखेर जिस्काएका थिए। | ☐ | ☐ |
| g. | अन्य ................................................................................ | ☐ | ☐ |

**अङ्ग्रेजी विषयसँग सम्बन्धित प्रश्न**

१. तपाईंसँग अङ्ग्रेजी विषयको पाठ्यपुस्तक छ ?
   a. छ ☐ b. छैन ☐

२. तपाईंलाई अङ्ग्रेजी विषयको शिक्षकले गृहकार्य दिनुहुन्छ ?
   a. सधैँ दिनुहुन्छ ☐ b. कहिलेकाहीँ दिनुहुन्छ ☐ c. कहिल्यै दिनुहुन्न ☐

३. गृहकार्य जाँचेर सुधारका निम्ति सुझाव दिनुहुन्छ ?
   a. सधैँ दिनुहुन्छ ☐ b. कहिलेकाहीँ दिनुहुन्छ ☐ c. कहिल्यै पनि दिनुहुन्न ☐

४. अङ्ग्रेजी विषयको शिक्षकको नियमितता कस्तो छ ?
   a. सधैँ आउनुहुन्छ ☐ b. कहिलेकाहीँ मात्र आउनुहुन्न ☐ c. धेरै आउनुहुन्न ☐

५. अङ्ग्रेजी विषयको शिक्षकको कक्षाको समयमा नियमितता कस्तो छ ?
   a. पुरै समय कक्षामा बिताउनुहुन्छ ☐ b. ढिलो आउने र छिटो जानुहुन्छ ☐ c. धेरै जसो कक्षामा आउनुहुन्न ☐

६. तपाईंसँग अङ्ग्रेजी विषयको पाठ्यपुस्तकबाहेक अन्य अध्ययन सामग्री के के छन् ?
   a. पुराना प्रश्नको सेट ☐ b. गेस पेपर ☐ c. गाइड ☐

७. अङ्ग्रेजी विषयसँग सम्बन्धित तलका वाक्यहरूमा तपाईँ कत्तिको सहमत हुनुहुन्छ ?

| | | पूर्ण सहमत | केही सहमत | केही असहमत | पूर्ण असहमत |
|---|---|---|---|---|---|
| a. | अङ्ग्रेजी विषयको सिकाइले मेरो दैनिक जीवनमा सहयेग गर्छ। | ☐ | ☐ | ☐ | ☐ |
| b. | विद्यालयमा पढाइने अरू विषयहरू सिक्नका लागि समेत मैले अङ्ग्रेजी राम्रोसँग जानेको हुनुपर्छ। | ☐ | ☐ | ☐ | ☐ |
| c. | मलाई अङ्ग्रेजी विषयक्षेत्र प्रयोग हुने कार्यहरू गर्न मन पर्छ। (जस्तै : speech, story, narration आदि) | ☐ | ☐ | ☐ | ☐ |
| d. | भविष्यमा मेरो रोजाइको जागिर पाउनका लागि मैले अङ्ग्रेजी राम्रो गर्न आवश्यक छ। | ☐ | ☐ | ☐ | ☐ |

८. अङ्ग्रेजी सिकाइसम्बन्धी तलका भनाइहरूका बारेमा तपाईँ कति सहमत हुनुहुन्छ ?

| | | **पूर्ण सहमत** | **केही सहमत** | **केही असहमत** | **पूर्ण असहमत** |
|---|---|---|---|---|---|
| a. | म प्रायः अङ्ग्रेजी विषयमा राम्रो गर्छु । | ☐ | ☐ | ☐ | ☐ |
| b. | म विद्यालयमा अझै बढी अङ्ग्रेजी सिक्न चाहन्छु । | ☐ | ☐ | ☐ | ☐ |
| c. | मलाई अङ्ग्रेजी सिक्न रमाइलो लाग्छ । | ☐ | ☐ | ☐ | ☐ |
| d. | मलाई अङ्ग्रेजी विषय गाह्रो लाग्छ । | ☐ | ☐ | ☐ | ☐ |

९. तपाईँ अङ्ग्रेजी विषयको पाठहरूमा निम्नलिखित कार्यहरू कति पटक गर्नुहुन्छ ?

| | | लगभग प्रत्येक जसो पाठमा | आधाजति पाठहरूमा | केही पाठहरूमा | कहिल्यै पनि गर्दिन |
|---|---|---|---|---|---|
| a. | हामी पाठमा दिइएका अभ्यास गर्छौं । | ☐ | ☐ | ☐ | ☐ |
| b | स–साना समूह बनाई समूहमा अङ्ग्रेजीका अभ्यास गर्छौँ। | ☐ | ☐ | ☐ | ☐ |
| c. | अङ्ग्रेजीका विभिन्न अभ्यासका समस्या आफैँ समाधान गर्छौं । | ☐ | ☐ | ☐ | ☐ |
| d. | अङ्ग्रेजी विषयमा विभिन्न सिर्जनात्मक लेखन गर्छौँ। | ☐ | ☐ | ☐ | ☐ |
| e. | अङ्ग्रेजीमा मभदबतभ तथा कउभभअज कार्यहरू गर्छौँ। | ☐ | ☐ | ☐ | ☐ |
| e. | आफ्नो गृहकार्य कक्षाकोठामा नै सुरु गर्छौँ। | ☐ | ☐ | ☐ | ☐ |

## अनुसूची-५
# सुझाव कार्यान्वयन कार्य योजना

## १. पृष्ठभूमि

शैक्षिक गुणस्तर परीक्षण केन्द्र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत स्वतन्त्र विभागीय निकायकारूपमा वि. सं. २०६६ सालमा स्थापना भएको हो । यसको स्थापना कालदेखि हालसम्मको क्रियाशीलताबाट नेपालमा विद्यालय शिक्षा प्रणालीको कार्यसम्पादन प्रभावकारीताको स्वतन्त्र परीक्षण गर्ने अभ्यास वैधानिक र व्यवहारिक रूपमा स्थापित भइसकेको छ। परीक्षण कार्यमध्ये मूलत: विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Student Achievement-NASA) र विद्यालय कार्यसम्पादन (Performance Audit-PA) को परीक्षण सञ्चालन निरन्तर रहेको छ । हालसम्म कक्षा ३, ५, ८ र १० कक्षामा अङ्ग्रेजी, नेपाली, विज्ञान र गणित विषय गरी ४ ओटा विषयका १३ ओटा परीक्षण अध्ययन तथा ५५९३ ओटा सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण सम्पन्न भइसकेको छ ।

यसरी सम्पन्न परीक्षण अध्ययनका राष्ट्रिय प्रतिवेदनहरू सार्वजनिक रूपमा प्रकाशित भइसकेका छन् । तथापि ती प्रतिवेदनद्वारा प्रस्तुत गरिएका नतिजा एवम् सिफारिसहरूको कार्यान्वयन अपेक्षित रूपमा हुन नसकेबाट परीक्षणको मूल उद्देश्य पूरा हुन सकेको छैन । यसै सन्दर्भमा अध्ययनका प्राप्तिहरू–खासगरी विद्यालयको कार्यसम्पादन परीक्षण (Performance Audit-PA) तथा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Student Achievement-NASA) को समुचित उपयोग हुन सकोस् र यसका प्राप्तिहरूले नीति तथा अभ्यासमा सुधार गर्न ठोस आधार प्रदान गर्न सकून् भन्ने मूल उद्देश्यका साथ यो सुझाव कार्यान्वयन कार्ययोजना (Action Plan for Recommendation Implementation-APRI) तयार गरिएको छ ।

यस प्रकारका अध्ययनको मूल उद्देश्य समग्र विद्यालय शिक्षा प्रणालीको सञ्चालन प्रभावकारिताका सम्बन्धमा सूचना प्रवाह गरी प्रक्रियागत दृष्टिले थप नियमसम्मत र व्यावसायिक मर्मअनुरूप सञ्चालन गर्न, उत्पादनका दृष्टिले थप कुशल तुल्याउन, नतिजाका दृष्टिले थप सुदृढ तुल्याउन र सेवाग्राहीका सन्तुष्टिका दृष्टिले थप सेवाग्राही मैत्री बनाउन सहयोग पुर्याउनु नै हो भन्न सकिन्छ । यिनै उद्देश्यका साथ स्थापना भएको यस केन्द्रले १४ वर्षभन्दा बढीको अनुभव आर्जन गरिसकेको छ ।

यस कार्ययोजनाको कार्यान्वयनबाट देशभरिका विद्यालयको नियमित पठनपाठन प्रणालीमा गुणात्मक सुधार हुने, विद्यालय व्यवस्थापन प्रक्रियामा आधुनिक कार्यशैलीको उपयोग हुने तथा समग्र विद्यालय शिक्षा प्रणालीमा उल्लेखनीय सुधारका स्पष्ट सङ्केत देखिने र विद्यार्थी एवम् अभिभावकप्रतिको जवाफदेहितामा वृद्धि हुने अपेक्षा गरिएको छ ।

कार्ययोजना दस्तावेजमा अध्ययनहरूबाट प्राप्त नतिजाको व्याख्या प्रस्तुत गर्ने र सिफारिसहरूलाई कार्यान्वयनयोग्य व्यवहारिक कार्यकलापकारूपमा परिभाषित गरी शिक्षा प्रणालीअन्तर्गत कार्यरत विभिन्न निकायहरूको विशिष्टीकृत जिम्मेवारीलाई व्यवस्थित रूपमा दर्शाउने प्रयास गरिएको छ । यो दस्तावेज तयार गर्दा हालसम्म प्रकाशित प्रतिवेदनहरूको अध्ययन, हाल कार्यान्वयनमा रहेका शिक्षा नीति एवम् योजनाहरूको संश्लेषण तथा विभिन्न सरोकारवालाहरूसँगको परामर्श जस्ता अनुसन्धानमूलक विधिहरू अनुसरण गरिएको छ ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट प्रकाशित भएपछि यो कार्ययोजना लागु भएको मानिने छ साथै यस कार्ययोजनाको कार्यान्वयन गर्नु सम्बन्धित निकाय वा व्यक्तिको कर्तव्य मानिनेछ। आगामी वर्षदेखि परीक्षण केन्द्रबाट तयार गरिने परीक्षण प्रतिवेदनहरूको कार्यान्वयन साधनकारूपमा यस्तो सुझाव कार्यान्वयन कार्ययोजना दस्तावेज प्रकाशन गर्ने कार्यमा निरन्तरता दिइनेछ।

## २. शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परिचय

विद्यालय क्षेत्र सुधार योजना (२००९-२०१५) ले शिक्षा सुधारको महत्त्वपूर्ण अवयवका रूपमा प्रणालीगत उत्तरदायित्वलाई व्यवहारमा कार्यान्वयन गर्न विशेष प्रकारको सङ्गठनको आवश्यकता बोध गरेअनुरूप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको विभागीय स्तरको सङ्गठनका रूपमा वि. सं. २०६६ साल कार्तिकमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भएको हो। शिक्षा ऐन, २०२८ (संशोधन सहित) को दफा ७ख. बमोजिम २०७३ सालदेखि यस केन्द्रलाई आफ्नो कार्य सञ्चालनका निमित्त कानुनी आधार प्राप्त भएको छ।

ऐनले उल्लेख गरेका कार्यविवरण पूरा गर्ने सन्दर्भमा कार्य सञ्चालन प्रणालीलाई व्यवस्थित गर्न नेपाल सरकारले २०७४ सालमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको सञ्चालन निर्देशिका जारी गर्‍यो। जसअनुसार केन्द्रले आवधिक रूपमा परीक्षण प्रतिवेदनहरू प्रकाशन गर्ने, मन्त्रालयबाट तर्जुमा हुने नीति तथा योजनामा परीक्षणका नतिजाको उपयोग गर्ने, मन्त्रालयअन्तर्गतका विषयगत निकायहरूले तयार गर्ने योजना एवम् कार्यक्रममा उक्त नतिजाको प्रयोग गर्ने र विद्यालय स्तरमा व्यवस्थापकीय एवम् शिक्षण सिकाइका अभ्यास सुधारका लागि प्रतिवेदनका सिफारिसलाई अनुसरण गर्ने समग्र संयन्त्र तयार गरिएको छ। केन्द्रका प्रमुख उद्देश्य देहायअनुसारका छन् :-

आवधिक रूपमा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी शैक्षिक नीति तर्जुमाका लागि पृष्ठपोषण प्रदान गर्ने,

क) विद्यालय तथा अन्य शैक्षिक निकायहरूको कार्यसम्पादन स्तरको नियमित रूपमा परीक्षण गरी सेवा प्रवाहमा सुधारका लागि प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने,

२) विद्यालय र अन्य शैक्षिक निकायहरूलाई आफ्नो कार्यसम्पादन स्तरको स्वमूल्याङ्कनका लागि सहजीकरण गर्ने र शैक्षिक सेवा प्रवाहमा सुधारका लागि जवाफदेही बनाउने,

३) शिक्षा क्षेत्रमा सञ्चालित आयोजनाहरूको कार्यसम्पादनको मूल्याङ्कन गर्ने र

४) शिक्षा क्षेत्रका समसामयिक मुद्दाहरूमा अध्ययन अनुसन्धान गरी शिक्षामा समता प्रवर्द्धन र गुणस्तर सुधारका निमित्त आवश्यक तथ्यगत सूचना उपलब्ध गराउने।

## ३. राष्ट्रिय विद्यार्थी उपलब्धि परीक्षणको अवधारणा

परीक्षणले विद्यमान शैक्षिक उपलब्धिबारे नतिजा (Outcome) तहमा सूचना प्रदान गर्दछन् र यस्ता परीक्षण विद्यार्थी मूल्याङ्कनका निमित्त सञ्चालन गरिने अन्य परीक्षाभन्दा उद्देश्य र प्रक्रियाका दृष्टिले अत्यन्त भिन्न हुन्छन्।

विद्यालयमा लिइने परीक्षाले विद्यार्थी र शिक्षकलाई सिकाइको स्तर बारे सूचना प्रदान गर्नुका अतिरिक्त कमजोरी भएका क्षेत्र बारे जानकारी दिएर सुधारात्मक शिक्षणका निमित्त आधार प्रदान गर्दछन्। यसका साथै यस्ता परीक्षाले कक्षा चढाउने निर्णयमा आधार दिने गरी निर्णयात्मक उद्देश्यमा समेत सघाउँछन् र विद्यार्थीको सिकाइको प्रमाणीकरणसमेत गर्दछन्।

कक्षा आठ, दस वा बाह्रको अन्तमा लिइने तहको अन्तका परीक्षाले मूलतः निर्णयात्मक उद्देश्यमा सघाउँछन् र प्रमाणीकरणको कार्य पूरा गर्दछन् । त्यसैले यस्ता परीक्षाहरू विद्यार्थीका निमित्त ज्यादै महत्त्व राख्दछन् । यी परीक्षामा प्राप्त गरेको अङ्क वा ग्रेड- भावी दिनको उच्च शिक्षाको भर्ना वा विषय छनोटको आधार बन्न सक्छ । कतिपय अवस्थामा विद्यालय शिक्षामा प्राप्त गरेको ग्रेडलाई निकै वर्षपछि सो व्यक्तिको क्षमता मापन गर्ने सूचककारूपमा प्रयोग गर्ने गरेको पाइन्छ । जस्तै- नेपालका सन्दर्भमा बीसौँ वर्ष अघि एस. एल. सी. मा प्राप्त गरेको श्रेणीलाई वर्तमानको कुनै शिक्षकको वा कर्मचारीको पदोन्नतिको निर्णयको सन्दर्भमा महत्त्वपूर्ण आधारकारूपमा गणना गर्ने गरेको देखिन्छ । यसप्रकार यस्ता परीक्षाको नतिजाले व्यक्तिको भावी जीवनका छनोटका निर्णयलाई प्रभावित गर्न सक्ने हुँदा यसलाई उच्च-सरोकारयुक्त परीक्षा (High-stake exam) का रूपमा समेत चिन्ने गरिन्छ ।

राष्ट्रिय स्तरमा गरिने विद्यार्थी उपलब्धि परीक्षण (NASA) भने प्रत्येक विद्यार्थीको सिकाइको प्रमाणीकरण गर्ने अन्य राष्ट्रिय स्तरका परीक्षाभन्दा भिन्न हुन्छ । खासगरी यस्ता परीक्षणले समग्र उपलब्धिको अवस्था, भौगोलिक र सामाजिक समूहअनुसार उपलब्धि, कालक्रमअनुसार उपलब्धिको तुलना, उपलब्धिसँग सम्बन्ध राख्ने मुख्य तत्त्वहरूको समीक्षा, कुनै ठूला कार्यक्रमसँगको सम्भाव्य सम्बन्ध जस्ता पक्षहरूको बारेमा सूचना दिने अपेक्षा गरिन्छ । व्यक्तिको सिकाइको प्रमाणीकरण गर्ने उद्देश्य नराख्ने हुँदा परीक्षित व्यक्ति वा विद्यार्थीको सरोकार (Stake) न्यून रहन्छ । त्यसैले त्यस्ता परीक्षणलाई विद्यार्थीका दृष्टिबाट न्यून जोखिमको परीक्षा (Low-stake exam) पनि भन्ने गरिन्छ । नतिजाले व्यक्तिलाई खासै फरक नपर्ने हुँदा कतिपय अवस्थामा अरू परीक्षामा जस्तो धेरै मेहनत नगर्ने, वा पूरा समय नलेख्ने, वा आफनो पूर्ण क्षमताको प्रदर्शन नगर्ने जोखिमसमेत रहन्छ । यस्तो भयो भने परीक्षाको नतिजाको वैधानिकतामा समेत चुनौती थपिदिन सक्छ । किनभने वैधानिकताको सवालमा परीक्षामा पाएको उपलब्धिले विद्यार्थीको क्षमताको सही प्रतिनिधित्व गर्न सक्छ कि सक्दैन भन्ने पक्ष सर्वथा अहम् रहन्छ । नेपालमा भएका यस्ता परीक्षणमा यस दृष्टिले वैधानिकताको परीक्षण हुन बाँकी नै छ ।

## ४. विद्यालय कार्यसम्पादन परीक्षणको अवधारणा

शैक्षिक गुणस्तर परीक्षण केन्द्रमार्फत् भएका कामहरूमध्ये कार्यसम्पादन परीक्षण अर्को महत्त्वपूर्ण काम हो । शिक्षा क्षेत्रका सार्वजनिक संस्थाले सेवाप्रवाहका सन्दर्भमा गरेका प्रक्रियागत पक्षहरू कस्ता छन्, तोकिएका कार्यविधि र प्रक्रियाको पालना भएको छ, छैन, सेवा-सञ्चालनका क्रममा मितव्ययिता र कार्यकुशलता, पारदर्शिता र प्रभावकारिता जस्ता उद्देश्यहरू हासिल गर्ने क्रममा के कति उपलब्धि गरेका छन्- भन्ने प्रश्नलाई केन्द्रमा राखेर कार्यसम्पादन परीक्षण गर्ने गरेको देखिन्छ । यसप्रकारको परीक्षण सङ्गठनको भित्रबाट वा बाहिरी निकायबाट हुनसक्ने हुँदा केन्द्रले कार्य-सम्पादन परीक्षण प्रक्रियालाई आन्तरिक र बाह्य दुवै प्रकृतिको हुनसक्ने गरी निर्धारण गरेको देखिन्छ । आन्तरिक परीक्षणलाई स्वमूल्याङ्कनका अर्थमा समेत बुझ्ने गरिन्छ । मूलतः आफ्ना सेवा प्रवाहका प्रक्रियामा देखिएका कुनै कमीकमजोरी भए तिनलाई बेलैमा पहिचान गरेर सुधार गर्ने उद्देश्यका साथ र कहिलेकाहीँ बाह्य परीक्षणको आवश्यकतामा सहयोगी हुने गरी स्व-मूल्याङ्कन वा आन्तरिक परीक्षण सञ्चालन गर्ने गरेको पाइन्छ ।

केन्द्रको हालसम्मको परीक्षण अभ्यासका आधारमा भन्नुपर्दा स्वमूल्याङ्कनसमेत प्रयोजनका लागि भनी परीक्षण साधन निर्माण गरिएको भएतापनि यसलाई बाह्य परीक्षण साधनकारूपमा मात्र उपयोग गरिएको छ । तसर्थ हालसम्मको अभ्यासलाई हेर्दा बाह्य कार्यसम्पादन परीक्षणमात्र भएको छ । बाह्य कार्यसम्पादन परीक्षण निर्णयात्मक हुनसक्ने र उत्तरदायित्व सिर्जना गर्ने

प्रकृतिको हुन्छ । हुन त यस प्रकारको परीक्षण पनि सुधारका सन्दर्भमा उपयोगी हुन्छ । तर पनि यसको मूल उद्देश्य भने उत्तरदायित्व सिर्जनामा गएर जोडिन्छ ।

कार्यसम्पादन परीक्षणसँग सम्बन्धित अन्तर्राष्ट्रिय संस्था International Organization of Supreme Audit Institutions (INTOSAI) ले अडिटका सन्दर्भमा वित्तिय अडिट, कार्यसम्पादन परीक्षण, विधि र प्रक्रियाको पालनाको अडिट र अन्य गरी चार प्रकारका अडिट स्ट्यान्डर्डहरूको चर्चा गरेको छ । साथै, यस संस्थाले कार्यसम्पादन परीक्षणका निश्चित सिद्धान्त (Performance Audit Principles-२०१९) उपयोगमा ल्याएको देखिन्छ ।

सार्वजनिक क्षेत्रमा गरिने अडिट कार्यप्रतिको जनविश्वास (Credibility), गुणस्तर र व्यावसायिकताको प्रवर्द्धन गर्नु नै यस्ता सिद्धान्तहरूको उद्देश्य रहेको देखिन्छ । जसअनुसार कार्यसम्पादन परीक्षणलाई देहायअनुसार परिभाषित गरेको देखिन्छ :-

Performance Auditing (PA) is an independent, objective and reliable examination of whether government undertakings, systems, operations, programs or organizations are operating in accordance with the principles of economy, efficiency and effectiveness and whether there is room for improvement. (ibid., p. ८)

सार्वजनिक संस्था, प्रणाली, कार्यक्रम वा क्रियाकलाप, वा सङ्गठनहरूको सञ्चालनका क्रममा मितव्ययिता, कार्यकुशलता र प्रभावकारिताका सिद्धान्तअनुरूप सञ्चालन भए नभएको र यस सन्दर्भमा सुधारका निमित्त कुनै क्षेत्र भए सोसमेत सुझाउने उद्देश्यका साथ गरिने यस्ता परीक्षणका प्रक्रिया आफैमा स्वतन्त्र, वस्तुनिष्ठ र विश्वसनीय हुनुपर्ने भनेर मार्गदर्शन गरेको देखिन्छ । सेवाको उत्पादन र प्रवाहको सन्दर्भमा तोकिएको शासकीय प्रबन्ध कत्तिको मितव्ययी छ, कत्तिको कुशल छ र कत्तिको प्रभावकारी छ भनेर रेखदेख गर्दै सेवा प्रवाहको सुधारको निमित्त मार्गदर्शन गर्नु नै यसको मूल उद्देश्य रहेको बुझ्न सकिन्छ ।

- *मितव्ययिताको सिद्धान्तः* सेवाको उत्पादनका सन्दर्भमा गरिएको लगानी वा लागतलाई न्यूनतममा राखी सही समयमा र आवश्यक मात्रामा लगानीको प्रवाह गरेको विषय परीक्षणको विषयक्षेत्रमा पर्दछ ।
- *कार्यकुशलताको सिद्धान्तः* लगानीको अनुपातमा उपलब्धिको गणना गर्दै गरिएको लगानी र हासिल गरिएको उपलब्धिको सम्बन्ध स्थापित गर्दै अनुपातको सीमा बढ्दो घट्दो कता गइरहेको छ भनेर संस्था सञ्चालनमा कार्यकुशलताको प्रवर्द्धन गर्ने उद्देश्य राखेको देखिन्छ ।
- *प्रभावकारिताको सिद्धान्तः* कार्यक्रम सञ्चालन पछि अपेक्षा गरिएको नतिजा प्राप्तिको स्तरलाई मापन गर्ने र कार्यक्रमलाई नतिजाको प्राप्तिसँग आबद्ध गर्ने यस सिद्धान्तको ध्येय देखिन्छ ।

यस्ता परीक्षण अध्ययन गर्दा नतिजा-उन्मुख, समस्या-उन्मुख वा प्रणाली-उन्मुख विधिमार्फत् वा त्यसको खास प्रकारको मिश्रित विधिमार्फत् कार्यसम्पादन परीक्षण सञ्चालन गर्न सकिने बारेमा निर्देशन दिइएको देखिन्छ । परीक्षकहरूमा आलोचनात्मक चेत र व्यावसायिक दृष्टिले शङ्कापूर्ण नजर राख्ने (Professional skepticism) विषयलाई यस निर्देशनले महत्त्वका साथ उल्लेख गरेको छ । तर यसो भनिरहँदा सङ्गठनका तर्फबाट पेस गरिने सूचना, जानकारी र भनाइलाई ध्यानपूर्वक ग्रहण नगर्ने हो भने महत्त्वपूर्ण सूचनाहरू छुट्ने अवस्था आउन सक्छ । त्यसैले यस मार्गदर्शनले ग्रहणशील हुने पक्षलाई समेत उचित महत्त्व दिएको देखिन्छ ।

परीक्षणमा निश्चित चरणहरूको समेत उल्लेख गरेको देखिन्छ-

क) योजना चरण

ख) परीक्षण चरण

ग) प्रतिवेदन चरण

घ) फलो-अप चरण

अध्ययन गरिने विषय क्षेत्रको छनोट, पूर्वअध्ययन र परीक्षणको डिजाइन कार्य योजना चरणमा गर्ने काममा पर्दछन्। त्यसै गरी उपलब्ध सूचनाको सङ्कलन र विश्लेषण गर्ने कार्य परीक्षण चरणका महत्त्वपूर्ण कार्यहरू हुन । परीक्षणको नतिजालाई उपयोगकर्ता समक्ष प्रस्तुत गर्ने, परीक्षण सम्बन्धी प्रश्नहरूको सम्बोधन गर्ने, प्राप्ति, निष्कर्ष र सुझावहरू प्रस्तुत गर्ने कार्य प्रतिवेदन चरणमा पर्दछन् । अन्तमा, विगतमा प्रस्तुत गरिएका प्रतिवेदनको कार्यान्वयनको अवस्था बारे खोजखबर गर्ने, कार्यान्वयनको अवस्थाको समीक्षा गर्ने र कार्यान्वयन कमजोर देखिएको अवस्थामा त्यसमा ध्यानाकर्षण गर्ने कामसमेत गर्दछ।

## ५. नतिजा उपयोगका मान्यता

समग्र विद्यालय शिक्षाको योजना, व्यवस्थापन, तथा नीतिगत सुधारमा केन्द्रका प्रतिवेदनले के कस्तो योगदान गरे, पुर्याए वा उपयोग कति हदसम्म हुन सकेको छ भन्ने प्रश्नले निकै महत्त्व राख्दछ। समाज-विज्ञान र खासगरी "शिक्षा क्षेत्रको अनुसन्धान" को मौलिक चरित्र छ। यसै कारणले यस्ता परीक्षण वा अध्ययन अनुसन्धानको नतिजाको उपयोगको प्रश्न परम्परागतरूपमा नै पेचिलो बन्ने गरेको छ। भौतिक विज्ञानमा वस्तुसँगको अध्ययन हुने हुँदा अध्ययनका क्रममा "नियन्त्रण" त्यति कठिन हुन्न र नियन्त्रित वातावरणमा अनुसन्धान गर्न सहज हुने हुँदा परिस्थितिजन्य विविधताबारे डिजाइनले नै सम्बोधन गर्न सहज हुन्छ। स्वास्थ्यका क्षेत्रमा समेत परिस्थितिजन्य संवेदनशीलता त्यत्ति धैरै देखिन्न।

उदाहरणका लागि कोभिड-१९ को सन्दर्भमा गरिएको अध्ययनले खोप सिफारिस गरेको र सो खोप उमेरगत आधारमा कुन समूहलाई कत्ति प्रभावकारी भनेर केही विविधतासहित नतिजा सार्वजनिक भए पनि अन्ततः विश्वका जुनसुकै महादेशमा उत्तिकै प्रभावकारी भनेर प्रयोग गरियो। तर शिक्षामा गरिएका अध्ययनका अधिकांश नतिजाहरू परिस्थिति सापेक्ष हुन्छन वा सबै परिस्थितिमा समानरूपमा लागू गर्ने स्वीकार्यता पाउन कठिन हुन्छ । त्यसैले नतिजासँगै कुन परिस्थितिमा गरिएको अध्ययन हो वा कुन परिस्थितिमा बढी उपयोगी हुनसक्छ भनेर समेत उल्लेख गर्नुपर्ने हुनसक्छ । नतिजाको उपयोगिताका सीमाहरू अलि बढी हुन सक्छन । उपयोग गर्ने सन्दर्भमा परिस्थितिजन्य संवेदनशीलतालाई समेत ध्यान दिनु आवश्यक मानिन्छ।

अर्को पाटो- अध्ययनले उपयोगका निमित्त बाध्य बनाउनेभन्दा पनि नतिजाको समयमा जानकारी र अब केही गर्नै पर्ने रहेछ भन्ने विश्वास जगाउने गरी नतिजाको सम्प्रेषण गर्ने विषय पनि महत्त्वपूर्ण हुनसक्छ। प्रयोगकर्तालाई प्रभाव पार्ने गरी नतिजालाई सम्प्रेषण गर्ने विषयले समेत नतिजाको उपयोगलाई निर्धारण गर्न सक्दछ। यसका निमित्त लक्षित समूह चिन्ने र प्राथमिकीकरण गर्ने, मुख्य लक्षित समूहहरू चिनेपछि उनका आवश्यकता, उनलाई सम्प्रेषण गर्ने प्रभावकारी विधि यकिन गरेर सोअनुसारको समूह विशेषका लागि अलग अलग प्रतिवेदन पुस्तिका (Info-graph) तयार गरेर पनि उपयोगको अवस्था सुधार गर्न सहयोग पुग्न सक्छ । त्यसकारण अध्ययनको डिजाइन गर्ने कार्यले जति महत्त्व राख्दछ, अध्ययनको नतिजा सम्प्रेषण गर्ने कार्यलाई समेत उत्तिकै महत्त्व दिने गरी "नतिजा सञ्चार" को विषयमा प्रयत्नहरू हुनुपर्ने देखिन्छ।

केन्द्रले आफ्ना परीक्षण अध्ययनका नतिजालाई नियमितरूपमा प्रकाशन गर्दै आएको छ । सो प्रकाशनहरूलाई नेपालको विद्यालय शिक्षाको गुणस्तरका बारेमा अध्ययन गर्ने जो कोहीले अध्ययन गर्नैपर्ने सामग्रीका रूपमा लिन थालिएको छ । प्राज्ञिक र अनुसन्धानका क्षेत्रमा केन्द्रका प्रकाशनले आफ्नो महत्त्व स्थापित गरेका छन् । शिक्षा क्षेत्रका दीर्घकालीन योजनाका दस्तावेजहरूमा केन्द्रका प्रकाशनहरूलाई गुणस्तरका बारेमा तथ्यगत आधारका रूपमा साभार गरिएका भेटिन्छन (जस्तै : राष्ट्रिय योजना आयोगका आवधिक योजनाहरू, विद्यालय शिक्षा क्षेत्र योजना, (२०७८-२०८७) ; उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०७५; अर्थ मन्त्रालयबाट प्रकाशन हुने आर्थिक सर्वेक्षण इ.) ।

यसप्रकार केन्द्रका प्रकाशनहरूको स्वीकार्यता क्रमशः बढदै गएको देखिन्छ । तर हरेक वर्षजसो आउने प्रतिवेदनले औंल्याएका विषयहरू समान प्रकृतिका हुने गरेको सन्दर्भमा प्रतिवेदनलाई शिक्षा व्यवस्थापनको समग्र प्रभावकारिता बढाउन आवश्यक हस्तक्षेप गर्ने गरी उपयोग गर्न सकिएन कि ? यस्ता अध्ययनका प्राप्ति र नतिजाले विद्यालय शिक्षाका वार्षिक योजना र कार्यक्रम तथा दैनिक अभ्यासलाई अपेक्षाकृत स्तरमा प्रभाव पार्न र बदल्न खासै मद्दत गर्न सकेन कि ? यस्ता प्रश्न पनि उठन थाले । यो प्रश्नलाई अर्को पाटोबाट पनि हेर्न सकिन्छ – खासगरी अध्ययनले कति हदसम्म अभ्यासलाई बदल्न सक्छ भनेर । अध्ययनले आफै अभ्यास बदल्ने त पक्कै होइन । यसले सङ्केत गर्ने हो । अभ्यास बदल्ने अर्कै पाटो हो ।

सार्वजनिक निकायबाट गरिएका खर्चको उपादेयताको बारेमा सोचिनु नितान्त स्वाभाविक देखिन्छ । हरेक वर्षजसो गरिएका अध्ययनले सङ्केत गरेका विषयले हाम्रा अभ्यासमा के कस्ता प्रभाव पार्न सके वा सकेनन् ? ती अध्ययनका प्राप्तिहरूको कार्यान्वयनयोग्यता (Implementability) को अवस्था के छ र यसलाई कसरी सुधार गर्न सकिएला भन्ने प्रश्न उत्तिकै सान्दर्भिक छ । यसका सन्दर्भमा अध्ययनको डिजाइनदेखि विश्लेषण, सरोकारवालाहरूको सहभागिता, नतिजा सञ्चार जस्ता विभिन्न पाटोहरू महत्त्वपूर्ण हुन सक्छन ।

## ६. अध्ययन प्रतिवेदन उपयोगका चरणहरू

अध्ययन प्रतिवेदन आइसकेका स्थितिमा नतिजाको उपयोगिता बढाउन के गर्न सकिएला भनेर समीक्षा गर्दा मूलतः तीनओटा काम गर्न सकिने देखिन्छः

*क)* *प्राप्तिको सान्दर्भिकता र महत्त्वको व्याख्या गर्ने* (Explanation of relevance and significance) : माथि नै चर्चा गरियो कि यी उपलब्धि परीक्षणले ‘‘उपलब्धि’’लाई मुख्य नतिजाकारूपमा लिएर यसका निमित्त योगदान पुर्याउन सक्ने सम्भाव्य पक्षहरूको बारेमा सङ्केत गरेको छ । यी पक्षहरूको उपलब्धिसँगको सह-सम्बन्धको स्तरको विश्लेषण गरेको छ । सह-सम्बन्ध बलियो देखिएका पक्षहरूलाई उपलब्धि निर्धारण गर्न सक्ने पक्षकारूपमा सङ्केत गरेको छ । यो प्राप्तिको सान्दर्भिकता के ? अझ कसका निमित्त कति सान्दर्भिक ? कुन कामका वा कुन निर्णयका निमित्त सान्दर्भिक ? समग्र शैक्षिक व्यवस्थापनमा यसको महत्त्व के छ ? यस्ता प्रश्नहरूमा हुने छलफलले अध्ययनका नतिजाको कार्यान्वयन योग्यतालाई सुधार गर्न सक्ने अपेक्षा गर्न सकिन्छ ।

*२)* *सम्भाव्य कारणका बारेमा यसको थप विश्लेषण गर्ने* (Further analysis of underlying causes) : अध्ययनको डिजाइनले कुनै नतिजाका निमित्त कारण के हो भनेर किटेर भन्न मिल्ने देखिन्न । त्यसैले त्यो नतिजासँग सम्बन्ध राख्ने पक्षहरूको चर्चा गरिएको हुन्छ । त्यसैले उपलब्ध प्रमाणका आधारमा सम्भाव्य कारण बारे थप विश्लेषण गर्दा त्यसले कार्यान्वयनका बारेमा योजना वा निर्णय गर्न केही सहजता ल्याउन सक्छ । थप अध्ययन गर्नका निमित्तसमेत अध्ययनको विषय क्षेत्रका बारेमा निश्चित आधार प्रदान गर्न सक्छ । त्यसैले यसप्रकारको विश्लेषण सहयोगी हुने अपेक्षा गर्न सकिन्छ ।

३) *कार्यान्वयनसँग सम्बन्धित विस्तृत एवम् सम्भाव्य कार्यकलापबारे थप चर्चा* (Defining operational details) : अध्ययनका प्राप्तिहरूको कार्यान्वयनले नयाँ नीति, कार्यक्रम, संचरना र व्यवस्थापन प्रक्रिया वा लगानी जस्ता पक्षहरूमध्ये कुनै एक वा धेरैओटा पक्षहरूमा सुधार माग गर्न सक्छ । सुधारको निर्णय गर्ने चाहना राख्नेहरूका निमित्त पनि कुन पक्षमा हात हाल्ने, सम्भाव्य असरहरू वा जोखिमहरू के के हुन सक्छन् भन्ने अनिश्चितताले सुधारका पक्षमा निर्णय गर्न केही हिच्किचाहट हुन सक्छ । त्यसैले कार्यान्वयन प्रक्रियालाई मार्गदर्शन गर्न साङ्केतिकरूपमा नै भए पनि यस्ता विविध पक्षहरूमा केही औंल्याउन सकियो भने त्यसले कार्यान्वयनका बेला गरिने निर्णयलाई सहज बनाउन सहयोग गर्न सक्छ ।

## ७. NASA अध्ययनका नतिजा सारांश

केन्द्रको पहिलो १५ वर्षको अवधिमा राष्ट्रिय स्तरमा १३ वटा विद्यार्थी उपलब्धि परीक्षण अध्ययन सम्पन्न भैसकेका छन् । विद्यार्थी उपलब्धि परीक्षणले कक्षा तीन, पाँच, आठ र दस गरी विद्यालय शिक्षाका चार विन्दुमा विद्यार्थी उपलब्धिको अवस्था के छ ? कुन कुन विषयमा उपलब्धि कस्तो छ? अनि- भौगोलिक वा सामाजिक समूह वा अन्य विविध आधारमा उपलब्धिको खण्डीकृत अवस्था कस्तो छ भन्ने जस्ता सूचनाहरू प्रवाह गरेका छन् । कालक्रमअनुसारको तुलनात्मक अध्ययन (Temporal analysis) लाई आधार प्रदान गर्न निश्चित वर्षको अन्तरमा सोही कक्षा र विषयमा उपलब्धि परीक्षण गर्ने गरिएको छ । जस्तै- कक्षा आठमा सन् २०११, २०१३, २०१७ र २०२० मा उपलब्धि परीक्षण गरिएको छ । त्यसैगरी कक्षा पाँचको हकमा सन् २०१२, २०१५, २०१८ र २०२२ मा परीक्षण गरिएको छ । कक्षा तीनको सन् २०१२ र सन् २०१५ मा परीक्षण गर्नुको अतिरिक्त सन् २०२० सालमा पठन तथा गणितीय सीपको राष्ट्रिय परीक्षण (National Assessment of Reading and Numeracy-NARN) समेत सम्पन्न भै सकेको छ । यसका अतिरिक्त सन् २०१९ र २०२३ मा सबै जिल्लालाई समेटेर कक्षा-१० का विद्यार्थीको उपलब्धि परीक्षण गरिएको छ ।

**राष्ट्रियस्तरको विद्यार्थी उपलब्धि परीक्षणका वर्ष, जिल्ला, कक्षा तथा विषयगत विवरण**

| क्र.सं. | वर्ष (ई.सं.) | कक्षा | परीक्षणमा परेका जिल्ला सङ्ख्या | उपलब्धि परीक्षण गरिएका विषयहरू |
|---|---|---|---|---|
| १ | २०११ | ८ | २५ | गणित, नेपाली र सामाजिक शिक्षा |
| २ | २०१२ | ५ | २८ | गणित, नेपाली र अङ्ग्रेजी |
| ३ | | ३ | २८ | गणित, र नेपाली |
| ४ | २०१३ | ८ | २८ | गणित, नेपाली र विज्ञान |
| ५ | २०१५ | ५ | २३ | गणित, नेपाली र अङ्ग्रेजी |
| ६ | | ३ | २३ | गणित, र नेपाली |
| ७ | २०१७ | ८ | २६ | गणित, नेपाली र विज्ञान |
| ८ | २०१८ | ५ | २४ | गणित, र नेपाली |
| ९ | २०१९ | १० | ७५ | गणित, नेपाली, विज्ञान र अङ्ग्रेजी |
| १० | २०२० | ८ | ७५ | गणित, नेपाली, विज्ञान र अङ्ग्रेजी |
| ११ | २०२० | ३ | ३३ | पठन तथा गणितीय सीप (NARN) |
| १२ | २०२२ | ५ | ७५ | गणित, नेपाली, विज्ञान र अङ्ग्रेजी |
| १३ | २०२३ | १० | ७५ | गणित, नेपाली, विज्ञान र अङ्ग्रेजी |

- कक्षागत दृष्टिले कक्षा तीन, पाँच, आठ र दसमा परीक्षण गरेको देखिन्छ । नेपालको विद्यालय शिक्षाको पाठ्यक्रमलाई केलाउँदा कक्षा तीनले आधारभूत साक्षरता, कक्षा पाँचले प्राथमिक शिक्षान्त, कक्षा आठले आधारभूत शिक्षान्त जनाउँछन् भने कक्षा दसलाई माध्यमिक कक्षाको पहिलो खण्ड समाप्तिको कक्षाको रूपमा हेर्न सकिन्छ ।
- निश्चित वर्षको चक्रमा परीक्षण सञ्चालन भएको देखिन्छ । जस्तै, कक्षा पाँचको परीक्षा तीन-तीन वर्षको अन्तरमा सञ्चालन भएको देखिन्छ । कक्षा तीन र आठका परीक्षण पनि ठ्याक्कै एउटै अन्तरमा सञ्चालन नभए पनि मोटामोटी तीन-चार वर्षको अन्तरमा भएको देखिन्छ । कक्षा दसको परीक्षा सन् २०१९ मा र त्यसपछि सन् २०२३ मा सञ्चालन भएकाले यसको अन्तर पनि मोटामोटी तीन-चार वर्ष नै देखिन्छ ।
- विषयगत दृष्टिले मूलतः साक्षरता सीप, र गणितीय सीपलाई परीक्षणको ध्येय बनाएको देख्न सकिन्छ । हरेकजसो परीक्षामा गणित र नेपाली भाषाको परीक्षण छुटेका छैनन् । यस बाहेक अङ्ग्रेजी भाषा र विज्ञान विषयको परीक्षण भएको देखिन्छ ।
- परीक्षणमा कति विषय समेट्ने वा कति वर्षको अन्तरालमा सञ्चालन गर्ने वा नमूनाको आकार कत्रो बनाउने भन्ने विषय केही "डिजाइन" सम्वन्धि प्रश्न हुन् र केही "लागत-लाभ" विश्लेषणसँग समवन्धित प्रश्न हुन् । यति मात्रै होइन- लगातार एकै प्रकारका नतिजा देखा परेको अवस्थामा परीक्षणको बारम्बारताले नयाँ सूचना दिएर शिक्षा प्रणाली सञ्चालनमा खासै योगदान गर्ने नदेखिएमा परीक्षणको चक्र बारेमा अन्यथा निर्णय गर्ने सम्भावना समेत रहन्छ ।

तलको तालिकाले प्रत्येक कक्षाका सञ्चालन गरिएका पछिल्ला अध्ययनका विषयगत नतिजा सारांशलाई प्रस्तुत गरेको छ । यस आँकडाले मूलत: वर्तमान समयमा नेपालको विद्यालय तहको विद्यार्थीको राष्ट्रिय उपलब्धिस्तर किटान गर्दछ । उपलब्धि अनुपातको कोलमले तत्तत् कक्षामा विषयगतरूपमा राष्ट्रिय पाठ्यक्रममा तोकिएकामध्ये आधारभूतभन्दा माथिल्लो स्तरका सिकाइ क्षमता हासिल गर्नसक्ने विद्यार्थी जनसङ्ख्या अनुपात जनाउँछ ।

| क्र.स. | परीक्षण बर्ष | कक्षा | विषय | न्यूनतम सिकाइ उपलब्धि हाँसिल भएका विद्यार्थी प्रतिशत |
|---|---|---|---|---|
| १ | २०१७ | ८ | गणित | ४६ |
| | | | विज्ञान | ४४ |
| | | | नेपाली | ६९ |
| २ | २०१८ | ५ | नेपाली | ४५ |
| | | | गणित | २८.४ |
| ३ | २०१९ | १० | नेपाली | ३९ |
| | | | गणित | ३१ |
| | | | विज्ञान | १८ |
| | | | अंग्रेजी | ३० |
| ४ | २०२० | ८ | नेपाली | ५९ |
| | | | गणित | ३२ |
| | | | विज्ञान | ३८ |
| | | | अंग्रेजी | ५१ |

*Note: The achievement column indicates ratio of student population achieving the stipulated learning abilities above the basic-level, meaning 'proficiency to advance' level.*

## ८. विद्यालय कार्यसम्पादन परीक्षणका नतिजा सारांश

केन्द्रबाट हालसम्म ५५९३ ओटा सामुदायिक विद्यालयहरूको परीक्षण भैसकेको छ विद्यालयको कार्यसम्पादनलाई मूलतः लगानी, प्रक्रिया र उपलब्धि तथा सेवा प्रदान गरिएका विद्यार्थी गरी चार खण्डमा बाँडिएको छ। ती चार ओटा खण्डअन्तर्गत जम्मा ८९ ओटा सूचक विकास गरी सूचकगतरूपमा जम्मा २६९ अङ्क वितरण गरिएको छ। जसअनुसार लगानी (२५%), प्रक्रिया (३०%) र उपलब्धि (४०%) ले ९५% भार ओगटछन् भने बाँकी पाँच प्रतिशत सेवा प्रदान गरिएका विद्यार्थी शीर्षकमा छुट्ट्याइएको छ।

यसप्रकार परीक्षण गरेर अङ्क प्रदान गरेपछि कूल प्राप्ताङ्कका आधारमा विद्यालयको समग्र स्तर निर्धारण गर्ने व्यवस्था छ। जसअनुसार, ४० प्रतिशतभन्दा कम प्राप्ताङ्क भए 'कमजोर, ४० वासोदेखि माथि ७०% भन्दा कम भए 'सामान्य, ७० वा सोदेखि माथि ९०%भन्दा कम भए 'मध्यम र ९०%वा सोभन्दा माथि अङ्क पाएकोमा 'उत्तम भनेर स्तर तोक्ने व्यवस्था गरेको छ।

### कुल प्राप्ताङ्कका आधारमा कार्यसम्पादन स्तर निर्धारण तालिका

हरेक बुँदामा पाएको अङ्कले सुधारका निमित्त अति जरुरी क्षेत्र बारे जानकारी दिने र सोमार्फत् उत्तरदायित्वका साथै प्रक्रियागत सुधारका निमित्त सूचना उपलब्ध गराउने उद्देश्य राखेको स्पष्ट हुन्छ। कार्यसम्पादन परीक्षण कार्यअन्तर्गत केन्द्रबाट हालसम्म समेटिएका विद्यालय तथा शैक्षिक संस्थाहरूको सङ्ख्यात्मक विवरण देहायअनुसार छ।

### हालसम्म परीक्षण सम्पन्न सामुदायिक विद्यालय तथ्याङ्क

| | |
|---|---|
| ४०% भन्दा कम | कमजोर (Poor) |
| ४० वा सोदेखि माथि ७०% भन्दा कम | सामान्य (Fair) |
| ७० वा सोदेखि माथि ९०% भन्दा कम | मध्यम (Average) |
| ९०% वा सोदेखि माथि | उत्तम (Outstanding) |

| क्र. सं. | आर्थिक वर्ष | जिल्ला सङ्ख्या | विद्यालय सङ्ख्या |
|---|---|---|---|
| १ | ०७३/०७४ | ८ | ४१३ |
| २ | ०७४/०७५ | २६ (साविकमा २४ हाल २६ जिल्ला) | १९६७ |
| ३ | ०७५/०७६ | १३ | ९९६ |
| ४ | ०७६/०७७ | ९ | ८९९ |
| ५ | ०७७/०७८ | ६ | ५९३ |
| ६ | ०७८/०७९ | २ | २२९ |
| ७ | ०७९/०८० | ४ | ३९५ |
| | **जम्मा** | **६८** | **५४९२** |

यसरी केन्द्रले हालसम्म ७७ (साविक ७५) जिल्लाका कक्षा १-१२ का जम्मा ६८८५ (CEHRD २०७८) वटा सामुदायिक विद्यालयमध्ये ६८ (रुकुम र नवलपरासी जिल्लाका सबै विद्यालयहरुको परीक्षण सम्पन्न) जिल्लाका जम्मा ५४९२ वटा माध्यमिक विद्यालयको कार्य सम्पादन परीक्षण सम्पन्न गरेको छ भने अब ९ वटा जिल्लाका सामुदायिक माध्यमिक

विद्यालयको कार्यसम्पादन परीक्षण कार्य बाँकी रहेको छ । त्यसतै गरेर आर्थिक वर्ष २०७९/०८० मा १० जिल्लाका ५० ओटा (प्रत्येक जिल्लाका ५/५ ओटा विद्यालय नमूनाका रुपमा) संस्थागत माध्यमिक विद्यालयहरुको परीक्षण सम्पन्न भइसकेको छ ।

कार्य सम्पादन स्तरको चर्चा गर्दा सरदर ८२% विद्यालयले ४० अङ्कको हाराहारी वा ७० अङ्कसम्म हासिल गरी "सामान्य" स्तरमा रहेको पाइन्छ । त्यस्तै गरी सरदर १६% विद्यालयले ९० अङ्कसम्म प्राप्त गरी "मध्यम" स्तरको कार्यसम्पादन प्रदर्शन गरेका छन् । अनि सरदर २% विद्यालयले ४०% अङ्कसमेत प्राप्त गर्न नसकी "कमजोर" स्तरमा दर्ज भएका छन् भने देशभरमा हालसम्म ७ वटा विद्यालयमात्र ९०% वा सोभन्दा बढी प्राप्ताङ्क ल्याउन सफल देखिन्छन् । जसले "उच्च" स्तरको कार्यसम्पादन श्रेणीमा आफूलाई चिनाउन सकेका छन् ।

## ९. NASA अध्ययनका प्राप्तिको समीक्षा

केन्द्रबाट गरिएका परीक्षणहरूका प्राप्तिहरूको समीक्षा गर्ने काम त्यति सहज छैन । अघिल्लो परिच्छेदमा चर्चा गरेअनुसार विगतका करिव १५ वर्षमा १३ ओटा राष्ट्रिय उपलब्धि परीक्षण सम्पन्न भैसकेका छन् । सूक्ष्मतहमा गरिएका अध्ययनलाई समष्टिमा व्यक्त गर्दा विशिष्ट चरित्र हराउन सक्ने जोखिम छ भने सामान्यीकरण गरेर भन्नु पनि जोखिममुक्त छैन । यति हुँदाहुँदै पनि अध्ययनको प्राप्तिको सामान्य प्रवृत्तिलाई चिन्न सकिएन भने संश्लेषणमार्फत् हुने ज्ञान निर्माणको चक्र अपुरो रहन्छ । यिनै सन्दर्भलाई दृष्टिगत गरेर विगतदेखिका अध्ययनका मूल प्राप्ति र प्रवृत्तिलाई सारमा निम्न बुँदाहरूमा समेट्ने प्रयत्न गरिएको छ ।

***प्राप्ति १- विद्यार्थीको समग्र उपलब्धि कमजोर छ ।***

- केन्द्रबाट भएका सबैजसो अध्ययनले विद्यार्थीको न्यून उपलब्धि भएको देखाएको र यो विषयलाई विशेष चासो र चिन्ताका साथ उठाएको देखिन्छ । सामान्यरूपमा हेर्दा कक्षा तीन र पाँचको तुलनामा कक्षा आठमा उपलब्धि कम देखिन्छ । यसबाट माथिल्लो कक्षामा जाँदा उपलब्धिमा झन कमी आएको सङ्केत गर्दछ । विषयगतरूपमा गणित र विज्ञान विषयमा उपलब्धि अन्य विषयका तुलनामा झन कमजोर देखिन्छ ।
- नेपालको सन्दर्भमा उच्च-उपलब्धि हासिल गर्ने समूह अत्यन्त सानो छ । यस्तो कमजोर सिकाइ अवस्थाले (यस्तो खाडललाई कम गर्न विशेष प्रयत्न नभएको अवस्थामा) माथिल्लो कक्षाको सिकाइमा प्रत्यक्ष प्रभाव पार्ने स्वतः सिद्ध छ । खासगरी भाषिक सीपले ग्रहणशीलता र उत्पादनशीलता दुवै प्रभावित हुन्छन, फलस्वरूप जुनसुकै विषयको सिकाइ सम्भावनालाई कुण्ठित गर्न सक्छ ।
- त्यसैगरी गणितको पाठ्यक्रम तल्लो कक्षाको सिकाइले बन्ने अवधारणाको जगमा निर्मित हुने "भर्याङ्गको खुड्किला" चढेजस्तो अर्थात् माइलस्टोन ढाँचाको हुने सन्दर्भमा तल्लो खुडकिलामा भर लाग्ने गरी वा बलियोसँग टेक्न नसक्दा माथिल्लो खुड्किलामा चढ्ने तागत कमजोर हुनजान्छ । यसप्रकार तल्लो कक्षाको कमजोर जगले माथिल्लो कक्षाको सिकाइमा प्रत्यक्ष र गम्भीर प्रभाव पार्न सक्ने देखिन्छ ।
- विशेष प्रयत्नमार्फत् सहयोग नपुर्याएको स्थितिमा विद्यार्थीको सिकाइ झन् झन् कमजोर हुँदै जाने, पढाइमा रुचि र आत्मविश्वास गुमाउने, असफलतामा पुग्न बाध्य हुने वा विचैमा कक्षा छाडने जस्ता जोखिम देखिन्छन । पढाइ पूरा गरिहाले पनि माथिल्लो कक्षामा आफूले पढन पाउने विषय रोज्ने सम्भावना साँघुरो हुने र अन्ततः आफ्ना जीवनका सम्भावनाहरू नै कुण्ठित हुनसक्ने जोखिम देखिन्छ । अर्थात्, वर्तमानमा रहेको निम्सरो सिकाइ उपलब्धिको सम्भाव्य असर गहिरो र गम्भीर हुनसक्छ ।

***प्राप्ति २- पढेको विद्यालयअनुसार विद्यार्थीहरूबीच उपलब्धिमा अन्तर अत्यन्त उच्च छ ।***

पढेका विद्यालयअनुसार विद्यार्थीहरूबीचको उपलब्धिको अन्तर अत्यन्त उच्च देखिएको छ । PISA जस्ता अन्तर्राष्ट्रिय स्तरमा सञ्चालित उपलब्धि परीक्षणले विद्यालयहरूबीच हुनसक्ने यस प्रकारको अन्तरलाई "असमानता" को समस्याकारूपमा व्याख्या गर्ने गरेका छन् र विद्यालय प्रणालीहरूबीच उपलब्धिमा अन्तर नहुनुलाई "समता"को उद्देश्य प्राप्तिको अर्थमा व्याख्या गर्ने गरिएको पाइन्छ । जस्तै, PISA २०१८ को प्रतिवेदनमा फिनल्याण्डको नतिजा व्याख्या गर्दा विद्यालयहरूबीचको उपलब्धिको अन्तर अत्यन्त सानो भनेर सकारात्मकरूपमा व्याख्या गरिएको छ ।

- सैद्धान्तिक दृष्टिले हेर्दा सामुदायिक विद्यालयप्रतिको विश्वास घट्नु भनेको संस्थागत विद्यालय सेवाको माग बढ्नु हो । यस्तो स्थितिमा सामुदायिक विद्यालय सुधारमा संस्थागत विद्यालयको हित कसरी जोडिन्छ भन्ने नै अहं सवाल हो । यस्ता प्रश्नमा उचित छलफल नभै संस्थागत विद्यालयको अगुवाइमा सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्ने विषय आउनुलाई नीतिगत अस्पष्टताकारूपमा व्याख्या गर्दा अत्युक्ति नहोला ।
- यसप्रकारको उपलब्धिको अन्तर मूलतः विद्यार्थीको विशेषताको कारणले भएको हो भने विद्यालयको प्रकारअनुसार विद्यार्थीको वितरण हुने अवस्था कतिको हितकर छ ? अथवा, यो अवस्था यदि साँच्चिकै चिन्ताको विषय हो भने सामाजिक-आर्थिक अवस्थाका कारणले एउटै समुदायमा रहेका विद्यार्थी दुई थरी विद्यालयमा बाँडिने अवस्थालाई निरुत्साहित गर्ने विकल्पहरू खोजी गर्ने कि नगर्ने ? अमेरिकामा विद्यार्थीको सामाजिक-आर्थिक अवस्थाअनुसार विद्यालय छुट्टिने अवस्था (Segregation) लाई शैक्षिक मात्रै नभै सामाजिक समस्याको स्रोतका रूपमा लिएर भिन्न पृष्ठभूमिका विद्यार्थीहरू एउटै विद्यालयमा मिसिएर पढन सकून् भनेर प्रोत्साहनमूलक र नियन्त्रणात्मक नीति अङ्गीकार गरेको देखिन्छ ।
- एकै प्रकारका विद्यालय (जस्तै, दुवै सामुदायिक) भए पनि उपलब्धि एकैनास छैन । कुनैमा निकै राम्रो उपलब्धि र अर्कोमा निकै कम उपलब्धि भएको पाइएको छ । विद्यालयमा हुने लगानी, वा विद्यालयका प्रक्रियाहरूलाई यस प्रकारको अन्तरको निर्धारक भनेर छलफल गर्ने गरिन्छ ।
- लगानीअन्तर्गत शिक्षक सबैभन्दा महत्त्वपूर्ण लगानीका रूपमा हेर्ने गरिन्छ । यसका पनि दुई कारण छन् । पहिलो, विद्यालयमा हुने लगानीमा शिक्षकमा गरिने लगानीले निकै ठूलो हिस्सा ओगट्छ । दोस्रो, अरू लगानी गरेर पनि उपलब्धिमा परिणत गर्न शिक्षककै सक्रियता जरुरी हुन्छ । जस्तै, प्रयोगशालामा लगानी गर्यो भने पनि त्यसको उपयोगमा शिक्षककै क्षमता र सक्रियताले काम गरेको हुन्छ । यसप्रकार, शिक्षकको चर्चा गर्दा कक्षा साइज आकार (एउटा कक्षामा कति विद्यार्थीलाई पढाउने ?), शिक्षकको योग्यता, तालिम र पेसागत दक्षता, सेवा सर्त र उत्प्रेरणा जस्ता पाटोहरूलाई महत्त्वका साथ उठाउने गरिन्छ ।
- सिकाइका निमित्त उपयुक्त वातावरण छ छैन भन्ने अर्थमा भौतिक पूर्वाधारको अवस्थालाई लगानीको प्रभाव विश्लेषण गर्दा गणना गर्ने गरिन्छ । यसलाई मापन गर्न प्रति विद्यार्थी लगानी भनेर समतामूलक लगानी भए नभएको र उपलब्धिको अन्तर हुनुमा त्यसको प्रभाव के कति रहेको छ भनेर हेर्ने गरिन्छ । अन्तर्राष्ट्रिय अध्ययनहरूले निश्चित तहसम्म लगानीले प्रभाव पार्ने तर त्यसपछि न्यूनतम अवस्था सुनिश्चित भएको अवस्थामा लगानी थप्दा त्यसले उपलब्धिमा खासै प्रभाव नपारेको देखाएका छन् ।
- पछिल्ला अध्ययनले लगानीका तुलनामा "प्रक्रिया"का पक्षहरूलाई महत्त्वका साथ उठाउने गरिएको पाइन्छ । तर, यसको क्षेत्र अत्यन्त बृहत् छ र प्रक्रियाको कुरा गर्दा कुन प्रक्रिया प्रभावकारी हुने भन्ने कुरा परिस्थिति र सन्दर्भले धेरै

हदसम्म प्रभाव पार्ने मानिन्छ ।

- उदाहरणका लागि विद्यालयको नेतृत्व प्रक्रिया, शिक्षणमा उपलब्ध समय (Time on Task), समुदाय परिचालन, अभिभावकसँगको सञ्चार जस्ता विषयका अतिरिक्त शिक्षण-सिकाइका गहन महत्त्वका भित्री प्रक्रियाहरूसमेत यसअन्तर्गत पर्दछन् । जस्तै, शिक्षक-विद्यार्थी अन्तर्क्रिया, शिक्षण-कलाको छनोट, सिकारुको सहभागिता र सिकाइको अवसर (Opportunity to Learn), गृहकार्यको उपयोग, विद्यार्थी मूल्याङ्कन र पृष्ठपोषण जस्ता पक्षहरूलाई विद्यालयगत उपलब्धिमा हुने अन्तरलाई व्याख्या गर्न प्रयोग गरिन्छन् ।

***प्राप्ति ३- विद्यार्थीको पठनसीप कमजोर भएका कारणले समग्र उपलब्धि कमजोर भएको अवस्था छ ।***

- विद्यार्थीहरूको पठन सीप कमजोर रहेको कारण ग्रहणशीलता (Receptive skills) कमजोर हुने र फलस्वरूप उत्पादनसम्बन्धी दक्षता (Productive skills) र समग्र उपलब्धि कमजोर हुने अन्तर्राष्ट्रिय अध्ययनहरूमा समेत देखिएका छन् । यसअन्तर्गत कतिछिटो र कत्तिको बुझाइका साथ पढन सक्छन् भन्ने कुरालाई ध्यानमा राखिन्छ । ढिलो पढनेको बुझाइसमेत कमजोर हुने देखिएको छ ।
- नेपालको सन्दर्भमा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणका अलावा “ राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ सीप” (NEGRP) को कार्यान्वयनका सिलसिलामा गरिएका अध्ययनले समेत पठन सीप कमजोर भएको सङ्केत गरेका छन् र यी दुई अध्ययनको नतिजाले एक अर्कालाई पुष्टि गर्न बल दिन्छन् । यसका अतिरिक्त प्रारम्भिक तहमा हुने पठन सीपको कमजोरीले समग्र सिकाइमा हुने कमजोरी झन् झन् थपिंदै जाँदा पछि गएर सिकाइको अन्तर अत्यन्त धेरै हुने भनेर विभिन्न अध्ययनहरूले चर्चा गरेका छन् । यसर्थ, यसको सान्दर्भिकता उच्च छ र प्रभाव गहिरो छ भन्ने देखिन्छ ।
- यसको कारणका बारेमा प्रतिवेदनले खुलेर भन्न सकेको देखिन्न । तर, घरमा सिकाइको वातावरण, बावुआमाको शिक्षा र पेसा जस्ता चर (Variables) हरूसँग उपलब्धिको सह-सम्बन्ध देखिनुले विद्यार्थीको सामाजिक-आर्थिक परिवेशसँग केही सम्बन्ध रहेको देखाउँछ ।
- यसका अतिरिक्त प्रारम्भिक तहमा भाषा सिकाउँदा पठन सीप कसरी सिकाइयो भन्ने शिक्षण कलासँग समेत यसको सम्बन्ध हुनसक्ने अनुमान गर्न सकिन्छ ।
- कार्यान्वयनमा जाने बारेमा प्रतिवेदनले किटेर भनेको छैन । मूलतः शिक्षकको पेसागत क्षमता विकासमार्फत् ‘शिक्षण कलाको अभ्यासमा सुधार गरी पठन सीपमा सुधार गर्ने बारेमा उल्लेख गरेको देखिन्छ ।

***प्राप्ति ४- विद्यार्थीहरू “तल्लो तहका-दक्षता मापन गर्ने (Lower-order thinking) ” अन्तर्गतका प्रश्नमा उत्तर दिने तुलनामा “उच्च-दक्षता मापन गर्ने (Higher-order thinking) ” अन्तर्गतका प्रश्नमा उत्तर दिने मामलामा झनै कमजोर देखिएका छन् ।***

- एक्काइसौं शताब्दिको सीपको कुरा वा जोवनोपयोगी सीपको कुरा वा खुल्ला र तर्कपूर्ण उत्तर दिने वा आलोचनात्मक चिन्तन (Critical thinking) र सिर्जनशीलता जस्ता सीपको विकास गर्ने पक्षलाई महत्त्वका साथ उठाइएको बेला विद्यार्थीहरूमा स्वतन्त्र अभिव्यक्ति गर्ने क्षमतामा देखिएको कमजोरीलाई गम्भीर रूपमा लिनुपर्ने देखिन्छ ।
- यसप्रकारको समस्याको मूल सम्बन्ध शिक्षण कलासँग हुने देखिन्छ । साथसाथै, पाठ्यक्रमको डिजाइन र सङ्गठनले समेत प्रभाव पार्न सक्ने देखिन्छ । त्यसै गरी विद्यार्थी मूल्याङ्कनको पद्धतिले समेत शिक्षण अभ्यासलाई प्रभावित गर्न सक्ने देखिन्छ । अलि बृहत् रूपमा कुरा गर्दा, शिक्षक तयारी, शिक्षक उत्प्रेरणा वा उत्तरदायित्व जस्ता पक्षहरूले निश्चय

नै शिक्षण अभ्यासलाई प्रभावित गर्छन् र त्यसको सम्बन्ध विद्यार्थीमा यसप्रकारको सीप विकास हुने कुरासँग हुने विश्वास गरिन्छ ।

***प्राप्ति ५- विद्यार्थीको उपलब्धिमा असमानता देखिने तत्त्वहरूमा सामाजिक समूहको (खासगरी दलित/ मधेशी) पनि स्पष्ट प्रभाव देखिन्छ ।***

- हरेक विद्यार्थीले सिक्ने सामर्थ्य राख्छन् र विद्यालयले यसप्रकारका अन्तर्निहित क्षमतालाई प्रस्फुटन हुने अवसर प्रदान गर्दछ भन्ने अपेक्षा गरिन्छ । यदि त्यसो हुँदैन र विद्यार्थी जन्मेको स्थान विशेषले, समूह विशेषले उसका सम्भावनाहरू निर्धारित गर्छन् भन्ने अवस्था आयो भने "समता"का दृष्टिले शैक्षिक प्रणालीको क्षमतामा प्रश्न उठ्नु अस्वाभाविक हुन्न । त्यसैले नेपालमा विद्यार्थीको सामाजिक पृष्ठभूमिले उनीहरूका उपलब्धि प्रभावित हुनु भनेको शिक्षा प्रणालीले समता प्रवर्द्धन गर्न नसकेको कमजोरीका रूपमा बुझ्ने गरिन्छ ।
- नेपालका सन्दर्भमा विगतका प्राय सबैजसो उपलब्धि परीक्षणले सबैजसो विषयमा दलित समूहको उपलब्धि कमजोर रहेको देखाएको छ । त्यसै गरी गणित विषयबाहेकका अन्य विषयमा मधेसी समुदायका विद्यार्थीको सिकाइ उपलब्धि पनि कमजोर रहेको देखिएको छ ।
- यसप्रकारको उपलब्धिको असमानतालाई विद्यालयको लगानी र प्रक्रियागत प्रभावकारितासँग जोडेर हेरिन्छ । साथै, घरपरिवारको परिवेश, घरमा बोलिने भाषा, सिकाइका निमित्त सहयोगी वातावरणको उपस्थिति, खाँचो पर्दा परिवारका सदस्यबाट प्राप्त हुने सिकाइमा सहयोग जस्ता विद्यालय बाहिरका तत्त्वहरूसँग समेत जोडेर हेर्ने गरिन्छ ।
- अमेरिकामा शैक्षिक अवसरमा समानता सम्बन्धमा १९६० को दसकमा गरिएको कोलमान स्टडिका नाममा बहुचर्चित, बहुप्रचारित, Equality of Educational Opportunity सम्बन्धी अध्ययनले विद्यालयमा हुने सिकाइ उपलब्धिमा विद्यालय बाहिरका र खासगरी घर-परिवारसँग सम्बन्धित पक्षहरूको ज्यादै ठुलो प्रभाव रहने भनेर उल्लेख गरेपछि यसले अन्तर्राष्ट्रिय स्तरमै विशेष चर्चा र आलोचनासमेत निम्त्याएको थियो । यसका प्राप्ति बारे शायद सबैभन्दा बढी चर्चा भए र आलोचना पनि निकै भए ।
- विद्यालय बाहिरको र खासगरी घर-परिवार वा समुदायसँग सम्बन्धित यो तत्त्वको प्रभाव सिकाइ उपलब्धिमा बलियो देखिए पनि खराब नतिजाको कारण विद्यालयबाहिरका तत्त्वलाई जिम्मा दिएर उम्कन खोजियो भने सुधारको सम्भावना छैन भनेर स्वीकार गर्नु जस्तै हुन जान्छ । अर्थात्, उपलब्धिमा देखिने असमानतालाई सामाजिक पृष्ठभूमिको आवरणमा व्याख्या गरेर विद्यार्थी र परिवारको कमजोरी देखाउने कुराले प्रणालीगत सुधारमा सहयोग गर्न सक्दैन ।
- PISA (२०१८) को अध्ययनमा यसप्रकारको सम्भाव्य असरलाई – Economic, Social and Cultural Status (ESCS) भनेर व्याख्या गरेको छ र यसअन्तर्गत मूलतः तीनओटा तत्त्वहरूलाई समेटेको देखिन्छः अ) आमाबाबुको पेसा, आ) आमाबाबुको उच्चतम शिक्षाको तह र इ) घरमा सम्पत्ति, सहयोगी संस्कृति र सहयोगी सामानको उपलब्धता । छोटकरीमा घर-परिवारको सामाजिक-आर्थिक स्तर (Socio-Economic Status- SES) भनेर चिनिने यस तत्त्वलाई हरेक अन्तर्राष्ट्रिय अध्ययनले प्रभावी तत्त्वका रूपमा चर्चा गरेका छन् । कतिपय मुलुकले घर-परिवारले समान रूपमा अवसर उपलब्ध गराउन नसकेको कारणले सिर्जित सिकाइको क्षतिको आपूरण गर्न विशेष योजना बनाउने गरेको पनि देखिन्छ । जस्तै- इस्तोनिया- जुन OECD अन्तर्गत उच्चतम उपलब्धि हासिल गर्नेमध्येको देशहरूमा पर्दछ- ले घरमा हुने विषमतापूर्ण अवस्थाले सिर्जना गर्ने क्षतिलाई आपूरण गर्न विद्यालयले विशेष योजना बनाएर सहयोग गर्ने गरेको उल्लेख गरेको छ ।

- तर पनि घर परिवारको परिवेशको असर निकै ठूलो हुनसक्छ भन्ने फिनल्याण्डको अनुभवले समेत देखाउँछ । यस मुलुकको उपलब्धिलाई विगत धेरै वर्षदेखि प्रशंसायोग्य भनेर बयान गरिएको छ । तर यहाँ पनि स्वेडिस भाषा बोल्ने क्षेत्रका विद्यालयको उपलब्धि अन्यत्रका विद्यालयको तुलनामा उल्लेखनीय रूपमा राम्रो छ । नेपालका सन्दर्भमा भने यस पक्षको कारकहरूको बारेमा गहिरो अध्ययन भएको देखिन्न ।

***प्राप्ति ६- विद्यार्थीको उपलब्धिमा असमानता देखिने तत्त्वहरूमा विद्यालय रहेको भौगोलिक क्षेत्रको पनि स्पष्ट प्रभाव देखिन्छ ।***

- नेपालका सन्दर्भमा शहरी क्षेत्रका तुलनामा ग्रामिण क्षेत्रका विद्यार्थीको, अन्य प्रदेशका तुलनामा मधेस प्रदेश र कर्णाली वा सुदूरपश्चिम प्रदेशका विद्यार्थीको उपलब्धि कमजोर देखिएको छ । उपलब्धिको अन्तरसमेत उल्लेख्य छ । यो पक्ष समताका दृष्टिले चिन्ताको विषय हो ।
- यसलाई बिभिन्न अर्थमा व्याख्या गर्न सकिने देखिन्छः भौगोलिकरूपमा दुर्गम र अपायक स्थानहरूमा लगानी समानुपातिक नहुने र लगानीमा देखिने असमानताले उपलब्धिलाई प्रभावित गर्न सक्ने । यसमा शिक्षक आपूर्ति पूरा मात्रामा नहुने, दरबन्दी कम हुने वा दरबन्दीमा खटिएका शिक्षकसमेत बसाइमा कठिनाइ हुने हुँदा अनेक कारण देखाएर सुगमतिर सर्ने । केन्द्रिय शिक्षक व्यवस्थापन प्रणाली हुने मुलुकमा यो समस्या अझ बढी देखिन्छ ।
- अब दोस्रो पक्षतिर हेरौँ । प्रशासनिक निगरानी कमजोर हुनसक्ने र फितलो व्यवस्थापनका कारणले उपलब्धि प्रभावित हुनसक्ने । यसप्रकार विद्यालय सञ्चालनको प्रक्रियागत कमजोरीका कारण (जस्तै- शिक्षणमा लगाएको समय कम हुनसक्ने) ले उपलब्धिलाई प्रभावित गरेको हुनसक्ने देखिन्छ ।
- परिवारको आफ्ना वालवालिकाको शिक्षाबाट हुने अपेक्षा तथा त्यसलाई दिने महत्त्व पनि महत्त्वपूर्ण मानिन्छ । यो महत्त्वले विद्यार्थीले गर्ने मेहनत र शिक्षकसँगको सम्बन्धलाई समेत निर्धारण गर्न सक्ने देखिन्छ । अमेरिकाका सन्दर्भमा गरिएका कतिपय अध्ययनमा गोरा समुदाय तथा एसियाली मूलका अमिरिकी समुदायका विद्यार्थीको उपलब्धि काला तथा हिस्पानिक समुदायका विद्यार्थीका अपेक्षामा राम्रो रहेको देखिएको छ । यसमा घरमा हुने साधन मात्रै ठूलो नभै शिक्षालाई समूदायले दिने महत्त्वलाई विशेषरूपमा उल्लेख गरेको देखिन्छ ।
- समुदायको चेतना र हस्तक्षेपलाई निकै महत्त्वका साथ व्याख्या गर्ने गरिन्छ । अन्य अवस्था समान हुँदाहुँदै पनि समुदायको चेतना, सहयोग र हस्तक्षेपका कारणले समेत समग्र विद्यार्थी उपलब्धि प्रभावित हुनसक्ने विभिन्न अनुसन्धानले देखाएका छन् । यी सबै वा केही तत्त्वहरू भौगोलिक असमानताको आवरणभित्र लुकेका हुनसक्छन् । राष्ट्रिय उपलब्धि परीक्षणले सङ्केत गरेको विषयहरूमा गहिरो अध्ययनले मात्रै ठोस कारणका बारेमा जानकारी पाउन सहयोग पुग्न सक्छ ।

***प्राप्ति ७- लगानीका विभिन्न पक्षहरूको उपलब्धिमा सोझो सम्बन्ध हुनसक्ने ठानिन्छ । समयमा पाठ्यपुस्तक पाउन सके नसकेको भन्ने प्रश्नको समेत प्रभाव देखिएको छ ।***

- परीक्षण केन्द्रले गरेका धेरैओटा परीक्षणमा समयमा पाठ्यपुस्तक पाउने वा नपाउने भन्ने विषयको उपलब्धिसँग सोझो सम्बन्ध रहेको देखिएको छ । सोझो अर्थमा भन्दा समयमा पाठ्यपुस्तकको आपूर्तिले उपलब्धिमा सकारात्मक प्रभाव पार्छ भनेर मान्नुपर्ने हुन्छ ।

- अर्कोतिर, दुर्गम भेगमा पाठ्यपुस्तक समयमा नपुगेको हुनसक्ने (किनभने सुगम स्थलमा प्राय: यस्तो समस्या सुनिन्न) स्थितिमा पाठ्यपुस्तक नपुगेको कारणले भन्दा पनि कमजोर उपलब्धि हुने क्षेत्रहरूमा (माथिल्लो बुँदामा चर्चा गरिएको) पाठ्यपुस्तक पनि समयमा नपुगेको हो कि भनेर पनि हेर्नुपर्ने हुन्छ । त्यसकारण, यसले अलिकति गहिराइमा अध्ययन माग गर्छ ।
- कार्यान्वयनमा जाने बारेमा कुरा गर्दा समयमै पाठ्यपुस्तक पुर्याउने, सो नहुँदासम्म गत वर्षका पुस्तकको उपयोग गरेर शिक्षण सुचारु गर्ने जस्ता विकल्पमा छलफल हुनसक्छ । तर, यस प्राप्तिले सङ्केत गरेको कुरालाई थप तथ्यगत विवरण सङ्कलन गरेर स्थापित गर्नुपर्ने देखिन्छ ।

***प्राप्ति ८- गृहकार्य दिने, परीक्षण र पृष्ठपोषण दिने जस्ता विषय ,सिकाइ उपलब्धि वृद्धिका लागि निरन्तर प्रभावी रहे ।***

- सामान्यतया सिकाइ उपलब्धिलाई शिक्षणका निमित्त गरिएका प्रक्रियागत पक्षहरूले ठूलो मात्रामा प्रभाव पार्छन् भनेर मान्ने गरिन्छ । त्यसमा पनि शिक्षणलाई नजिकबाट प्रभाव पार्ने प्रक्रियागत पक्षहरूको उपलब्धिसँग झन् कसिलो सम्बन्ध भएको देखिन्छ । त्यसमा विद्यालय व्यवस्थापन (प्रधानाध्यापक) र अझ शिक्षकको तहमा गरिने प्रक्रियाको असर झन् बढी देखिन्छ । यस प्राप्तिले सिकाइका निमित्त उचित अवसर दिने (उपयुक्त काम दिने, गरेको हेर्ने, गर्न उत्प्रेरित गर्ने, गर्ने तरिकाको प्रदर्शन गर्ने) तथा उनले गरेका काममा प्रोत्साहन गर्ने र पृष्ठपोषण दिने जस्ता कार्यहरूले सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्न सक्छन् ।
- शिक्षकको तयारी, शिक्षकको उत्प्रेरणा तथा उत्तरदायित्व प्रणाली तथा विद्यालय व्यवस्थापनको प्रभावकारिता जस्ता पक्षहरूले यस्ता शैक्षणिक व्यवहारलाई निर्देशित गर्ने देखिन्छ ।
- कार्यान्वयनका पक्षमा विचार गर्दा विद्यालय व्यवस्थापन (खासगरी प्रधानाध्यापकको भूमिका) लाई थप उत्तरदायी र थप कसिलो बनाउने विषय सबैभन्दा महत्त्वपूर्ण हुनसक्ने देखिन्छ ।

***प्राप्ति ९- विद्यार्थीले आफूले हेपिएको ठान्ने अवस्था वा अरूको अनिच्छित व्यवहारले उपलब्धिमा नकारात्मक प्रभाव पारेको देखिएको छ । अर्कोतिर, आफ्नो विद्यालय र शिक्षकप्रति गर्व गर्ने र विद्यार्थीले शिक्षक तथा विद्यालय परिवारलाई सम्मान गर्ने भन्ने जस्ता मनोवैज्ञानिक र आपसी मधुर सम्बन्ध भएका स्थितिमा उपलब्धिमा सकारात्मक सह-सम्बन्ध रहेको छ । ।***

- विद्यालयसँगको विद्यार्थीको सम्बन्ध निकै महत्त्वपूर्ण हुने देखिन्छ । आफूले हेपिएको (Bullying) अनुभव गरेको, शिक्षकले सकारात्मक सहयोग नगरेको, सम्बन्ध सुमधुर नरहेको वा आफ्नो शिक्षक र विद्यालयप्रति गर्व नगर्ने अवस्थामा उपलब्धि कमजोर देखिएको छ । यसलाई सिकाइका निमित्त सकारात्मक वातावरण (Conducive learning environment) को महत्त्वको अर्थमा समेत व्याख्या गर्न सकिन्छ ।
- विद्यालय व्यवस्थापन र शिक्षकका तहमा यस सम्बन्धी कार्यान्वयन योजना बन्न सक्ने देखिन्छ । अभिभावकसँगको सम्बन्ध र सञ्चार पनि यसमा गाँसिएर आउन सक्दछ ।

***प्राप्ति १०- विद्यार्थीको उपलब्धिमा पारिवारिक पृष्ठभूमिको प्रभाव निकै बलियो भएको पाइयो ।***

- बाबुआमाको पेसा, वाबुआमाको शैक्षिक स्तर, आय वा घरमा भएका सामानहरू जस्ता पक्षलाई हरेकजसो अध्ययनले उपलब्धिसँग नजिकको सम्बन्ध भएका तत्त्वकारूपमा व्याख्या गरेका छन् ।
- विद्यालयको प्रक्रियागत सुधारले यी कुनै पनि पक्षलाई प्रभावित गर्न सक्दैन । न त बाबुआमाको पेसा फेर्न सक्छ, न त शैक्षिक स्तर वा आय । बरु यी तत्त्वका कारणले उपलब्धि कसरी प्रभावित हुन्छन् भन्ने अध्ययन गरेर यी बाह्य तत्त्वको प्रभावलाई न्यूनीकरण गर्ने गरी योजना बनाउन सक्ने देखिन्छ । खासगरी पारिवारिक पृष्ठभूमि प्रतिकूल भएका सन्दर्भमा विद्यालयले कसरी सहयोग गर्न सक्छ भन्ने नै कार्यान्वयनका सन्दर्भमा महत्त्वपूर्ण हुने देखिन्छ ।

## १०. कार्य सम्पादन परीक्षणका प्राप्ति समीक्षा

विद्यालय कार्य सम्पादन परीक्षणले कुनै एउटा विद्यालयको बारेमा र समग्र शिक्षा प्रणालीको बारेमा निकै महत्त्वपूर्ण सूचना प्रदान गर्न सक्दछ । केन्द्रले विगतका वर्षहरुमा सम्पन्न गरेका अध्ययनका आधारमा प्राप्तिलाई सारांशमा यसरी प्रस्तुत गरिएको छ ।

***प्राप्ति ११- एउटै पालिकाभित्र पनि विद्यालयहरूबीचको कार्यसम्पादनको स्तरमा ठूलो असमानता देख्न सकिन्छ ।***

- माथि चर्चा गरिए जस्तै विद्यालयहरूबीचको असमानताले ती फरक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका विकासका सम्भावना समेत प्रभावित गर्नसक्ने हुँदा यो निकै चिन्ता र चासोको विषय हुनुपर्दछ ।
- आफ्नो क्षेत्रभित्रका विद्यालयका उपलब्धि समीक्षा गर्ने, स्रोत वितरणमा समता प्रवर्द्धन गर्ने, न्यूनतम पूर्वाधार पूरा गर्न लगानी गर्ने र अभिभावक र समुदाय सहयोगको प्रवर्द्धन गर्ने वा एउटा राम्रो अभ्यास गर्ने विद्यालयका अनुभवहरू अरू विद्यालयसम्म पुर्याउने, शैक्षणिक नेतृत्व प्रवर्द्धन गर्न एउटा विद्यालयको नेतृत्वमा अरू विद्यालयले सहकार्य गर्ने वा सञ्जाल (Network) तयार गर्ने जस्ता अभ्यासहरू धेरै हुन सकेको देखिएन । यसो हुन सकेको भए कुनै एउटा पालिका र अर्को पालिकाको स्तरमा फरक हेर्ने अवस्था आउन सक्थ्यो । शिक्षाको व्यवस्थापनसँग सम्बन्धित यी महत्त्वपूर्ण कार्यहरू प्रभावकारीरूपमा सम्पादन गर्न गाउँ/नगरपालिकाको अपेक्षाकृत स्तरमा क्षमता विकास भएन कि भन्ने देखिएको छ ।
- यो प्राप्तिले शैक्षिक व्यवस्थापनका क्षेत्रमा स्थानीय पालिकाहरूको क्षमता विकास गर्नुपर्नेतर्फ सङ्केत गर्दछ । कतिपय पालिकाहरूको आकार र क्षमताका कारणले सबै भूमिका पूरा गर्न कठिन हुने स्थितिमा ओल्लापल्ला दुई वा तीन पालिकाको संयुक्त संयन्त्रमार्फत् वा जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइमार्फत् समन्वय गरी शैक्षिक व्यवस्थापनमा सुदृढीकरण गर्नुपर्नेतर्फ सङ्केत गरेको देखिन्छ ।

***प्राप्ति १२- विद्यालयहरूबीच लगानीमा असमानता छ । तर पनि लगानीमा उच्च स्कोर प्राप्त गरेका विद्यालयहरूको समेत अपेक्षाकृत स्तरको उपलब्धि देखिन्न ।***

- विद्यालयहरू बीचको कार्यसम्पादनको अन्तरलाई उपलब्ध लगानी वा स्रोतले व्याख्या गर्न सकेको देखिन्न । शिक्षक अपर्याप्त भनेर कुनै विद्यालयको अवस्थाको कुरा गर्दा शिक्षक-विद्यार्थी अनुपात अत्यन्त कम भएको अर्को विद्यालयको समेत नतिजा राम्रो नदेखिनुले लगानीको महत्त्व हुँदाहुँदै पनि व्यवस्थापन प्रक्रिया अझ बढी सबल तत्त्वकारूपमा देखा परेको छ ।

- विद्यालय तहमा प्रधानाध्यापकको 'प्रभावकारी नेतृत्वलाई पनि महत्त्वपूर्ण पक्षकारूपमा व्याख्या गर्ने गरेको देखिन्छ। प्रधानाध्यापकको नेतृत्वको प्रभावकारिताले शिक्षकको उत्प्रेरणा, शिक्षकबाट हुने उच्च स्तरका प्रयत्नलाई समेत प्रभावित गर्नसक्ने देखिन्छ। समुदायको सक्रियता बढाउनसमेत यो नेतृत्वको भूमिका महत्त्वपूर्ण भएको देखिन्छ।
- कार्यान्वयनमा जाने सन्दर्भमा प्रधानाध्यापकको क्षमता विकास, प्रधानाध्यापकबाट भएका प्रयत्नको नियमित समीक्षा गर्ने र उच्चस्तरको व्यवस्थापकीय क्षमता प्रदर्शन गर्ने प्रधानाध्यापकलाई अन्य विद्यालय सुधारमा स्थानीय तहले मेन्टर (Mentor) अर्थात् सहसिकाइकर्ताका रूपमा परिचालन गर्ने जस्ता विषयहरूमा छलफल हुनुपर्ने देखिन्छ।
- परीक्षणमा विद्यालयले पाएको औसत प्राप्ताङ्कका आधारमा विश्लेषण गर्दा लगानी र प्रक्रिया उप-क्षेत्रमा औसत अङ्क ६० भन्दा कम भएको देखिन्छ। साथै, विद्यार्थीको विभिन्न कक्षा र विषयको औसत प्राप्ताङ्क "निकै कम" (प्रतिवेदनले प्रयोग गरेको रेटिङ) ५४.४ % भए पनि सेवाग्राही (६७.४ %) र शिक्षकको पेसागत सन्तुष्टि (६८.१ %) "निकै राम्रो" देखिएको छ। यसरी विद्यार्थीले पाएको अङ्क वा हासिल गरेको उपलब्धि कमजोर हुँदा पनि सन्तुष्टिको स्तर राम्रो भएको देखिँदा 'सन्तुष्टिको मानकले विद्यार्थी उपलब्धिलाई समेटन नसकेको हो कि भन्ने अनुमान गर्न सकिन्छ।

***प्राप्ति १३- विद्यालयको कार्यसम्पादनको बढोत्तरी वा न्यूनतामा शिक्षकको सङ्ख्यात्मक प्रबन्ध, शिक्षकको पेसागत क्षमता तथा भौतिक सुविधाको व्यवस्था जस्ता पक्षहरू अधिक रूपमा निर्णायक र जिम्मेवार देखिए।***

- शिक्षकको वितरण समान हुन नसकेको र सिकाइका निमित्त सहयोगी वातावरण बनाउने तत्त्वहरूमा शिक्षकको भूमिका प्रधान हुने सन्दर्भमा लगानीमा समन्यायिकताको प्रवर्द्धन गर्न पर्याप्त संख्यामा शिक्षकको वितरण, दक्षता तथा उत्प्रेरणा जस्ता पक्षबाट हुने प्रभावलाई समेत आँकलन गर्न आवश्यक भएको।
- शिक्षक पेसागत विकासका निमित्त उपलब्ध अवसरहरू अपर्याप्त रहेको तथा तिनको प्रभावकारिता बारेसमेत प्रश्न उठ्ने गरेको सन्दर्भमा शिक्षकको पेसागत विकासका कार्यक्रमहरूको प्रभावकारिता र विस्तारलाई सम्बोधन गर्ने गरी योजना र व्यवस्थापन जरुरी भएको।
- विभिन्न प्रतिवेदनहरूले कमजोर /अपर्याप्त पूर्वाधारलाई पनि सिकाइ प्रक्रियाको सुधारमा बाधकका रूपमा औँल्याएको स्थितिमा सिकाइका निमित्त न्यूनतम वातावरण उपलब्ध गराउने गरी नीति र कार्यक्रममा व्यवस्था गर्न ढिला भइसकेको।
- खासगरी विद्यालय स्थापनाकै बखत न्यूनतम पूर्वाधार सुनिश्चित गर्ने (विद्यालय स्थापनाका सर्तहरूलाई थप कसिलो बनाउने) विषय एउटा हो भने स्थापित विद्यालयहरूको समेत निश्चित समय सीमाभित्र पूर्वाधार सबल बनाउने गरी योजना निर्माण र कार्यान्वयनलाई प्राथमिकताको कमी भएको।
- सामुदायिक विद्यालयहरूप्रति समुदायको अपनत्व र चासो घटेको र सो कारणले पर्याप्त सहयोग र निगरानीमा समेत समस्या देखिएको।
- आवश्यक सहयोगमार्फत् निश्चित स्तर कायम गरेर साख फर्काउने, विद्यालय छनौटलाई समेत नियमन गर्ने र उत्तरदायित्वको प्रणालीलाई लगानीसँग आवद्ध गरेर नतिजाका लागि थप मेहनत गर्न बाध्य बनाउने विभिन्न उपायहरूसहितको नीतिगत सुधार कार्यक्रम प्रस्ताव गर्ने र समयवद्ध रूपमा लागू गर्न आवश्यक देखिएको।

## ११. मुख्य अध्ययन प्राप्तिका आधारमा सुधार कार्यक्रम ढाँचा

प्रतिवेदनका प्राप्तिहरूलाई कार्यान्वयनमा लैजाने विषयले समग्र अध्ययन र परीक्षणको सान्दर्भिकता र औचित्य स्थापित गर्दछन् । यो विषय निकै महत्त्वको छ र त्यत्तिकै चुनौतिपूर्ण पनि । किनभने कार्यान्वयनमा दिइने सुझाव प्रष्ट वा विशिष्ट (Specific) नहुँदा कार्यान्वयनमा सहज नहुने र प्रष्ट बनाउन खोज्दा परिस्थितिजन्य विविधतालाई आँखा चिम्लने खतरासमेत रहन्छ ।

यस परिच्छेदमा प्राप्तिलाई वास्तविकरूपमा कार्यान्वयन गर्ने विषयमा केही छलफल र सो आधारमा कार्ययोजना प्रस्तुत गरिनेछ । Davies, et. Al. (२०१०) ले सार्वजनिक सेवा सुधारका निमित्त गरिएका अध्ययनका प्राप्तिको उपयोग किन हुन्छ वा हुँदैन वा के गरेमा उपयोग बढ्न सक्छ भन्ने बारेमा केही बुँदाहरू संश्लेषण गरेका छन् । यसक्रममा अध्ययन अनुसन्धानको डिजाइनदेखि लिएर प्रतिवेदनको चरणसम्ममा गरिनुपर्ने पक्षहरू बारे चर्चा गरेका छन् । उनले अध्ययनको सान्दर्भिकता, त्यसप्रति प्रयोगकर्ताको विश्वास, अध्ययनका प्राप्तिहरू आवश्यकता लक्षित भए भएनन् भन्ने जस्ता प्राविधिक पक्षका अतिरिक्त स्थानीय तहको अपनत्व, परिस्थिति सापेक्ष रणनीति, नेतृत्वको भूमिका जस्ता राजनीतिक वा रणनीतिक पक्षहरूलाई नीतिगत सुधारको उपयोगको सर्तका रूपमा व्याख्या गरेका छन् ।

कसैले ‘तयार गरेको ज्ञानलाई अरू कसैले ग्रहण गर्ने वा उपयोग गर्ने क्रममा निकै चुनौतीहरू हुनसक्छन । त्यो नयाँ ज्ञानलाई प्रयोग तहले कसरी लिन्छ, कसरी बुझ्छ, कसरी व्याख्या गर्छ ? अनि त्यसलाई आफ्नो ज्ञानकोरूपमा स्वीकार वा ग्रहण गर्छ वा बाह्य ज्ञानकै तहमा छोड्छ ? अनि, त्यो ज्ञानलाई व्यावहारिक कार्यक्षेत्रमा प्रयोग गर्नेमा कत्तिको उत्साह देखाउँछ ? यसमा आफूलाई वा आफ्नो सङ्गठनलाई कसरी लाभ पुग्छ वा हानि हुन्छ भन्ने उसका व्याख्या, कार्यान्वयनमा बाह्य दवावलगायतका पक्षहरू पनि उत्तिकै महत्त्वपूर्ण छन् ।

शैक्षिक अनुसन्धान र त्यसमा पनि विद्यालयसँग सम्बन्धित अनुसन्धानका प्राप्तिहरूलाई कार्यान्वयनमा लैजाने सन्दर्भमा Marzano (२००३) ले गहन विश्लेषण गरेका छन् । उक्त विश्लेषण यहाँ सान्दर्भिक हुनसक्ने ठानेर केही अंशहरू साभार गरिएका छन् । उनले विद्यालय, शिक्षक तथा विद्यार्थी तहका तत्त्वहरू बारे अलगअलग चर्चा गरेका छन् । सो आधारमा कार्यान्वयन पक्षको विवेचना गरेका छन् ।

### क) विद्यालयसँग सम्बन्धित तत्त्वहरू

विद्यालयसँग सम्बन्धित तत्त्वहरूअन्तर्गत पाठ्यक्रम कार्यान्वयनको सुनिश्चितता, चुनौती दिने खालका लक्ष्य र पृष्ठपोषणको प्रबन्ध, अभिभावक र समूदायको सहभागिता, सुरक्षित र व्यवस्थित सिकाइ वातावरण तथा शिक्षकहरूबीच आपसी सहकार्य गर्ने वातावरण र पेसाधर्मिता वा व्यावसायिकताको संरक्षण जस्ता बुँदाहरू समाविष्ट छन् ।

- *पाठ्यक्रम कार्यान्वयनको सुनिश्चितताः* यसका निमित्त सिकाइको अवसर (Opportunity to learn) लाई अधिकतम बनाउने विषयलाई एउटा महत्त्वपूर्ण आधारकारूपमा ब्याख्या गर्ने गरिन्छ । विद्यार्थी उपस्थित नभएर वा शिक्षक उपस्थित नभएर वा कक्षा नियमित सञ्चालन नभएर वा अरू कुनै कारणले शिक्षणको समय अन्य काममा लागेर / लगाइएर विद्यार्थीले सिकाइको अवसर गुमाएको हुनसक्छ । यसो हुँदा विद्यार्थीले पूरा गर्नुपर्ने भनेर स्वीकृत पाठ्यक्रमले तोकेका कतिपय क्षेत्रहरू पूरा नहुन सक्ने र अन्ततः विद्यार्थीको सिकाइ प्रभावित हुने अवस्था आउन सक्छ । त्यसैले यसलाई मूलतः पाठ्यक्रमको उचित कार्यान्वयनको विषयकारूपमा बुझ्न सकिन्छ । व्यवस्थापनका विधिमार्फत् अनुगमन र

नियन्त्रणसमेत अपेक्षित हुनजान्छ । शिक्षण समय बढाउनका निमित्त सबै विकल्पहरू खोजी गर्नुपर्दछ- कुल शिक्षण दिन बढाउन, शिक्षणबाहेकका काममा हुने समय घटाउन, शिक्षकको शिक्षण समयलाई उच्चतम विन्दुमा कायम गर्न सम्भाव्य विकल्पहरू खोजी गरिनुपर्दछ ।

- *चुनौती दिने खालका लक्ष्य र पृष्ठपोषणको प्रबन्धः* कतिपय अवस्थामा शिक्षक, अभिभावक वा विद्यार्थीको तहमा सामान्य उपलब्धि मै सन्तुष्ट हुने बानी पनि देखिन्छ, जसले थप मेहनत गर्न जाँगर कम हुन सक्छ । त्यसैले विद्यालय व्यवस्थापनले लक्ष्य निर्धारण गर्दा- 'भेट्टाउन सम्भव', तर 'चुनौतीपूर्ण' हुने गरी निर्धारण गर्न सुझाव दिने गरिन्छ । सो लक्ष्य प्राप्ति के कति भयो, किन हुन सकेन भनेर समय समयमा समीक्षा गर्ने तथा पृष्ठपोषण प्रदान गर्ने कार्य लक्ष्य प्राप्तिमा सहयोगी हुन सक्दछ ।
- *अभिभावक र समूदायको सहभागिताः* कतिपय अवस्थामा विद्यालयबाहिरका तत्त्वहरू, खासगरी घर परिवार र समुदायसँग सम्बन्धित तत्त्वहरू निकै प्रभावी हुन्छन् । फलस्वरूप प्रतिकूल परिवेशबाट आउने बालबालिकाको सिकाइलाई बाधा पुऱ्याउन सक्छ । यस्तो बेला घर परिवार वा समुदायको परिवेशलाई सकारात्मक र अनुकूल बनाउन विद्यालय व्यवस्थापनले मेहनत गर्नुपर्ने देखिन्छ । सिकाइका समस्या बारे निरन्तर संवादले यस्ता उपायको खोजीमा सहयोग पुऱ्याउन सक्छ ।
- *सुरक्षित र व्यवस्थित सिकाइ वातावरणः* विद्यालयमा सिकाइका निमित्त सहयोगी हुनेगरी हरेक विद्यार्थीले सुरक्षित महसुस गर्ने वातावरण हुनुपर्छ । त्यसैगरी शिक्षक समुदायले पनि आफ्नो पेसागत धर्मअनुसारको काम गर्दा कुनै डर, धक नलिई काम गर्ने वातावरण पाएमा उनका प्रतिभा खुल्न थाल्छन । वातावरण व्यवस्थित भएमा अनावश्यकरुपमा समयको क्षति हुन्न- चाहे त्यो दुईओटा कक्षाका बीचको खाली समय होस्, खेलको समय होस्, ल्याव वा पुस्तकालयमा विताउने समय होस् । व्यवस्थित वातावरणले सिकाइमा संलग्न शिक्षक विद्यार्थीमा निश्चिन्तता प्रदान गर्दछ ।
- *शिक्षकहरूबीच सहकार्य गर्ने वातावरणः* सहकार्यको वातावरणले पेसागत सुरक्षा प्रदानगर्नुको अतिरिक्त विद्यार्थीको अधिकतम हितमा सहयोग पुग्दछ । आफ्नो विषयमा मात्र केन्द्रित हुँदा कहिलेकाहीँ विद्यार्थीको हित ओझेलमा पर्न सक्छ । त्यसैले विद्यालय व्यवस्थापनले शिक्षकहरूबीच आपसी सहकार्यलाई प्रबर्धन गर्ने गरी काम गर्ने वातावरण प्रदान गर्नुपर्ने सुझाव दिइएको छ ।

### २) शिक्षकसँग सम्बन्धित तत्त्वहरू

विद्यालय व्यवस्थापनका तहमा गरिने कार्यहरूले वातावरण प्रदान गर्दछन् भने शिक्षक तहमा गरिने कार्यहरूले सिकाइसँग सोझो सम्बन्ध राख्दछन् । यसअन्तर्गत शैक्षणिक रणनीतिहरू, कक्षाकोठा व्यवस्थापन, पाठ्यक्रमको कक्षा शिक्षणमा रूपान्तरण जस्ता बुँदाहरू समाविष्ट छन् ।

- शैक्षणिक रणनीतिहरुः उपयुक्त शैक्षणिक रणनीतिको छनोट र उपयोगलाई शिक्षणको प्रभावकारिताका निमित्त आधारभूत सर्तकारूपमा व्याख्या गर्ने गरिन्छ । शिक्षक यस्ता विविध रणनीतिहरूमा कति परिचित छ ? तिनको उपयुक्त तरिकाले प्रयोग गर्ने दक्षता कति छ ? सो रणनीति प्रयोग गर्ने, परीक्षण गर्ने, सिक्ने र आवश्यकताअनुसार सुधार गर्ने जस्ता कामबाटै सिकाइमा घनिष्टरूपमा सहभागी हुने कुरामा तत्परता के छ ? भन्ने जस्ता पक्षहरू ज्यादै नै महत्त्वपूर्ण हुने देखिन्छ ।
- कक्षाकोठा व्यवस्थापनः कक्षाकोठा व्यवस्थापनमा प्रभावकारिता ल्याउन सक्दा समयको क्षति कम हुने, अनुशासन कायम गर्ने विषयले न्यूनतम मात्र समय लिने, सिकाइमा विद्यार्थीको अपनत्व र सहभागिता बढ्ने जस्ता लाभहरू प्राप्त

गर्ने विश्वास गरिन्छ । यस अर्थमा शिक्षक तहमा गरिने सुधारमा कक्षाकोठा व्यवस्थापनमा सुधारले महत्त्वपूर्ण स्थान लिने देखिन्छ ।

- पाठ्यक्रमको कक्षा शिक्षणमा रुपान्तरणः पाठ्यक्रमले सिकाइको उद्देश्य र विषयवस्तु बारे मार्गदर्शन गर्दछ । यसलाई कक्षाकोठामा हुने शिक्षक-विद्यार्थी क्रियाकलापमा रूपान्तरण गर्ने विषय उत्तिकै महत्त्वपूर्ण हुन्छ । पाठ्यक्रमको सान्दर्भिकता कायम गर्ने गरी उपयुक्त क्रियाकलापमा रूपान्तरण गर्दा अपेक्षित उपलब्धि हासिल गर्न सहज हुनसक्छ । यसका निमित्त पाठ्यक्रम र शिक्षण क्रियाकलाप बारे शिक्षकको दक्षता निकै महत्त्वपूर्ण हुन्छ । विद्यालयमा दक्ष शिक्षकको मार्गदर्शनमा अन्य शिक्षकले काम गर्ने गरी 'सहकार्यको वातावरण' बनाउन सकेमा नयाँ शिक्षकलाई समेत पाठ्यक्रम कार्यान्वयन गर्न सहज हुनसक्दछ ।

### ३) विद्यार्थी तहका तत्त्वहरू

सिकाइ प्रक्रिया भनेको कसैले दिएर लिने विषय नभएर सिकारुको सक्रिय सहभागितामा सम्पन्न हुने कार्य हो । रचनावादी दृष्टिकोण (Constructivist perspectives) मा यो एकपटक सिकेर सकिने कुनै लक्ष्यभन्दा पनि आफ्ना बुझाइलाई अनुभवका आधारमा निरन्तर परिमार्जन गर्ने विषय हो । यसमा सिकारुको भूमिका प्रधान हुन्छ । यसक्रममा Marzano (२००३) ले मूलतः तीनओटा पक्षहरूको चर्चा गरेका छन् : घर-परिवारको वातावरण, विकास गरेको बौद्धिकताको स्तर तथा अन्य विषयसँग सम्बन्धित आधारभूत ज्ञान र सिकाइप्रतिको विद्यार्थी उत्प्रेरणा ।

- घर-परिवारको वातावरणः विद्यार्थीको घर-परिवारको वातावरण सिकाइको निमित्त अनुकूल वा प्रतिकुल हुनसक्छ, सहयोगी हुन वा नहुन सक्छ । सिकाइमा यसको भूमिका महत्त्वपूर्ण हुन्छ । बाबुआमाको पेसा, शिक्षाको स्तर, आयस्तर, पढाइमा आवश्यक सामग्री उपलब्ध भए नभएको, विद्यार्थी अलमलमा परेका बखत सहयोग उपलब्ध हुने वा नहुने जस्ता पक्षहरूलाई धेरै अध्ययनहरूले महत्त्वका साथ चर्चा गरेका छन् ।
- वौद्धिकताको स्तर तथा आधारभूत ज्ञानः बालककालदेखि नै सिकाइका निमित्त उपयुक्त (Stimulating environment) प्राप्त गर्दा बौद्धिकताको स्तर माथि जानसक्ने अन्यथा कुण्ठित हुनसक्ने पनि सम्भावना रहन्छ । बालकले सोध्दा नझर्कीकन उनका जिज्ञासाको उपयुक्त निकास खोजी गर्न सहयोग पुग्दा बौद्धिकताको विकासमा टेवा पुग्न सक्छ । अन्य कुनै विषयसँग सम्बन्धित आधारभूत ज्ञान (Domain knowledge) ले नयाँ ज्ञान निर्माणमा जगको काम गर्छ, बलियो आधार प्रदान गर्दछ । यसप्रकार विद्यार्थीको पूर्व-सिकाइको स्तरले नयाँ सिकाइलाई प्रभावित गर्न सक्ने हुँदा सानै उमेरदेखि जिज्ञासाको सम्बोधन उचित ढङ्गले गर्नु महत्त्वपूर्ण हुने देखिन्छ ।
- सिकाइप्रतिको विद्यार्थी उत्प्रेरणाः सिकाइप्रतिको उत्प्रेरणाले विद्यार्थीले गर्ने प्रयत्नको स्तर निर्धारित गर्दछ र यसले अन्ततः सिकाइ उपलब्धिलाई धेरै हदसम्म प्रभावित गर्दछ । उत्प्रेरणा आफै सिर्जित हुने हो वा त्यसमा विषयवस्तुको प्रस्तुति शैली, सिकाइ सहयोगी वातावरण, आधारभूत ज्ञानको विकास जस्ता पक्षले समेत प्रभाव पार्ने हो भन्ने बहस हुनसक्छ । पक्कै पनि उत्प्रेरणा भनेको जगाउन सकिने वा जगाउन पर्ने विषय हो ।

कार्यान्वयनका पक्षको कुरा गर्दा नेतृत्वको भूमिका समेत प्रधान हुने देखिन्छ । Mazarano (२००३) ले पनि कार्यान्वयनका निमित्त प्रभावकारी नेतृत्वलाई महत्त्वका साथ चर्चा गरेका छन् ।

## १२. सुझाव कार्यान्वयन कार्ययोजना

माथिका अनुच्छेदहरूमा छलफल गरिएका परीक्षण अध्ययहरूका प्राप्ति सारांशका बुँदाका आधारमा सम्बन्धित निकायका लागि मार्गदर्शन स्वरूप कार्यकलाप विस्तृतीकरण, कार्यान्वयन प्राथमिकता र प्रस्तावित जिम्मेवार निकायको किटानीसहित कार्य योजना तालिका प्रस्तुत गरिएको छ।

**सुझाव कार्यान्वयन कार्ययोजना तालिका**

| क्र सं | सुधारका कार्यकलाप | कार्यान्वयन प्राथमिकता | जिम्मेवारी |
|---|---|---|---|
| **क.** | **विद्यार्थीहरूको उपलब्धिमा सुधार** | | |
| १. | • उत्कृष्टता प्रदर्शन गर्ने विद्यालयको उपलब्धिलाई प्रचार गर्ने, थप मेहनत गर्न हौसला दिने, अरू विद्यालयले सिक्न सक्ने विषयलाई औंल्याउँने।<br>• कमजोर उपलब्धि भएका विद्यालय सुधारको विशेष योजना- यस्ता विद्यालयको अलग्गै प्रतिवेदन तयार गर्ने; गहिरो अध्ययन गर्ने र तत्काल सहयोग, सशक्तीकरण र व्यवस्थापकीय हस्तक्षेपमार्फत् सुधारलाई निर्देशित गर्ने र नियमित अनुगमन गर्ने।<br>• व्यवस्थापकीय कुशलता पुष्टि गरेका सक्षम तथा कमजोर विद्यालयको सुधार गर्ने सोच भएका शिक्षकलाई प्रधानाध्यापक बनाउने गरी प्रोत्साहन प्रणाली लागू गर्ने। | तत्काल | स्थानीय तह<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| **ख.** | **विद्यार्थी उपलब्धिमा विद्यालयहरूबीचको अन्तर न्यूनिकरण** | | |
| २. | • विद्यालयहरूमा तोकिएका कार्यक्रम सञ्चालनका निमित्त न्यूनतम सर्तहरू पूरा भए नभएको अनुगमन, अभिलेखन गर्नुका साथै यथासक्य छिटो पूरा गर्न योजना बनाउने।<br>• विद्यार्थी उपलब्धि ज्यादै कमजोर वा ज्यादै प्रभावकारी देखिएका विद्यालयहरूको घटना अध्ययन गर्ने। | तत्काल | स्थानीय तह<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>शैक्षिक गुणस्तर परीक्षण केन्द्र |
| | • घरको सामाजिक आर्थिक पृष्ठभूमिका कारणले विद्यार्थीको सिकाइलाई गम्भीररूपमा प्रभावित हुन नदिने गरी त्यस्ता समस्याजनक अवस्थाका विद्यार्थीहरूलाई पहिचान र सहयोग गर्ने कार्यक्रम सञ्चालन गर्ने।<br>• हरेक विद्यालयले न्यूनतम सिकाइ स्तर सुनिश्चित गर्ने गरी पालना गर्नुपर्ने मापदण्ड र हासिल गर्नुपर्ने नतिजा बारे न्यूनतम सिकाइ सुनिश्चितताको ढाँचा सहितको योजना तयार गर्ने। | | सामाजिक विकास मन्त्रालय |

| क्र सं | सुधारका कार्यकलाप | कार्यान्वयन प्राथमिकता | जिम्मेवारी |
|---|---|---|---|
| **ग.** | **उच्च दक्षता मापन गर्ने प्रश्नहरूमा विद्यार्थी उपलब्धिमा सुधार** | | |
| ३. | • शिक्षण सिकाइका क्रममा उच्च दक्षता सम्बन्धी सीप विकास गर्ने अवसर दिने, सोसँग सम्बन्धित अभ्यास गराउने । पाठ्यपुस्तकमा पनि यस्ता क्रियाकलाप राख्ने ।<br>• सिकाइ कक्षाकोठा बाहिर पनि हुनसक्छ । खुल्ला रूपमा खोज गर्ने, आफै प्रश्न बनाउने र उत्तर खोज्ने गरी खोज कार्यमा लगाउने, अन्तिम परीक्षामा मात्र नभै परियोजना कार्य, कुनै समस्यामा समूह कार्य जस्ता विधि र उचित प्रश्नहरूको प्रयोग गर्ने ।<br>• आवश्यक सामग्री (Online based वा भिडियो) मार्फत् सहयोग पुर्‍याउने । | तत्काल | पाठ्यक्रम विकास केन्द्र<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>सामाजिक विकास मन्त्रालय |
| **घ.** | **विद्यार्थीमा पठन सीप सुधार** | | |
| ४. | • पठन सीप सुधारमा विशेष प्रयत्न गर्ने जस्तैः प्रारम्भिक कक्षामा पठन सीप सुधारमा गरिएका अभ्यास र उपलब्धिलाई तालिमको क्रममा छलफलको विषय बनाउने ।<br>• हरेक विद्यालयमा पठन सीप नियमितरूपमा परीक्षण गर्न लगाउने- आवश्यक सामग्री उपलब्ध गराउने (अनलाईनमा उपलब्ध गराउँदा पनि आवश्यकताअनुसार प्रयोग हुनसक्छ)<br>• हरेक विद्यालयमा प्रधानाध्यापकको नेतृत्व र शिक्षक, अभिभावकसमेतको सहकार्यमा पठन सीपमा कमजोर विद्यार्थीहरूलाई सहयोग पुग्ने कार्यक्रम सञ्चालन गर्ने । | तत्काल | शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>शैक्षिक गुणस्तर परीक्षण केन्द्र<br>स्थानीय तह<br>सामाजिक विकास मन्त्रालय |
| **ङ.** | **विद्यार्थीको सामाजिक समूहका आधारमा उपलब्धिमा देखिएको असमानता न्यूनिकरण । (खासगरी दलित समूहका विद्यार्थीको तथा गणित बाहेकका विषयमा मधेसी समूहका विद्यार्थीहरूको उपलब्धि कमजोर)** | | |
| ५. | • विद्यार्थीले भोगेका विविध प्रकारका चुनौतीलाई विश्लेषण गरेर सो समूहको पारिवारिक सामुदायिक पृष्ठभूमिले सिकाइमा पारेका कठिनाइलाई कम गर्ने गरी थप सहयोगी कार्यक्रमहरूको योजना गर्ने ।<br>• विद्यार्थीका कमजोरीलाई त्यतिकै छोड्दा झन् बढ्दै जाने भएकाले तत्काल सहयोग गर्ने संयन्त्र बनाउने ।<br>• विद्यार्थीका व्यक्तिगत, पारिवारिक वा सामुदायिक परिवेशसँग गाँसिएका कठिनाइलाई चिनेर सोलाई सम्बोधन गर्ने कार्यक्रम सञ्चालन गर्ने । | तत्काल<br>निरन्तर | विद्यालय,<br>स्थानीय तह<br>सामाजिक विकास मन्त्रालय |

| क्र सं | सुधारका कार्यकलाप | कार्यान्वयन प्राथमिकता | जिम्मेवारी |
|---|---|---|---|
| **च.** | **विद्यार्थीको भौगोलिक पृष्ठभूमिका आधारमा उपलब्धिमा देखिएको असमानता न्यूनिकरण** | | |
| ६. | • स्रोतको न्यायोचित वितरण तथा व्यवस्थापन पद्धतिमा थप कसिलोपना ल्याउने गरी स्थानीय तहले विशेष अग्रसरता लिने ।<br>• जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइमार्फत् स्थानीय तहगत उपलब्धिको समीक्षा गर्ने र सो नतिजा जनप्रतिनिधिसमक्ष सार्वजनिक गर्ने ।<br>• शिक्षक तथा विद्यालय प्रोत्साहन व्यवस्था एवम् विद्यालय सघन सहयोग कार्यक्रम सहित प्रभावकारी उत्तरदायित्व प्रणालीको कार्यान्वयन गर्ने ।<br>• छरिएका वस्तीहरूलाई लक्षित गरी आवासीय विद्यालय स्थापना गर्ने । | तत्काल<br>निरन्तर | स्थानीय तह<br>शिक्षा विकास तथा समन्वय इकाइ<br>सामाजिक विकास मन्त्रालय |
| **छ.** | **समयमा पाठ्यपुस्तकको उपलब्धता भए नभएको आधारमा उपलब्धिस्तरमा परेको प्रभाव न्यूनिकरण** | | |
| ७. | • पाठ्यपुस्तकलगायतका सामग्री समयमै पुगेको सुनिश्चित गर्ने, पाठ्यपुस्तक नपुगेको अवस्थामा शिक्षण सुचारु गर्ने वैकल्पिक विधि बारे प्रधानाध्यापक र शिक्षक समुदायसँग छलफल गर्ने ।<br>• पुराना तर पढ्न योग्य पुस्तकको जोहो गरी पाठ्यपुस्तकको अभाव टार्ने योजना गर्ने । | तत्काल<br>निरन्तर | पाठ्यक्रम विकास केन्द्र<br>शिक्षा विकास तथा समन्वय इकाइ<br>स्थानीय तह<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| **ज.** | **गृहकार्य वा कक्षाकार्य जस्ता स्वतन्त्र सिकाइ अभ्यासको अवसर तथा पृष्ठपोषणमा जोड** | | |
| ८. | • यसका निम्ति प्रअ नै प्रमुख पात्र हुने देखिन्छ । प्रधानाध्यापकलाई शैक्षणिक व्यवस्थापनको प्रक्रियागत पक्षमा सुधार गर्न कसरी सहयोग गर्छन् भन्नेमा विश्वास जगाउने र उपयुक्त विधि / रणनीतिको अवलम्बन गर्न उत्तरदायी बनाउने ।<br>• प्रअले शैक्षणिक नेतृत्व प्रदान गरी सहकर्मी शिक्षकहरूलाई यो कार्यमा प्रोत्साहित गर्ने । समय समयमा सोको कार्यान्वयनको अवस्था बारे रेखदेख र समीक्षा गर्ने । | तत्काल | विद्यालय<br>प्रधानाध्यापक<br>शिक्षक |
| **झ.** | **विद्यार्थीले विद्यालयमा अनुभव गर्ने हेपाइ (Bullying) न्यूनिकरण तथा शिक्षक एवं साथीसँगका सम्बन्धमा सुधार** | | |
| ९. | • विद्यालयमा एक प्रकारको समुदायको भाव जगाउने, आपसी सदभाव, विश्वास कायम गर्ने, सहयोग प्रवर्द्धन गर्ने जस्ता विषयलाई विद्यालय सञ्चालनमा विशेष महत्त्व दिनुपर्ने । | तत्काल<br>निरन्तर | प्रधानाध्यापक<br>विद्यालय<br>शिक्षक |

| क्र सं | सुधारका कार्यकलाप | कार्यान्वयन प्राथमिकता | जिम्मेवारी |
|---|---|---|---|
| | • विद्यालयले आफ्नो परिवारभित्र आपसी सहयोग प्रवर्द्धन गर्ने, समुदायको भाव र मूल्यलाई प्रबर्धन गर्नेगरी योजनाबद्ध कार्यकलाप सञ्चालन गर्ने।<br>• नियमित अनुगमन गर्ने, बोल्न डराउने विद्यार्थीका कुरा सुन्न थप प्रयत्न गर्ने, कसैले हेपिएको र असुरक्षित भएको अनुभव गरे नगरेको नियमित सूचना लिने, आवश्यक सहयोग र हौसला दिने वातावरण बनाउने।<br>• शिक्षक र साथीसाथीबीच सुमधुर सम्बन्ध कायम गर्ने वातावरण सिर्जना गर्ने। | | |
| **ञ** | **घर-परिवारको पृष्ठभूमिले विद्यार्थीको उपलब्धिमा आएको अन्तर न्यूनिकरण [खासगरी, परिवारको आय, पेसा, शिक्षा (खासगरी आमाको शिक्षा), घरमा बोलिने भाषा, घरमा सिकाउन सहयोग गर्न सक्ने व्यक्ति (दाइ, दिदी वा अन्य) को उपस्थिति जस्ता पक्षको प्रभाव स्पष्ट देख्न सकिन्छ। ]** | | |
| १०. | • पारिवारिक पृष्ठभूमिसँग जोडिएर आउने यी विषयलाई परिवर्तन गर्न नसकिए पनि यिनको प्रभावलाई न्यूनीकरण गर्न विद्यालयको सक्रियता हुनुपर्ने।<br>• कमजोर पृष्ठभूमिसहित विद्यालय आउने विद्यार्थीहरूको अभिलेखन गर्ने<br>• उनीहरुलाई विद्यालयले पुर्याउनुपर्ने थप सेवा, परिवारसँग गरिनुपर्ने सहकार्यको अभिभावकसँग बसेर योजना बनाउने।<br>• शिक्षकलाई विविधताको व्यवस्थापन, सघन सहयोग पद्धति बारे तयार गराउने।<br>• लक्षित विद्यार्थीको लागि थप सहयोगी क्रियाकलाप (अतिरिक्त कक्षा, दिवा खाजा, पुस्तकालय आदि) संचालन गर्ने। | तत्काल<br>निरन्तर | विद्यालय<br>प्रधानाध्यापक<br>स्थानीय तह |
| **ट.** | **एउटै स्थानीय तहभित्र विद्यालयहरूबीच कार्यसम्पादन स्तरमा रहेको असमानता न्यूनिकरण** | | |
| ११. | • विद्यालयले पालना गर्नुपर्ने पेसागत स्तर, प्रक्रियागत मानकहरू बारे स्थानीयतहको लागि सहयोगी हुने गरी सामग्री तयार गर्ने र उपलब्ध गराउने।<br>• सङ्घ र प्रदेशबाट उपलब्ध हुने स्रोत स्थानीय तहमार्फत् विद्यालयमा पुग्ने प्रबन्ध गर्ने, स्रोतको औचित्यपूर्ण वितरणको आधार दिएर स्थानीय तहलाई सहयोग पुर्याउने।<br>• विद्यालय तहको शिक्षाको शासकीय प्रबन्धमा स्थानीय तहलाई थप सशक्तीकरण गर्ने। स्थानीय तहमा उपलब्ध स्रोतहरूलाई शिक्षाका मुख्य आवश्यकता केन्द्रित गरी विनियोजन गर्न आधार प्रदान गर्ने। | तत्काल<br>निरन्तर | जिल्ला समन्वय समिति<br><br>शिक्षा विकास तथा समन्वय इकाइ<br>स्थानीय तह<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र |

| क्र सं | सुधारका कार्यकलाप | कार्यान्वयन प्राथमिकता | जिम्मेवारी |
|---|---|---|---|
| | • विद्यार्थी उपलब्धिको स्थानीय तहगत नतिजा सार्वजनिक गर्ने।<br>• शिक्षाको नतिजामा सार्वजनिक उत्तरदायित्वको संरचनामा स्थानीय तहलाई समावेश गर्ने।<br>• राम्रो कार्यसम्पादन र कमजोर कार्यसम्पादन भएका विद्यालयहरू बिच सिकाइ आदान प्रदान गर्ने।<br>• स्थानीय तहमा शैक्षिक क्यालेण्डर बनाउने। | | |
| **ठ.** | **विद्यालयमा लगानीका साथै प्रक्रियगत पक्षहरूमा सुधार** | | |
| १२. | • विद्यालय सञ्चालनको प्रक्रियागत विषयमा, पालना गर्नै पर्ने स्तर र मानकहरूको बारेमा लिपिबद्ध गर्ने र स्थानीय तहमा सरोकारवालाबीच छलपल गरेर व्यापक कार्यान्वयन योजना बनाउने।<br>• विद्यालय सञ्चालनमा प्रधानाध्यपकको गहन भूमिकालाई ध्यानमा राखेर शैक्षणिक नेतृत्व विकास सहयोगी कार्यक्रमहरू कार्यान्वयन गर्ने। | तत्काल<br>निरन्तर | स्थानीय तह<br>विद्यालय<br>प्रधानाध्यापक<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| **ड.** | **सरोकारवालाहरूसँग समन्यवय, सहकार्य र अन्तरक्रिया** | | |
| १३. | • नीति तथा कार्यक्रम तर्जुमा गर्दा सरोकारवालाहरूको सहकार्यलाई सहयोग गर्ने गरी प्राविधिक वा व्यावसायिक तहमा छलफल गर्ने संयन्त्र तयार गर्ने। | मध्यकाल | शैक्षिक गुणस्तर परीक्षण केन्द्र<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>स्थानीय तह |
| **ढ.** | **अध्ययन तथा अनुसन्धान प्रणालीमा सुधार** | | |
| १४. | • अध्ययनको नतिजालाई प्रयोगकर्ताले बुझ्न र समस्यालाई राम्ररी महसुस गर्न सहयोग पुग्ने गरी सञ्चार गर्ने।<br>• प्रयोगकर्ताको आवश्यकता अनुकूल बहुप्रतिवेदन प्रणाली लागू गर्ने। | तत्काल<br>मध्यकाल | शैक्षिक गुणस्तर परीक्षण केन्द्र |

## १. नमूना सुझाव कार्यान्वयन ढाँचा

प्रस्तुत सुझाव कार्यान्वयन कार्ययोजनालाई परिणाममूलक ढङ्गबाट कार्यान्वयन गर्नका लागि खासगरी संघ, प्रदेश र स्थानीय तहका शैक्षिक निकायहरूलाई सहजीकरण प्रदान गर्ने अभिप्रायले साररूपमा पहिचान गरिएका मुख्य मुख्य कार्यकलापका आधारमा नमूना सुझाव कार्यान्वयन ढाँचा तयार गरी अनुसूची-१ मा प्रस्तुत गरिएको छ।

## २. निष्कर्ष

केन्द्रले विगत १५ वर्षको अवधिमा नेपालमा स्तरीकृत परीक्षण विधिका प्रक्रिया अवलम्बन गरी विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण सञ्चालन अभ्यासको इतिहास रचना गर्यो। यसबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका लागि रुचिकर प्रमाण, सूचना र तथ्याङ्क प्रकाशनमा ल्यायो। त्यस्तै खासगरी वैज्ञानिक सूचकमा आधारित भई विद्यालयहरूको कार्यसम्पादन परीक्षण कार्यको पनि संस्थागत अभ्यास स्थापित गर्यो। केन्द्रले यस्ता अध्ययनबाट उत्खनन् गरिएका प्रमाण र ज्ञानका आधारमा सम्बन्धित निकायहरूबाट प्रणाली सुधारका ठोस प्रयास होला भन्ने अपेक्षा रहनु स्वाभाविक थियो। सो अपेक्षालाई सामयीक उत्प्रेरणाका लागि यस्ता अध्ययनका लक्ष्य र अध्ययनका लागि गरिएका लागानीको प्रतिफल सुनिश्चित गर्न यस केन्द्रले प्रस्तुत सुधार कार्ययोजनामार्फत् अर्को तहको योगदानका क्षेत्रमा मार्ग निर्देशको जमर्को गरेको छ। यो प्रयास आम रूपमा प्राविधिक सहजीकरण एवम् मार्गदर्शन प्रयोजनका लागि स्वीकार हुनेछ भन्ने अपेक्षा गरिएको छ। साथै राष्ट्रको पुनः संरचित प्रशासनिक प्रबन्धअनुसार यस दस्तावेजलाई संघीय, प्रादेशिक, स्थानीय तथा विद्यालय तहका सम्बन्धित संयन्त्रले रुचिपूर्वक आत्मसात गरी स्व-निर्देशित पहलमा आफ्नो कार्य सम्पादन सुधारका लागि उपयोग गर्नु नै सबैको कर्तव्य हुनेछ।

| अनुसूची-१: अध्ययन सिफारिसका आधारमा प्रस्तावित नमुना सुधार कार्यक्रम | | | | |
|---|---|---|---|---|
| क्र. सं. | कार्यक्रम | कार्यान्वयन कार्यविधि | जिम्मेवार निकाय | अनुमानित बजेट (Rs. ०००) |
| १ | विद्यालयमा खासगरी अन्य विद्यालय सरहका भवन, कक्षाकोठा, फर्निचर, अतिरिक्त पाठ्यपुस्तक/सन्दर्भ पुस्तक, शिक्षक गाइड, पुस्तकालय, विज्ञान ल्याब, कम्प्युटर ल्याब, खेलकुदका सामग्री, सङ्गीतका सामग्री, सफा पानी तथा सफासुग्घर विद्यालय हाता, विद्यालय कम्पाउड/घेराबारा आदि जस्ता सिकाइ सुविधा सुनिश्चित गर्ने गरी आवश्यकता सर्वेक्षण तथा कार्यविधि निर्माण गर्ने । | सबै विद्यालयको वास्तविक आवश्यकता सर्वेक्षण गर्ने, कम्तीमा ५ वर्षे कार्ययोजना बनाउने, सङ्घ-प्रदेश-स्थानीय सरकारको योगदान किटान गर्ने र प्रथम वर्षको कार्यक्रम यकिन गर्ने । यसका लागि आगामी वर्षमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत प्रस्तावित बजेट नै उपयोग गर्ने व्यवस्था मिलाउने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइ | ५०००० |
| २ | दरबन्दी न्यून रहेका सबै माध्यमिक विद्यालयमा विषयगत शिक्षक जनशक्ति उपलब्ध गराउन सरकारले तोकेको निकायमा (जस्तै FOE/TU) Para-Teachers' Force निर्माण गर्ने र त्यसमार्फत कम्तीमा एक शैक्षिक सत्रका लागि अन्य नियमित शिक्षकका तुलनामा न्यून तलब सुविधा पाउने गरी शिक्षक सेवा खरिद गर्न विद्यालयमा शिक्षण अनुदान व्यवस्था मिलाउन पारा टिचर फोर्स कार्यविधि स्वीकृति तथा लागू गर्ने । | फोर्समा कलेजका Non-Education भएपनि फ्रेस योग्यताप्राप्त ग्रेजुयट छनोट गर्ने, तिनलाई आधारभूत सेवा प्रवेश तालिम अनिवार्य गर्ने गरी कायविधि तयार गर्ने । यसका लागि आगामी वर्षमा 'शिक्षण अनुदानु' शीर्षकको कार्यक्रम अन्तर्गत प्रस्तावित बजेटसमेत उपयोग गर्ने व्यवस्था मिलाउने । | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा शास्त्र संकाय/त्रिभुवन विश्वविद्यालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइ | ५०००० |
| ३ | ज्ञानको उच्च तहसम्मका प्रश्नका आधारमा विद्यार्थी मूल्याङ्कनको नयाँ अभ्यास स्थापित गर्न पाठ्यपुस्तका प्रश्न पद्धतिलाई परिमार्जन गर्न सबै कक्षाका पाठ्यपुस्तक लेखन निर्देशिका परिमार्जन गर्ने । | सामुदायिक र संस्थागत सबै प्रकारका विद्यालयमा प्रयोग गरिने पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री सबैका हकमा लागू हुनेगरी प्रबन्ध मिलाउने । | पाठ्यक्रम विकास केन्द्र | १५०० |
| ४ | NASA अध्ययनका प्रत्येक वर्षका प्रतिवेदनलाई टेलरीङ गरी तयार गरिएको तालिम मेनुयल क्याप्सुलका आधारमा तथा ज्ञानका उच्च तहका प्रश्न निर्माण एवम् त्यसैअनुरूपका शिक्षण-सिकाइ विधि (Pedagogy) साथै परीक्षा प्रणाली स्तरीकरण जस्ता विषय क्षेत्रमा कस्टमाइज्ड् शिक्षक तालिम सञ्चालन गर्ने । | यस्ता दुवै प्रकारका तालिम मोड्युल समावेश गर्नेगरी माध्यमिक र आधारभूत तहको शिक्षक तालिम ढाँचा परिमार्जन गर्ने र स्वीकृत नियमित कार्यक्रमअन्तर्गतको तालिम सबै ७ वटै तालिम केन्द्र तथा ७७ वटै EDCU बाट यसै ढाँचामा सञ्चालन गर्ने । | शिक्षा तथा मानवस्रोत विकास केन्द्र, शिक्षा तालिम केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइ | १००० |

| अनुसूची-१: अध्ययन सिफारिसका आधारमा प्रस्तावित नमुना सुधार कार्यक्रम | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | कार्यान्वयन कार्यविधि | जिम्मेवार निकाय | अनुमानित बजेट (Rs. ०००) |
| ५ | NASA प्रतिवेदनका आधारमा विद्यार्थीको सिकाइ उपलब्धि स्तर अति न्यून भएका एवम् उच्च सिकाइ क्षति (Learning loss) भएका जिल्लामा विद्यार्थीका लागि पूरक शिक्षण (Remedial teaching) र शिक्षकका लागि स्थलगत शिक्षण सहजीकरण (Coaching/mentoring) प्रणाली स्थापना र सञ्चालन गर्ने। | सिकाइ उपलब्धिस्तरको न्यूनता तथा सिकाइ क्षतिको प्रमाणका आधारमा लक्षित जिल्ला र विद्यालय छनोट गर्ने, कार्यविधि निर्माण गर्ने, विशेषज्ञ छनोट गर्ने, तिनलाई तालिम दिने र EDCU को नेतृत्वमा कार्यक्रम व्यवस्थापन गर्ने। | शिक्षा तथा मानवस्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइ | ४५०० |
| ६ | Software-based online system प्रयोग गरी सामुदायिक विद्यालयको दैनिक भौतिक सञ्चालन स्थिति (School operation status) लाई कम्तीमा मासिकरूपमा अध्यावधिक गरी एकीकृतरूपमा प्रत्येक नयाँ वर्षको पहिलो हप्तामा वार्षिक अद्यावधिक प्रतिवेदन सार्वजनिक गर्ने गरी प्रणाली निर्माण गर्ने। | कार्यबोझलाई ध्यानमा राखी पहिलो वर्ष सामुदायिक माध्यमिक विद्यालयबाट कार्य प्रारम्भ गरी क्रमश: कम्तीमा सबै संस्थागत माध्यमिक विद्यालयलाई समेट्ने। यसका लागि EDCUमार्फत् काम गर्ने। प्रारम्भमा काम गर्ने जनशक्तिको क्षमता विकास गर्ने। | शिक्षा तथा मानवस्रोत विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइ | ४५०० |
| ७ | NASA अभ्यासको कार्य प्रणालीमा सुधार गर्न NASA तथ्याङ्क गुणस्तर वृद्धि, GPF सँग प्रश्न आइटमको तालमेल, SDG Reporting system सँग NASA नतिजाको एकीकरण, तथ्याङ्क विश्लेषण विधिको सरलीकरण, उच्च प्राविधिक कार्यका लागि परामर्श सेवा परिचालन एवम् जनशक्तिको क्षमता विकास जस्ता जरुरी कार्य व्यवस्थापन गर्ने। | Policy Linking Guideline प्रकाशन गर्ने, विषयगत परीक्षण खाका संशोधन गर्ने, प्रश्न आइटमको संरचना सुधार गर्ने, आइटम विद्यार्थीको रुचि/क्षमता अनुकूलित पार्ने, सरल प्रकारको Data analysis software प्रयोग गर्ने आदि। | शैक्षिक गुणस्तर परीक्षण केन्द्र र शिक्षा विकास तथा समन्वय इकाइ | २००० |
| | **जम्मा** | | | **११३५००** |

अनुसूची ६

# बागलुङ् जिल्लाका कार्य सम्पादन परीक्षण भएका विद्यालयहरूको प्राप्ताङ्क

**विद्यालयको वास्तविक भार र श्रेणी**

| क्र.स. | स्थानीय तह | विद्यालयको नाम | लगानी (२५%) | प्रक्रिया (३०%) | उपलब्धि (४०%) | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या (५%) | जम्मा (१००%) | स्तर |
|---|---|---|---|---|---|---|---|---|
| १ | निसीखोला गाउँपालिका | श्री देवीस्थान माध्यमिक विद्यालय, द्यालय | १६.३६ | १९.५७ | २७.५६ | ३ | ६६.४८ | सामान्य |
| २ | निसीखोला गाउँपालिका | श्री जन जिवराज सुशिला माध्यमिक विद्यालय | १६.६७ | १८.९१ | ३२.०० | ३ | ७०.५८ | मध्यम |
| ३ | निसीखोला गाउँपालिका | श्री जनकल्याण माध्यमिक विद्यालय | १३.५८ | १७.१७ | ३१.११ | २ | ६३.८७ | सामान्य |
| ४ | निसीखोला गाउँपालिका | श्री प्रभा माध्यमिक विद्यालय | १८.८३ | २१.९६ | ३५.५६ | ५ | ८१.३४ | मध्यम |
| ५ | निसीखोला गाउँपालिका | श्री ज्ञानेन्द्र माध्यमिक विद्यालय | १७.५९ | १९.७८ | २८.४४ | ५ | ७०.८२ | मध्यम |
| ६ | निसीखोला गाउँपालिका | श्री जनता माध्यमिक विद्यालय राजकुत | १३.५८ | १४.३५ | २६.६७ | २ | ५६.५९ | सामान्य |
| ७ | निसीखोला गाउँपालिका | श्री तिलाचन माध्यमिक विद्यालय | ११.७३ | १६.०९ | २३.११ | ३ | ५३.९३ | सामान्य |
| ८ | निसीखोला गाउँपालिका | श्री रत्नराज्यलक्ष्मी माध्यमिक विद्यालय | १५.१२ | २०.०० | २६.६७ | ३ | ६४.७९ | सामान्य |
| ९ | बारेङ गाउँपालिका | श्री सर्वोदय माध्यमिक विद्यालय,बरेङ | १६.०५ | १५.८७ | ३०.२२ | ५ | ६७.१४ | सामान्य |
| १० | बारेङ गाउँपालिका | श्री शारदा माध्यमिक विद्यालय | १७.९० | १९.७८ | २८.४४ | २ | ६८.१३ | सामान्य |
| ११ | बारेङ गाउँपालिका | श्री सल्यान सुखौरा माध्यमिक विद्यालय | १६.०५ | १३.४८ | २८.४४ | ० | ५७.९७ | सामान्य |
| १२ | बारेङ गाउँपालिका | श्री महेन्द्र माध्यमिक विद्यालय | १८.८३ | २२.१७ | ३०.२२ | १ | ७२.२२ | मध्यम |
| १३ | बारेङ गाउँपालिका | श्री धुल्लु लिउवा माध्यमिक विद्यालय | १३.५८ | १२.८३ | २७.५६ | ३ | ५६.९६ | सामान्य |
| १४ | बारेङ गाउँपालिका | श्री भृकुटी माध्यमिक विद्यालय | १७.९० | २३.२६ | २८.४४ | २ | ७१.६१ | मध्यम |
| १५ | बारेङ गाउँपालिका | श्री पुरूषोदय माध्यमिक विद्यालय | १८.५२ | १८.९१ | ३३.७८ | २ | ७३.२१ | मध्यम |
| १६ | बागलुङ नगरपालिका | श्री मुक्तिनाथ वेद विद्याश्रम संस्कृत माध्यमिक विद्यालय | १४.८१ | ११.९६ | १५.११ | ० | ४१.८८ | सामान्य |
| १७ | बागलुङ नगरपालिका | श्री लहरे पिपल माध्यमिक विद्यालय | १७.५९ | १६.०९ | ३६.४४ | २ | ७२.१२ | मध्यम |

| क्र. स. | स्थानीय तह | विद्यालयको नाम | लगानी (२५%) | प्रक्रिया (३०%) | उपलब्धि (४०%) | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या (५%) | जम्मा (१००%) | स्तर |
|---|---|---|---|---|---|---|---|---|
| १८ | बागलुङ नगरपालिका | श्री बौडेचौर माध्यमिक विद्यालय | १७.२८ | १७.३९ | ३४.६७ | १ | ७०.३४ | मध्यम |
| १९ | बागलुङ नगरपालिका | श्री मालिका माध्यमिक विद्यालय , बागलुङ | १७.५९ | १४.३५ | २४.८९ | १ | ५७.८३ | सामान्य |
| २० | बागलुङ नगरपालिका | श्री तित्याङ माध्यमिक विद्यालय | १६.३६ | १५.०० | २८.४४ | १ | ६०.८० | सामान्य |
| २१ | बागलुङ नगरपालिका | श्री कालिका कन्या मन्दिर माध्यमिक विद्यालय | १६.९८ | १७.३९ | ३१.११ | २ | ६७.४८ | सामान्य |
| २२ | बागलुङ नगरपालिका | श्री तितौरे माध्यमिक विद्यालय | १५.१२ | १३.९१ | ३५.५६ | १ | ६५.५९ | सामान्य |
| २३ | बागलुङ नगरपालिका | श्री त्रिभुवन माध्यमिक विद्यालय | २०.३७ | २३.०४ | ३५.५६ | ३ | ८१.९७ | मध्यम |
| २४ | बागलुङ नगरपालिका | श्री कुडुले माध्यमिक विद्यालय | १७.२८ | १३.४८ | ३२.८९ | १ | ६४.६५ | सामान्य |
| २५ | बागलुङ नगरपालिका | श्री विश्वकर्मा माध्यमिक विद्यालय | १४.८१ | १०.०० | ३४.६७ | २ | ६१.४८ | सामान्य |
| २६ | बागलुङ नगरपालिका | श्री सिगाना माध्यमिक विद्यालय, तित्याङ, बानपाड | २०.०६ | २२.१७ | ३२.०० | २ | ७६.२४ | मध्यम |
| २७ | बागलुङ नगरपालिका | श्री रूद्रेपिपल माध्यमिक विद्यालय | १९.१४ | १४.५७ | ३०.२२ | ५ | ६८.९२ | सामान्य |
| २८ | बागलुङ नगरपालिका | श्री महाविद्याजन माध्यमिक विद्यालय | १५.१२ | १६.३० | ३०.२२ | १ | ६२.६५ | सामान्य |
| २९ | बागलुङ नगरपालिका | श्री धौलागिरि बहिरा अवासीय माध्यमिक विद्यालय | १८.२१ | १३.४८ | ३०.२२ | १ | ६२.९१ | सामान्य |
| ३० | बागलुङ नगरपालिका | श्री मूलपानी माध्यमिक विद्यालय ,मूलपानी | १८.२१ | १७.३९ | ३२.८९ | २ | ७०.४९ | मध्यम |
| ३१ | बागलुङ नगरपालिका | श्री पृथ्वी हिरण्य माध्यमिक विद्यालय | २१.६० | १६.९६ | ३२.८९ | २ | ७३.४५ | मध्यम |
| ३२ | बागलुङ नगरपालिका | श्री भैरव माध्यमिक विद्यालय भकुण्डे | १७.५९ | १७.६१ | ३१.११ | १ | ६७.३१ | सामान्य |
| ३३ | बागलुङ नगरपालिका | श्री धौलागिरि वीरेन्द्र माध्यमिक विद्यालय | १७.५९ | १६.०९ | ३३.७८ | १ | ६८.४६ | सामान्य |
| ३४ | बागलुङ नगरपालिका | श्री जनताधन माध्यमिक विद्यालय नारायणस्थान | २१.६० | २०.८७ | २९.३३ | २ | ७३.८१ | मध्यम |
| ३५ | बागलुङ नगरपालिका | श्री विद्यामन्दिर माध्यमिक विद्यालय | १५.४३ | १३.७० | २७.५६ | ५ | ६१.६८ | सामान्य |
| ३६ | बागलुङ नगरपालिका | श्री चौतारेडाँडा माध्यमिक विद्यालय | १४.२० | १४.७८ | ३१.११ | १ | ६१.०९ | सामान्य |

| क्र.स. | स्थानीय तह | विद्यालयको नाम | लगानी (२५%) | प्रक्रिया (३०%) | उपलब्धि (४०%) | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या (५%) | जम्मा (१००%) | स्तर |
|---|---|---|---|---|---|---|---|---|
| ३७ | बागलुङ नगरपालिका | श्री जनमत माध्यमिक विद्यालय | १७.२८ | २०.८७ | ३५.५६ | २ | ७५.७१ | मध्यम |
| ३८ | बागलुङ नगरपालिका | श्री सिंगाना माध्यमिक विद्यालय | १६.९८ | १८.९१ | २७.५६ | १ | ६४.४४ | सामान्य |
| ३९ | बागलुङ नगरपालिका | श्री गणेश माध्यमिक विद्यालय नारायणस्थान | २१.९१ | २७.३९ | ३५.५६ | ५ | ८९.८६ | मध्यम |
| ४० | बडिगाड गाउँपालिका | श्री सिसाखानी माध्यमिक विद्यालय | ९.५७ | ११.३० | २७.५६ | १ | ४९.४३ | सामान्य |
| ४१ | बडिगाड गाउँपालिका | श्री खार माध्यमिक विद्यालय | १४.५१ | १२.८३ | २२.२२ | २ | ५१.५५ | सामान्य |
| ४२ | बडिगाड गाउँपालिका | श्री भानु माध्यमिक विद्यालय | १६.६७ | १६.०९ | ३२.८९ | ५ | ७०.६४ | मध्यम |
| ४३ | बडिगाड गाउँपालिका | श्री लौगा माध्यमिक विद्यालय | १५.१२ | १३.९१ | २७.५६ | २ | ५८.५९ | सामान्य |
| ४४ | बडिगाड गाउँपालिका | श्री भिमगिठे माध्यमिक विद्यालय भिमगिठे | १६.०५ | २०.६५ | ३२.८९ | ५ | ७४.५९ | मध्यम |
| ४५ | बडिगाड गाउँपालिका | श्री वनस्पति माध्यमिक विद्यालय | १६.६७ | १२.८३ | ३२.०० | ३ | ६४.४९ | सामान्य |
| ४६ | बडिगाड गाउँपालिका | श्री बुद्ध माध्यमिक विद्यालय | १२.६५ | १२.१७ | २८.४४ | २ | ५५.२७ | सामान्य |
| ४७ | बडिगाड गाउँपालिका | श्री किटेनी माध्यमिक विद्यालय परानोगाउँ | १४.२० | १८.७० | ३०.२२ | १ | ६४.१२ | सामान्य |
| ४८ | बडिगाड गाउँपालिका | श्री दर्लिङ माध्यमिक विद्यालय | १२.३५ | १०.०० | २१.३३ | ५ | ४८.६८ | सामान्य |
| ४९ | बडिगाड गाउँपालिका | श्री त्रिभुवन नमुना माध्यमिक विद्यालय | १७.५९ | १९.५७ | ३४.६७ | ५ | ७६.८२ | मध्यम |
| ५० | बडिगाड गाउँपालिका | श्री खड्गदेवी माध्यमिक विद्यालय | १५.४३ | १७.३९ | २८.४४ | ३ | ६४.२७ | सामान्य |
| ५१ | बडिगाड गाउँपालिका | श्री भृकुटी माध्यमिक विद्यालय भेडीखोर | १६.०५ | १७.३९ | ३०.२२ | १ | ६४.६६ | सामान्य |
| ५२ | बडिगाड गाउँपालिका | श्री सिद्ध माध्यमिक विद्यालय | ९.५७ | ११.०९ | २२.२२ | ३ | ४५.८८ | सामान्य |
| ५३ | ताराखोला गाउँपालिका | श्री जनप्रेम माध्यमिक विद्यालय ताराखोला, भुस्कात | १७.९० | २३.९१ | ३१.११ | १ | ७३.९३ | मध्यम |
| ५४ | ताराखोला गाउँपालिका | श्री दुर्गा भवानी माध्यमिक विद्यालय | १६.९८ | १२.८३ | ३०.२२ | २ | ६२.०२ | सामान्य |
| ५५ | ताराखोला गाउँपालिका | श्री नेपाल माध्यमिक विद्यालय तारा | १६.०५ | १८.४८ | ३२.०० | ५ | ७१.५३ | मध्यम |
| ५६ | ताराखोला गाउँपालिका | श्री प्रजातन्त्र विकास माध्यमिक विद्यालय माझखर्क | १५.४३ | १५.६५ | ३२.०० | १ | ६४.०८ | सामान्य |
| ५७ | ताराखोला गाउँपालिका | श्री हरि माध्यमिक विद्यालय इदी हिल | १८.२१ | १७.६१ | ३२.८९ | १ | ६९.७१ | सामान्य |

| क्र.स. | स्थानीय तह | विद्यालयको नाम | लगानी (२५%) | प्रक्रिया (३०%) | उपलब्धि (४०%) | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या (५%) | जम्मा (१००%) | स्तर |
|---|---|---|---|---|---|---|---|---|
| ५८ | ताराखोला गाउँपालिका | श्री अर्गल माध्यमिक विद्यालय अर्गल | १६.०५ | १९.७८ | ३१.११ | २ | ६८.९४ | सामान्य |
| ५९ | तमानखोला गाउँपालिका | श्री शान्ति माध्यमिक विद्यालय खुङ्खानी | १७.५९ | १७.८३ | ३२.०० | २ | ६९.४२ | सामान्य |
| ६० | तमानखोला गाउँपालिका | श्री जनजागृति माध्यमिक विद्यालय बुङ्गादोभान | १६.९८ | १३.७० | २२.२२ | २ | ५४.८९ | सामान्य |
| ६१ | तमानखोला गाउँपालिका | श्री धन गौ.ज्योति माध्यमिक विद्यालय तमान | १७.५९ | १६.०९ | २४.८९ | २ | ६०.५७ | सामान्य |
| ६२ | ढोरपाटन नगरपालिका | श्री विद्या विकास माध्यमिक विद्यालय गादीखोला | १५.७४ | ११.०९ | ३०.२२ | ३ | ६०.०५ | सामान्य |
| ६३ | ढोरपाटन नगरपालिका | श्री प्रकाश माध्यमिक विद्यालय हुन्द्रिफेद | १५.१२ | १६.३० | २४.८९ | ३ | ५९.३२ | सामान्य |
| ६४ | ढोरपाटन नगरपालिका | श्री उत्तरगङ्गा माध्यमिक विद्यालय वुर्तिवाङ्ग | १८.८३ | ८.७० | २९.३३ | ३ | ५९.८६ | सामान्य |
| ६५ | ढोरपाटन नगरपालिका | श्री भुजी माध्यमिक विद्यालय अधिकारीचौर | १६.०५ | १४.७८ | २६.६७ | २ | ५९.५० | सामान्य |
| ६६ | ढोरपाटन नगरपालिका | श्री शिवालय माध्यमिक विद्यालय सहिखोला-५ | १५.७४ | १४.१३ | २४.८९ | ५ | ५९.७६ | सामान्य |
| ६७ | ढोरपाटन नगरपालिका | श्री घोसाखानी माध्यमिक विद्यालय घोसाखानी | १२.३५ | १६.३० | २५.७८ | २ | ५६.४३ | सामान्य |
| ६८ | ढोरपाटन नगरपालिका | श्री ज्ञानोदय माध्यमिक विद्यालय बोवाङ | १३.२७ | १०.६५ | ३१.११ | ५ | ६०.०३ | सामान्य |
| ६९ | ढोरपाटन नगरपालिका | श्री छोरेगाउँ माध्यमिक विद्यालय छोरेगाउँ | १५.१२ | १६.७४ | ३१.११ | २ | ६४.९७ | सामान्य |
| ७० | गलकोट नगरपालिका | श्री पार्वती माध्यमिक वि. | १७.२८ | १९.७८ | २६.६७ | १ | ६४.७३ | सामान्य |
| ७१ | गलकोट नगरपालिका | श्री शिव माध्यमिक विद्यालय, काँडेवास | १८.५२ | २१.०९ | २५.७८ | २ | ६७.३८ | सामान्य |
| ७२ | गलकोट नगरपालिका | श्री सरस्वती माध्यमिक विद्यालय, दुदिलाभाटी | १५.७४ | १५.०० | २४.०० | २ | ५६.७४ | सामान्य |
| ७३ | गलकोट नगरपालिका | श्री पाण्डवखानी माध्यमिक विद्यालय, पाण्डवखानी | १६.६७ | २१.९६ | २६.६७ | २ | ६७.२९ | सामान्य |

| क्र.स. | स्थानीय तह | विद्यालयको नाम | लगानी (२५%) | प्रक्रिया (३०%) | उपलब्धि (४०%) | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या (५%) | जम्मा (१००%) | स्तर |
|---|---|---|---|---|---|---|---|---|
| ७४ | गलकोट नगरपालिका | श्री जनहित माध्यमिक विद्यालय, मल्म गल्कोट | १६.९८ | १७.१७ | २४.०० | १ | ५९.१५ | सामान्य |
| ७५ | गलकोट नगरपालिका | श्री पृथ्वी माध्यमिक विद्यालय, हरिचौर गल्कोट | १७.५९ | १९.७८ | ३२.८९ | २ | ७२.२६ | मध्यम |
| ७६ | गलकोट नगरपालिका | श्री चौराहा माध्यमिक विद्यालय, दुधिलाभाटी | १४.५१ | २०.४३ | ३०.२२ | १ | ६६.१६ | सामान्य |
| ७७ | गलकोट नगरपालिका | श्री भैरव माध्यमिक विद्यालय | १६.६७ | १८.२६ | २८.४४ | १ | ६४.३७ | सामान्य |
| ७८ | गलकोट नगरपालिका | श्री गल्कोट माध्यमिक विद्यालय, हटिया | २२.८४ | २६.३० | ३१.११ | ५ | ८५.२५ | मध्यम |
| ७९ | गलकोट नगरपालिका | श्री महेन्द्र माध्यमिक विद्यालय, नरेठाँटी | १७.५९ | १९.७८ | २८.४४ | २ | ६७.८२ | सामान्य |
| ८० | गलकोट नगरपालिका | श्री रत्न लक्ष्मी माध्यमिक विद्यालय | १७.५९ | १८.४८ | २७.५६ | २ | ६५.६३ | सामान्य |
| ८१ | गलकोट नगरपालिका | श्री खरुवा माध्यमिक विद्यालय | १६.९८ | १६.३० | ३२.०० | २ | ६७.२८ | सामान्य |
| ८२ | गलकोट नगरपालिका | श्री जनजागृति माध्यमिक विद्यालय, काँडेवास | १९.७५ | २३.०४ | ३२.८९ | २ | ७७.६९ | मध्यम |
| ८३ | काठेखोला गाउँपालिका | श्री जनता माध्यमिक विद्यालय | १२.९६ | १६.३० | ३०.२२ | १ | ६०.४९ | सामान्य |
| ८४ | काठेखोला गाउँपालिका | श्री लेखानी माध्यमिक विद्यालय | १७.५९ | १९.७८ | २९.३३ | २ | ६८.७१ | सामान्य |
| ८५ | काठेखोला गाउँपालिका | श्री नारायणी माध्यमिक विद्यालय | १३.२७ | १५.६५ | ३०.२२ | १ | ६०.१५ | सामान्य |
| ८६ | काठेखोला गाउँपालिका | श्री अमर माध्यमिक विद्यालय विहुकोट | १८.५२ | २३.७० | २९.३३ | ३ | ७४.५५ | मध्यम |
| ८७ | काठेखोला गाउँपालिका | श्री धिमी करिना माध्यमिक विद्यालय | १३.२७ | १६.९६ | २५.७८ | १ | ५७.०१ | सामान्य |
| ८८ | काठेखोला गाउँपालिका | श्री लक्ष्मी माध्यमिक विद्यालय | १३.५८ | २०.४३ | ३०.२२ | १ | ६५.२४ | सामान्य |
| ८९ | काठेखोला गाउँपालिका | श्री रेसनुन्थला माध्यमिक विद्यालय | १६.०५ | २०.०० | ३३.७८ | २ | ७१.८३ | मध्यम |
| ९० | काठेखोला गाउँपालिका | श्री धारा माध्यमिक विद्यालय | १७.५९ | २३.४८ | ३५.५६ | २ | ७८.६३ | मध्यम |
| ९१ | काठेखोला गाउँपालिका | श्री जनकल्याण माध्यमिक विद्यालय, | १३.५८ | १६.७४ | ३१.११ | २ | ६३.४३ | सामान्य |
| ९२ | काठेखोला गाउँपालिका | श्री भीमसेन माध्यमिक विद्यालय | १९.१४ | २२.३९ | २९.३३ | ३ | ७३.८६ | मध्यम |
| ९३ | जैमिनी नगरपालिका | श्री भरतपुरी माध्यमिक विद्यालय | १४.५१ | ११.७४ | २९.३३ | १ | ५६.५८ | सामान्य |

| क्र. स. | स्थानीय तह | विद्यालयको नाम | लगानी (२५%) | प्रक्रिया (३०%) | उपलब्धि (४०%) | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या (५%) | जम्मा (१००%) | स्तर |
|---|---|---|---|---|---|---|---|---|
| ९४ | जैमिनी नगरपालिका | श्री संस्कृत माध्यमिक विद्यालय वेलवगर | १७.५९ | २०.४३ | ३२.०० | १ | ७१.०३ | मध्यम |
| ९५ | जैमिनी नगरपालिका | श्री जनकल्याण माध्यमिक विद्यालय, छिस्ती | १६.९८ | २२.३९ | ३३.७८ | २ | ७५.१४ | मध्यम |
| ९६ | जैमिनी नगरपालिका | श्री पल्लोपाखा सामुदायिक माध्यमिक विद्यालय | १४.८१ | ८.२६ | २७.५६ | १ | ५१.६३ | सामान्य |
| ९७ | जैमिनी नगरपालिका | श्री जनता माध्यमिक विद्यालय पाही | १८.२१ | १४.५७ | ३२.०० | २ | ६६.७८ | सामान्य |
| ९८ | जैमिनी नगरपालिका | श्री जनकल्याण माध्यमिक विद्यालय | १६.९८ | १९.७८ | ३३.७८ | १ | ७१.५४ | मध्यम |
| ९९ | जैमिनी नगरपालिका | श्री जनता माध्यमिक विद्यालय पैयूँथन्याप | १३.५८ | १३.२६ | २९.३३ | १ | ५७.१७ | सामान्य |
| १०० | जैमिनी नगरपालिका | श्री सर्वोदय जनक माध्यमिक विद्यालय | १८.८३ | १२.६१ | ३०.२२ | २ | ६३.६६ | सामान्य |
| १०१ | जैमिनी नगरपालिका | श्री सुन्तलाचौर माध्यमिक विद्यालय | १६.९८ | १२.६१ | २४.८९ | २ | ५६.४७ | सामान्य |
| १०२ | जैमिनी नगरपालिका | श्री सतिढुङ्गा माध्यमिक विद्यालय | १६.९८ | २२.१७ | ३५.५६ | २ | ७६.७० | मध्यम |
| १०३ | जैमिनी नगरपालिका | श्री जनप्रिय माध्यमिक विद्यालय दमेक | १६.३६ | ११.९६ | ३०.२२ | १ | ५९.५४ | सामान्य |
| १०४ | जैमिनी नगरपालिका | श्री जनशिक्षित माध्यमिक विद्यालय | १६.६७ | २३.०४ | ३३.७८ | २ | ७५.४९ | मध्यम |
| १०५ | जैमिनी नगरपालिका | श्री रङखानी माध्यमिक विद्यालय, रङखानी | १८.८३ | १३.४८ | ३१.११ | २ | ६५.४२ | सामान्य |
| १०६ | जैमिनी नगरपालिका | श्री जनता माध्यमिक विद्यालय सर्कुवा | १६.६७ | १५.६५ | २७.५६ | २ | ६१.८७ | सामान्य |
| १०७ | जैमिनी नगरपालिका | श्री शान्ति माध्यमिक विद्यालय | १८.५२ | १७.६१ | २९.३३ | १ | ६६.४६ | सामान्य |
| १०८ | जैमिनी नगरपालिका | श्री बिजुवा माध्यमिक विद्यालय विजुवा | १५.७४ | १३.७० | ३२.०० | १ | ६२.४४ | सामान्य |
| १०९ | जैमिनी नगरपालिका | श्री वसन्त माध्यमिक विद्यालय | १८.२१ | १८.७० | ३२.८९ | १ | ७०.७९ | मध्यम |

अनुसूची-७

# सिन्धुली जिल्लाका कार्य सम्पादन परीक्षण भएका विद्यालयहरूको प्राप्ताङ्क

विद्यालयको वास्तविक भार र श्रेणी

| क्र. स | स्थानीय तह | विद्यालयको नाम | लगानी (२५%) | प्रक्रिया (३०%) | उपलब्धि (४०%) | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या (५%) | जम्मा (१००%) | स्तर |
|---|---|---|---|---|---|---|---|---|
| १ | कमलामाई नगरपालिका | श्री जनजागृति माध्यमिक विधालय | २३.४६ | २५.८७ | ३३.७८ | ५ | ८८.१० | मध्यम |
| २ | कमलामाई नगरपालिका | श्री पन्चंकन्य माध्यमिक विद्यालय कुडुले | १२.३५ | २०.२२ | ३०.२२ | १ | ६३.७९ | सामान्य |
| ३ | कमलामाई नगरपालिका | श्री वरूणदेवी माध्यमिक विद्यालय खट्टार | १८.२१ | २३.७० | ३०.२२ | १ | ७३.१३ | सामान्य |
| ४ | कमलामाई नगरपालिका | श्री कमला माध्यमिक विद्यालय करकरे | १३.५८ | १४.५७ | २४.०० | १ | ५३.१५ | सामान्य |
| ५ | कमलामाई नगरपालिका | श्री माध्यमिक विद्यालय, पिपलभञ्ज्याङ | ९.५७ | १६.०९ | ३२.०० | १ | ५८.६५ | सामान्य |
| ६ | कमलामाई नगरपालिका | प्रगतिशील माध्यमिक विद्यालय धामीडुमरिया | १५.१२ | १७.६१ | २८.४४ | ३ | ६४.१८ | सामान्य |
| ७ | कमलामाई नगरपालिका | श्री जनजागृति माध्यमिक विधालय | १२.३५ | १०.६५ | २६.६७ | १ | ५०.६६ | मध्यम |
| ८ | कमलामाई नगरपालिका | कुनडेश्वर माध्यमिक विद्यालय, बेसरेबेशी | १२.०४ | ११.५२ | २४.८९ | २ | ५०.४५ | सामान्य |
| ९ | कमलामाई नगरपालिका | श्री कालिका माध्यमिक विद्यालयधमिल, जरायोटार | १४.८१ | १८.२६ | २८.४४ | ३ | ६४.५२ | सामान्य |
| १० | कमलामाई नगरपालिका | श्री गौमती माध्यमिक विद्यालय | १९.१४ | २४.३५ | २८.४४ | ५ | ७६.९३ | सामान्य |
| ११ | कमलामाई नगरपालिका | श्री जनजागृति माध्यमिक विधालय | १३.५८ | १६.३० | २९.३३ | २ | ६१.२२ | मध्यम |
| १२ | कमलामाई नगरपालिका | श्री शिखर माध्यमिक विद्यालय, बेल्टार | १०.४९ | १३.७० | २५.७८ | १ | ५०.९७ | मध्यम |
| १३ | कमलामाई नगरपालिका | श्री कमला जनज्योति माध्यमिक विद्यालय | २०.०६ | २३.७० | २६.६७ | २ | ७२.४२ | सामान्य |
| १४ | कमलामाई नगरपालिका | श्री शंकरेश्वर माध्यमिक विद्यालय, जखनी | १५.४३ | १५.०० | २४.८९ | २ | ५७.३२ | सामान्य |
| १५ | कमलामाई नगरपालिका | श्री सिद्धबाबा माध्यमिक विद्यालय, पानीट्यांकी | १८.२१ | २३.०४ | २७.५६ | ५ | ७३.८१ | सामान्य |
| १६ | कमलामाई नगरपालिका | श्री जनता माध्यमिक विद्यालय | १४.२० | १६.५२ | २७.५६ | ५ | ६३.२७ | सामान्य |

| क्र. स | स्थानीय तह | विद्यालयको नाम | लगानी (२५%) | प्रक्रिया (३०%) | उपलब्धि (४०%) | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या (५%) | जम्मा (१००%) | स्तर |
|---|---|---|---|---|---|---|---|---|
| १७ | कमलामाई नगरपालिका | श्री नवज्योति बहिरा माध्यमिक बिद्यालय | १७.५९ | १४.१३ | २९.३३ | १ | ६२.०६ | सामान्य |
| १८ | कमलामाई नगरपालिका | श्री प्रभात माध्यमिक बि रानीबास | १८.५२ | २३.४८ | ३२.८९ | ३ | ७७.८९ | मध्यम |
| १९ | कमलामाई नगरपालिका | श्री जनज्योति माध्यमिक विधालय | २०.६८ | २५.६५ | २६.६७ | ५ | ७८.०० | सामान्य |
| २० | कमलामाई नगरपालिका | श्री ज्ञानोदय माध्यमिक विद्यालय भिरगाउ | १५.७४ | ९.१३ | २६.६७ | १ | ५२.५४ | सामान्य |
| २१ | कमलामाई नगरपालिका | माध्यमिक विद्यालय, गडौली, खैरेनी | १३.८९ | १५.८७ | २४.०० | १ | ५४.७६ | सामान्य |
| २२ | कमलामाई नगरपालिका | श्री जलकन्या माध्यमिक विद्यालय चपौली | १२.६५ | ११.०९ | २४.८९ | १ | ४९.६३ | मध्यम |
| २३ | कमलामाई नगरपालिका | श्री कमला माध्यमिक विद्यालयढुङ्गेबास | १६.०५ | १९.१३ | २१.३३ | ५ | ६१.५१ | सामान्य |
| २४ | कमलामाई नगरपालिका | श्री चण्डेश्वरी माध्यमिक विद्यालय | १६.३६ | १७.६१ | ३०.२२ | २ | ६६.१९ | सामान्य |
| २५ | कमलामाई नगरपालिका | श्री माध्यमिक विद्यालय, बाँझे | ११.७३ | १२.६१ | २४.८९ | १ | ५०.२३ | मध्यम |
| २६ | कमलामाई नगरपालिका | श्री कालिका माध्यमिक विद्यालयपल्लो रामपुर | १९.१४ | ८.९१ | २७.५६ | १ | ५६.६० | सामान्य |
| २७ | तीनपाटन गाउँपालिका | श्री माध्यमिक विद्यालय लाम्पान बतासे | १२.३५ | १३.९१ | ३३.७८ | ५ | ६५.०४ | सामान्य |
| २८ | तीनपाटन गाउँपालिका | श्री माध्यमिक विद्यालय, वाङरिङफेदी | ९.५७ | १७.३९ | ३५.५६ | १ | ६३.५१ | सामान्य |
| २९ | तीनपाटन गाउँपालिका | श्री माध्यमिक विद्यालय महाभिर खोलागाउँ | १३.८९ | १२.१७ | २४.०० | १ | ५१.०६ | सामान्य |
| ३० | तीनपाटन गाउँपालिका | श्री कमल माध्यमिक विद्यालय | १२.९६ | १३.४८ | ३१.११ | २ | ५९.५५ | सामान्य |
| ३१ | तीनपाटन गाउँपालिका | श्री माध्यमिक विद्यालय आम्बोटे | ११.११ | १८.२६ | २४.८९ | ३ | ५७.२६ | सामान्य |
| ३२ | तीनपाटन गाउँपालिका | श्री कालिका माध्यमिक विद्यालय, लङ्गुर छविसे | १३.५८ | १३.२६ | २७.५६ | २ | ५६.४० | सामान्य |
| ३३ | तीनपाटन गाउँपालिका | श्री चन्द्रवती माध्यमिक विद्यालय ,वेलघारी | १३.२७ | ९.७८ | ३५.५६ | २ | ६०.६१ | सामान्य |
| ३४ | तीनपाटन गाउँपालिका | श्री माध्यमिक विद्यालय, शिसावोट | १५.१२ | १३.०४ | २९.३३ | १ | ५८.५० | मध्यम |
| ३५ | तीनपाटन गाउँपालिका | श्री भवानी माध्यमिक विद्यालय कॅत्लेशिखर, भीमस्थान | १३.५८ | १९.७८ | ३२.०० | ५ | ७०.३६ | सामान्य |
| ३६ | तीनपाटन गाउँपालिका | श्री हिराथुम्कि माध्यमिक विद्यालय, तोश्रामखोला | ११.७३ | २१.९६ | २५.७८ | २ | ६१.४६ | सामान्य |

| क्र. स | स्थानीय तह | विद्यालयको नाम | लगानी (२५%) | प्रक्रिया (३०%) | उपलब्धि (४०%) | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या (५%) | जम्मा (१००%) | स्तर |
|---|---|---|---|---|---|---|---|---|
| ३७ | तीनपाटन गाउँपालिका | श्री माध्यमिक विद्यालय गैरीखानी | १६.३६ | १३.९१ | ३३.७८ | २ | ६६.०५ | सामान्य |
| ३८ | तीनपाटन गाउँपालिका | श्री माध्यमिक विद्यालय, हलिडाँडा | १२.६५ | १८.४८ | ३७.३३ | १ | ६९.४७ | सामान्य |
| ३९ | तीनपाटन गाउँपालिका | श्री पाटनदेवी माध्यमिक विद्यालय कोटगाउँ | १२.६५ | १२.६१ | २९.३३ | २ | ५६.६० | सामान्य |
| ४० | तीनपाटन गाउँपालिका | श्री सरस्वती माध्यमिक विद्यालय, हिलेपानी | १६.३६ | १२.६१ | २१.३३ | २ | ५२.३० | मध्यम |
| ४१ | तीनपाटन गाउँपालिका | श्री माध्यमिक विद्यालय मझुवा दोभान | १२.३५ | ११.०९ | ३०.२२ | ३ | ५६.६५ | सामान्य |
| ४२ | तीनपाटन गाउँपालिका | श्री माध्यमिक विद्यालय बतासे आँपटार | १३.२७ | १४.७८ | ३३.७८ | १ | ६२.८३ | सामान्य |
| ४३ | तीनपाटन गाउँपालिका | श्री चम्पादेवी माध्यमिक विद्यालय, छयाम्पा गडमाग्रे | १२.९६ | १३.९१ | ३०.२२ | २ | ५९.१० | सामान्य |
| ४४ | तीनपाटन गाउँपालिका | श्री माध्यामिक विध्यालय, सान्धाने | १४.२० | १६.९६ | ३४.६७ | १ | ६६.८२ | मध्यम |
| ४५ | तीनपाटन गाउँपालिका | श्री वैङकटेश्वर माध्यमिक विद्यालय | १३.५८ | ११.०९ | २९.३३ | ३ | ५७.०० | सामान्य |
| ४६ | तीनपाटन गाउँपालिका | श्री जनसेवा माध्यमिक विद्यालय | १५.१२ | १८.२६ | २८.४४ | २ | ६३.८३ | सामान्य |
| ४७ | तीनपाटन गाउँपालिका | श्री जनप्रेमी माध्यमिक विद्यालय, स्याँङती | १९.१४ | १६.५२ | २९.३३ | २ | ६६.९९ | सामान्य |
| ४८ | फिक्कल गाउँपालिका | श्री माध्यमिकबि.सालुके , रत्नावती | १०.१९ | २१.५२ | ३०.२२ | २ | ६३.९३ | सामान्य |
| ४९ | फिक्कल गाउँपालिका | श्री महाकाली माध्यमिक विद्यालय, पोटी खाङ्गसाङ्ग भन्ज्याङ | १७.५९ | १७.८३ | ३२.०० | १ | ६८.४२ | सामान्य |
| ५० | फिक्कल गाउँपालिका | श्री फिक्कल माध्यमिक विद्यालय, सोल्पा भन्ज्याङ | १६.०५ | २१.७४ | ३०.२२ | २ | ७०.०१ | सामान्य |
| ५१ | फिक्कल गाउँपालिका | श्री चण्डिका मा वि चनौटे | १२.९६ | १९.५७ | २४.८९ | २ | ५९.४२ | मध्यम |
| ५२ | फिक्कल गाउँपालिका | श्री माध्यमिक विद्यालय, महादेवडाँडा | १०.१९ | १०.८७ | २९.३३ | २ | ५२.३९ | सामान्य |
| ५३ | फिक्कल गाउँपालिका | श्री माध्यमिक विद्यालय लुम्ती | २०.६८ | २६.३० | ३४.६७ | २ | ८३.६५ | सामान्य |
| ५४ | फिक्कल गाउँपालिका | श्री माध्यमिक विद्यालय, रातमाटा, खोलागाउँ | १६.०५ | १५.२२ | ३२.८९ | १ | ६५.१६ | सामान्य |
| ५५ | फिक्कल गाउँपालिका | श्री प्रकशोदय मा. वि., खुरहरी, खोलागाउ | १४.५१ | १२.८३ | ३०.२२ | २ | ५९.५५ | मध्यम |
| ५६ | फिक्कल गाउँपालिका | श्री सुनकोसी माध्यमिक विद्यालय खाङसाङ | १५.४३ | ९.७८ | २५.७८ | २ | ५२.९९ | सामान्य |

| क्र. स | स्थानीय तह | विद्यालयको नाम | लगानी (२५%) | प्रक्रिया (३०%) | उपलब्धि (४०%) | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या (५%) | जम्मा (१००%) | स्तर |
|---|---|---|---|---|---|---|---|---|
| ५७ | फिक्कल गाउँपालिका | श्री जनजागृति मा. वि., ढोडेनी | ८.९५ | १६.०९ | २१.३३ | २ | ४८.३७ | सामान्य |
| ५८ | फिक्कल गाउँपालिका | श्री माध्यमिक विद्यालय, सुम्नाम, सुन्तले, चण्डीभन्ज्या | १६.६७ | १६.३० | ३०.२२ | २ | ६५.१९ | सामान्य |
| ५९ | फिक्कल गाउँपालिका | श्री रत्नागङ्गा माध्यमिक विद्यालय सोखु डिहीटार | १४.५१ | १३.२६ | ३१.११ | २ | ६०.८८ | सामान्य |
| ६० | मरिण गाउँपालिका | श्री माध्यमिक विद्यालय सिन्दुरे,रातमाटा | १४.८१ | १५.०० | २८.४४ | २ | ६०.२६ | सामान्य |
| ६१ | मरिण गाउँपालिका | श्री माध्यमिक विद्यालय खयरशाल | १५.१२ | १५.८७ | ३३.७८ | ५ | ६९.७७ | सामान्य |
| ६२ | मरिण गाउँपालिका | श्री माध्यमिक विद्यालय ठुलोदमार, आँपचौर | १३.८९ | १५.०० | २७.५६ | २ | ५८.४४ | सामान्य |
| ६३ | मरिण गाउँपालिका | श्री माध्यमिक विद्यालय, कात्तिके | १४.२० | १४.५७ | २४.०० | २ | ५४.७६ | सामान्य |
| ६४ | मरिण गाउँपालिका | श्री कपिलाकोट माध्यमिक विद्यालय, छाप-महेश्वता | १९.१४ | १८.४८ | २४.०० | ५ | ६६.६१ | सामान्य |
| ६५ | मरिण गाउँपालिका | श्री कुशेश्वर माध्यमिक विद्यालय नकली | १३.२७ | १४.५७ | २३.११ | ३ | ५३.९५ | सामान्य |
| ६६ | मरिण गाउँपालिका | श्री गौरीशङ्कर माध्यमिक विद्यालय जयमंगल | १३.५८ | २१.०९ | २३.११ | ५ | ६२.७८ | सामान्य |
| ६७ | मरिण गाउँपालिका | श्री वरुणेश्वर माध्यमिक विद्यालय वरुण, सिस्नेरी | १७.५९ | १९.१३ | २४.८९ | २ | ६३.६१ | सामान्य |
| ६८ | हरिहरपुरगढी गाउँपालिका | श्री क्यानेश्वर माध्यमिक विद्यालय | १६.६७ | १४.७८ | २१.३३ | ४ | ५६.७८ | सामान्य |
| ६९ | हरिहरपुरगढी गाउँपालिका | श्री जनहित माध्यमिक विद्यालय, बोटेनी | १४.८१ | १६.९६ | २७.५६ | ५ | ६४.३३ | सामान्य |
| ७० | हरिहरपुरगढी गाउँपालिका | श्री हरिहरपुर माध्यमिक विद्यालय, घण्टे | १३.८९ | १३.०४ | २७.५६ | ३ | ५७.४९ | सामान्य |
| ७१ | हरिहरपुरगढी गाउँपालिका | श्री भानुभक्त माध्यमिक विद्यालय, तिनकुना | १४.२० | १३.०४ | २१.३३ | १ | ४९.५७ | सामान्य |
| ७२ | हरिहरपुरगढी गाउँपालिका | श्री कुशेश्वर माध्यमिक विद्यालय, दप्सार | १४.५१ | १०.६५ | २३.११ | ३ | ५१.२७ | सामान्य |
| ७३ | हरिहरपुरगढी गाउँपालिका | श्री माध्यमिक विद्यालय, महेन्द्र झ्यादी | १७.२८ | १९.५७ | ३१.११ | ५ | ७२.९६ | कमजोर |
| ७४ | हरिहरपुरगढी गाउँपालिका | श्री माध्यमिक विद्यालय कमिडाडा, चिसापानी | १२.९६ | १०.६५ | १२.४४ | २ | ३८.०६ | मध्यम |
| ७५ | हरिहरपुरगढी गाउँपालिका | श्री जनता माध्यमिक विद्यालय, बफखर | १३.८९ | १३.४८ | २९.३३ | ५ | ६१.७० | सामान्य |
| ७६ | गोलन्जोर गाउँपालिका | श्री मङ्गला माध्यमिक विद्यालय, घोक्सिला | १३.८९ | १३.२६ | २८.४४ | २ | ५७.५९ | सामान्य |

| क्र. स | स्थानीय तह | विद्यालयको नाम | लगानी (२५%) | प्रक्रिया (३०%) | उपलब्धि (४०%) | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या (५%) | जम्मा (१००%) | स्तर |
|---|---|---|---|---|---|---|---|---|
| ७७ | गोलन्जोर गाउँपालिका | श्री मङ्गला माध्यमिक विद्यालय, घोक्सिला | १४.२० | १३.२६ | २९.३३ | २ | ५८.७९ | मध्यम |
| ७८ | गोलन्जोर गाउँपालिका | श्री जनता माध्यमिक विद्यालय, खनियाखर्क | १८.५२ | २१.०९ | २७.५६ | ५ | ७२.१६ | मध्यम |
| ७९ | गोलन्जोर गाउँपालिका | श्री कौशिका माध्यमिक विद्यालय, ग्वालटार | १४.८१ | १७.३९ | ३२.०० | २ | ६६.२१ | सामान्य |
| ८० | गोलन्जोर गाउँपालिका | श्री माध्यमिक विद्यालय, नयाँखर्क | १९.४४ | १९.३५ | २८.४४ | ५ | ७२.२४ | सामान्य |
| ८१ | गोलन्जोर गाउँपालिका | श्री जनज्योती माध्यमिक विद्यालय, खुर्कोट | १२.६५ | १६.५२ | ३२.०० | २ | ६३.१८ | सामान्य |
| ८२ | गोलन्जोर गाउँपालिका | श्री कामदा माध्यमिक विद्यालय, डुँडभन्ज्याङ | १३.२७ | १५.२२ | ३४.६७ | २ | ६५.१६ | सामान्य |
| ८३ | गोलन्जोर गाउँपालिका | श्री बाल माध्यमिक विद्यालय, सुलिभन्जयाङ | १७.९० | १९.१३ | ३२.८९ | २ | ७१.९२ | मध्यम |
| ८४ | गोलन्जोर गाउँपालिका | श्री वत्सला माध्यमिक विद्यालय, दिङ किराँते | १५.१२ | १९.३५ | २४.८९ | २ | ६१.३६ | सामान्य |
| ८५ | ध्याङलेख गाउँपालिका | श्री माध्यमिक विद्यालय, अमले | १६.९८ | १६.०९ | २६.६७ | २ | ६१.७३ | सामान्य |
| ८६ | ध्याङलेख गाउँपालिका | श्री जन जागृति माध्यमिक विद्यालय, गोपे | १२.०४ | ११.९६ | ३३.७८ | २ | ५९.७७ | सामान्य |
| ८७ | ध्याङलेख गाउँपालिका | श्री नेत्र माध्यमिक विद्यालय, तामाजोर | १४.२० | १५.८७ | ३०.२२ | २ | ६२.२९ | सामान्य |
| ८८ | ध्याङलेख गाउँपालिका | श्री नेत्रकाली माध्यमिक विद्यालय | १३.२७ | १५.८७ | २३.११ | ५ | ५७.२५ | सामान्य |
| ८९ | ध्याङलेख गाउँपालिका | श्री माध्यमिक विद्यालय मरिण, हायूटार | १५.७४ | १८.९१ | ३१.११ | ५ | ७०.७६ | मध्यम |
| ९० | दुधौली नगरपालिका | श्री माध्यमिक विद्यालय, टाँडी पत्रिंगा | १२.६५ | १२.८३ | २८.४४ | ५ | ५८.९२ | सामान्य |
| ९१ | दुधौली नगरपालिका | श्री माध्यमिक विद्यालय, मनवा चौतारी | १२.०४ | १३.०४ | २६.६७ | ३ | ५४.७५ | सामान्य |
| ९२ | दुधौली नगरपालिका | श्री जनप्रेमी माध्यमिक विद्यालय, अरूणडाडा | १४.५१ | १५.८७ | २५.७८ | ३ | ५९.१५ | सामान्य |
| ९३ | दुधौली नगरपालिका | श्री ज्ञानकुन्ज माध्यमिक विद्यालय | ११.११ | १०.४३ | ३६.४४ | २ | ५९.९९ | मध्यम |
| ९४ | दुधौली नगरपालिका | श्री सरस्वति माध्यमिक विद्यालय, सङ्खटार | १६.६७ | १३.७० | ३२.०० | ५ | ६७.३६ | सामान्य |
| ९५ | दुधौली नगरपालिका | श्री कमला माध्यमिक विधालय, मैनी | १२.९६ | ११.०९ | २८.४४ | ५ | ५७.४९ | सामान्य |
| ९६ | दुधौली नगरपालिका | श्री माध्यमिक विद्यालय, सिर्थौली | १२.९६ | ८.२६ | २८.४४ | ४ | ५३.६७ | सामान्य |
| ९७ | दुधौली नगरपालिका | श्री सरस्वति माध्यामिक विद्यालय, डकाहा | १५.१२ | १३.७० | ३२.८९ | ५ | ६६.७१ | सामान्य |
| ९८ | दुधौली नगरपालिका | श्री माध्यमिक विद्यालय, बाँसबोटे | १२.९६ | ८.४८ | २५.७८ | ३ | ५०.२२ | सामान्य |
| ९९ | दुधौली नगरपालिका | श्री कमला माध्यमिक विद्यालय, धनसरी | १२.३५ | १०.२२ | २५.७८ | १ | ४९.३४ | सामान्य |

| क्र. स | स्थानीय तह | विद्यालयको नाम | लगानी (२५%) | प्रक्रिया (३०%) | उपलब्धि (४०%) | सेवा प्रदान गरिएको विद्यार्थी सङ्ख्या (५%) | जम्मा (१००%) | स्तर |
|---|---|---|---|---|---|---|---|---|
| १०० | दुधौली नगरपालिका | श्री राष्ट्रिय माध्यमिक विद्यालय, कालापानी | १४.८१ | ११.७४ | ३२.८९ | २ | ६१.४४ | सामान्य |
| १०१ | दुधौली नगरपालिका | श्री अरुनादय माध्यमिक विद्यालय, राताटार | १४.५१ | १७.८३ | २८.४४ | ३ | ६३.७८ | सामान्य |
| १०२ | दुधौली नगरपालिका | श्री जनजागृति माध्यमिक विद्यालय, बोगटी | १४.५१ | ११.७४ | २७.५६ | ५ | ५८.८० | सामान्य |
| १०३ | दुधौली नगरपालिका | श्री माध्यमिक विद्यालय, सुगारे दुधौली | १६.६७ | १६.३० | ३२.८९ | २ | ६७.८६ | सामान्य |
| १०४ | दुधौली नगरपालिका | श्री माध्यामिक विद्यालय जिनाखु | १२.९६ | ११.०९ | २८.४४ | ५ | ५७.४९ | सामान्य |
| १०५ | दुधौली नगरपालिका | नवज्योति माध्यमिक विद्यालय, गिचिहानी | १२.०४ | १०.८७ | ३२.०० | ५ | ५९.९१ | सामान्य |
| १०६ | दुधौली नगरपालिका | श्री कमला माध्यमिक विद्यालय, भलुबाही | १४.८१ | ११.७४ | ३०.२२ | ३ | ५९.७८ | सामान्य |
| १०७ | दुधौली नगरपालिका | श्री भानु माध्यामिक विद्यालय, रतनपुर | १५.७४ | १३.९१ | २८.४४ | ३ | ६१.१० | सामान्य |
| १०८ | दुधौली नगरपालिका | श्री माध्यमिक विद्यालय, पात्ले भन्ज्याङ | १३.२७ | १३.२६ | २८.४४ | २ | ५६.९८ | सामान्य |
| १०९ | दुधौली नगरपालिका | श्री जनजागरण माध्यमिक विद्यालय, सर्शाही | १४.५१ | १३.७० | ३२.०० | ५ | ६५.२० | सामान्य |
| ११० | दुधौली नगरपालिका | श्री माध्यमिक विद्यालय, लादाभीर | २२.२२ | १९.७८ | २६.६७ | ५ | ७३.६७ | सामान्य |
| १११ | सुनकोसी गाउँपालिका | श्री सिद्ध माध्यमिक विद्यालय, कोटगाउँ | ९.५७ | ९.७८ | २४.०० | २ | ४५.३५ | सामान्य |
| ११२ | सुनकोसी गाउँपालिका | श्री देवीस्थान माध्यमिक विद्यालय, बालुवा | १५.४३ | १५.८७ | ३५.५६ | ३ | ६९.८६ | सामान्य |
| ११३ | सुनकोसी गाउँपालिका | श्री प्रगतिशील माध्यमिक विद्यालय, रातमाटा | २०.०६ | १७.१७ | २५.७८ | ५ | ६८.०१ | सामान्य |
| ११४ | सुनकोसी गाउँपालिका | श्री गणेश माध्यमिक विद्यालय, मझुवा | १४.२० | १४.५७ | ३६.४४ | १ | ६६.२१ | सामान्य |
| ११५ | सुनकोसी गाउँपालिका | श्री पञ्चकन्या माध्यमिक विद्यालय | ११.११ | ११.०९ | २२.२२ | २ | ४६.४२ | सामान्य |
| ११६ | सुनकोसी गाउँपालिका | श्री कुशेश्वर माध्यमिक विद्यालय | १४.८१ | १५.६५ | २९.३३ | २ | ६१.८० | सामान्य |
| ११७ | सुनकोसी गाउँपालिका | श्री ग्रामकली माध्यमिक विद्यालय, अमारे | ११.११ | १२.८३ | ३४.६७ | २ | ६०.६० | सामान्य |
| ११८ | सुनकोसी गाउँपालिका | श्री दीर्घदीप माध्यमिक विद्यालय, खाल्टे | १८.५२ | १८.०४ | २४.८९ | २ | ६३.४५ | सामान्य |
| ११९ | सुनकोसी गाउँपालिका | श्री गणेश माध्यमिक विद्यालय, थापाथुम्का | ११.११ | १३.९१ | ३०.२२ | १ | ५६.२५ | सामान्य |
| १२० | सुनकोसी गाउँपालिका | श्री माध्यमिक विद्यालय, गुठबजार | १५.४३ | ११.७४ | २९.३३ | २ | ५८.५० | सामान्य |

अनुसूची-८

# प्रारम्भिक सिकाइ तथा विकास स्तर परीक्षण साधन

## खण्ड कः पृष्ठभूमि सूचना प्रश्नावली

(१) परीक्षकको नामः

(२) मितिः

(३) प्रदेशः

(४) जिल्लाः

(५) बाल विकास केन्द्र वा विद्यालयको नामः

(६) विद्यालयको कोड नंः

(७) बालबालिकाको नामः

(८) बालबालिकाको लिङ्गः छात्रा ☐ छात्र ☐

(९) बालबालिकाको जन्ममितिः ............... (गते)..................... (महिना).................. (साल)

(१०)बालबालिकाले बोल्ने मातृभाषा ...............

०१= नेपाली ; ०२= अङ्ग्रेजी ; ०३ = मैथिली ; ०४ = भोजपुरी ; ०५ = थारू ; ०६ = तामाङ ; ०७ = मगर ;
०८ = नेपालभाषा ; ०९ = बजिका ; १० = डोटेली ; ९८ = अन्य ; (कृपया उल्लेख गर्नुहोस् ....................)

(११)बाल विकास केन्द्र/ पूर्व प्राथमिक कक्षामा सहभागिता

००= सहभागी नभएको (सिधै कक्षा १ मा भर्ना भएको) ;
०१ = यस विद्यालयको बाल विकास केन्द्र/ पूर्व प्राथमिक कक्षामा सहभागी भएको ;
०२ = अन्य बाल विकास केन्द्रमा सहभागी भएको ; (कृपया उल्लेख गर्नुहोस् ....................)

(१२)के बालबालिकालाई अपाङ्गता छ?

०० = छैन; ०१ = छ (कृपया उल्लेख गर्नुहोस् ....................)

## खण्ड खः सिकाइ तथा विकास स्तर परीक्षण

**परीक्षकका लागि साधारण मार्गनिर्देशन**

परीक्षकले खण्ड (ख) अन्तर्गतका सम्पूर्ण क्रियाकलापहरूको स्तरीयता र विश्वसनीयताको लागि वैयक्तिक रूपमा गर्नुहोस्। क्रियाकलाप गराउनुभन्दा अगाडि प्रत्येक कार्य गर्ने प्रक्रिया र तरिका स्पष्ट बताउनुहोस् र उदाहरण पनि देखाउनुहोस्। यस कार्यको व्यवस्थापन र वातावरण तयारको लागि सम्बन्धित सहजकर्ताको सहयोग लिनुहोस्। क्रियाकलापको सञ्चालन र मूल्याङ्कनका लागि यही परीक्षण साधनमा दिइएका तालिकाहरूमा अङ्कभार दिनुहोस्।

स्मरण रहोस् प्रत्येक प्रश्नको प्रक्रिया र निर्देशन शीर्षकअन्तर्गत बोल्ड अक्षरमा लेखिएका कुराहरू परीक्षकले जस्ताको तस्तै भन्न/ गर्नका लागि सचेत हुनुपर्छ।

कुनै पनि मूल्याङ्कन सुरु गर्नुअघि बालबालिकासँग सहज र रमाइलो अन्तरसम्बन्ध स्थापित गर्नु महत्त्वपूर्ण हुन्छ। उनीहरूको रुचिका क्रियाकलापका सम्बन्धमा केही प्रश्न गर्नुहोस् (उदाहरणका लागि तपाईँको नाम के हो ?) र आफ्नो यसप्रकार दिनुहोस्:

**नमस्कार, मेरो नाम ..........हो। म.......... मा बस्छु। म पनि तपाईँहरू जस्तैः साना बालबालिकालाई सिकाउने काम गर्छु। अहिले म तपाईँहरूसँग कुरा गर्न र तपाईँले के के खेल्न जान्नुभएको छ ? के के गर्न** सक्नुहुन्छ ? **भनी हेर्न आएको हुँ। सबैले आफूले जानेको काम राम्ररी गर्ने र मलाई बताउनुहोला है त।**

# परीक्षण प्रश्नावली

**सा.नं. १. सामाजिक विकास स्व:अवधारणा** **कार्य:** अभिव्यक्त गर्ने

**सामग्री:** छैन

**प्रक्रिया र निर्देशन:**

– बालबालिकासँग उनीहरूको उमेरका सम्बन्धमा बारेमा सोध्नुहोस् ।

– **अब म तपाईँसँग केही प्रश्नहरू सोध्नेछु । के तपाईँ तयार हुनुहुन्छ ? .......... धन्यवाद**

  o **तपाईँ कति वर्षको हुनुभयो ?**

– कार्यको आधारमा अङ्कन गर्ने । अङ्कन गर्दा अनुमानित उमेरभन्दा दुई वर्ष तलमाथि भएपनि सही नै मान्ने

  o प्रश्नको उत्तरमा सहभागी बालबालिकाले मुखैले आफ्नो उमेर बताउन सक्छन् वा हातका औँलाको इसाराले पनि बताउन सक्छन् ।

| प्रश्न साधन | स्पष्टसँग उमेर बताएमा (२) | प्रतिक्रिया नदिएमा (–) |
|---|---|---|
| तपाईँ कति वर्षको हुनु भयो ? | | |

**सा.नं. २ बौद्धिक विकास** **कार्य:** पजल मिलाउने

**सामग्री:** कुकुरको चित्र र पजलका लागि त्यसका ४ ओटा आयाताकार बराबर टुक्राहरू

**प्रक्रिया र निर्देशन:**

– परीक्षकले बालबालिकाको ध्यानाकर्षण गरी पुरै कुकुरको चित्र देखाउने । त्यसपछि पजलका टुक्राहरू नमिलाइकन तल माथि पारी बालबालिकालाई दिने । अब, यो चित्रमा देखाएको जस्तै गरी पजलका टुक्राहरू मिलाएर देखाउनुहोस् भन्ने । सोको लागि १ मिनेट समय दिने

– **बाबु/नानी, आज हामी विभिन्न किसिमका खेल खेल्ने छौ । पहिला पजल मिलाउने खेल खेलौँ ल ? मतिर हेर्नुहोस् त । (कुकुरको चित्र देखाउँदै) यो कुकुरको चित्र हो । अब, म तपाईँलाई यी टुक्राहरू दिन्छु । यी टुक्राहरू मिलाएर पूरा कुकुरको चित्र बनाउनुहोस् त ।**

– कार्यको आधारमा अङ्कन गर्ने

  o अङ्कभार दिनका लागि परीक्षकले हेर्नुपर्ने कुरा भनेको सहभागी बालबालिकाले कसरी र कति सही तरिकाले चित्रहरू मिलाएर राखेका छन् भन्ने कुराको अवलोकन गर्नु हो । (प्रत्येक टुक्रा अर्को चित्रको टुक्रा र पूरा चित्रसँग कसरी मेल खाने हिसाबले राखिएको छ भन्ने कुरा पनि ख्याल गर्नुपर्छ ।)

  o यदि सहभागी बालबालिकाले पजल उल्टो चित्र बनाएर (टाउको तल) पूरा गरेको भए पनि त्यसलाई सही उत्तर मान्नुपर्छ ।

| साधन | सबै टुक्रा सही तरिकाले मिलाएमा (२) | दुई वा तीन टुक्रा मात्र मिलाएमा (१) | मिलाउन नसकेमा (०) | कुनै प्रतिक्रिया नजनाएमा (–) |
|---|---|---|---|---|
| पजल | | | | |

**सा.नं.३ . बौद्धिक विकास** **कार्य:** सङ्ख्याको ज्ञान

**सामग्री:** ४, ३, ६ अङ्क र सोही अङ्कअनुसारको चित्रहरू भएको अलग अलग कार्ड

**प्रक्रिया र निर्देशन**

– परीक्षकले बालबालिकालाई चित्र कार्ड देखाई कतिओटा ........ छन् भनी क्रमशः सोध्ने । उत्तरका लागि प्रत्येकमा दिइएको तालिकाबमोजिम अङ्क दिने

– **बाबु नानी यो कागजमा हेर्नुहोस् त । यसमा चित्रहरू छन् ।** (चित्र देखाउँदै) **यसमा कतिओटा माछा ......छन् ?** (दोस्रो चित्र देखाउँदै) **यसमा कतिओटा गाई छन् ?** भनी क्रमशः सोध्ने

– बालबालिकाको कार्यको आधारमा यसप्रकार अङ्कन गर्ने

| साधन | सही भनेमा (२) | गलत भनेमा (०) | कुनै प्रतिक्रिया नजनाएमा (–) |
|---|---|---|---|
| पहिलो (माछा) | | | |
| दोस्रो (गाई) | | | |
| तेस्रो (बिरालो) | | | |

**सा.नं. ४. भाषिक विकास** **कार्य:** आकारको अनुलेखन

**सामग्री:** पेन्सिल र फोटोकपी कागज

**प्रक्रिया र निर्देशन**

– बालबालिकालाई लेख्नको लागि एउटा एउटा फोटोकपी कागज र पेन्सिल प्रदान गर्ने । परीक्षकले आकारहरू लेखी देखाउँदै एकएक गरी उक्त आकार दिइएको कागजमा बालबालिकालाई उतार्न लगाउनेः

१. अर्धगोलाकार, २. छड्के रेखा, ३. अङ्ग्रेजी शब्दको यू अक्षरमा आकार - U-shape हेर्नुहोस् त यो पानामा केही कुरा लेखिएको छ (अर्धगोलाकार) । तपाईँले देख्नुभएको छ ?.......धन्यवाद । अब, यस्तै गरी तपाईँ पनि त्यो कागजमा राम्ररी लेख्नुहोस् । (यसै तरिकाले अन्य आकारहरूका बारेमा पनि बताउनुहोस् ।)

**कार्यका आधारमा यसप्रकार अङ्कन गर्ने**

o यदि बालबालिकाले गलत दिशामा आकार (उदाहरणका लागि अर्धगोलाकार, छड्के रेखा) हरू कोर्दाछन् भने त्यसलाई हामीले गलत उत्तरका रूपमा लिने छौँ।

| | वर्ण/अक्षर | ठिक ढङ्गले लेखेमा (२) | लेखेको सही नभएमा (०) | प्रतिक्रिया नजनाएमा (–) |
|---|---|---|---|---|
| क | अर्धगोलाकार | | | |
| ख | छड्के रेखा / | | | |
| ग | अङ्ग्रेजी शब्दको यु अक्षरमा आकार -U-shape | | | |

**सा.नं.५. बौद्धिक विकास** **कार्य:** सिर्जनात्मक कला

**सामग्री:** पाँच ओटा गोलाकार भएको एक कार्ड

**प्रक्रिया र निर्देशन**

– बालबालिकाको ध्यानाकर्षण गर्नुहोस् र पाँचओटा गोलाकार भएको कार्ड दिनुहोस्। सो गोलाकारहरू प्रयोग गरेर भिन्न वस्तुहरू बनाउनका लागि भन्नुहोस्।

– यस क्रियाकलापको लागि दुई मिनेटको समय दिनुहोस्।

– **यो कागजमा हेर्नुहोस्। यहाँ पाँचओटा गोलाकार आकृतिहरू छन्। यी गोलाकार प्रयोग गरेर तपाईँले हरेक दिन देख्ने गरेका वा आफूले कल्पना गरेका विभिन्न वस्तुहरूको चित्र बनाउनुहोस्।**

– कार्यको आधारमा निम्नानुसार अङ्कन गर्नुहोस् :

| आधार | चार वा पाँचओटा चित्र बनाएमा (२) | एक देखि तीन ओटासम्म वस्तुहरूको चित्र बनाएमा (१) | | चित्र नकोरेको खण्डमा (–) |
|---|---|---|---|---|
| क. छिटोः कतिओटा प्रतिक्रिया आए | | | | |
| | चार वा पाँचओटा फरक फरक चित्र बनाएमा (२) | दुई देखि तीनओटा सम्म फरक फरक चित्र बनाएमा (१) | सबै एउटै मात्र चित्र बनाएमा (०) | चित्र नकोरेको खण्डमा (–) |
| ख. लचकता : कस्ता प्रकारका प्रतिक्रिया आए | | | | |

**सा.नं.६. भाषिक विकासः पूर्वपठन** **कार्य:** वस्तुको नाम र पहिलो अक्षर बताउने

**सामग्री:** परेवा, मकैको चित्र भएको कार्ड

**प्रक्रिया र निर्देशन**

– क्रियाकलापको सुरुवातमा बालबालिकालाई परेवाको चित्र देखाएर यो परेवाको चित्र हो र परेवा शब्दको पहिलो अक्षर प हो भनेर बताउनुहोस्। त्यसपश्चात मकैको चित्र तल दिइए झैँ गरी देखाउनुहोस् र बालबालिकालाई वस्तुको नाम र पहिलो अक्षरबारे प्रश्न गर्नुहोस्। जब कोही बालबालिकाले वस्तुको नाम बताउन सक्दैनन् तब परीक्षकले पहिलो अक्षर बारे प्रश्न गर्नुअघि उनलाई उक्त वस्तुको नाम बताउनुपर्ने हुन्छ। ('यो मकै हो। मकै शब्दमा पहिलो अक्षर कुन हुन्छ ?')

– **अब हामी अर्को खेल खेल्नेछौँ। अब म तपाईँलाई एक चित्र देखाउने छु तर तपाईँले त्यसको नाम र पहिलो अक्षर के हो त्यो बताउनुपर्ने हुन्छ। सर्वप्रथम हामी अभ्यास गरौँ।** ('परेवा' को चित्र देखाउँदै) **यो 'परेवा' को चित्र हो र 'परेवा' को पहिलो अक्षर 'प' बाट सुरु हुन्छ।**

– **अब तपाईँको पालो। यसमा भएका चित्र के का हुन बताइदिनुहोस्** ('मकै' को चित्र देखाउनुहोस्)....... **'मकै' शब्दको पहिलो अक्षर के हो ? ...... धन्यवाद।**

– कार्यका आधारमा यसप्रकार अङ्कन गर्नुहोस्:

| वस्तु | | सही नाम वा अक्षर (२) | गलत नाम वा अक्षर (०) | कुनै पनि जवाफ नआएमा (–) |
|---|---|---|---|---|
| मकै | नाम | | | |
| | पहिलो अक्षर | | | |

**सा.नं.७. भाषिक विकासः पूर्वपठन** **कार्य**ः अक्षर पहिचान

**सामग्री:** अक्षरहरूको कार्ड

**प्रक्रिया र निर्देशन**

– क्रमानुसार नेपाली अक्षरहरूको कार्ड (ख, घ) देखाउनुहोस् र बालबालिकालाई चिन्न दिनुहोस्।

– **अब हामी अक्षर चिन्छौँ। म तपाईँलाई केही अक्षरहरू देखाउने छु। तपाईँले कुन अक्षर हो भनी मलाई बताउनु पर्नेछ । ख लेखिएको कार्ड देखाउनुहोस् .................. धन्यवाद । घ लेखिएको कार्ड देखाउनुहोस् .................. धन्यवाद।**

**कार्यको आधारमा निम्नानुसार अङ्कन गर्नुहोस्:**

| देखाइएका अक्षर | सही उत्तर (२) | गलत उत्तर (०) | कुनै प्रतिक्रिया नआएमा (–) |
|---|---|---|---|
| पहिलो देखाइएको नेपाली अक्षर ख | | | |
| नेपाली अक्षर घ | | | |

**सा.नं.८. भाषिक विकासः सुनाइ** **कार्य**ः कथा सुन्ने र बुझ्ने

**सामग्री**ः छोटो कथा

**प्रक्रिया र निर्देशन**

– छोटो कथा विस्तारै, स्पष्टसँग, ठिक मात्राको आरोहअवरोहका साथ सबैले सुन्ने गरी कथा सुनाउनुहोस्। त्यसपछि क्रमैसँग प्रश्नहरू सोध्नुहोस् र दिइएको आधारमा अङ्कन गर्नुहोस्।

– कथा भन्दा र प्रश्न गर्दा सबैले सुनेको छ छैन निर्क्योल गर्नुहोस् । यदि एकदमै हल्ला हुने स्थानमा हुनुहुन्छ भने बालबालिकाको अलिकति नजिक गएर बोल्नुहोस्।

– कथा एकपटक मात्र बताउन सकिन्छ, पुनः बताउन सकिने छैन।

– प्रत्येक प्रश्न विस्तारै र स्पष्ट तरिकाले सोध्नुहोस्। आवश्यक पर्यो भने प्रत्येक प्रश्न अर्को एकपटक दोहोर्‍याउन सकिन्छ।

– **अब म तपाईँलाई एउटा रमाइलो कथा सुनाउँछु। कथा सुनाइसकेपछि म केही प्रश्नहरू सोध्छु। कथा एक चोटि मात्र भन्छु।** दोहोर्‍याउदिँन **नि ! ध्यान दिनएर सुन्नुहोला है।** ठिक **छ ?**

– **एकादेशमा एउटा मोटो बिरालो थियो। उसले सधैँ रातो टोपी लगाउँथ्यो। एक दिन बिरालो सुतिरहेको थियो। एउटा सानो मुसा खुसुक्क आयो र बिरालोको टोपी लिएर गयो। बिरालोले ब्युँझिएपछि थाहा पायो– उसको टोपी छैन। ऊ असाध्यै रिसायो र त्यो मुसालाई लखेट्न थाल्यो।**

- **'बिरालाको टोपी कसले चोर्‍यो ?'**
- **'टोपीको रङ्ग कस्तो थियो ?'**
- **'बिरालाले किन मुसालाई लखेट्यो ?'**

**कार्यका आधारमा यसप्रकार अङ्कन गर्नुहोस्ः**

| प्रश्नहरू | सही उत्तर (२) | गलत उत्तर (०) | कुनै प्रतिक्रिया नआएमा (–) |
|---|---|---|---|
| क. 'बिरालाको टोपी कसले चोऱ्यो ?' (सही उत्तरः मुसाले) | | | |
| ख. 'टोपीको रङ कस्तो थियो ?' (सही उत्तरः रातो) | | | |
| ग.'बिरालाले किन मुसालाई लखेट्यो ?' (सही उत्तरः किनकी मुसाले बिरालोको टोपी चोरेको थियो) | | | |

**सा.नं.९. शारीरिक विकासः स्थूल अङ्ग परिचालन** **कार्यः** एक खुट्टाले उफ्रने

**सामग्रीः** छैन

**प्रक्रिया र निर्देशन**

– परीक्षकले पहिले आफूले पाँच पटक कुनै एक खुट्टा उचाली उफ्रेर देखाउने। परीक्षकले देखाएअनुसार बालबालिकालाई पनि पाँच पटक खुट्टा उचालेर उफ्रन लगाउने

– **अब, हामी एक खुट्टा उचाल्ने खेल खेलौँ। पहिले म गरेर देखाउँछु। राम्रोसँग हेर्नुहोस् है। म पहिले खुट्टा उचालेर पाँच पटक उफ्रन्छु** (पाँच पटक उफ्रने।) **अब, तपाईँ पनि यसरी नै एक खुट्टा उचालेर एकै ठाउँमा उफ्रेर देखाउनुहोस् त।**

– कार्यको आधारमा यसप्रकार अङ्कन गर्ने

  o बालबालिकाले कति पटक उफ्रिएको छ त्यसको निरन्तर गणना गर्नुहोस्। यसरी गणना गर्दा एक खुट्टाले उफ्रिएको बेला कुनै वस्तु वा ठाउँमा समातिएको हुनुहुँदैन।

  o यदि बालबालिका उफ्रदा दुवै खुट्टाले भुईँमा टेक्छन्, केही कुरा समाउँछन् वा साहारा लिन्छन् अथवा उफ्रँदै यताउता पुग्छन् भने अङ्कभार शुन्य हुने छ।

| गरेको कार्य | पाँच पटक सही ढङ्गले उफ्रेमा (२) | पाँच भन्दा कम पटक मात्र सही ढङ्गले उफ्रेमा (१) | सही ढङ्गले नउफ्रेमा (०) | कुनै कार्य नगरेमा (–) |
|---|---|---|---|---|
| उफ्रने | | | | |

**सा.नं. १०. शारीरिक विकासः सूक्ष्म अङ्ग परिचालन** **कार्यः** बिन्दु जोडी आकार बनाउने

**सामग्रीः** सिसाकलम र झन्डा आकार आउने बिन्दु चित्र

**प्रक्रिया र निर्देशन**

– बालबालिकालाई एक एकओटा A४ साइजको एक चौथाइमा बनेको झन्डा आकारको बिन्दु चित्र भएको कागज र सिसाकलम दिने। त्यसपछि बिन्दुहरू जोडेर आकार बनाउन लगाउने। समय एक मिनेट दिने

– **म तपाईँलाई एउटा कागज दिन्छु । कागजमा झन्डा आकार आउने बिन्दु चित्र छ । तपाईँले बिन्दुहरूलाई राम्रोसँग जोडेर झन्डा बनाउनुहोस् त ।**

– कार्यका आधारमा दिइएको २ आयामका आधारमा अङ्कन गर्ने

o अङ्कन तालिकाको क खण्डको आयामको आधारमा अङ्क दिँदा, बालबालिकाले चुच्चो हुनुपर्ने कुनाहरूलाई गोलो गरी तानेमा रेखाहरू दिइएको थोप्लोभन्दा थोरै बाहिर जाने छन् । तपाईँ यसलाई सही उत्तरकै रूपमा स्वीकार गर्न सक्नुहुन्छ ।

o दोस्रो अर्थात् ख आयाममा अङ्कन गर्दा तालिकामा दिइएको जानकारीका आधारमा गर्नुहोस् ।

| अङ्कमानको आयामहरू | तीनओटा बन्द कुनाहरू (२) | एक देखि दुईओटासम्म बन्द कुनाहरू (१) | बन्द कुनाहरू नभएमा (०) | कार्य नै नगरेको (–) |
|---|---|---|---|---|
| क. रेखाहरूबीच बिना कुनै फरक नहुनेगरी बन्द कुनाको सङ्ख्या | | | | |
| | थोप्लोहरू जोडी सही तरिकाले झन्डा बनाइएको (२) | थोप्ला जोडेको भए पनि झन्डाको आकार राम्रो आकारमा नआएको (१) | सबै थोप्ला नजोडिएको (०) | कार्य नै नगरेको (–) |
| ख. देखाइएको चित्र जस्तै मिल्ने गरी बनाइएको (थोप्ला सही ढङ्गले जोडि झन्डाको चित्र बनाएको) | | | | |

**सा.नं. ११. शारीरिक विकासः स्थूल अङ्ग परिचालन** **कार्यः** बल फाल्ने र समाउने

**सामग्रीः** ६ देखि ८ सेन्टिमिटर व्यास भएको नरम बल

**प्रक्रिया र निर्देशन**

– तपाईँ र बालक/बालिका दुई मिटरको दूरीमा आमनेसमाने भएर उभिने । तपाईँले फालेको बल बालक/बालिकालाई समाउन लगाउने । अब, बालबालिकाले बल परीक्षकतर्फ फाल्न लगाउने । यो कार्य तीन पटक दोहोऱ्याउने । **अब, हाम्रो बल खेल्ने पालो । बाबु/नानी म यो बल तपाईँतिर फाल्छु । राम्रोसँग समात्नुहोस् । अनि तपाईँ पनि त्यसरी नै त्यो बललाई मतिर फाल्नुहोस्, समाउँछु है त ।**

– कार्यको आधारमा यस अनुसार अङ्कन गर्नेः

o सही तरिकाले फाल्नुको अर्थ हो बालबालिकाले परीक्षक भएतिर बल फाल्नु ।

| गरेको कार्य | तीन पटक नै सही ढङ्गले फालेमा (२) | तीनभन्दा कम पटक सही ढङ्गले फालेमा (१) | तीनै पटक गलत ढङ्गले फालेमा (०) | कार्य नगरेमा (–) |
|---|---|---|---|---|
| क. फाल्ने कार्य | | | | |
| ख. समाउने कार्य | | | | |

**सा.नं.१२. इन्द्रिय विकासः इन्द्रियहरूको परिचालन** **कार्यः** इन्द्रियको माध्यमबाट वस्तुको पहिचान

**सामग्रीः** बिस्तारै बोलेको र ठुलो स्वरले चिच्याएको आवाज रेकर्ड गरिएको ध्वनि

**प्रक्रिया र निर्देशन**

– रेकर्ड गरिएको ध्वनि सुनाएर दुई मध्ये कुनचाहिँ सानो/ मसिनो आवाज हो भनी प्रश्न गर्नुहोस् ।
**अब अर्को खेल खेलौँ है त ।**

- o **अब, म तपाईँलाई** दुई ओटा **आवाजहरू सुनाउने छु । दुवै आवाज सुनिसकेपछि म तपाईँलाई कुनचाहिँ सानो/मसिनो आवाज भनी प्रश्न गर्ने छु ।** (ध्वनि सुनाउने) **लौ** क्रिपया **भन्नुहोस्, दुईमध्ये कुनचाहिँ चर्को आवाजमा थियो र कुनचाहिँ** बिस्तारै **बोलेको थियो ? पहिलो वा दोस्रो ?**

– कार्यको आधारमा यसप्रकार अङ्कन गर्नेः

| गरेको कार्य | सही तरिकाले पहिचान गरेमा (२) | सही तरिकाले पहिचान नगरेमा (०) | कुनै कार्य नगरेमा (–) |
|---|---|---|---|
| क. सानो/मसिनो आवाज | | | |

**सा.नं. १३. बौद्धिक विकास** **कार्यः** आकार र रङ पहिचान

**सामग्रीः** ताराहरू र वृत्तहरूको चित्रपत्ती (दुई राता तारा र एउटा पहेँलो तारा, दुई पहेँलो गोलो वृत्त र एउटा रातो वृत्त)

**प्रक्रिया र निर्देशन**

– परीक्षकले चित्रपत्तीलाई क्रम नमिलाई बालबालिकाको अगाडि राख्नुहोस् र भन्नुहोस् :
**हामी अब एउटा खेल खेल्छौँ जसमा हामी उस्तै कार्डहरूको समूह बनाउनेछौँ । यी चित्रहरू हेर र उस्तै कार्डहरूलाई एउटा समूहमा राख । (हातले चित्र बाँडेर राख्नु पर्ने दुई स्थानहरू देखाइदिनुहोस् ।)**

– एउटा आधारमा बालबालिकाले मिलाइसकेपछि त्यसलाई नचलाइकन भन्नुहोस् :
**ठिक छ । कार्डमा हेर र तिमीले कसरी मिलायौ याद गर । अर्को कुनै तरिकाले फेरि कार्डहरूको समूह बनाउन सकिन्छ कि प्रयास गर ।**

– बालबालिकाले चित्रपत्तीहरू कसरी मिलाउन प्रयास गर्छन् भनी परीक्षण गर्न धैर्यपूर्वक पर्खनुहोस् ।

– कार्यका आधारमा यसप्रकार अङ्कन गर्नेः

| गरेको कार्य | सबै चित्रहरू दुई समूहमा सही तरिकाले विभाजन गरिएको (२) | केही चित्रहरू मात्र सही तरिकाले दुई समूहमा विभाजन गरिएको (१) | कुनै पनि चित्रहरू सही तरिकाले दुई समूहमा विभाजन नगरिएको (०) | कुनै कार्य नगरेमा (–) |
|---|---|---|---|---|
| पहिलो आधारमा चित्रको विभाजन | | | | |
| दोस्रो आधारमा चित्रको विभाजन | | | | |

**सा.नं. १४. बौद्धिक विकास** **कार्यः** समयको अवधारणा (हप्ताका बार)

**सामग्रीः** छैन

**प्रक्रिया र निर्देशन**

– परीक्षण भएको दिनका परीक्षकले भनीदिने। हिजो के बार हो ? भोलि के बार हो ? भनी क्रमशः प्रश्न सोधी उत्तर भन्न लगाउने

**ल बाबु/नानी आज ..........बार हो। अब, भन्नुहोस् त हिजो कुन बार थियो ? स्याबास्। अब भन्नु त भोलि के बार होला ?**

– कार्यको आधारमा यसप्रकार अङ्कन गर्ने

| साधन | सही उत्तर (२) | गलत उत्तर (०) | कुनै प्रतिक्रिया नजनाएमा (–) |
|---|---|---|---|
| हिँजोको बार | | | |
| भोलिको बार | | | |

**सा.नं.१५. बौद्धिक विकास** **कार्यः** यातायात साधनहरूको पहिचान

**सामग्रीः** बस र हवाइजहाज एउटै पानामा भएको चित्र

**प्रक्रिया र निर्देशन**

– परीक्षकले एउटै पानामा भएका बस र हवाइजहाजको चित्र देखाई यातायात साधनसम्बन्धी प्रश्नहरू क्रमशः सोध्ने

**बाबु नानी यता हेर्नुहोस् त। यो पानामा दुईओटा चित्रहरू छन्:**

o (बस र हवाइजहाजको चित्र देखाउँदै भन्नुहोस्) **यी के गर्न प्रयोग गरिन्छ ? यसबाट के गर्न सकिन्छ ?**

– साधनको प्रयोगको आशय प्रष्ट भए नभएको आधारमा यसप्रकार अङ्कन गर्ने

o सही उत्तर जस्तो पनि हुन सक्दछ अर्थात् वस्तुको प्रमुख प्रयोग के का लागि हुन्छ त्यो नै मात्र भन्नु पर्छ भन्ने छैन। उदाहरणका लागि,आफन्तको घर जाने, विद्यालय जाने...यदि बालबालिकाले खेलौना बस अर्थात् कार्टुनन बसका सम्बन्धमा कुरा गरेमा उनीहरूलाई खोतल्ने प्रश्न (probe) गरेर वास्तविक बसका बारेमा भन्न लगाउने

o उत्तरहरू पनि सही हुन्छन्।

| साधन | दुवैको सही उत्तर भनेमा (२) | दुईमध्ये कुनै एकको मात्र सही उत्तर दिएमा (१) | गलत भनेमा (०) | कुनै प्रतिक्रिया नजनाएमा (–) |
|---|---|---|---|---|
| यातायातका साधन | | | | |

**सा.नं.१६. सामाजिक विकास** **कार्यः** साथीहरूबीच सम्बन्ध पहिचान

**सामग्रीः** छैन

**प्रक्रिया र निर्देशन**

– परीक्षकले बालबालिकालाई क्रमशः कुनै तीन जना साथीको नाम बताउन लगाउनुहोस्।

**बाबु नानी तपाईँका तीन जना साथीहरूको नाम भन्नुस् त।**

– कार्यका आधारमा यसप्रकार अङ्कन गर्नेः

- o साथीहरू भनेका विद्यालयका, समुदायका वा अन्य साथी समूहभित्रका पनि हुन सक्छन् ।
- o जनावर तथा कुनै काल्पनिक पात्रलाई गणना गरिने छैन ।
- o यदि बालबालिकाले एउटै नाम दोहोऱ्याएर भनेमा त्यसलाई एउटा मात्र नाम भनिएको भनेर लिनुहोस् तर यदि एकै नामका दुई व्यक्ति भएको खण्डमा भने त्यसलाई पनि सही उत्तरका रूपमा नै लिनुपर्ने छ ।

| तीन जना साथीको नाम स्पष्ट बताएमा (२) | दुई वा एकजना मात्र साथीको नाम बताएमा (१) | छैन भनेमा (०) | प्रतिक्रिया नजनाएमा (–) |
|---|---|---|---|
| | | | |

**सा.नं.१७. संवेगात्मक विकास** **कार्यः** सहअनुभूति

**सामग्रीहरूः** भुइँमा बसेर रोएको एउटा बच्चाको तस्बिर

**प्रक्रिया र निर्देशन**

- भुइँमा बसेर रोएको बच्चाको चित्र देखाउनुहोस् । सुरूमा बच्चा रोइरहेको भनेर नबताउनुहोस् ।
- **अब चित्र हेरौंः**
  - **o यदि चित्रमा देखाएको जस्तै गरी तपाईंको साथीलाई पनि भयो भने तपाईं के गर्नुहुन्छ ?**
- यदि बच्चाले सहि तरिकाबाट संवेग पहिचान गर्न सकेन भने परीक्षकले केही थप जानकारी (Hint) दिनुपर्छ जस्तै: यो बच्चा दुखी छ , यो बच्चा रोइरहेको छ ..... ।
  - **o यदि चित्रमा देखाएको जस्तै गरी तपाईंको साथीलाई पनि भयो भने तपाईं के गर्नुहुन्छ ?**
- कार्य प्रतिक्रियाको आधारमा यसप्रकार अङ्कन गर्ने
  - o प्रश्नक अन्तर्गत सही उत्तर *साथीलाई कसरी राम्रो महसुस गराउने कार्य जनाउने उत्तरहरू हुने छन्* - उसलाई अहिले कस्तो छ भनी प्रश्न गर्ने, अङ्कमाल गर्ने, कुनै ठुलो मान्छेको सहायता लिने वा अन्य कुनै स्वीकार्य उत्तर

| | साथीलाई राम्रो महसुस गराउने सही तरिका बताएको खण्डमा (२) | साथीलाई राम्रो महसुस गराउने सही तरिका नबताएको खण्डमा (०) | कुनै प्रतिक्रिया नआएमा (–) |
|---|---|---|---|
| क. साथीलाई कसरी राम्रो महसुस गराउने विषयमा एउटा उत्तर | | | |

**सा.नं.१८. भावनात्मक विकास** **कार्यः** भावनात्मक चेतना/नियन्त्रण

**सामग्रीः** छैन

**प्रक्रिया र निर्देशन**

बाबालबालिकालाई के कुराले डराउने बनाउँछ भनेर प्रश्न गर्नुहोस् (प्रश्न क) । यदि प्रश्नको राम्रोसँग उत्तर दिएमा उनलाई त्यस्तो बेला आफूलाई ढाडस दिन (राम्रो महसुस गर्न) का लागि के गर्नुहुन्छ भनी प्रश्न गर्नुहोस् (प्रश्न ख) । यदि उनले (सही वा गलत जे भए पनि) उत्तर दिएमा दोस्रो पटक पनि उत्तर दिनका लागि प्रोत्साहित गर्नुहोस् । त्यसपछि, उनलाई कस्ता कुराले खुसी

बनाउँछ भनी प्रश्न गर्नुहोस् (प्रश्न ग) ।

o प्रश्न कः **अब मसँग केही हाम्रो भावनाहरूसँग सम्बन्धित प्रश्नहरू छन् । यसो सोचेर कस्तो अवस्थामा तपाईँलाई डर लाग्छ सोच्नुहोस् ।** (बालबालिकाको प्रतिक्रियाका लागि पखर्नुहोस् र यदि उनको उत्तर अस्पष्ट भएमा प्रश्न गर्नुहोस्, **"किन र कसरी त्यो कुराले तपाईँलाई डर लाग्छ ।")**

*यदि बालबालिकाले के कुराले डर लाग्छ भन्ने कुराको उत्तर दिन सकेनन् भने प्रश्न नम्बर ग मा जानुहोस् ।*

o प्रश्न खः त्यसपछि उनलाई **डर लाग्दा के गरेमा तपाईँलाई त्यो हटाउन वा कम गर्न सहज हुन्छ भनी प्रश्न गर्नुहोस् ।** (बालबालिकाको प्रतिक्रियाको लागि पर्खनुहोस् र यदि उनको उत्तर अस्पष्ट भएमा प्रश्न गर्नुहोस्, **"किन र कसरी त्यो कुराले तपाईँलाई डर हटाउन र कम गर्नमा सहज हुन्छ ?")**

*यदि बालबालिकाले के कुराले सहज बनाउँछ भन्ने कुराको उत्तर दिन सकेनन् भने प्रश्न नम्बर ग मा जानुहोस् ।*

यदि उत्तर दिएमाः **तपाईँलाई अन्य के कुराले तपाईँको डर हटाउनमा मद्दत गर्छ ?** (बालबालिकाको प्रतिक्रियाका लागि पखर्नुहोस् र यदि उनको उत्तर अस्पष्ट भएमा प्रश्न गर्नुहोस्, "किन र कसरी त्यो कुराले तपाईँलाई डर हटाउन र कम गर्नमा सहज हुन्छ ?")

o प्रश्न गः अन्त्यमा सोध्नुहोस्, **"अब भन्नुहोस्, के कुराले तपाईँलाई खुसी बनाउँछ ?"** (बालबालिकाको प्रतिक्रियाका लागि पखर्नुहोस् र यदि उनको उत्तर अस्पष्ट भएमा प्रश्न गर्नुहोस्, **"किन र कसरी त्यो कुराले तपाईँलाई खुसी बनाउँछ ?")**

कार्य प्रतिक्रियाका आधारमा यसप्रकार अङ्कन गर्ने:

o प्रश्न ख मा यदि बालबालिकाले आफूलाई अवस्थामा शान्त राख्नका लागि केही उपाय बताउँछन् भने ती पनि उपयुक्त उत्तरहरू नै हुन् । *जस्तैः कसैलाई फोन गर्ने प्रयास गर्नु, आफूलाई डर लागिरहेको अवस्थाबाट भाग्नु आदि ।* रुनु पनि एक उपयुक्त उत्तर नै हो ।

| | बालबालिकाले उनीहरूलाई **डर लाग्ने** केही कुरा स्पष्टसँग पहिचान गर्छन् । (२) | | बालबालिकाले उनीहरूलाई **डर लाग्ने** केही कुरा पहिचान गर्ने कोसिस गर्छन् तर स्पष्ट भने छैन । (०) | **कुनै प्रतिक्रिया नआएमा (–)** |
|---|---|---|---|---|
| **प्रश्न क** | | | | |
| | दुईओटा मिल्ने उत्तरहरू दिएमा (२) | एकओटा मिल्ने उत्तर दिएमा (१) | नमिल्ने उत्तर मात्र दिएमा (०) | **कुनै प्रतिक्रिया नआएमा (–)** |
| **प्रश्न ख** | | | | |
| | आफूलाई के कुराले खुसी बनाउँछ भन्ने विषयमा स्पष्टसँग बताउन सकेमा (२) | | आफूलाई के कुराले खुसी बनाउँछ भन्ने कुराको पहिचान गर्न कोसिस गरेको तर स्पष्टसँग बताउन नसकेमा (०) | **कुनै प्रतिक्रिया नआएमा (–)** |
| **प्रश्न ग** | | | | |

**सा.नं.१९. सामाजिक विकास** **कार्यः** द्वन्द्व समाधान

**सामग्री:** छैन

**प्रक्रिया र निर्देशनः**

– सहभागी बालबालिकालाई कुनै एक अवस्थाबारे बताएर उक्त समस्या कसरी समाधान गर्न सक्छौँ भनी प्रश्न गर्नुहोस् । यदि बालबालिकाले कुनै प्रतिक्रिया जनाएमा (सही वा गलत जे भए पनि) दोस्रो प्रतिक्रियाको लागि थप प्रश्न गर्नुहोस् ।
  **अब म तपाईँहरूलाई एउटा अवस्था कल्पना गर्न भन्छु है । कल्पना गर– तिमी तिम्रो मनपर्ने खेलौना खेल्दै छौ र अर्को बच्चाले पनि त्यही खेलौना खेल्न मन गर्‍यो । त्यहाँ एउटै मात्र खेलौना छ । यो अवस्थामा तिमी के गर्छौ ?**
  पहिलो उत्तरमा एकचोटि मात्र थप प्रश्न गर्नुहोस् **- त्यसबाहेक पनि अरू केही गर्न सक्छौ?** (नोटः अर्को बच्चालाई 'साथी' भनेर नभन्ने)

– कार्य प्रतिक्रियाका आधारमा यसप्रकार अङ्कन गर्ने

  o बालबालिकाले दिने उपयुक्त उत्तरको आधारमा हामी उनले समस्या समाधानको अवधारणा र समाधानका रणनीतिबारे बुझेको कुरा थाहा पाउन सक्दछौँ । उदाहरणका लागि: *त्यो बच्चासँग कुरा गर्छु र पर्खन भन्छु, पालो पर्खन भन्छु, बाँडेर खेल्छु, अर्को खेलौना खोज्छु, त्यही खेलौना मिलेर खेलाउँछु ।* यहाँ सही उत्तर भन्नाले सहभागी बालबालिकाले अवस्था अनुकूल कुराकानी गरेर अर्को बच्चालाई चित्त नदुखइकन कुराकानी गर्ने क्षमता देखाउँछ । यस्ता प्रक्रियामा दुईबिच साझेदारी पनि हुने गर्छ ।

  o अनुपयुक्त उत्तरः त्यो बच्चालाई पर धकेल्छु, खेलौना लिएर भाग्छु, *उसलाई यो मेरो हो र उसले पाउँदैन भन्छु ।* अनुपयुक्त उत्तर भन्नाले त्यस्तो प्रतिक्रिया जसले अवस्थालाई सहज बनाउने वा समाधान गर्ने काम गर्दैन । जहाँ, अर्को बच्चा जो त्यो खेलौना खेल्न चाहन्छ कि ऊ एक्लै खेलौना नपाएर रोइरहेको हुन्छ, चित्त दुखाइरहेको हुन्छ वा वेवास्तामा परेको हुन्छ ।

| दुईओटा उपयुक्त उत्तर दिएमा (२) | एकओटामात्र उपयुक्त उत्तर दिएमा (१) | अनुपयुक्त मात्र उत्तर दिएमा (०) | कुनै प्रतिक्रिया नदिएमा (–) |
|---|---|---|---|
| | | | |

**सा.नं.२०.** सांस्कृतिक विकास **कार्यः** राष्ट्रिय मूल्य र मान्यता (राष्ट्रिय गान)

**सामग्री:** राष्ट्रिय गान

**प्रक्रिया र निर्देशन**

– बालबालिकाले सुन्ने गरी राष्ट्रिय गान बजाउनुहोस् र यो गीत सुनेको बेला उनीहरू के गर्छन् भनी देखाउनका लागि आग्रह गर्नुहोस् ।
  **अब म एउटा गीत बजाउन जाँदैछु । गीत बज्दा तपाईँले के गर्नुहुन्छ म त्यो कुराको अवलोकन गर्ने छु । कृपया यो गीत सुन्दा अक्सर तपाईँ के गर्नुहुन्छ त्यही गर्नुहोला ।**

– कार्य प्रतिक्रियाका आधारमा यसप्रकार अङ्कन गर्ने:

| प्रतिक्रिया | उठेर गीत गाएको खण्डमा (२) | नउठिकन गीत गाएको खण्डमा (१) | कुनै प्रतिक्रिया नजनाएमा (–) |
|---|---|---|---|
| राष्ट्रिय गान | | | |

**सा.नं.२१. सांस्कृतिक विकास** **कार्य:** चाडपर्व

**सामग्री:** छैन

**प्रक्रिया र निर्देशन**

– सहभागी बालबालिकालाई उनका घर छिमेक तथा समुदायमा मनाइने चाडपर्वहरूमध्ये उनलाई सबैभन्दा मन पर्ने चाड कुन हो भनी प्रश्न गर्नुहोस् । बालबालिकाले उत्तर दिन खोज्दा वा अनकनाउँदा कुनै पनि विकल्पहरू दिएर, सम्भावित उत्तरहरू भनीदिने काम नगर्नुहोस् ।

**तपाईँलाई तपाईँको घर, समुदाय, छरछिमेकमा मनाउने चाडपर्वहरूमध्ये सबैभन्दा मन पर्ने चाड कुन हो ? .................. तपाईँहरू यो चाड कसरी मनाउने गर्नुहुन्छ ?**

– कार्य प्रतिक्रियाको आधारमा निम्नानुसार अङ्कन गर्ने

  o चाडपर्व भन्नाले राष्ट्रिय पर्व, स्थानीय चाड र पारिवारिक कार्यहरू (जस्तै: विवाह, जन्मदिन आदि) पनि पर्छन् ।

  o चाड पर्व कसरी मनाउँछौँ भन्ने प्रश्नको उत्तरमा विभिन्न कुरा बालबालिकाले बताउन सक्छ जस्तै विशेष परिकार खाने, नयाँ वा खास लुगा लगाउने, विशेष ठाउँमा जाने, र नाचगान गर्ने आदि ।

  o साधारणतया उक्त चाडपर्व मनाइने तरिकाहरूभन्दा पनि बालबालिकाले कसरी मनाउने गर्छन् भनेर उनले कसरी भने भन्ने कुराले बढी महत्त्व राख्दछ ।

| चाडपर्व कसरी मनाउने भन्ने विषयमा राम्रोसँग बताएमा (२) | आफूलाई मन पर्ने चाडसम्बन्धमा भन्ने तर व्याख्या नगरेमा (१) | गलत भनेमा (०) | कुनै प्रतिक्रिया नजनाएमा (–) |
|---|---|---|---|
| | | | |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शैक्षिक गुणस्तर परीक्षण केन्द्र**
सानोठिमी, भक्तपुर
फोन नं. : ०१-६६३६५५६, ०१-६६३६५५७
वेबसाइट : www.ero.gov.np
इमेल : eronasa@gmail.com